पूर्णाङ्क ५०, २०७३ भदौ

# सहभागिता

सहभागीमूलक विकास पत्रिका (त्रैमासिक)

स्वर्णाङ्क



## विनाशकारी भूकम्प २०७२ विशेषाङ्क

भूकम्पपछिको पुनर्निर्माण कार्य : कछुवाको गतिमा कहिलेसम्म ?

भूकम्पबाट ध्वस्त सम्पदाहरूको पुनर्निर्माणमा जनसहभागिता

भूकम्पपछिको पुनर्निर्माणः केही नीतिगत सोचनीय पक्षहरू

२०७२ को भूकम्पले दिएको पीडा र लिनुपर्ने शिक्षा

नेपालको 'भूकम्प-राजनीति' र पर्यटन : अब के ?

भूकम्पीय विपद्, विद्यालय र बालबालिका

NEPAN

# सहभागिता भित्र कहाँ के छ ?

*२०७२ को भूकम्पले दिएको पीडा र लिनुपर्ने शिक्षा* — २
-गोरखबहादुर बोगटी

*नेपालको 'भूकम्प-राजनीति' र पर्यटन : अब के ?* — ८
-चेतनाथ कणेल

*भूकम्पपछिको पुनर्निर्माण: केही नीतिगत सोचनीय पक्षहरू* — १५
-विमला राई पौडेल

*नेपालमा प्राकृतिक विपत्तिका कारण तथा व्यवस्थापनका उपायहरू* — १८
-गम्भीरबहादुर हाडा

*नेपालमा कृषि तथा जनजीविकाको अर्थराजनीति: किसानहरू कहिलेसम्म उपेक्षित रहिरहने ?* — २४
-डा. नरविक्रम थापा

*भूकम्पले सम्झना गरायो 'ठाँटीपौवा'* — ३०
-ठाकुर शर्मा भण्डारी

*हावाबाट बिजुली, जनसहभागितामा फेरियो गाउँको परिचय* — ३४
-कृष्ण अधिकारी

*भूकम्पीय विपद्, विद्यालय र बालबालिका* — ३६
-मीनाक्षी दाहाल

*भूकम्पपछिको पुनर्निर्माण कार्य : कछुवाको गतिमा कहिलेसम्म ?* — ४०
-सीता भण्डारी कँडेल

*भूकम्प, ज्येष्ठ नागरिक र 'नेपाल भूकम्प पुनर्लाभ परियोजना (नर्प)'* — ४४
-चन्द्रबहादुर सर्तुंगे

*भूकम्पपश्चात्को आपत्कालीन प्रतिकार्य नगद अनुदान हस्तान्तरण* — ४७
-महेश शर्मा, गोपाल तामाङ

*भूकम्पबाट ध्वस्त सम्पदाहरूको पुनर्निर्माणमा जनसहभागिता* — ५१
-डा. साफल्य अमात्य

*ग्रामीण क्षेत्रमा जनसहभागीमूलक सरसफाइ अभियान : केही व्यावहारिक अनुभव* — ५४
-भोला शिवाकोटी

*नेपालमा सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमाका व्यावहारिक पाटाहरू* — ५९
-बुद्धिबहादुर खत्री

## अन्य स्तम्भहरू

● नेपानको एक्काइसौं कार्यकारिणी समितिको चिनारी ● अन्तर्वार्ता ● कविता ● पुस्तक समीक्षा ● नेपान गतिविधि
● जनमत संकलन ● नेपान स्रोतकेन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू ● चिठी-पत्र ● नेपान अक्षय-कोष : जानकारी र अनुरोध
● सहभागिता पूर्णाङ्क १ देखि ५० सम्मका लेखकहरू र लेख-रचनाहरूको विवरण ● कार्टुन

# सम्पादकीय

## स्वर्णाङ्कसम्म आइपुग्दा !

सहभागिताको ५० औं अङ्क (स्वर्ण अङ्क) यहाँहरूको हातमा आइपुगेको छ । यो अङ्क अरु अङ्कहरूभन्दा दुईवटा कारणले महत्वपूर्ण छ । पहिलो, स्वर्ण अङ्क भएकोले र, दोस्रो, मुलुकमा २०७२ साल वैशाख १२ र २९ गते गएको महाविनाशकारी भूकम्पपछि प्रकाशित गरिएको भूकम्प विशेषाङ्क भएकोले ।

हामीले यो विशेष अङ्कका लागि लेख-रचनाहरू पठाइदिनका लागि सम्बन्धित लेखकहरूलाई बेलैमाथि अनुरोध गरेका थियौं । हामीलाई यसो भन्न अप्ठेरो हुँदैन कि हामीबाट नियमित "फलो-अप" नभएकै कारण पत्रिकालाई चाहिंदो मात्राका सामग्रीहरू समयमा नै जुटाउन हामीलाई निकै धौ भयो । तैपनि पछिल्लो समयमा सम्बन्धित सबै पक्षहरूको संयुक्त प्रयत्नबाट यो अङ्कलाई पुग्ने "खुराक" बटुल्न सफल भयौं ।

विनाशकारी भूकम्प २०७२ ले जनधनको ठूलो क्षति गरेपछि नेपालमा भूकम्प पीडितहरूको सहयोगका लागि विभिन्न संघसंस्थाहरू सुरुदेखि खटन थाले । भूकम्प जानासाथ राज्यका सबै संयन्त्र प्रभावकारी हुन नसकेको आलोचना खेपिरहेको सरकारले अहिलेसम्म पनि सबै भूकम्प पीडितहरूलाई घर बनाउन पहिलो किस्ताकै रकम प्रदान गर्न सकिरहेको छैन । एकातिर आवास निर्माणका लागि राहत रकमबापत पाउने रकम आफैंमा नाम मात्रको हुनु र अर्कोतिर उक्त रकम प्राप्त गर्ने कानुनी प्रक्रिया निकै झन्झटिलो हुनुले भूकम्प पीडितहरूलाई राहत हुनुको सट्टा आहत नै थपिएको चौतर्फी महसुस गरिएको छ ।

यो अङ्कमा २०७२ को भूकम्पबाट मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, पर्यटन र बन्दव्यापारसमेत नराम्ररी थला परेको र यसबाट सरकार, नागरिक समाज, समुदाय र व्यक्तिले शिक्षा लिन सकिने विविध प्रकारका लेखरचनाहरू समावेश गरिएको छ । साथै यस अङ्कमा भूकम्प गएपछि सिर्जित विभिन्न समसामयिक सवालहरूको सेरोफेरोमा रहेर नेपानका वर्तमान अध्यक्ष र केही पूर्व अध्यक्षहरूसँग गरिएको महत्वपूर्ण अन्तर्वार्ताहरूलाई समेत समावेश गरिएको छ । त्यसैगरी हामीले भूकम्पको असरबाट नेपाली समाजले भोग्नु परेका दयनीय अवस्था चित्रण हुने तीनवटा कविताहरूलाई पनि यस अङ्कमा राखेका छौं । यसले पाठकीय रोचकता बढ्ने र स्तम्भगत विविधता बढ्ने हाम्रो ठहर छ । साथसाथै केही पाठकहरूले विनाशकारी भूकम्प-२०७२ ले हामी नेपालीमाझ छाडेका चुनौतीहरूलाई अवसरमा बदल्न पुनर्निर्माण र नवनिर्माणका क्रममा ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरू सुझाएका छन् । हिमाल, पहाड, तराई-मधेस सबै ठाउँका "जनबोली" समेटिएकाले नीतिनिर्माताहरूलाई प्रतिनिधि आवाज बुझ्न यो "जनमत" स्तम्भ उपयोगी हुने हामीलाई लागेको छ ।

भूकम्पसित सिधै सम्बन्धित लेख नभएता पनि सहभागितात्मक विकास प्रक्रियालाई मद्दत पुऱ्याउने एकाध लेखलाई समेत यो अङ्कमा ठाउँ दिइएको छ । त्यसको अतिरिक्त दुई पुस्तकहरू क्रमश: समृद्ध नेपाल र सुखतिरको यात्राको पुस्तक-समीक्षा पनि यसमा अटाएका छन् । अरु अङ्कहरूमा झैं नेपान स्रोत केन्द्रमा उपलब्ध नयाँ प्रकाशन सामग्रीहरू शीर्षकलाई यो अङ्कमा पनि निरन्तरता दिइएको छ । अन्य नियमित स्तम्भहरू पनि सकेसम्म नछुटाउने हाम्रो प्रयास जारी छ । र, सहभागिताको यस अङ्कको महत्वपूर्ण पाटो भनेको यसको अङ्क १ देखि ५० सम्म प्रकाशित लेखरचनाका शीर्षक तथा तिनका लेखकहरूको सूची (अनुक्रमणिका) प्रकाशन गरेका छौं । नेपालबाट प्रकाशित हुने विकासमूलक पत्रिका कमतीमात्रै ५० औं अङ्कसम्म निस्कन सफल भएको सन्दर्भमा सहभागिताले त्यो यात्रा पूरा गरेको हुँदा विकास अध्येतालाई थप अध्ययन-अनुसन्धान गर्न यस लेखक-सूचीले सघाउने हाम्रो ठहर छ ।

अन्त्यमा, यो स्वर्ण अङ्क प्रकाशित गर्न विभिन्न क्षेत्रहरूबाट प्रत्यक्ष तथा परोक्ष ढंगबाट हामीलाई सहयोग पुऱ्याउनुहुने सबै लेखकहरू, लेख पुनरावलोकनकर्ताहरू, सम्पादन कार्यमा सघाउने महानुभावहरूलाई नेपान हार्दिक धन्यवाद ज्ञापन गर्दछ । हामीकहाँ जुनसुकै समयमा आउन सक्ने भूकम्पलगायतका प्राकृतिक प्रकोप तथा विपद्हरूका बारेमा सचेत हुँदै आगामी दिनहरूमा यस्ता विपत्तिहरूमा कमभन्दा कम क्षति हुने रणनीतिहरू अपनाउँदै जाऔं । हाम्रो शुभकामना र हार्दिक अपेक्षा छ । सदाझैं पाठकवर्गबाट यस अङ्कका बारेमा पनि प्रतिक्रिया सुन्न हामी आतुर छौं । जय जनसहभागिता !

–सम्पादक मण्डल


**सहभागिता**

वर्ष २०: अङ्क १-४ (संयुक्ताङ्क)
पूर्णाङ्क ५०, २०७३ भदौ
जि.प्र.का. काठमाडौं दर्ता नं.: १५५/२०५६/०५७

**प्रधान सम्पादक**
चेतनाथ कणेल

**सम्पादकहरू**
ब्रह्मध्वज गुरुङ्ग
फटिक थापा
उत्तम उप्रेती
डा. अनोज क्षेत्री
गोरख बोगटी
तेज सुनार
झविन्द्र भण्डारी
मीनाक्षी दाहाल
गोपाल तामाङ्ग
महेश शर्मा

**विशेष सहयोग**
रोशन चौधरी, दिवेश सायमी, रुपा बस्नेत, संकल्प चौधरी, तुलसी सापकोटा

**प्रकाशक**
नेपाल सहभागीमूलक कार्य समूह (नेपान)
दोभान टोल, सहयोगी नगर, जनता सडक,
कोटेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं.: १३७९१, काठमाडौं ।
फोन नं.: ९७७ ०१ ४१५४९३८
इमेल: nepan@nepan.org.np
वेबसाइट: www.nepan.org.np

**प्रेस**
ड्रिमवर्क्स प्रिन्टर्स
काठमाडौं, ९८५१००५१७७

**आवरण तस्बिर**
२०७२ सालको भूकम्पबाट क्षतिग्रस्त दोलखाको भीमेश्वर न.पा.-७ को सापकोटा गाउँ
सौजन्य: तुलसी सापकोटा (नेपान)


सहभागितामा प्रकाशित लेखहरूले नेपानको विचार प्रतिनिधित्व गर्दैनन् । ती लेखकहरूका निजी धारणा हुन् ।

यस अङ्कको लागि
व्यक्तिगत मूल्य रू. १००/-
संस्थागत मूल्य रू. २००/-

# २०७२ को भूकम्पले दिएको पीडा र लिनुपर्ने शिक्षा



गोरखबहादुर बोगटी

नेपालमा विनाशकारी तथा महाभूकम्पको ऐतिहासिक सन्दर्भलाई सङ्क्षिप्तमा उल्लेख गर्नुपर्दा यस विषयका जानकारहरूको भनाई र इतिहासमा अभिलेखवद्ध भएको आधारमा विक्रम सम्वत १३२२ मा आएको भूकम्पलाई नेपालको पहिलो विनाशकारी भूकम्पको रुपमा लिने गरेको पाइन्छ। सो भूकम्पको कारणले काठमाडौँ उपत्यकाको तत्कालीन जनसंख्याको एकतिहाई हिस्साको ज्यान गएको थियो। जसमा उपत्यकाका तत्कालीन राजा अभय मल्लको समेत ज्यान गएको थियो। अर्को शब्दमा भन्नुपर्दा उक्त भूकम्पवाट त्यतिबेला नेपाललाई अकल्पनीय मानवीय तथा भौतिक क्षति पुग्न गएको थियो।

> आम नेपालीहरूको प्रवृति हतास र त्रासको मनोविज्ञानबाट निर्देशित हुने गरेको पाइन्छ। हतास र त्रास मानिसको मनमा सधैँ रहिरहने कुरा होइन। अकस्मात आइलाग्ने सङ्कटले सो सिर्जना गरिदिन्छ।

उक्त भूकम्पलाई आधार मान्ने हो भने नेपालमा हालसम्म आधा दर्जनको संख्यामा विनाशकारी भूकम्प आइसकेको देखिन्छ। तीमध्ये विक्रम सम्वत १९९० सालमा आएको ८.४ म्याग्निच्युडको महाभूकम्पले पनि नेपाल र नेपालीका लागि ठूलो नोक्सानी पुऱ्याएको थियो। त्यसपछिको नेपालको भूकम्पीय इतिहासमा अत्यन्त ठूलो प्राकृतिक विपत्ति सिर्जना गर्नेगरी विक्रम् सम्वत् २०७२ साल बैशाख १२ गतेको दिनको ११ बजेर ५६ मिनेट जाँदा गोरखाको बारपाकलाई केन्द्रविन्दु बनाएर ७.६ म्याग्निच्युटको विनासकारी भूकम्प आएको थियो। नेपाल ले ८० बर्षयता यस्तो भयावह खालको प्राकृतिक विपत्तिको सामना गर्नु परेको थिएन। उक्त विनासकारी भूकम्पको त्रासदीपूर्ण अवस्था नमेटिदै त्यस को ठिक १७ दिनपछि अर्थात् २०७२ कै बैशाख २९ गतेको दिउँसो दोलखा जिल्लाको सुनखानी केन्द्रविन्दु बनाएर ६.८ म्याग्निच्युडको विनाशकारी भूकम्प आएको थियो। जसले गर्दा १२ गतेको भूकम्पले पुऱ्याएको पीडामाथि झन पीडा थपिदिएको थियो। यहाँ ती दुबै भूकम्पबाट पुग्न गएको क्षति तथा पर्न गएको प्रभावका बारेमा पाठकवर्गलाई पुन:स्मरण गराउने हेतुले यो लेखमार्फत छोटो चर्चा गर्ने कोसिस गरिएको छ।

### भूकम्पले पुऱ्याएको क्षति

बैशाख १२ र २९ गते आएका भूकम्पबाट ८,७९० जना नेपाली आमाका सन्तानहरूको अकालमा ज्यान गएको थियो। त्यसबाट २२,३०० जना मानिसहरू घाइते भएका थिए भने ५ लाखभन्दा बढी घरहरू पूर्णरुपमा नष्ट भएका थिए। समग्रमा करिब ८० लाख

जनसंख्या भूकम्पबाट प्रभावित भएका थिए । यसबाट नेपालको जनसंख्याको करिब एकतिहाइ जनसंख्या प्रभावित भएको देखिन आउँछ । २ लाखभन्दा बढी मानिसहरू घरबारविहीन अवस्थामा पुगेकाले आफ्नो थातथलोबाट विस्थापित भएका थिए । जसमध्ये केही अफैसम्म पनि विस्थापित भएरै दुःखको जीवन बिताइरहेका छन् । उदाहरणका लागि भन्ने हो भने भूकम्प प्रभावित जिल्लाहरूमा ७ हजार विद्यालय भवनहरूमात्र पूर्णरुपमा ध्वस्त भएका थिए । कूल ८ लाख घरको पुनर्निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको पीडीएनए रिपोर्टअनुसार भूकम्पको कारणले ७ खर्बभन्दा बढीको धनमालको क्षति हुन पुगेको छ । यसबाट हुन गएको क्षतिको परिणामस्वरुप नेपालमा भइरहेको गरिबको संख्यामा ७ लाख गरिब नेपालीको संख्या फेरि थपिन पुगेको आँकलन गरिएको छ । PDNA को रिपोर्टअनुसार

## भूकम्पबाट प्रभावित क्षेत्र

देशका ७५ जिल्लामध्ये ३१ जिल्ला भूकम्पबाट प्रभावित हुन पुगेका थिए । जसमध्ये अत्यन्त बढी प्रभावितमा ७ वटा जिल्लाहरू- गोरखा, दोलखा, सिन्धुपाल्चोक, धादिङ्ग, नुवाकोट, रसुवा र रामेछाप पर्दछन् । बढी प्रभावितमा ७ वटा जिल्लाहरू- काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, मकवानपुर, सिन्धुली र ओखलढुंगा पर्दछन् । सामान्य प्रभावितमा १७ जिल्लाहरू- म्याग्दी, वाग्लुङ्ग गुल्मी, अर्घाखाँची, पाल्पा, स्याङ्जा, पर्वत, कास्की, लमजुङ्ग, तनहुँ, नवलपरासी, चितवन, सोलुखुम्बु, खोटाङ्ग, भोजपुर, संखुवासभा र धनकुटा पर्दछन् । अत्यन्त बढी र बढी प्रभावित १४ जिल्लाहरूमा ९० प्रतिशतभन्दा बढी घरको क्षति भएको थियो । यसबाट व्यक्तिका निजी आवास, सरकारी भवनहरू, पुरातात्विक महत्वका सांस्कृतिक सम्पदाहरू, विद्यालय भवनहरू, स्वास्थ्यचौकी भवनहरू, ग्रामीण सडक, पुलहरू, खानेपानी आपूर्ति प्रणाली, कृषि योग्य जमिन, पदमार्ग, जलविद्युत गृह, खेलकुदका संरचनालगायतका महत्वपूर्ण संरचनाहरू ध्वस्त भएका छन् । कतिपय सुन्दर ग्रामीण बस्तीहरू उजाड बन्न पुगेका छन् । भूकम्पको कम्पनले जमिनको कतिपय भागमा छियाछिया पर्नागई दीर्घकालीन रुपमा असुरक्षित बन्न गएका छन् । भूकम्पले सिर्जना गरेको पहिरो र हिमपहिरोका कारण कतिपय सुन्दर बस्तीहरू पुरिएका छन् । भवन निर्माण आचारसंहिता तथा भूकम्पप्रतिरोधी घरको मापदण्डको कुनै परिपालन नगरी मनपरी ढंगले घर निर्माण गरिएका कारणले पनि यति ठूलो मानवीय तथा भौतिक पिक्षति बेहोर्नु परेको भनेर विज्ञहरूले औंल्याइरहेका छन् ।

भौगोलिक क्षेत्रका हिसाबले सहरी क्षेत्रको भन्दा ग्रामीण क्षेत्रका गरीबहरूका घर कम गुणस्तरका भएकाले बढी क्षति पुग्न गएको थियो । यसैगरी लैंगिक आधारमा भन्ने हो भने नेपालको परम्परागत चलन अनुसार पुरुषको भन्दा घरायसी धन्दामा महिलाहरूनै बढी खट्ने हुनाले महिला र किशोरीहरूको बढी ज्यान गएको छ । यहाँनेर प्रकृतिले नै सिर्जना गरिदिएको प्रकोपले ठूलो क्षति बेहोर्नु परेको थियो भने प्रकृतिकै कारण अफै अकल्पनीय मानवीय क्षतिबाट बचाउने काम भएको छ पनि भन्ने गरिएको पाइन्छ । दिउँसो र सार्वजनिक बिदाको दिनमा आएकोले पनि अफ धेरै ठूलो संख्यामा हुनसक्ने मानवीय क्षतिबाट जोगाउने काम भएको छ । यदि विद्यालय सञ्चालनको दिनमा भूकम्प आएको भए कति धेरै बालबालिकाको ज्यान जान सक्थ्यो कल्पना गर्न सकिने अवस्था थिएन । यसैगरी सरकारी तथा गैरसरकारी निकायका कर्मचारीहरू दिउँसो कार्यालयमा काम गर्दै गरेको अवस्थामा आएको भएपनि ठूलै मानवीय क्षति पुग्न जाने थियो । अर्कोतिर रातिको समयमा भूकम्प आएको भए पनि अफ धेरै मानिसहरूको अकालमा ज्यान जान सक्थ्यो । त्यसैले धेरैले त बैशाख १२ को भूकम्प आउँदाको समयलाई इंगित गर्दै प्रकृति माताले विशेष ध्यान पुऱ्याएकी हुन्/प्रकृति माताले एक हदसम्म हाम्रो रक्षा गरेकी हुन् भनेर विभिन्न प्रसंगमा भन्ने गरेको पनि पाइन्छ ।

## प्रभावित क्षेत्रका लागि भएका राम्रा पहलहरू तथा कमी कमजोरी

भूकम्प गएको केही घण्टाभित्रै मन्त्रिपरिषदको आकस्मिक बैठक बसी भूकम्प प्रभावित जिल्लाहरूमा संकटकाल घोषण गर्ने,अन्तर्राष्ट्रिय समुदायसँग सहयोगका लागि औपचारिक रुपमा अनुरोध गर्ने काम भएको थियो र केन्द्रीय दैवीप्रकोप उद्धार समितिले सक्रियतापूर्वक आफ् नो काम अगाडि बढाएको थियो । सुरुमा प्रधानमन्त्री दैविप्रकोप उद्धार कोषबाट रकम उपलब्ध गराई सरकारका सम्बन्धित संयन्त्रहरूलाई परिचालित गरेर प्रभावित क्षेत्रमा उद्धार तथा राहत वितरणका कार्यलाई अगाडि बढाउने काम भएको थियो । त्यसमा नेपाली सेना, सशस्त्र प्रहरी, जनपथ प्रहरी र निजामती कर्मचारीहरू संयुक्तरुपमा जुटेर लागेका थिए भने केही व्यक्तिहरू पनि स्वतःस्फुर्त सो कार्यमा जुटेका थिए । नेपाल सरकारको समन्वयमा ३४ वटा विभिन्न देशका अन्तर्राष्ट्रिय खोजी तथा उद्धार टोली पनि प्रभावित जिल्लाहरूमा खटिएका थिए । संयुक्त राष्ट्रसंघलगायतका अन्तर्राष्ट्रिय संघसंस्था र विश्वका ६० वटा विभिन्न देशहरूबाट आपतकालीन उद्धार तथा मानवीय सहायता प्राप्त भएको थियो । देशभित्र सरकारको तर्फबाट मात्र नभएर विभिन्न राजनीतिक दलहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, उद्योगी, व्यावसायी र केही व्यक्तिहरूले पनि आआफ्नो तर्फबाट

भूकम्पपीडितहरूको उद्धार, राहत तथा पुनर्निर्माणको कार्यमा सक्दो सहयोग गरेका थिए । यी सबैले आफ्नो गच्छेअनुसार सो अभियानमा विभिन्न प्रकृतिका सहयोग गरेका थिए । यहाँनिर उल्लेख गर्नैपर्ने कुरा केछ भने नेकपा एमालेले आफ्नो पार्टीका देशैभरिका दशौं हजार नेता तथा कार्यकर्ताहरूलाई राजधानी काठमाडौँमा एकत्रितागरी अभिमुखीकरण गरेर कार्यक्रमलाई राष्ट्रिय स्वयंसेवक परिचालनको नाम दिइ 'नेपाली योजना अन्तर्राष्ट्रियसाथ राज्यको नेतृत्व हरेक नेपालीसाथ' भन्ने नारासहित प्रभावित जिल्लाहरूमा आफ्नै व्यवस्थापनमा कार्यकर्ताहरूलाई एकमहिनासम्म परिचालित गरेको थियो । सो अभियानको क्रममा २७,२७१ नयाँ अस्थायी घर टहरा निर्माण गरिएको थियो भने विद्यालय र क्याम्पस गरेर १,०१३ अस्थायी संरचना निर्माण गरिएको थियो । त्यसैगरी २२,६३० भग्नावशेष सफाइ गरिएको थियो । त्यस अभियानमा एमालेले १,४०० भन्दा बढी प्रभावित स्थलमा २९,००० कार्यकर्तालाई परिचालित गरेको थियो । त्यसैगरी नेपाली कांग्रेस र तत्कालीन एमाओवादीले पनि करिब पन्ध्र दिनसम्म हजारौं नेता कार्यकर्ताहरूलाई प्रभावित क्षेत्रका सयौं स्थलमा परिचालन गरेर हजारौं नयाँ अस्थायी घरटहरा निर्माण गरेका थिए भने हजारौं भग्नावशेष सफाइ गरेर हजारौं पीडितलाई प्रत्यक्ष सहयोग पुऱ्याएका थिए ।

सरकारको तर्फबाट पुनर्निर्माणको अभियानलाई सफल पार्नका लागि अन्तर्राष्ट्रिय आर्थिक सहयागे जुटाउन भनेर २०७२ असार १० गते दाताहरूको सम्मेलन पनि काठमाडौँमा सम्पन्न गरिएको थियो । दर्जनौं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न संघसंस्थाहरूले पनि आफ्नै पहलमा पीडितहरूलाई आर्थिक, भौतिक राहत उपलब्ध गराउने काम गरेका थिए र पुनर्निर्माण कार्यमा समेत सघाएर ठूलो गुन लगाउन सफल भएका थिए । त्यसमा पनि कैयौं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले त सरकारमार्फत भूकम्प प्रभावित जिल्लाका ज्येष्ठ नागरिक तथा बालबालिकालाई सिधै नगद सहयोग गरेर पनि ठूलो सघाउ पुऱ्याएका थिए र पुऱ्याउँदै पनि आएका छन् । जसमा युनिसेफ (UNICEF), एचएआई (HAI) लगायतका अन्तरराष्ट्रिय गैससहरूको नाम अग्रस्थानमा आउँछ ।

त्यसैगरी नेपाली चलचित्र क्षेत्रका हास्य कलाकार जोडी धुर्मुस (सीताराम कट्टेल) र सुन्तली (कुञ्जना घिमिरे) ले पनि पीडितहरूका लागि विभिन्न स्थलमा निर्माण गरेर एकीकृत बस्तीको अवधारणामा स्थायी घर निर्माण गरेर सयौं पीडित घरपरिवारलाई ठूलो सघाउ पुऱ्याउँदै आइरहेका छन् । हालसम्म पनि उनीहरू यो कार्यमा लागिरहेका देखिन्छन् । यो जोडीको मानव कल्याणकारी कार्यको सहना गर्दै देश-विदेशमा रहेका हजारौं नेपालीबाट सहयोग रकम पनि जुट्ने क्रम जारी नै रहेको पाइन्छ । यसबाट करोडौं सहयोग रकम जुटिसकेको कुरा विभिन्न सञ्चार माध्यमबाट जानकारी भइरहेको छ ।

भूकम्प प्रभावित क्षेत्रमा पुनर्निर्माणको कामलाई व्यवस्थित र प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि २०७२ साल पौस १० गतेका दिन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन गरियो । यसले आफ्नो गठनलगत्तै प्रभावित क्षेत्रमा विस्तृत अध्ययन गर्न ठूलो जनशक्ति परिचालन गरी लगत संकलन गर्ने काम गरेको छ । यसबाट वास्तविक पीडितहरूको लगत संकलन गरी पीडितहरूलाई राहत वितरण, निजी, सामुदायिक आवास, सरकारी भवन तथा पुरातात्विक सम्पदाको पुनर्निर्माण कार्यमा अघि बढिरहेको देखिन्छ । जसअनुसार भूकम्पपीडित भनेर ७ लाख १७ हजार ७ सय १८ घरधनीको सर्भेक्षण गरिएकोमा ५ लाख ३३ हजार ४ सय ५४ धरधनीको नाम अनुदान पाउने सूचीमा समावेश गरिएको भन्ने कुरा जानकारीमा आएको छ । त्यसका आधारमा १लाख ८४ हजार २ सय ६४ घरधनी लाभग्राही नभएको कुरा प्रस्ट हुन गयो । यसको अगुवाइमा भूकम्प प्रतिरोधी १७ वटा घरका ढाँचा स्वीकृत गरिएको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत( सिइओ) ले सिन्धुपाल्चोक जिल्लाको अनुगमन गर्नेक्रममा २०७३ साल साउन २५ गते एक कार्यक्रममा दिएको जानकारीअनुसार ३ लाख घरधनीसँग अनुदान सम्झौता सम्पन्न भएको बुझिन्छ । ४० हजार लाभग्राहीहरूलाई दुईलाख दिनुपर्ने राहत रकममध्येको पहिलो किस्ता स्वरुपको ५० हजार उपलब्ध गराइसकेको भन्ने जानकारीमा आएको छ । जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय अनुसारका अति प्रभावित जिल्लामा ८२ वटा स्थायी प्रकृतिका सामूहिक आवास नेपाली सेनाद्वारा निर्माण गर्ने काम सम्पन्न भएको छ । यसैगरी सर्वसाधारणका लागि विभिन्न प्रभावित जिल्लाका विभिन्न स्थानमा गरेर ३० हजार घर निर्माण भएको कुरा पनि जानकारीमा आएको छ । यसबाट सयौं पीडित घरपरिवारलाई फाइदा पुग्न गएको देखिन्छ । पुनर्निर्माणसम्बन्धी गुनासाहरू सुन्नका लागि सहसचिवको नेतृत्वमा संयन्त्र निर्माण गरिएका छन् । यसबारेमा सम्बन्धित सबैलाई जानकारी दिनका लागि राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यमबाट प्रचारप्रसार कार्य भइरहेको छ । यस अन्तर्गत सम्पन्न गरिने सबै कार्यहरूलाई व्यवस्थित गर्नका लागि नीतिगत तथा कानूनी व्यवस्था गर्ने प्रयास पनि भएको देखिन्छ । जस्तैः पुनर्निर्माण र पुर्नस्थापना सम्बन्धी नीति, २०७२ । पुनर्निर्माण र पुनर्स्थापनासम्बन्धी नियमावाली, २०७२ । निजी आवास अनुदान वितरणसम्बन्धी कार्यविधि, २०७२ । वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी कार्यविधि, २०७२ । जग्गा प्राप्तिसम्बन्धी कार्यविधि, २०७२ । जग्गा दर्तासम्बन्धी कार्यविधि,२०७२ । सार्वजनिक खरिदसम्बन्धी कार्यविधि, २०७२ । गैरसरकारी संस्था परिचालनसम्बन्धी

कार्यविधि, २०७२ । निजी आवास अनुदान एवं पुनर्निर्माण कार्यमा स्थानीय स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०७३ आदि (राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, २०७३) ।

सो भन्दै गर्दा भूकम्प आएको डेढ वर्ष बित्न लागिसक्दा पनि यस क्षेत्रमा सन्तोषजनक काम हुननसकेको गुनासोहरू विभिन्न पक्षबाट पटक पटक आइरहेका छन् । अझै पनि यथार्थपरक ढंगले पीडितहरूको लगत संकलनको कार्य हुन सकिरहेको देखिँदैन । भएको लगत संकलन पनि चित्त बुभ्नदो छैन । छुट्नै नहुने पीडितहरू छुटेका र छुटनपर्ने समावेश भएका कुराहरू आइरहेका छन् । हालसम्म यसअन्तर्गत सम्पन्न भएका आर्थिक,भौतिक तथा प्रशासनिक कार्यहरूमा पारदर्शिताको कमी रहेको पाइन्छ । अर्को २ वटा वर्षायाम जान लाग्दा पनि सबै पीडितहरूका लागि बसोबासको व्यवस्था हुन सकिरहेको छैन । जसले गर्दा थप संकटमा जीवन गुजारा गरिरहनु परेको छ । उनीहरूले नै अहिले बाढीपहिरोको बढी समस्या झेल्नु परिरहेको छ ।

## भूकम्पबाट बढी प्रभावित समूहहरू

भूकम्प छिनछिनमा आईरहँदा र आईसकेपछिका दिनहरूमा विशेषगरी बृद्धबृद्धा, बालबालिका र अपांगता भएका व्यक्तिहरूले बढी समस्या झेल्नु परेको थियो । आजका दिनसम्म यिनीहरूले अरुको तुलनामा बढी नै दुख झेल्दै गरेका छन् पनि । यिनीहरूले नै विभिन्न निकाय तथा व्यक्तिहरूको तर्फबाट उपलब्ध गराइएका राहतका सुविधा प्राप्त गर्नबाट पनि त्यति लाभ प्राप्त गर्न सकिरहेका छैनन् भने केहीले त यो अवसरबाट बञ्चित हुन परिरहेको देखिन्छ । राहत सहुलियतको लागि माग गर्ने स्थानमा पुरेर समयमै मागगर्ने कुरामा र राहत तथा सहयोगका सामग्री वितरण स्थलमा पनि पुग्न नसकेर सो सुविधाबाट बञ्चित हुनुपरेको थियो । अर्कोतिर भौगोलिक विकटता खेपिरहेका जिल्लाका दूरदराजका भूकम्पपीडितहरूले पनि सुगम र सहजता भएका स्थानका पीडितहरूको तुलनामा ढिलो गरी उद्वार र राहत सहुलियत पाएका थिए । त्यसरी पाएको सुविधा पनि अरुको भन्दा कम परिमाणको थियो । जातिगत हिसावमा पनि आदिवासी जनजाति तथा दलित समुदाय र लैंगिक हिसावले महिला बढी मर्कामा पर्ने गरेका देखिन्छन् ।

## भूकम्पीय प्रकोपसँगै सिर्जित समस्याहरू

नेपालीमा एउटा उखान छ -'सित्तैमा पाएपछि चारमाना चुक खान'। भूकम्पीय प्रकोपले एकातिर हजारौं मानिसहरूको अकालमा ज्यान गयो, खर्बौको धनमाल क्षति भयो। बाँचेका पीडितहरूको खाना, बसाइ, शिक्षा, स्वास्थ्य र रोजगारीमा नराम्रो प्रभाव पर्न गयो । यसको साथसाथै केही नयाँ खालका समस्याहरू सिर्जना भए भने बनावटीरुपमा पनि केही समस्याहरू थपिन गएका थिए । जस्तै:आर्थिक हिसावले सम्पन्न घरपरिवारका मानिसहरू पनि थोरै राहतका लागि पनि धाउने गरेको भन्ने सुन्नमा आएको थियो । धेरै पछिसम्म पनि भूकम्प प्रभावित केही ठाउँका केही मानिसहरू कहाँबाट कसरी राहत आउँदै छ भनेर चियो गरेर बस्ने र आफ्नो धरायसी काममा नखट्ने गरेको दृश्य पनि देखिने गरेका थिए । उनीहरू मध्ये केहीमा परिश्रम गर्ने भावनामा ह्रास हुँदै गएको पनि बुझ्न सकिन्थ्यो । छुटिभिन्न भएका घर परिवारको आधारमा राहत तथा सहुलियत प्राप्त हुने हुँदा औपचारिक रुपमा छुटिभिन्न नभएका तर घरायसी काम विशेषले फरक ठाउँमा बसेका घरपरिवारका व्यक्तिहरू तथा दाजुभाइहरू छुट्टिएको देखाउने प्रवृत्ति बढेर गयो । जसका कारण घरपरिवारको संख्यामा ह्वात्तै वृद्धि हुन पुग्यो । कसैले झुठ्ठा विवरण पेश गरेर भूकम्प पीडितको परिचय पत्र लिई राहत सुविधा लिने गरेको भन्ने पनि चर्चा हुने गरेको थियो । केही पीडितहरूमा राहत सहुलियत लिने बानि बस्दै गर्दा आफै जीविकोपार्जनका काममा लाग्न मन नगर्ने प्रवृत्तिको पनि विकास हुने गरेको बुझिन्छ । तत्कालीन समस्याका कारण आफ्नो जन्मथलोबाट बाध्यतावश विस्थापित भएर जिल्ला सदरमुकाम तथा अन्य स्थानमा तत्कालका लागि अस्थायी बसोबास गर्दै आएका केही घरपरिवारहरू आफ्नो जन्मथलोमा पुनः बसोबास गर्न सक्ने सहज अवस्था भइसक्दा पनि विभिन्न बहानामा जान अस्वीकार गर्ने गरेका संकेत पनि पाइने गरेको देखिन्थ्यो । केही पीडितहरूमा जन्मथलोभन्दा बाहिरै बस्ने बानी परिसकेको र कताकता अरुको सहायतामा बाँच्ने प्रवृत्ति पनि हुर्कन थालेको हो कि भन्ने पनि बुझ्न सकिन्छ । अर्कोतिर केही भूकम्प पीडितहरूलाई उनीहरूको जन्मथलो असुरक्षित नै भएकोले पुनःबसोबास गर्न उचित छैन भनेर राज्यले र विज्ञहरूले भन्दै गर्दा पनि मरे बाँचे जे भएपनि आफ्नै जन्मथलोमा बस्छौं भनेर ढिपीपूर्वक बसिरहेका पनि देखिन्छन् ।

राज्य तथा संघसंस्थाहरूले सधैँ आफूहरूको जीविकोपार्जनमा सहयोग गरिरहनु पर्छ र यसरी सहयोग प्राप्त गर्ने कुरालाई आफ् नो अधिकारको रुपमा बुझ्ने कमजोरी पनि कतिपयले गर्न थालेको पाइन्छ । यसैगरी केही पीडितहरूले त आफ्नो पुख्यौली व्यवसाय समेत परित्वर्तन गर्न पुगेका देखिन्छन् । राहत उद्दारका लागि भन्दै गाउँमा पुगेका विभिन्न निकायका मानिसहरूको संख्या अस्व भाविक हिसावले बढ्न गएको थियो । जसका कारणले स्थानीय होटेलको बसाई र खानपिन, स्थानीय बजार मूल्य एक्कासि महँगो भएको थियो । सो महँगी पछिल्ला दिनसम्म पनि घटेन र स्थायी बासिन्दाका लागि समस्या बन्न गएको देखिन्छ । यसका साथै केही व्यक्ति तथा संघसंस्थाहरूले भूकम्प पीडितको सहयोगार्थ भनेर अन्य विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायबाट आर्थिक तथा भौतिक सामग्रीको संकलन गर्ने गरेका र त्यसरी संकलित सहयोगबाट बढी आफैँले प्रयोग

गरेर थोरै मात्र लाभदायीहरूलाई वितरण गर्ने गरेका थुप्रै गुनासाहरू पनि आएका थिए । अर्थात पीडितहरूको सहयोगका नाउँमा केही व्यक्तिहरू मोटाउने काम पनि भएका थिए । अर्कोतिर सरकारी तथा गैरसरकारी निकायले भूकम्पपीडितका लागि राहत सामग्री खरिद गर्दा त्यसमा संलग्न व्यक्तिहरूले ठूलो परिमाणमा कमिशन खाएका घट्नाहरू पनि चर्चामा आएका थिए ।

### भूकम्पीय प्रकोपबाट लिनुपर्ने शिक्षा

भूकम्पमापन केन्द्रका अनुसार नेपाल भूकम्पीय जोखिमका हिसाबले विश्वको ११ औं स्थानमा र काठमाडौं उपत्यका ८ औं स्थानमा पर्ने हुनाले पनि जुनकुनै बेलामा विनाशकारी भूकम्प आउन सक्ने भनेर विज्ञहरूले बताईहेका छन् । अझ त हिमाली श्रृङ्खलाको आसपासमा अवस्थित मुलुकहरू भूकम्पीय जोखिमका दृष्टिले उच्च जोखिममा पर्ने गरेका हुन्छन् भन्ने कुरा पनि यसका विज्ञहरूले विभिन्न माध्यमबाट सचेत गराई रहेका देखिन्छन् । तैपनि नेपालीहरूले त्यसलाई गम्भीरतापूर्वक लिने गरेको पाईदैन । आम नेपालीहरूको प्रवृत्ति हतास र त्रासको मनोविज्ञानबाट निर्देशित हुने गरेको पाइन्छ । हतास र त्रास मानिसको मनमा सधैं रहिरहने कुरा होइन । अकस्मात आई लाग्ने संकटले सो सिर्जना गरिदिन्छ । अर्थात् यो कुनै घटना विशेष जोडिएर उत्पन्न हुने गर्छ र सो घटेको समय बित्दै जाँदा बिर्सिदै तथा भुल्दै जाने गरिन्छ । मानिसमा मुख्य हुनुपर्ने मनोविज्ञान सचेतना तथा सतर्कता हो । जो सधैं मानव जीवनको सफलताको लागि आवश्यक परिरहने कुरा हो । विपत् आइलागेको बेलामा मात्र हतास र त्रासमा देखिने तर विपत आएको समय बित्दै जाँदा त्यसको असरलाई भुल्दै जाने र फेरि पनि आउन सक्छ भन्ने कुरामा सतर्कता नअपनाउने मनोवृत्ति बढीजसो नेपालीमा देखिने गर्दछ । अर्थात् प्राकृतिक प्रकोपबाट प्रायः नेपालीहरू भय र त्रासमा हुने गर्छन् तर सचेत हुँदैनन् । मानिसको कुनै कुराप्रतिको भय तथा त्रास समय बित्दै जाँदा हराएर जान्छ भने सचेतना तथ सिकाइको बानि रहने हो भने धेरै समयपछि सम्म पनि त्यसको हेक्का भइरहने गर्छ र त्यसबाट बच्ने उपायका बारेमा पनि सोचाइ बनिरहन्छ । तर आम नेपालीमा त्यो प्रवृत्ति देखिँदैन ।

मानवीय कमजोरीका कारणले नै भूकम्पीय प्रकोपबाट जनधनको क्षति बढी हुनेगर्छ भन्ने कुरामा लगभग सबैलाई जानकारी भइसकेको छ । तर पनि 'बाह्र वर्षसम्म कुकुरको पुच्छर ढुंग्रोमा राखे पनि बाङ्गाको बाङ्गै' भने झैं समय बित्दै जाने क्रममा लागेको पुरानो बानीलाई सुधार्न भुल्ने र बेवास्ता गर्ने प्रवृत्ति बढीजसो नेपालीको देखिन्छ ! उदाहरणका लागि भन्नुपर्दा गतवर्षको वैशाखमा भूकम्प गइरहेको बेला र त्यसको केही दिन पछिसम्म काठमाडौं उपत्यकालगायतका भूकम्पप्रभावित जिल्लाहरूका मानिसहरू र अरुले पनि भूकम्पले त धेरैजसो आफ्नो लागि आफैंले बनाएको घरको संरचनाले पो मानवीय क्षति गराउने रहेछ, घर बनाउँदा सकभर एक तलाको नभए बढीमा तीन तलाको चिटिक्कको घर बनाउनुपर्ने रहेछ, अब त्यही गर्छौं भनेर बखान छाँटिरहेका जताततै सुनिन्थ्यो । तर भूकम्पपछिको एकवर्षको अन्तरालमा कैयौं नेपालीहरूले निजीआवासका लागि निर्माण गरेका र निर्माण भइरहेका भौतिक संरचनालाई यसो हेर्ने हो भने फेरि मनपरी ढंगले गगनचुम्बी भवनहरू निर्माण भइरहेका देखिन्छन् । यसबाट भविष्यमा पनि भूकम्पीय प्रकोपबाट नेपालीहरू झनै असुरक्षित हुने कुरामा दुईमत हुन सक्दैन ।

विश्वका विभिन्न दाता राष्ट्रहरूले पुनर्निर्माणका लागि भनेर प्रतिबद्धता जनाएको अनुदान तथा सहुलियत ऋण प्राप्त गर्नका लागि पनि सरकारले कौशलता हासिल गर्न सक्नुपर्दछ । अरु विभिन्न कुराहरू गरिए पनि पुनःनिर्माण कार्यको मूलमियो भनेकै सरकार हो । सरकारले गर्ने यससँग सम्बन्धित हरेक कार्यहरू निस्पक्ष र पारदर्शी हुनु अपरिहार्य हुन्छ । प्राधिकरणको अगुवाइमा हुने हरेक कामलाई दलगत स्वार्थबाट मुक्त भएर विनाआग्रह पूर्वाग्रह कार्यान्वयन गर्नुपर्दछ । कार्य सञ्चालनका विधि र प्रक्रियालाई सकेसम्म छोटोछरितो बनाउन सक्नु पर्दछ । फिल्डमा भइरहेका कामहरूको नियमित प्रभावकारी ढंगले अनुगमन गरिरहनु पर्दछ ।

प्रकृतिबाट सिर्जित प्रकोपहरूमध्ये अत्यन्त विनाशकारी स्वरुपको प्रकोपको रुपमा परिचित भूकम्पका दृष्टिले नेपाल पनि उच्च जोखिममा पर्ने मुलुक हो भन्ने कुरालाई सबैले सधैं हेक्का राख्नुपर्दछ । यहाँ जुनबेला पनि जत्रो क्षमताको पनि भूकम्प आउनसक्छ भन्ने सोच आम नेपालीहरूले बनाइ राख्नुपर्दछ । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले तयार पारेको भूकम्प प्रतिरोधी नमूना घरको नक्सालाई आधार बनाएर घर बनाउने कुरामा स्थानीय व्यक्तिहरूले अत्यन्त ध्यान दिनुपर्दछ । निजी तथा सरकारी भवन निर्माण गर्दा प्राविधिकहरूको सुझाव लिईरहनु पर्दछ । निजी घरहरू आ-आफ्नै ढंगले निर्माण गर्ने प्रवृत्ति कायमै छ ।

वर्तमानमा भौतिक संरचना निर्माण गर्दा भविष्यमा आइपर्न सक्ने जोखिमका बारेमा अझै पनि वास्ता गरिएको देखिदैन । भौतिक संरचना निर्माणमा अरु कसैका लागि गर्दैछौं जस्तो मनोविज्ञान पालेर काम गर्ने प्रवृत्ति हावी नै छ । हाम्रा बस्तीहरू कतैका अत्यन्त छरिएर रहेका छन् भने कतैका अत्यन्त घना

छन् । अति केन्द्रित तथा घना बस्ती भएका ठाउँमा भूकम्पको ठुलो क्षति बेहोर्नु परेको छ भने मुख्य गरेर ग्रामीण क्षेत्रमा जहाँ छरिएर रहेका बस्तिहरू छन् त्यहाँ उचित सेवा सुविधा पुऱ्याउन नसकिने र पुऱ्याउने गरेका ठाउँमा पनि अत्यन्त खर्चिलो पर्न जाने गर्दछ । बस्तीहरूका निश्चित स्थानमा संभव भएसम्म खुल्ला ठाउँ राख्ने कुरामा पनि ध्यान दिनुपर्दछ ।

अबका दिनहरूमा एकीकृत एवं व्यवस्थित बस्ति निर्माणमा सबैको विशेष ध्यान जानु पर्दछ। जमिन मुनिको संरचनालाईसमेत ख्याल गरेर घरको डिजाईन तयार पारी निर्माण गर्ने कुरालाई कडाईका साथ लागु गर्नुपर्दछ । निजी आवास, उद्योग, कलकारखाना, सरकारी कार्यालयलगायतका भौतिक संरचनाका लागि छुट्टाछुट्टै स्थलको किटानी गर्नुपर्दछ। साथै संभव भएसम्म स्थानीय स्रोत, साधन, प्रविधि र जनशक्तिको प्रयोग गर्ने कुरामा पनि विशेष ध्यान दिनुपर्दछ । यी क र्यहरूसँग सम्बन्धित नीति निर्माण एवं प्रभावकारी कार्यान्वयका लागि राज्यले निर्णायक भूमिका खेल्नुपर्दछ । यहाँनेर भूकम्पले गरेको विनाशसँगै नेपालीहरूका लागि अबका दिनमा व्यवस्थित बस्ती तथा भौतिक संरचना निर्माणका लागि एक ठूलो अवसर पनि प्रदान गरेको कुरामा ध्यान दिनु जरुरी हुन्छ। यस अवसरलाई गुमायौं भने फेरि पनि हाम्रै ल्याङफ्याँडे प्रवृत्ति र हामीहरूले निर्माण गरेको संरचनाकै कारण अकल्पनीय क्षति बेहोर्नुपर्ने हुन जान्छ ।

साथै, पीडितहरूलाई छिटोछरितो राहत सहुलियत उपलब्ध गराउन र पुनर्निर्माणका लागि लम्बेतानका र झन्झटिला सरकारी प्रक्रियाहरूले झन पीडित बनाउने र पुनर्निर्माणको कामलाई अझै पछि धकेल्ने गरियो भने अवश्य पनि भूकम्पपछिको पुनर्निर्माणको सवाल भनेजस्तै गरी सफल हुन नसक्ने खतरा रहन जान्छ। अव त सबै नेपालीहरूमा सद्बुद्धि पलाउनुको विकल्प देखिँदैन ।

**सन्दर्भ सामग्री :**

१. राष्ट्रिय योजना आयोग (२०७२) विपद पछिको आवश्यकता आँकलन (PDNA, 2015) काठमाडौं ।

२ राष्ट्रिय पुनर्निर्माण प्राधिकरण (२०७२२०७३) कार्य प्रगति रिपोर्ट । काठमाडौं

३. तत्कालीन प्रधानमन्त्री केपी ओलीले ०७३ साउन १९ गते सदनमा दिएको मन्तव्य र राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृतले विभिन्न कार्यक्रममा दिएको जानकारी ।

*लेखक पूर्व सांसद (हुम्ला) तथा नेपान सदस्य हुनुहुन्छ ।*

# भूकम्प-लीलाबारे चेतना

## (मुनामदनको लयमा)

डा. जीवराज पोखरेल

*भूकम्पबारे हुनेछ आज पठन-पाठन*
*भूकम्प के हो सुन ए चेला ! विस्तृत वर्णन*
*जमिन जब कम्पन हुन्छ त्यसलाई भूकम्प*
*भन्दछन् चेली ! चपल मेरी बसेकी समीप ।*

*स-साना धक्का आउँछन् ठूलो भूकम्पअगाडि*
*समान खाले आउँछन् धक्का यसका पछाडि*
*विशाल आयो भूकम्प भने महिनौं सम्मन*
*चल्दछन् यस्ता ससाना धक्का हे चेला ! सुन न !*

*सानु या ठूलो भूकम्प भन्ने मात्राले मालुम*
*गरिनुपर्छ नापिन्छ यसलाई 'रेक्टर' नापोमा*
*तीव्रता एकको कम्पन भए थाहा नै पाइँदैन*
*दुईको त्यस्तै उस्तैले मात्र पाउँछन् सूचना ।*

*तीव्रता तीनको भूकम्प थाहा पाइन्छ सबले*
*चारको कम्पन पाइन्छ थाहा राम्रै नै सितले*
*पाँचको यदि भूकम्प आयो धेरै नै थर्केर*
*मानिस हुन्छन् भाग्नको लागि बाहिर तयार ।*

*यो भन्दा बढी तीव्रता छको भूकम्प डरमय*
*भएमा सात कमजोर घरमा पर्दछ प्रलय*
*आठमा इँटा ढुङ्गाका घर चिरिन्छन् चरर*
*बढेर नौको भूकम्प आए लड्दछन् घरर ।*

*दशको आए समस्त भारवाहक रचना*
*साथमा त्यस्तै ढलान कृत स्तम्भ र दलिन*
*दुईटै घर गल्र्यामगुर्लुम लड्दछन् त्यै क्षण*
*एघार तथा बाह्रमा चेला बद्लिन्छ जमिन ।*

*इतिहास हेर्दा हरेक पचहत्तर वर्षमा*
*भूकम्प ठूलो एउटा जान्छ भन्ने छ गणना*
*पचास वर्ष बीचमा फेरि भूकम्प मध्यम*
*मात्राको जान्छ भन्ने छ चेला ! व्यापक धारणा ।*

(साभार : 'मैना बुलबुल' महाकाव्य, २०६९ बाट)

संयोजन : हरित

# नेपालको 'भूकम्प-राजनीति' र पर्यटन : अब के ?



चेतनाथ कणेल

> राजनीतिक दलहरू सङ्कटको घडीमा आपसमा केही नजिकिए । वार्ता र संवाद बढे । सहमतिका ढोकाहरू अलि फराकिला बने । फराकिला ढोकाबाट पहिले पहिले बाहिरिएका दलहरू पनि भित्र छिरे । संविधान निर्माणका लागि बृहत् सहमतिको सिद्धान्तमा दलहरू अडिग रहे ।

भूगोल र राजनीतिक सवालको सँगै कुरा गर्दा 'भू-राजनीति' भन्ने चलन छ । तर यहाँ मैले भूकम्प र राजनीतिको कुरा उठाउँदैछु, अर्थात् भूकम्पपछिको राजनीति र नेपालको पर्यटनमा त्यसको तत्कालीन तथा दीर्घकालीन असर केलाउने प्रयास गर्दैछु । साथै अबको पर्यटनले लिनुपर्ने बाटोका बारेमा पनि सङ्क्षिप्त चर्चा गर्नेछु ।

महाभूकम्प २०७२ र क्षतिको भयावहता

२०७२ वैशाख १२ र २९ गते गएका महाभूकम्पका झट्काहरूले हेर्दाहेर्दै नेपालका १४ जिल्लालाई तहसनहस बनाई छाडे। गोरखा जिल्लाका बारपाक र लाप्राक केन्द्रविन्दु भएका ती दुई भूकम्प र तिनका सयौं पराकम्पनहरूले १४ जिल्लामा त महाविध्वंश मच्चाए नै अन्य करिब १५ जिल्लामा पनि भूकम्पीय क्षति पुगेको छ। समग्रमा भन्नुपर्दा ७५ जिल्लामध्ये झण्डै आधाजसो जिल्लाहरूमा महाविनाशकारी भूकम्प २०७२ ले विनाश गरेको छ (राष्ट्रिय योजना आयोग, २०१५) ।

भूकम्पपछिको क्षति विश्लेषणको कार्य राष्ट्रिय योजना आयोगले गरेको थियो । आयोगका अनुसार, महाभूकम्पले गर्दा करिब ९ हजार जनाको ज्यान गयो। करिब २२ हजार जना घाइते भए । करिब ५ लाख घर पूर्णरूपमा ध्वस्त भए । करिब त्यत्ति नै संख्याका घरमा आंशिक क्षति पुगेको छ । र, राष्ट्रिय योजना आयोगले 'भूकम्पपश्चात्को क्षति र नयाँ आवश्यकता पहिचान' (पीडीएनए) गर्ने सन्दर्भमा गरेको अध्ययनमा आर्थिक क्षतिको मात्र मूल्याङ्कन गर्दा झण्डै १० खर्ब रूपैयाँ बराबरको क्षति भएको अनुमान गरेको छ। भूकम्पले सबैभन्दा बढी क्षति सिन्धुपाल्चोक जिल्लालाई गर्‍यो। त्यसपछि दोलखा, गोरखा, धादिङ, नुवाकोट, काभ्रे आदि जिल्ला बढी क्षति भएका जिल्ला मानिन्छन् ।

भूकम्पपछिको राहत कार्यमा देशभित्र तथा बाहिरका उदार हृदय भएका लाखौं नेपाली तथा विदेशी मित्रहरूले सहयोग गरे। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट आदि तमाम सङ्घसंस्थाले आफ्नो ज्यानको पर्वाह नगरी उद्धार कार्यमा देखाएको तदारुकताले गर्दा भूकम्पले भत्किएका संरचनामा पुरिएका सयौं नेपाली

तथा विदेशी नागरिकलाई बचाउन सकियो । देशभित्र रहेका विभिन्न सरकारी, गैरसरकारी तथा निजी संस्थाले पनि कत्ति पनि कसर बाँकी नराखेर उद्धार कार्य गरे । यो पङ्क्तिकार पनि उद्धारपछिको राहत सहयोग प्रदान गर्ने क्रममा ललितपुरका ३ क्षेत्र (खोकना, चापागाउँ तथा लुभु क्षेत्र) र काठमाडौंको जीतपुरगढी क्षेत्र पुगेर करिब एक हप्तासम्म राहत र उद्धार कार्यमा सरिक भएको थियो ।

उद्धार र राहत कार्यका लागि नेपालभित्र बस्ने नेपालीले मात्र होइन विदेशमा बस्ने नेपालीले पनि दिल खोलेर सहयोग पठाएका थिए । कतिपय त त्यो विपदको घडीमा स्वदेशमै आई उद्धार र राहत कार्यमा अहोरात्र खटिए । भूकम्पका बेला हाम्रा छिमेकी मुलुकको भूमिका पनि अति प्रशंसनीय रहयो । छिमेकी मुलुकहरूमात्र नभएर सात समुद्र पार रहेका नेपाललाई माया गर्ने मित्र राष्ट्रहरूले पनि सहयोगका उदार हातहरू फैलाए । भूकम्पको बेला नेपालीहरूको दुःख- मर्का बुझ्ने कार्य साँच्चिकै उदाहरणीय बन्यो ।

सहयोगी राष्ट्रहरूको एउटा बृहत् सम्मेलन २०७२ असार १० गते काठमाडौंमा सम्पन्न भएको थियो । अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा गृह मन्त्रालयको विशेष संयोजनमा भएको उक्त सम्मेलनमा नेपालका तर्फबाट भूकम्पले गरेको क्षतिको यथार्थ तस्विर देखाउने काम भयो भने नेपाललाई माया गर्ने दर्जनौं राष्ट्रहरूले सम्मेलनअवधिमै आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । कतिपयले आफ्नो देशमा फर्केर पछि पनि प्रतिबद्धता जनाए । यो क्रम अझ निरन्तर चलिरहेको छ । त्यतिबेला नेपालका प्रधानमन्त्री सुशील कोइराला थिए । अर्थ मन्त्रीमा डा. रामशरण महत थिए । डा. महतका अनुसार विदेशी दातृ निकायले करिब साढे ४ खर्ब रुपैयाँ बराबरको सहयोग गरी नेपालको भूकम्पपछिको पुनर्निर्माण कार्यलाई सघाउने प्रतिबद्धता तत्काल जनाएका थिए । तर ती सहयोगी राष्ट्रहरूले उद्घोष गरेबमोजिमको सहयोग राशि नेपाल आउन भने ढीला भएको छ । यसमा हाम्रै सरकारको कमजोरी बढी जिम्मेवार छ भनिन्छ ।

## 'भूकम्पीय' राजनीति र भूकम्पपीडितहरूको पीडा

भूकम्पले नेपालको राजनीतिमा पनि हलचल मच्चाइदियो । लामो समयदेखि अड्केको नयाँ संविधान बनाउने कामले भूकम्प गएको केही समयपछि नै गति पायो । राजनीतिक दलहरू सङ्कटको घडीमा आपसमा केही नजिकिए । वार्ता र संवाद बढे । सहमतिका ढोकाहरू अलि फराकिला बने । फराकिला ढोकाबाट पहिले पहिले बाहिरिएका दलहरू पनि भित्र छिरे । संविधान निर्माणका लागि बृहत् सहमतिको सिद्धान्तमा दलहरू अडिग रहे । सहकार्यको वातावरण केही मौलायो । दलहरू 'राष्ट्रिय हितको सवाल' भन्दै सहयोगी बने । आपसी समझदारी बढ्यो । फलतः २०७२ असोज ३ गते नेपालले लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान पायो । यस अर्थमा दोस्रो संविधानसभाले ठूलो उपलब्धि हासिल गर्‍यो । २०६४ मा गठित ६०१ सदस्यीय पहिलो संविधानसभा असफल भएर २०७० मङ्सिरमा दोस्रो संविधानसभाको निर्वाचन भएको थियो । निर्वाचित तथा समानुपातिक गरी यसमा पनि ६०१ नै सभासदहरू छानिएका थिए । दलीय झगडा, बढ्दो सत्तालिप्सा, जनसमस्याप्रति राजनीतिक असंवेदनशीलता आदि कारणले दोस्रो संविधानसभाले पनि संविधान बनाउन पक्का सक्दैन भन्ने कुरा जनताका मनमा खेलेका थिए । तर महाविनाशकारी भूकम्पले नेपाललाई नराम्ररी झँट्यायो । फलतः नेपालको राजनीतिले पनि नयाँ मोड लियो । सुशील कोइरालाको नेतृत्वमा चलेको सरकारले राजीनामा दियो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बन्यो । एमाले, एनेकपा माओवादी, राप्रपा नेपाललगायत केही तराई-मधेसकेन्द्रित र अन्य ससाना दल मिलेर २०७२ असोज २४ गते नयाँ सरकार बनाए । नेपाली कांग्रेस र केही मधेस-केन्द्रित दल भने प्रतिपक्षको भूमिका खेल्ने गरी बाहिरै रहे । मधेस-केन्द्रित राजनीति गर्ने कतिपय दलहरूले अझै पनि नयाँ संविधान स्वीकारेको स्थिति छैन । मधेस विद्रोहले नेपाललाई भूकम्पपछि अर्को झट्का दियो । यसै निहुँमा भारतले अझ करिब ५ महिना नाकाबन्दी गरिदिएर नेपाली स्वाभिमानमाथि नै नाङ्गो हस्तक्षेप गर्‍यो । भूकम्पले थलिएका जनतालाई 'खानापाना' रोकेर भोकभोकै मार्ने कतिपय राजनीतिक दलको षडयन्त्र थियो । तर त्यो सफल हुन सकेन । तथापि असमझदारीका डोबहरू मेटिएका छैनन् । भारतीय नाकाबन्दी खुले पनि आन्तरिक कलहले भारी बिसाएको छैन । नेपालको लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने कार्य र नयाँ संविधानको कार्यान्वयन अझै पनि चुनौतीपूर्ण रहेको छ । यस छोटो लेखमा मधेस राजनीतिको चर्चा गर्ने उद्देश्य पनि होइन ।

भूकम्पपछिको पुनर्निर्माण कार्यलाई नेपाली राजनीतिले नराम्ररी गाँज्यो । सरकार बनाउने र भत्काउने जनविरोधी फोहोरी राजनीतिक खेलले देश झन्पछि झन् पछाडि धकेलिँदैछ । भूकम्पपीडितहरू त्रिपालबाट नयाँ घरमा सर्ने सपनाहरू अझै सपनामै सीमित छन् । सरकारले प्रतिबद्धता जनाएको सहयोग राशि समयमा नै भूकम्पपीडितहरूको हातमा पुर्‍याउन नसक्दा सुशील सरकारमात्र होइन, ओली नेतृत्वको सरकारले पनि चर्को आलोचना खेप्नुपर्‍यो । अहिले यी पङ्क्ति कोर्दै गर्दा सत्ताको मूल बाग्डोर एमालेबाट अर्को पार्टीमा सरेको छ । अबको हालत के हुने हो हेर्दै जानेबाहेक अरु विकल्प छैन । आखिर नेपाली जनताले हेर्दाहेर्दै दशकौं बिताइसके !

भूकम्पपछिको पुनर्निर्माण कार्यलाई अघि बढाउन पुनर्निर्माण प्राधिकरण

बनाउने कुराले धेरै समय लियो । प्राधिकरण बनेपछि फेरि त्यसमा प्रमुख कार्यकारी अधिकृत (सीईओ) कसलाई बनाउने भन्ने कुराले पनि नेपाली राजनीतिमा अर्को माहोल ल्यायो। नेपाली कांग्रेस डा. गोविन्द पोखरेललाई राष्ट्रिय योजना आयोगको गरिमामय उपाध्यक्षजस्तो पदबाट राजीनामा दिन लगाएर उनै व्यक्तिलाई सीईओ बनाउने कसरतमा व्यस्त रह्यो । तर एमाले तथा सरकारमा रहेका अन्य दलले त्यस कार्यको विरोध गरे र राजनीतिक माहोल फेरि तात्तियो । जनता हेरेका हेऱ्यै भए । भूकम्पपीडितहरू पीडाबाट सताइएको सतायै भए । राजनीतिक दाउपेचमा पिल्सिएर पीडितहरू कसरी थिलथिलो बन्दा रहेछन् भन्ने कुराको 'तीतो पाठ' नेपालले त्यतिबेला सिकायो ।

अन्ततः एमाले नेतृत्वको सरकारले एक वरिष्ठ इन्जिनियरलाई पुनर्निर्माण प्राधिकरणको सीईओ बनायो । सीईओ आइसकेपछि पनि प्राधिकरणले जुन गतिमा काम गर्नुपर्ने थियो त्यो पटक्कै हुन सकेन भन्ने जनताको ठूलो गुनासो छ । २०७२ को वर्षाले भूकम्पपीडितहरूलाई नराम्ररी गाँज्यो । चुहिने पालमा रात बिताउन बाध्य भूकम्पपीडितहरूका धेरै कथा पढिए । समय त्यत्तिकै बित्यो, फेरि जाडो याम आयो । चिसोले भूकम्पपीडितहरू नराम्ररी कठ्याङ्ग्रिए । वृद्ध, केटाकेटी, सुत्केरी, अपाङ्ग र रोगले पीडित कैयौं भूकम्पपीडितहरूको जाडोमा ज्यानै गयो । सरकारप्रति जनताको वितृष्णा झन् बढ्यो ।

२०७३ वैशाख १२ सम्म अर्थात् भूकम्प गएको १ वर्षसम्म त केही होला कि भन्ने जनअपेक्षा पनि त्यत्तिकै सेलायो । घर भत्केका हरेक परिवारलाई तत्काल २ लाख रूपैयाँ दिने भन्ने सरकारी निर्णय कार्यान्वयन गर्न निकै ढीला भयो । 'अफिसियल औपचारिकता'मा धेरै महिना बिते । अझै पनि (२०७३ साउन अन्तिम हप्ता) सबैको हातमा दुई लाख रूपैयाँमध्येको पहिलो किस्ता रकम पुग्न नसकेको स्थिति छ ।

फेरि सरकार फेरिएको छ । अब नयाँ रणनीति के बन्छन् हेर्दै जानु छ । यो नेपाली राजनीतिको विडम्बना हो । एउटा दललाई असक्षम देखाउनका लागि अर्को दलले असहयोग गर्ने नीति हरेक दलमा नराम्ररी लुकेको छ । स्थानीयस्तरमा हुनुपर्ने पहलकदमी पनि कम भए । अझ नक्कली पीडितहरू खडा गरिदिने, किचलो उत्पन्न गरिदिनेजस्ता कार्यमा कतिपय दलको भूमिका रह्यो भन्ने सुनिन्छ । कस्तो विडम्बना ! २०७२ जेठ/असारमा सङ्कलित विवरणभन्दा पछिल्ला विवरणहरू धेरै फरक आएका छन् । नक्कलीको बिगबिगीले सोभ्रा पीडितहरू झनै मर्कामा परेका छन् । सरकारले दोहोऱ्याई-तेहेऱ्याई भूकम्पपीडितहरूको गणना गर्दागर्दै धेरै महिना बिते । अझै पनि अन्तिम र सही तथ्याङ्क आउन सकेको छैन भनिन्छ । सरकारी सहयोग पाइन्छ भनेपछि रातारात नक्कली पीडित बन्ने क्रमले पनि राहत र पुनर्निर्माणका काम गर्न धेरै कठिन भएको अवस्था कसैले नकार्न सक्दैन । राजनीतिले नर्जानिदो पाराले भूकम्पपश्चात्का हरेक क्रियाकलाप प्रभावित र प्रताडित छन् (हरित, २०७२) । नेताहरूमा पीडितमैत्री भावना पलाएको छैन । जनता-जनार्दनका लागि राजनीति गर्ने भनिए पनि हरेक दल र नेताहरू आफ्नै 'आय-आर्जन'मा व्यस्त रहेको कुरा कसैबाट छिपेको छैन । हाम्रा नेताहरू भोका, नाङ्गा र पीडित जनताका नाममा राजनीति गरेको स्वाङ्ग त गर्छन्, तर यथार्थमा त्यो राजनीति आफ्नै स्वार्थका लागि हुन्छ । नत्र भूकम्प गएको १५-१६ महिना बितिसक्दा पनि भूकम्पपीडितहरू आफ्ना घर बनाउने काम सुरुसम्म गर्न नसकेर त्रिपाल वा टिनका छाप्रामुनि बस्न किन बाध्य छन् ? नेपालको पुनर्निर्माणमा खराब राजनीतिले नराम्ररी बास गरेको छ । सायद राणाकालीन १९९० को भूकम्प र पञ्चायतकालीन २०४५ को भूकम्पमा पनि अहिलेको जस्तो बेहाल भएको थिएन । अति राजनीतिकरणको सिकार हुन बाध्य छन् हाम्रा भूकम्पपीडितहरू !

## गाँजिएको पर्यटन र दीर्घकालीन प्रभाव

सन् २०१५ मा नेपालको पर्यटनले राम्रो फड्को मार्ने अपेक्षा गरिएको थियो । करिब ८ लाख विदेशी पर्यटकले सन् २०१४ मा नेपाल भ्रमण गरेको आधारमा सन् २०१५ मा पक्कै पनि १० लाख, वा नभए ९ लाख विदेशी पर्यटक त अवश्य आउँछन् भन्ने सर्वत्र अपेक्षा थियो । तर वैशाख (अप्रिल, मे) महिनाका महाविनाशकारी दुई भूकम्पले नेपालको पर्यटनलाई पनि तहसनहस पारिदिए (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सन् २०१५) । राष्ट्रिय योजना आयोग (२०१५) का अनुसार भूकम्पका कारण तत्कालको पहिलो वर्षमा करिब ४० प्रतिशत घटोत्तरी हुने र अर्को २४ महिनासम्म यस्तो घटोत्तरी कम्तीमा २० प्रतिशत रहिरहने आँकलन थियो । होटल सेक्टरमा मात्र करिब १६ अर्ब रुपैयाँ बराबरको क्षति भयो । त्यसैगरी उडान क्षेत्रले करिब ४० करोड रुपैयाँको क्षति व्यहोर्नुपरेको सोही अध्ययन बताएको छ । पदयात्रा मार्गतर्फ पनि ठूलो क्षति भयो । तथ्याङ्कमा भन्नुपर्दा भूकम्पकै कारण देशभरको करिब १५० किमि पदयात्रा मार्गमा क्षति पुगेको थियो भने मर्मत सम्भार गर्नुपर्ने पदयात्रा मार्ग करिब २०० किमि थियो । यसरी सबै पक्षलाई पुनःस्थापित गर्न हामीलाई धेरै समय लाग्नेछ । यो हाम्रो लागि दुःखद् पक्ष हो ।

पर्यटकको संख्या त यसै घट्यो, घट्यो, राष्ट्रिय आयमा पनि नराम्रो घाटा लाग्यो । सन् २०१५ मा नेपाल आउने पर्यटकको संख्या सन् २०१४ को तुलनामा २९.७ प्रतिशतले घटेको थियो । अर्थात् सन् २०१४ मा ७ लाख ९० हजार विदेशी पर्यटकले नेपाल भ्रमण गरेकोमा सन् २०१५ मा नेपाल आउने विदेशी पर्यटक जम्मा ५ लाख ५४ हजार भए (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सन्

२०७६) । यो ठूलो गिरावट हो । नेपालका लागि ठूलो घाटा हो यो । विगत ५ वर्षको पर्यटक आगमन तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका : भूकम्पअघि र भूकम्पपछिको पर्यटक आगमन तथ्याङ्क एक झलक**

| वर्ष (सन्) | कूल विदेशी पर्यटक आगमन संख्या | कैफियत |
|---|---|---|
| २०११ | ७,३६,२१५ | अघिल्लो वर्षभन्दा २२.१% ले बढी |
| २०१२ | ८,०३,०९२ | अघिल्लो वर्षभन्दा ९.१% ले बढी |
| २०१३ | ७,९७,६१६ | अघिल्लो वर्षभन्दा ०.७% ले कमी |
| २०१४ | ७,९०,११८ | अघिल्लो वर्षभन्दा ०.९% ले कमी |
| २०१५ | ५,५४,७४७ | अघिल्लो वर्षभन्दा २९.७% ले कमी |

*स्रोत : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सन् २०१६ ।*

भूकम्पपछिको पहिलो एक वर्षको अवधिमा प्रति पर्यटक प्रतिदिन आम्दानी (अघिल्लो वर्षको ४३ डलरबाट) झरेर ३५ डलर भएको थियो । भूकम्पले गर्दा पर्यटक आगमन संख्यामा गिरावट आई तथा उनीहरूको बसाइ अवधि छोटिई परेको घाटा एकातिर छ भने, भूकम्पकै धक्काले हाम्रा सयौं ऐतिहासिक तथा सांस्कृतिक धरोहरहरू ध्वस्त हुनु, पर्यटकीय संरचनामा क्षति पुग्नु र वर्षौंसम्म पनि हामीले ती पूर्वाधार र धरोहरलाई पहिलेकै स्थितिमा उठाउन नसकिने स्थिति आयो भने नेपालको पर्यटनमा अर्को दीर्घकालीन प्रभाव पर्नेछ । नेपालमा आउन चाहने पर्यटकले बाटो मोडेर दक्षिण एसियाका अरु देशमा भ्रमणमा जाने वा ल्याटिन अमेरिकातिरका मुलुकलाई आफ्नो भ्रमण सूचीमा राख्ने गरे भने त्यसले हाम्रो पर्यटकीय गतिविधिमा नराम्रो असर गर्नेछ ।

राष्ट्रिय योजना आयोगबाट सङ्कलित तथ्याङ्कले देखाएअनुसार २०७२ को भूकम्पका कारण नेपालका करिब ७०० वटा महत्वपूर्ण ऐतिहासिक सम्पदामा नराम्रोसँग क्षति पुग्यो । ऐतिहासिक धरहरा छिनभरमै ढल्दा साह्रा नेपालीमात्र होइन, नेपाललाई माया गर्ने तमाम विदेशी पनि रोए । भूकम्पको धक्का कति जोडदार रहेछ भन्ने कुरा धरहराको ढलाइ र बसन्तपुर, पाटन तथा भक्तपुरका दर्जनौं ऐतिहासिक सम्पदामाथि पुगेको क्षतिबाट स्पष्ट हुन्छ । गोरखाको बारपाक भूकम्पको केन्द्रविन्दु थियो । यही बारपाक नै होमस्टेमा आधारित ग्रामीण पर्यटन विकासको एक प्रख्यात केन्द्र पनि थियो । भूकम्पको केन्द्रविन्दुसँगै समुदायमा आधारित ग्रामीण पर्यटनको केन्द्र पनि क्षणमै ध्वस्त हुन पुग्यो । भनिन्छ, बारपाकमा रहेका कूल १,३८१ घरधुरीमध्ये ७७४ घरधुरीले पहिलेको आफ्नो ठाउँमा घर बनाउन नसक्ने स्थिति छ (पौडेल, २०७३) । कस्तो विडम्बना ! त्यहाँको जमिन नै अब नयाँ घर बनाउनका लागि जोखिमपूर्ण बनेको छ । बारपाकका जनता फेरि जाग्लान्, घरहरू पनि बन्लान्, तर त्यहाँको पर्यटनको मौलिक स्वरूपलाई पुरानै अवस्थामा ल्याउन धेरै समय कुनपर्ने निश्चित छ ।

रसुवाको लाङटाङ क्षेत्र नेपालकै तेस्रो हिमाली गन्तव्यको रूपमा चिनिन्थ्यो । तर क्षणभरमै लाङटाङ क्षेत्र पनि भूकम्पकै कारण उत्पन्न हिमपहिरोका कारण क्षतविक्षत हुन पुग्यो । सयौंले ज्यान गुमाए । करोडौंको क्षति भयो त्यहाँ । गाउँ नै पूरा विस्थापित हुन पुग्यो । ' अब लाङटाङको पर्यटनलाई पुरानो लाङटाङकै अवस्थामा ल्याउन कम्तीमा पनि एक दशक लाग्नेछ', स्थानीय पर्यटन व्यवसायी निमा शेर्पाको भनाइ छ ।

उता दोलखाको चरिकोटको हालत त्यस्तै रह्यो । त्यहाँ विगत १० वर्षमा निकै ठूल्ठूला होटल तथा रेष्टुरेन्ट खुलेका थिए । ती सम्पूर्ण संरचना वैशाख १२ को भूकम्पमा क्षणभरमै ध्वस्त भए । जिरी र चरिकोटको पर्यटनले निकै फड्को मारेको थियो । 'तर ती ठाउँले पुरानै अवस्थाको पर्यटकीय पूर्वाधार विकास गर्न कम्तीमा पनि आधादेखि एक दशक लाग्नेछ', एक अन्तर्राष्ट्रिय गैससका कार्यरत अधिकृत स्तरका कर्मचारीको भनाइ छ । हाम्रो पर्यटनले 'रिकभरी' गर्ने बेलासम्ममा विश्वको पर्यटन निकै अगाडि बढिसकेको हुनेछ ।

माथिका केही उदाहरणबाहेक काठमाडौं तथा वरिपरिका क्षेत्र, हेलम्बु क्षेत्र, मनास्लु क्षेत्र, सगरमाथा क्षेत्र, बाह्रबिसे तातोपानी क्षेत्र आदिका पर्यटकीय पूर्वाधार पनि नराम्रोसँग भत्केका छन् । तथ्याङ्कअनुसार, समग्रमा पर्यटनमा करिब ८१ अर्ब रूपैयाँ बराबरको भौतिक क्षति भएको बताइएको छ (रा.यो.आ., २०७५) । नेपालका लागि यो ज्यादै ठूलो क्षति हो । भत्के-बिग्रेका सम्पदा तथा अन्य पूर्वाधारहरू पुनर्निर्माण गर्ने कार्यलाई द्रुतताका साथ अगाडि बढाउन सकिएन भने नेपालको पर्यटनलाई अग्रगामी हिसाबले त होइन, सन् २०१२ तिरकै अवस्था (जुन वर्ष नेपालमा ८ लाख ३ हजार पर्यटक आएका थिए) मा फर्काउन पनि अझ धेरै वर्ष लाग्ने हुनसक्छ । किनकि एकातिर हामीलाई हाम्रा धरोहर संरक्षण र पुनर्निर्माण गरी पहिलेकै अवस्थामा देखाउने चुनौती छ भने अर्कोतिर भूकम्पपछि विश्व पर्यटन बजारमा 'नेपाल त ध्वस्त नै भएको छ रे !' भन्ने नकारात्मक र भ्रमपूर्ण सन्देशलाई कसरी सकारात्मक बनाउन सकिन्छ त्यो अर्को चुनौती छ । नेपालका सबै गन्तव्यमा बारपाक वा लाप्राकजस्तो अथवा लाङटाङ वा चरिकोटजस्तो क्षति पुगेको होइन । बाँकी ठाउँमा पर्यटन निर्बाध चलाउन सकिन्छ ।

कतिपय राष्ट्रले हाम्रो अनुरोधमा पहिले जारी गरेका 'ट्राभल एड्भाइजरी' ('नेपाल घुम्न सकेसम्म नजानु, जानै परे सचेतता अपनाउनु'

भन्ने सन्देश) सच्याए पनि नेपाल घुम्न चाहने ती देशका नागरिकका मनमा भने नेपालसम्बन्धी नयाँ 'ट्राभल एड्भाइजरी'ले राम्रोसँग बास गर्न सकेको छैन। यसमा नेपालका तर्फबाट हुनुपर्ने प्रचार-प्रसार पुगेको छैन। सम्बन्धित देशमा भएका नेपाली राजदूतावासहरूले पनि यस कार्यमा अपेक्षित सकारात्मक अर्थात् 'प्रोएक्टिभ रोल' खेल्न नसकेको अवस्था छ। यस्ता यावत कारणहरूले गर्दा भूकम्पपछिको पर्यटन अझै पनि थलिएको अवस्थामा छ भन्न सकिन्छ।

**अब के गर्ने ?**

यस सन्दर्भमा म निम्न कुरा बुँदागत रूपमा प्रस्तुत गर्न चाहन्छु :

१. महाभूकम्प २०७२ पछि नेपालको पर्यटन खस्किएको अवस्थामा छ। यो पर्यटनलाई फेरि जगाउने र माथि उठाउने तपाईं हामी सबैको कर्तव्य हो। यसका लागि सबैले आआफ्नो क्षेत्रबाट प्रयास गर्नुपर्छ। सन् २०१५-२०२४ को १० वर्षे अवधिका लागि नेपालको दीर्घकालीन (रणनीतिक) पर्यटन विकास योजना पनि बनिसकेको सन्दर्भ र त्यसले समेत भूकम्पपश्चात्को पर्यटनका लागि केही सकारात्मक कार्यक्रम तथा क्रियाकलापहरू औंल्याएकोले त्यसको सही कार्यान्वयनतर्फ नेपालका सरकारी, गैरसरकारी तथा निजी क्षेत्र चनाखो बन्नु पहिलो काम हो (संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०७२)। योजना पनि बन्नु र नेपालको नयाँ संविधान २०७३ पनि आउनुले अब नेपालको पर्यटनलाई साँच्चिकै विकेन्द्रित गरी सातै प्रदेशमा पर्यटकीय चहलपहल बढ्ने गरी पर्यटनसम्बन्धी विकास निर्माणका काम व्यापकरूपमा अगाडि बढाउनुपर्छ। प्रदेश १ देखि प्रदेश ७ सम्म नै प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदामा आधारित पर्यटन विकास सम्भव भएकोले हरेक प्रदेशमा नै पर्यटनलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउन सकिने सम्भावना छ। तराई पर्यटन पनि अहिलेसम्म उपेक्षामा परेको छ। तर त्यहाँ पनि अपार सम्भावना छ, अब त्यसलाई माथि उठाउनुपर्छ। प्रदेश नं. २ को गहनाको रूपमा रहेको जनकपुर (मिथिला) क्षेत्र साँच्चिकै 'हीराको टुक्रा' हो। तर यसको विकास र प्रचारप्रसारका लागि धेरै मेहनत गर्नुपर्छ। स्वयम् जनकपुरियाहरू नतात्तिएसम्म त्यो काम पूरा हुन सक्ने छैन। अबको समयले अहिलेसम्म उपेक्षित 'मिथिला पर्यटन'को आक्रामक प्रवर्द्धन खोजिरहेको छ।

२. खासगरी सरकारी पक्षले नीति निर्माण तथा सहजीकरण प्रक्रियाबाट गैरसरकारी तथा निजी क्षेत्रलाई पर्यटन विकासका लागि प्रोत्साहन गर्नुपर्छ। गैरसरकारी क्षेत्रले समुदायलाई सचेतीकरण, क्षमता अभिवृद्धि तथा सानातिना पूर्वाधार निर्माण गर्ने कार्यमा सघाउनुपर्छ (कणेल, सन् २०१४)। त्यसैगरी निजी क्षेत्रले ठूला पूर्वाधार सेवा विस्तार तथा गुणस्तर अभिवृद्धि गरी पर्यटकलाई प्रत्यक्ष सेवा पुऱ्याउने र सन्तुष्ट पार्ने कार्य गर्नुपर्दछ। निजी क्षेत्रलाई 'बुट प्रणाली'मा पर्यटकीय पूर्वाधार विकास, सञ्चालन तथा हस्तान्तरण गर्ने कार्यमा सरकारले प्रेरित गर्नुपर्छ। पर्यटन विकासमा निजी क्षेत्रको भूमिका नै सबैभन्दा ठूलो भूमिका हुने हुँदा यो सत्यलाई सबैले स्वीकारी तत् अनुरूपको व्यवहार पनि गर्न सक्नुपर्छ। अझ पर्यटनले ठूलो नोक्सानी व्यहोर्नुपरेका निजी व्यवसायीहरूलाई राहत हुने खालका सहुलियत दिने प्याकेज सरकारले तत्काल उपलब्ध गराउनुपर्छ। यस्ता प्याकेजमा अनुदान तथा सहुलियत ऋण प्रदान गर्ने व्यवस्था हुनुपर्छ। ३'पी' अर्थात् पब्लिक, प्राइभेट पार्टनरसिप (सार्वजनिक निजी साझेदारिता) को रणनीतिमा पनि विशेष जोड दिनुपर्छ।

३. नेपालमा निजी क्षेत्र र सरकारी क्षेत्रको 'पुल'को रूपमा रहेको नेपाल पर्यटन बोर्डले समन्वयकारी भूमिका खेली पर्यटन पूर्वाधार विकास, क्षमता विकास तथा नीति एवं योजना निर्माण कार्यमा प्राविधिक 'सल्लाहकार'को भूमिका निभाउनमा अलिक बढी जोड दिनुपर्छ।। पर्यटन प्रचारप्रसार गर्ने कार्यलाई भने 'आफ्नै विशेष जिम्मेवारी' ठानी काम गर्नुपर्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेलाहरू आयोजना गरी त्यहाँ 'बीटुबी' (बिजनेस टु बिजनेस) एवं 'बीटुसी' (बिजनेस टु कस्टोमर/कन्ज्युमर) को प्रत्यक्ष अन्तर्क्रिया हुने वातावरण मिलाउने कार्यमा पनि नेपाल पर्यटन बोर्डको अहम् भूमिका हुन्छ। समग्र नेपाललाई भूकम्प राजनीतिले गाँजेजस्तै नेपाल पर्यटन बोर्ड पनि आन्तरिक राजनीतिले नराम्ररी गाँजिएको थियो। धेरै वरिष्ठहरूलाई भ्रष्टाचारको आरोप लागेको छ। उनीहरू निलम्बनको कारवाहीमा परेका छन्। मुद्दा छिनिने प्रक्रियाले निकै लामो समय लिएको छ। जसको मार नेपालको पर्यटन विकासमा परेको छ। छिटोभन्दा छिटो कारवाहीको मामिला टुङ्ग्याउन सरकारले ढीला गर्नुहुन्न। जनशक्तिको अभावमा पर्यटन बोर्ड लामो समयदेखि 'थला' परेको छ। त्यहाँ नयाँ कार्यकारी प्रमुख त आएका छन्, तर उनलाई सहयोग गर्ने 'जनशक्ति'को चरम अभाव

छ । पर्यटन बोर्डबाट जिल्ला जिल्लाले पाउनुपर्ने सहयोग पटक्कै पुग्न सकेको छैन ।

४. स्थानीयस्तरका सम्पदा जोगाउने, पुनर्निर्माण गर्ने तथा तिनलाई अद्यावधिक अवस्थामा राख्ने काम भने स्थानीय जनताले नै गर्नुपर्छ । पर्यटन विकासका लागि जनसहभागिता अपरिहार्य छ । पर्यटनमा जनसहभागिता र स्थानीय स्वामित्व बढाउनका लागि स्थानीय जनताकै समावेशीयुक्त समिति/उपसमितिहरू बनाई ती स्थानीय समिति/ उपसमितिहरू मार्फत् नै अति आवश्यक पूर्वाधार विकास तथा व्यवस्थापकीय काम हुने वातावरण सहजीकरण गर्ने कार्य जिल्ला विकास समिति, नगरपालिका तथा गाउँपालिकाले गर्नुपर्छ । पर्यटन क्षेत्रलाई नै आफ्नो 'कार्यक्षेत्र' बनाएका गैससहरूको यस कार्यमा विशेष भूमिका हुनसक्छ । साथै, स्थानीय नेतृत्वलाई गतिशील र परिवर्तनशील बनाउनेतर्फ पनि सबैजना चनाखो बन्नुपर्छ । दश, पन्ध्र वा बीस वर्षदेखि एउटै व्यक्तिले नेतृत्व गर्ने संस्थामा नेतृत्व परिवर्तन आवश्यक छ । नयाँ नेतृत्वले नयाँ तरिकाले सोच्छ, नयाँ नयाँ काम हुन्छन्, तर पुरानो नेतृत्वले सनातनी काममात्र गर्छ, पद ओगट्ने काममात्र गर्छ । नयाँ पुस्तामा नेतृत्व हस्तान्तरणको प्रक्रिया पर्यटन विकासको सन्दर्भमा पनि लागू हुनु जरुरी छ । पुरानो पुस्ताको सहभागिता, सक्रियता र सल्लाहलाई सम्मान गर्दै नयाँ पुस्ता पनि स्थानीय पर्यटन विकास तथा व्यवस्थापन कार्यमा लाग्न ढीला भइसकेको छ । नेपालको जनसाङ्ख्यिक लाभ उठाउन पनि अबको पर्यटनले युवा जमातको सहभागिता र परिचालनमा जोड दिनुपर्ने छ ।

५. माथि उल्लेख गरिएका ३ 'पी' मा अरू एउटा 'पी' (पिपुल) को पनि चर्चा गर्ने गरिन्छ । जनसहभागिताको मर्म सही तरिकाले प्रयोग भयो भने पर्यटन विकासमा ४'पी' को रणनीति नेपालमा सार्थक बन्दै जानेछ ।

६. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई एउटा प्राविधिक मन्त्रालय बनाउने, प्रत्येक प्रदेशमा मन्त्रालय र पर्यटन बोर्डको बलियो उपस्थिति देखिने खालको संयन्त्र तयार पार्ने र जिल्ला/नगर तथा गाउँस्तरमा जनताले छानेका प्रतिनिधिहरूबाटै पर्यटनको दूरदृष्टि, रणनीति तथा कार्ययोजना तयार पारेर त्यसलाई सहीरूपमा कार्यान्वयन गर्दै अघि बढ्ने संस्कृतिको विकास भयो भने अबको १० वर्षमा नेपालको पर्यटनले 'छलाङ' मार्ने अपेक्षा गर्नु अन्यथा नठहर्ला । यस अनुसार काम भयो भने सन् २०२५ मा २५ लाख पर्यटक पुऱ्याउन हामीलाई धेरै मुस्किल नपर्ला कि !

७. सबै कुराका लागि हामीले सोचेजसरी अब नेपालको राजनीति पनि अघि बढोस् । लामो सङ्क्रमणकालमा रमाउने नेताहरूको बानीमा पनि आमूल परिवर्तन होस् । राजनीति र पर्यटन विकास नङ र मासुजस्तै अन्तरसम्बन्धित भएकोले राजनीतिक विकासविना पर्यटन विकास सम्भव छैन । सयौंको बलिदानीबाट प्राप्त नेपालको गणतान्त्रिक लोकतन्त्रले अब बीचमा नअल्मिलिई सगरमाथा पुग्ने लक्ष्यका साथ सही 'पदमार्ग' पहिल्याओस् ! सुरुमा भनेजस्तै भूकम्पीय राजनीति अर्थात् भू–राजनीति पनि दलदलमा नफसी सही ट्र्याकमा हिँडोस् । भूकम्पपीडितहरूप्रति सबै संवेदनशील बनून् ।

अन्तमा, पुनर्निर्माणका हरेक गतिविधिलाई भूकम्पप्रतिरोधी, वातावरणमैत्री तथा पर्यटनमैत्री बनाउनु अबको समयको माग हो । किनकि नेपाल अन्ततः पर्यटनमै फस्टाउने छ, पर्यटनमै रमाउने छ, र विश्वकै भूस्वर्ग मानिएको नेपालमा पर्यटनको विकल्पमा अरु व्यवसाय क्रमशः फितला र पलायनमुखी बन्दै जानेछन् । 'धुवाँरहित उद्योग'को विकासमा सबैको ध्यान जान जरुरी छ । नेपालका पर्यटन विकासका सबै क्रियाकलापहरूलाई ग्रामीण–समुदायमुखी, गरिबमुखी एवं महिलामुखी पनि बनाउनुपर्छ । यो अहिलेको समयको माग हो ।

**सन्दर्भ सामग्रीहरू :**


- कणेल, चेतनाथ (सन् २०१४), टुरिजम इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट इन नेपाल, दि हिमालयन टाइम्स, नोभेम्बर १०, २०१४ (अंग्रेजी लेख) ।
- पौडेल, विमला राई (२०७३), पुनर्निर्माणलाई कसरी प्रभावकारी बनाउने ? कान्तिपुर राष्ट्रिय दैनिक, २०७३।२।३, काठमाडौं ।
- राष्ट्रिय योजना आयोग (२०७२), भूकम्पबाट भएको क्षतिको मूल्याङ्कन प्रतिवेदन, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं (नेपाली सारांश) ।
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (सन् २०७२), नेपालको रणनीतिक पर्यटन विकास योजना, सन् २०१५–२०२४, सिंहदरबार, काठमाडौं
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (सन्

२०१६), टुरिजम स्टाटिस्टिक्स अफ नेपाल, सन् २०१५ (अंग्रेजी) सिंहदरबार, काठमाडौं ।

- हरित, चेतनाथ (२०७२ क), भूकम्पको महावितण्डा (लेख), नेपाल समाचारपत्र दैनिक, २०७२।२।५, लिंक : http://www.newsofnepal.com/new/recent-news/2015/05/89214
- हरित, चेतनाथ (२०७२ ख), देशले लिनुपर्ने अबको बाटो (पत्र), कान्तिपुर राष्ट्रिय दैनिक, २०७२।८।६, लिंक : http://kantipur.ekantipur.com/printedition/news/2015-11-22/20151122085257.html
- National Planning Commission (2015). Nepal Earthquake 2015- Post-disaster Needs Assessment Report. Vol A. Key Findings. NPC, Singh Durbar, Kathmandu.

*(लेखक पर्यटन विशेषज्ञ हुनुहुन्छ र हाल काठमाडौं विश्वविद्यालयबाट 'नेपालमा गरिबमुखी पर्यटन विकास' विषयमा विद्यावारिधि गर्दै हुनुहुन्छ ।)*
*Email: chetnathkanel@gmail.com*

# भूकम्पीय समानता र जैसी बुढा



बिर्ख क्रान्ति

भूकम्पले पुच्छर हल्लाएको सय घण्टाभित्रै,
गाउँ-सहरमा नागरिक समाजको त्रिपालगोलमेच बसिसकेको थियो ।
सम्मेलनले 'भूकम्प सबैलाई बराबरी आएको' घोषणा गरिसकेको थियो ।
अनि घोषणाको लगत्तै समानताको कार्यविधि पारित गरिसकेको थियो ।
त्यही कार्यविधिको अढेस लागेर:
आँगनसम्म गाढी आइपुग्ने र घरमा जन हुनेहरूले,
हातहातै त्रिपाल पाए ।
हातहातै चामल पाए ।
हातहातै च्यादर पाए ।
जाडोका लागि कम्बल किन्ने पैसा पाए ।
अर्को बर्खाको लागि खोर छाप्ने भकारी पाए ।
भूकम्प रेखा बाहिर परेका केही छिमेकीले त,
अझ अर्को देशमा भूकम्प प्रतिरोधी विकास मोडेल हेर्ने,
'लक्की ड्रको भिसा' पनि पाए ।
पाताले गाउँका जैसी बुढालाई भाग्यले सबैतिरबाट ठग्यो !
शरीरले धोका दियो,
गुन्द्रुकको तातो सोल्दर उमालेर खान पनि सकेनन् ।
टावरले धोका दियो,
खोला किनारको खोंचमा रेडियोको सूचना पनि सुन्न सकेनन् ।
घरै अघिको डाँडाले धोका दियो,
तातो घाम ताप्न पनि पाएनन् ।
घरै भित्ताको कान्लाले धोका दियो,
जाडोले प्राण तानिरहेको रात,
एक घुट्को पानी माग्दा पनि छिमेकीले सुनेनन् ।
'जैसी मृत्यु' कसैको मुद्दा बन्न सकेन ।
किनकि:
कुनै दलको सक्रिय कार्यकर्ता भएको भए बुढा 'हिउँदे शहीद'बन्नसक्थे ।
छेत्री, बाहुन, जनजाति, दलित, मधेशी, मुस्लिम वा राउटे भएको भए,
बुढा जातीय छातामा ओतिन सक्थे ।
महिला भएको भए,
कम्तीमा टेम्पोको एक सिटमा आरक्षण पाउन सक्थे ।
धार्मिक संगठनको सदस्य भएको भए,
कम्तीमा केही बोलबाला मलामीहरू जुटाउन सक्थे ।
गणतान्त्रिक राजनीतिक शब्ददकोश अनुसार,
उनी ज्येष्ठ नागरिक भएको भए,
वा, एकल पुरुष भएको भए,
केही सत्‌गत खर्च जुटाउन सक्थे ।
तर कुनै समूहमा नअटेका जैसी,
निसन्तान र उमेरैमा बुढा भएर,
संगिनीले छोडेकी 'एकल ज्येष्ठ' बनेका थिए ।
यो सब घटनादेखि रहेका एक सर्वदलीय कमरेडले,
तीनतले कौसीमा घाम ताप्दै ताप्दै भोलिपल्ट,
भूकम्पीय समानतामा एउटा गोप्य कविता लेखे,
'वीर भोग्या बसुन्धरा',
यो धर्ती वीरहरूको लागि हो ।
भूमिगत कविता केही क्षणमै भाइरल भयो,
त्यही कविता:
समाजशास्त्रका प्राध्यापकहरूले,
जिम्मुर्के गणतन्त्रभरि पढाइरहे ।
संविधान का व्याख्याताहरूले,
बाउन्ने संघीयताभरि समानताको इसीजी गरिरहे ।
म:
पुनर्निर्माणको मैजारो सकेको भोलिपल्ट,
पुनर्स्थापना गर्न कति जैसी बाँकी रहलान् भन्ने गुन्दै रहें,
समानताका सयौं हाँगा गन्दैगन्दै,
जुनीभरि मानव जंगल हिंडिरहें !

**दोलखा**

# भूकम्पपछिको पुनर्निर्माण: केही नीतिगत सोचनीय पक्षहरू



बिमला राई पौडेल

*'पोखर यसैदिन आएको विनाशकारी भूकम्पले हाम्रा परिवार, आफन्तजन अनि साथीसँगी लग्यो । हामी गुमेका आफन्त सम्झेर भत्केको घरमाथि बसेर एक वर्ष पूरै रोयौं । सधैं रोएर जिन्दगी चल्दैन, अब दुःख बिर्सनुपर्छ र हाम्रो घर फेरि बनाउनुपर्छ । आउनुहोस् आजदेखि सामूहिक रूपमा बर्खान्त सकौं, बारपाकलाई पहिलाकै जसरी फेरि उठाऔं ।'*

गोरखा बारपाकस्थित स्कुलको प्राङ्गणमा गत बैशाख १२ गते साँझ आयोजित बृहत् श्रद्धाञ्जलीसभामा स्थानीय युवाले यो उद्घोष गर्दा लाग्थ्यो, भूकम्पको केन्द्रबिन्दु त उठिसक्यो, अब सबैतिर पुनर्निर्माणले गति लिन्छ । भोलिपल्ट बिहानै देखिएको ढुंगा फुटाइरहेको, डोकोमा निर्माण सामग्री ओसारिरहेको र भग्नावशेषमा माटो पन्छाउँदै आफैं गारो लगाइरहेको दृश्य पुनर्निर्माण अभियान सुरु भइसकेको पुष्टि पनि गऱ्यो । सिन्धुपाल्चोकका केही गाउँमा पनि यस्तै देखियो, जुन स्वागतयोग्य र उत्साहजनक छ ।

> नेपाल सरकारद्वारा पारित राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२ ले "सुव्यवस्थित एवं सुरक्षित बस्ती तथा समृद्ध समाज स्थापना गर्ने" दूरदृष्टि अनि "अझै राम्रो र बलियो बनाऔं" भन्ने निर्देशक सिद्धान्त लिएको छ ।

सरकारले पनि यो एक वर्षमा अलि ढिलै गरेर भए पनि पुनर्निर्माणको कामलाई द्रुत र प्रभावकारी बनाउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन गऱ्यो । पुनर्निर्माणका लागि आवश्यक नीति, कार्यविधि, समन्वयको ढाँचा र पाँचवर्षे कार्यक्रम पनि सार्वजनिक भएका छन् । तर समग्र पुनर्निर्माण अभियानलाई निर्देशित गर्न बनेको नीतिको कार्यान्वयन पक्ष कस्तो छ ? अनि उक्त नीतिको अधीनमा रही काम गर्नुपर्ने सरकारी र गैरसरकारी निकायले कसरी जनताको पुनर्निर्माण अभियानलाई सहयोग गरेका छन् ? यी प्रश्न जति सजिला देखिन्छन्, उत्तर त्यति सजिला छैनन् ।

नेपाल सरकारद्वारा पारित राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२ ले 'सुव्यवस्थित एवं सुरक्षित बस्ती तथा समृद्ध समाज स्थापना गर्ने' दूरदृष्टि अनि 'अझै राम्रो र बलियो बनाऔं' भन्ने निर्देशक सिद्धान्त लिएको छ । यो नीतिमा सुरक्षित बस्ती बसाउने, अब बन्ने घर भूकम्प प्रतिरोधी बनाउने, स्थानीय जनता र भूकम्प प्रभावितलाई नै निर्माणसम्बन्धी तालिम र रोजगारी दिने अनि प्रभावकारिता तथा स्रोत र साधनको न्यायोचित वितरणका

लागि पुनर्निर्माणमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबीच समन्वय गर्ने विषय मुख्य छन् । त्यसैगरी स्थानीय तहमा गरिने सबै तालिम र पुनर्निर्माणबाट सिर्जित सबै रोजगारीमा कम्तीमा एक तिहाइ महिला सहभागिता र महिला–पुरुषमा समान कामको समान ज्याला सुनिश्चित गर्ने प्रावधान पनि पर्छन् ।

## सुरक्षित बस्ती

सरकारले बस्ती असुरक्षित भए तिनको पहिचान गरी सुरक्षित ठाउँमा स्थानान्तरण गर्ने नीति लिएको भए पनि स्थानीय तहमा यसको कार्यान्वयन भएको देखिँदैन । गोरखाको बारपाक गाविसमा मात्रै १ हजार ३८१ घरधुरीमध्ये २७४ घरधुरी असुरक्षित जमिनका कारण विस्थापित भएर सार्वजनिक जग्गामा बसेका छन् । यिनका लागि नयाँ सुरक्षित बस्ती पहिचान हुनु त परै जाओस्, हाल बसेको सार्वजनिक ठाउँबाट पनि विभिन्न बहानामा हट्नुपर्ने भनिएको छ र तीमध्ये धेरै घरधुरी जग्गाविहीन भएकाले अन्त जान पनि सक्दैनन् ।

सरकारले घर बनाउन रकम सहयोग गर्ने भने पनि आफ्नो जग्गामा पहिरो जाने डर छ, अरू जग्गा छैन । घर कहाँ बनाउने भन्ने प्रश्नले उनीहरूलाई ज्यादै पिरोलेको छ । यी परिवार विस्तारै निन्याउरो अनुहार अनि भरिएका आँखाले आफ्नो भत्किएको घर, त्यही घरमाथि झनै लागेको ठूलो ढुंगा हेर्दै त्यसै ठाउँमा फेरि घर ठड्याउने जमर्को गर्दैछन् । यस्तै अवस्था अन्यत्र पनि छ ।

सुरक्षित बस्ती र सार्वजनिक संरचना निर्माणमा सबैभन्दा ठूलो बाधा भनेको उपयुक्त जग्गाको पहिचान र स्वामित्व हस्तान्तरणसम्बन्धी ज्यादै झन्झटिलो र केन्द्रीकृत व्यवस्था हो ।

सानो सार्वजनिक जग्गामा सरकारी कार्यालय बनाउन वा असुरक्षित बस्तीलाई सार्ने निर्णय गर्न पनि स्थानीय निकायबाट जिल्ला हुँदै मन्त्रिपरिषद्सम्म आउनुपर्ने हालको निक्कै लामो र झन्झटिलो व्यवस्थाको सट्टा स्थानीय निकाय, जनप्रतिनिधि र जिल्लाका प्राविधिकको संयुक्त टोलीको सिफारिसमा जिल्लाकै तहमा विपद् व्यवस्थापन समिति र जग्गा सम्बन्धित सरकारी निकायबाटै टुंगाउने व्यवस्था भएमात्रै यो नीतिको कार्यान्वयन सहज हुने देखिन्छ । अन्यथा सुरक्षित बस्ती बसाउने काम त हुन्न नै, गाउँमा सार्वजनिक महत्व र सरकारी सेवा केन्द्रका लागि भौतिक संरचना बनाइदिने प्रतिबद्धता सरकारसँग गरेर प्राविधिकसहित गाउँमा पुगेका दातृ निकाय पनि फिर्ता जाने सम्भावना देखिन्छ ।

## स्थानीय जनशक्तिको निर्माण र रोजगारी

पुनर्निर्माण नीतिले नयाँ बनिने निजी वा सार्वजनिक सबै घर भूकम्प प्रतिरोधी बनाउने कुरा गरेको छ र यसका लागि आवश्यक जनशक्ति स्थानीय तहमै निर्माण गर्ने प्रावधान छ । एक वर्ष पर्खंदा पनि स्थानीय निकायमा प्राविधिक पुग्न नसकेको अवस्थामा जनताले आफ्नो घर आफैंले, जस्तो जानेका छन्, त्यही अनुरूप बनाउन थालेको देखिन्छ ।

गोरखाको बारपाकमा प्रायशः घरहरू यसरी नै ठडिने क्रममा छन् भने सिन्धुपाल्चोकको ठोकर्पा गाविसमा मात्रै करिब ५०–६० घर बनिरहेका छन् । वरिपरिका अन्य गाविसमा पनि कतिले बनाइ नै सके भने कतिले गारो हाल्दैछन् । यसरी प्राविधिक र तालिमप्राप्त जनशक्तिबिना बनाइएका धेरैजसो निजी घरहरू भूकम्प प्रतिरोधात्मकताको परीक्षणमा उत्तीर्ण नहुन सक्छन् । यसले एकातिर 'अझै राम्रो र बलियो बनाऔं'को हाम्रो उद्देश्य पूरा हुँदैन भने अनुदान पनि नआउने हुँदा सरकार र जनताबीच विश्वासमा ठूलो संकट पैदा हुने र द्वन्द्वसमेत आउने सम्भावना देखिन्छ ।

सुरक्षित घर बनाउन स्थानीय तहमै आवश्यक जनशक्ति तयार गर्ने कुरा भएको एक वर्षसम्ममा पनि त्यसअनुरूप काम हुनसकेको छैन । हुन त बारपाकमा नेपाल सरकारका निकायबाहेक ८ अन्तर्राष्ट्रिय, ११ राष्ट्रिय र ८ वटा स्थानीय गैरसरकारी संस्था कार्यरत छन् । यीमध्ये ज्यादै थोरैले मात्रै एउटा, दुईटा डकर्मी तालिम सञ्चालन गरेर २० वा ३० जनाको समूहलाई भूकम्प प्रतिरोधी घर बनाउन सिकाएका छन् । अन्य गाविसमा पनि मुस्किलले १–२ वटा तालिम भएका छन् ।

एक त पहिला नै डकर्मी काम गरिरहेकालाई मात्रै लक्षित गरेर दिइएको यो तालिमबाट उत्पादन हुने जनशक्तिले पुनर्निर्माणको १० प्रतिशत आवश्यकता पनि पूरा गर्नसकेको छैन । अर्को, धेरै घरमा वास्तविक काम गर्ने वा कामदारको रेखदेख गर्ने काममा महिलाको ठूलो संलग्नता छ, तर पुनर्निर्माण नीतिले प्रस्ट भाषामा तालिम लिनेमध्ये कम्तीमा एक तिहाइ महिला हुनुपर्ने भने पनि कसैले पनि आयोजना गरेको तालिममा १० प्रतिशत पनि महिला सहभागी छैनन् । यसका कारण तालिम लिनेले घर नबनाएको र घर बनाउनले तालिम नपाएको स्थिति छ । पुनर्निर्माणमा काम गरेवापत पाउने ज्याला पनि सहयोगी संस्थापिच्छे फरक छ र एक–दुई अन्तर्राष्ट्रिय संस्थाले बाहेक सबैले महिला–पुरुषबीच समान ज्याला सुनिश्चित गरेका छैनन् ।

पुनर्निर्माणका लागि आवश्यक जनशक्ति उत्पादन गर्दा स्थानीय जनतालाई तालिम दिने, सबै तहको तालिम र पुनर्निर्माणबाट सिर्जित सबै रोजगारीमा एक तिहाइ महिला सहभागिता र समान कामको समान ज्याला सुनिश्चित गर्ने नीतिगत प्रावधानबारे कुनै सरकारी, गैरसरकारी, दातृ निकायलाई जानकारीसम्म छैन । पुनर्निर्माण प्राधिकरणले यी निकायसँग केन्द्रमा सम्झौता गर्दा नीतिमा भएका यस्ता प्रावधानलाई विशेष प्रावधानका रूपमा राख्नुपर्छ ।

यस्तै दातृ निकाय वा अन्तर्राष्ट्रिय संस्थाले स्थानीय संस्थासँग साझेदारी गर्दा पनि यो विशेष प्रावधानका लागि विशेष सम्झौता, आवश्यक अभिमुखीकरण र अनुगमन गर्न नितान्त जरुरी छ । यसो नहुँदासम्म पुनर्निर्माणबाट रोजगारी सिर्जना गरेर भूकम्प प्रभावित जनताको आयआर्जन गर्ने र भूकम्प प्रतिरोधी प्रविधि प्रयोग गरी पुनर्निर्माण गर्ने दुवै उद्देश्य अलपत्र पर्न सक्छन् ।

नीति कार्यान्वयनमा विश्लेषण गरिनुपर्ने महत्वपूर्ण पक्ष हो, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको उपस्थिति, समन्वय र उनीहरूको कामको प्रभावकारिता । सरकारले त्यापको नीतिमा पुनर्निर्माण कार्यको न्यायोचितता र प्रभावकारिताका लागि समन्वय र अनुगमनको प्रावधान प्रस्टसँग राखिएको छ । तर यथार्थमा भूकम्प प्रभावित क्षेत्रमा गैरसरकारी संस्थाको उपस्थितिमा समानता देखिँदैन ।

उदाहरणका लागि १,३८१ घरधुरी भएको बारपाकमा ८ अन्तर्राष्ट्रिय, ११ राष्ट्रिय र ८ वटा स्थानीय गैरसरकारी संस्था कार्यरत छन् भने १,२४१ घरधुरी भएको सिन्धुपाल्चोकको ठोकर्पामा एक–दुई अन्तर्राष्ट्रिय र एक–दुई राष्ट्रिय गैससको उपस्थिति छ र त्यो पनि नियमित हैन । कुनै संस्थाले त तरकारीको बिउ बाँड्नेजस्तो एउटा काम गरेर छोडेको देखिन्छ । जीविकोपार्जनको पुनरुत्थानमा सहयोग गर्न भनेर उपस्थिति जनाएका यी संस्थाहरूको प्राथमिकता पनि जनताको प्राथमिकतासँग मेल खाएको देखिँदैन ।

## पानी र महिला पीडा

ठोकर्पामा भूकम्प प्रभावितको सबैभन्दा ठूलो चुनौती पानीको जोहो गर्नु हो । भूकम्पका कारणले पानीका धारा र स्रोत सुकेका छन् । पानीकै कारण खानेपानीको जोहो गर्न महिलाले घन्टौं खर्चनुपर्ने भएको छ भने कृषि, पशुपालन, सरसफाइ, स्वास्थ्य सबै प्रभावित छन् । यहाँ जीविकोपार्जनको पुनरुत्थान गर्ने हो भने पानी उपलब्ध गराउन सहयोग गर्नुपर्ने हो, तर यसमा कसैले चासो दिएका छैनन् । हुन त खोलाको पानी गाउँमा पुऱ्याउन ठूलो धनराशि खर्च हुन्छ, तर त्यही कारण त पुनर्निर्माणमा वैदेशिक सहयोग खाँचो परेको हो नि ।

तरकारीको बिउ, प्लास्टिकको बाल्टी र २ बाखा बाँड्न त विदेशी संस्थाको उपस्थिति नै किन चाहियो र ?

## सहयोगको सुपरिचालन

गैरसरकारी क्षेत्रबाट भएको सहयोग असमानता र प्राथमिकतामा फरक पर्नुमा गाउँमा जाने सहयोगीको भन्दा पनि जिल्लामा यस्ता सहयोगीलाई समन्वय गर्ने पक्षको कमजारी देखिन्छ । निर्वाचित स्थानीय निकायको अभाव अनि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र जिल्लामा हुनुपर्ने समन्वय, सहजीकरण र अनुगमन प्रभावकारी नहुँदा वैदेशिक सहायताको नाममा आएको धनराशिले राम्रो, दिगो, बलियो पुनर्निर्माण अनि जनताको जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने काममा ज्यादै कम योगदान पुऱ्याउने देखिएको छ ।

अनौपचारिक अवलोकनमा गएका बेला सिन्धुपाल्चोककै धेरै नागरिकले हामीसँग प्रश्न गरेका छन्, 'सिन्धुपाल्चोकमा पुनर्निर्माणका लागि दातृनिकाय र अन्य सहयोगीबाट अर्बौं खर्च भइसक्यो रे, त्यो खर्च भएको रकम दामासाहीले बाँडेको भए मात्रै पनि एक घरधुरीलाई झन्डै ६ लाख रुपियाँ पर्छ रे, हामीले त तरकारीको बिउको पाकेट र प्लास्टिकको बाल्टी अनि एउटा जगमात्रै पायौं, खर्च केमा भएछ ?'

यो खर्च अनुमान मात्रै हो कि साँचो हो, खोजीको विषय होला, तर भूकम्प पीडितको यो प्रश्नले सहयोगको पारदर्शिता र स्थानीय तहमा जनताप्रतिको जवाफदेहिताको अवस्था भने दर्शाएको छ ।

नीति राम्रो बनाउँदैमा सरकारको जनताप्रति जिम्मेवारी र जवाफदेहिता पुरा हुँदैन । नीति कार्यान्वयन भए–नभएको विश्लेषण, अनुगमन गर्दै बाधा–अड्चन फुकाउने काम पनि गर्नुपर्छ र यो काममा जिल्ला, केन्द्र सरकारका साथै जनप्रतिनिधि पनि सक्रिय हुन जरुरी छ । त्यस्तै वैदेशिक र सामाजिक सेवाका नाममा भूकम्प प्रभावित स्थानमा उपस्थिति जनाउने दातृनिकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाले आफूसँग जे छ, त्यही सहयोग गर्नेभन्दा पनि जनताको वास्तविक आवश्यकता सम्बोधन र सरकारले बनाएको नीति कार्यान्वयनका लागि आफ्ना साझेदार संस्थाहरूलाई अभिमुखीकरण, क्षमता अभिवृद्धि र अनुगमन गर्न जोड दिनुपर्छ । अनि मात्रै साँचो अर्थमा पुनर्निर्माणको काममा भूकम्प प्रभावित जनताप्रति जवाफदेही बन्न सकिन्छ । ●

*(साभार : कान्तिपुर)*

*लेखिका राष्ट्रिय योजना आयोगकी पूर्व सदस्य तथा नेपालकी आजीवन सदस्य हुनुहुन्छ ।*

# नेपालमा प्राकृतिक विपत्तिका कारण तथा व्यवस्थापनका उपायहरू



गम्भीरबहादुर हाडा

> प्राकृतिक कारणबाट हुने भनिएका भुइँचालो, हुरीबतास, असिना, अनावृष्टि तथा खडेरी, बाढी, पहिरो, ज्वालामुखी विस्फोटजस्ता प्रकोप उत्पन्न हुनुमा पनि मानिसको भूमिका बढ्दै आएको छ ।

सामान्यतया प्राकृतिक, भौतिक, मानवीय र अन्य आकस्मिक कारणहरूबाट आकस्मिक रुपमा आइपर्ने संकटको अवस्था र सो घटनाबाट उत्पन्न हुने धन, जन लगायत विभिन्न प्राकृतिक सम्पदाहरूको क्षतिलाई दैवीप्रकोप भनिन्छ । अर्थात् दैवीप्रकोपले त्यस्तो घटनालाई जनाउँदछ जुन घटना व्यक्ति, समाज र राष्ट्रकै काबुबाहिरको परिस्थितिमा घट्ने गर्दछ । यसको परिणामस्वरुप मानिसको मृत्यु हुन्छ, विकास निर्माणका पूर्वाधार तथा संरचनाहरू ध्वस्त हुन्छन्, धन सम्पत्तिको ठूलो नाश हुन्छ, जैविक र प्राकृतिक सम्पदाको नास हुन्छ, उत्पादनमा ह्रास आउँदछ । यसबाट व्यक्ति, परिवार र समाजको मात्रै नभई सिंगो राष्ट्रकै आर्थिक र सामाजिक अवस्थामा ठूलो नोक्सान पर्दछ । यसबाहेक व्यक्तिलाई शारीरिक पीडा एवम् कष्ट भई मनोवैज्ञानिक तवरले समेत प्रतिकूल प्रभाव पर्दछ ।

दैवीप्रकोपलाई संवेदनशीलता र जोखिम गरी दुवै अवस्थाको रुपमा पनि लिइन्छ । साथै दैवीप्रकोप अथवा विपत्तिलाई परम्परागत र नयाँ चुनौतीका रुपमा पनि लिने गरिन्छ । समुद्री आँधी, भूकम्प, ज्वालामुखी फुट्नु, बाढी पैह्रो, भू-क्षय, अनिकाल पर्नु, डढेलो लाग्नु, खडेरी पर्नु, हिमपात, हिमपैरो, शीतलहर आदिलाई विपत्तिको परम्परागत चुनौतीको रुपमा लिइन्छ भने विपत्तिको नयाँ चुनौतीमा दोश्रो विश्वयुद्धपछि उत्पन्न भएका सामाजिक विप्लवहरू जस्तै आतंक, अपहरण, युद्ध, युद्ध सामग्रीको प्रयोग, नागरिक असन्तुष्टि, विष्फोटक भण्डारको विष्फोटन, अणुशक्ति विष्फोटन आदिलाई लिइन्छ । विपद् व्यवस्थापनलाई दैवीप्रकोपको नामबाट नभई प्राकृतिक प्रकोपको नामबाट संबोधन हुनुपर्दछ भन्ने चर्चा पनि यदाकदा सुन्ने गरिन्छ । यस्तो प्रकोप देवी देवताको कारणबाट नभई प्रकृति र मानवको कारणबाट नै हुने गर्दछ । यथार्थमा विपत्ति अथवा प्राकृतिक प्रकोपलाई मानिस र वैज्ञानिक समुन्नतिका लागि एउटा गम्भीर चुनौतीको रुपमा लिइन्छ । यो कसैको लागि पनि फाइदामूलक हुँदैन । तसर्थ यस विषयमा एक जना विद्वानले भनेका छन् -"In fact, disaster is an undesirable situation or event that makes the damage of lives, properties and disturbance in normal pattern of lives." अर्थात् वास्तवमा प्राकृतिक

प्रकोप मानिसले नचाहँदा नचाहँदै सिर्जना हुने त्यस्तो स्थिति अथवा घटना हो जसले जीवित प्राणीहरू, धन सम्पत्तिको नोक्सान गरी एउटा सामान्य जीवनचर्यालाई नकारात्मक रुपमा असर गर्दछ।

प्रकोपबाट धन, जन र भौगोलिक सुन्दरताको नराम्रोसँग क्षति हुन्छ। मान्छेको मृत्युले मात्र नपुगेर जीवित मानिसलाई मानसिक एवम् शारीरिकरुपमा पक्षघात समेत गर्दछ। विकासको गतिलाई पछाडि धकेल्छ। प्रकोपबाट पीडित मानिसको पीडा कम गर्न पुनर्स्थापना गर्न भत्किएको संरचनाको पुनर्निर्माण गर्न तथा उजाडिएको प्राकृतिक सुन्दरता फर्काउन राज्यले ठूलो धनराशि, समय र परिश्रम खर्च गर्नुपर्दछ। प्राकृतिक विपत्तिका घटना हुन नदिने घटनाबाट प्रभावितलाई उद्धार गर्ने, आहतलाई राहत दिने र पुनर्स्थापन तथा पुनर्निर्माण गर्ने सन्दर्भमा नीति निर्माण गर्ने, प्रशासकीय निर्णय लिने र सो को कार्यान्वयन गर्ने तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सहयोग परिचालन गर्ने कार्यलाई प्रकोप व्यवस्थापन भनिन्छ। दैवीप्रकोप व्यवस्थापन गर्ने कार्य प्रकोप उत्पन्न भएपछि मात्र गरिने होइन। यो निरन्तररुपमा चलिरहने प्रक्रिया हो। तसर्थ यसको व्यवस्थापनको लागि रोकथामका विभिन्न किसिमका उपायहरू अवलम्बन गरिन्छ। जस्तैः वन व्यवस्थापन, भू-संरक्षण, हरित गृह ग्यास नियन्त्रण, जलाधार व्यवस्थापन, उपयुक्त प्रविधिको खोजी, पूर्वसावधानी, पूर्वजानकारी प्राप्त गर्ने संयन्त्रको विकास आदि।

## प्रकोपका कारण र असरहरू

नेपालमा करिब ७५ प्रतिशत बाढी तथा पहिरोहरू प्राकृतिक कारणबाट हुने गर्दछन् (लावन, १९७९)। बाढी पहिरोको दर उच्च हुनुमा उच्च पहाडमा कमलो माटो हुनु र नदीको गहिरो कटान हुनु नै प्रमुख छन्। पहिरो जाँदा ढिस्का नै बगेर जाने गर्दछ। ठूला ठूला ढुंगाहरू हल्लिनु, खस्नु र बढी पहिरो जानु तथा नदी किनारा खिइएर जानु र गल्छी बन्नु नै ढिस्का वग्नु (मास वाष्टिंग) को मुख्य कारण देखिन्छन्। यसको उदाहरणमा उपल्लो आँखु खोलालाई लिन सकिन्छ। यसमा पनि मानवीय क्रियाकलापले यो प्रक्रिया बढ्न थप बल पुऱ्याएको छ। करिब ६०० वर्ष अगाडि, माछापुच्छ्रे हिमालको उत्तरतर्फ रहेको १० वर्ग किलोमिटर क्षेत्रफलको ताल फुट्यो र ढुंगा माटो भएको विशाल ढिस्को ल्याएर सेती नदीले बनाएको गल्छी पुरियो। पछि विस्तारै विस्तारै पानी रसाएर त्यो ढिस्को फुट्यो। अनि थामी नसक्नु बाढी आएर करिब ५.५ घन किलोमिटर भन्दा बढी पदार्थहरू सहित पोखरा उपत्यकामा जम्मा भयो। यस्ता विभिन्न प्रकारका घटनाहरू नेपालमा घटिरहेका छन् र भौगर्भिक कमलोपनाले गर्दा भविष्यमा पनि घट्न सक्नेछन्। देशको सबै भागलाई मेन र सेन्ट्रल बाउन्ड्रि थ्रष्टले पार गरेकोले यहाँ समय-समयमा भूकम्पको धक्का महसुस गरिन्छ। भिरालो जमिनको अस्थिरताले गर्दा धेरैजसो भूस्खलन मनसुनी वर्षाको कारणबाट हुने गर्दछ। प्राकृतिक एवं मानवजनित प्रकोपहरूले मुलुकको पूर्वाधार संरचनामा प्रत्यक्ष असर पारेका छन्। भारी वर्षाको कारण सडक बिग्रने क्रम पनि बढेकोले बाढीले बिगारेको सडक मर्मत सम्भार गर्न करोडौं रुपैयाँ लाग्ने गरेको छ। विशेष गरी पहाडी सडकहरू यस कारणबाट नराम्रोसँग क्षतिग्रस्त हुने गर्दछन्।

हरेक महामारी र प्रकोपजस्ता विपदले महिलालाई नै बढी प्रभाव पार्ने गरेको देखिन्छ। भूकम्प जाँदा पनि घर र भवनमा च्यापिने महिलाहरू नै बढी हुन्छन। सामाजिक र पारिवारिक जिम्वेवारीका कारण पनि उनीहरू पुरुषजस्तै सहजै भूकम्प गएको बेला आफ्नो रक्षा भन्दापनि जिम्मेवारितर्फ बढी सचेत देखिन्छन। यसले गर्दा उनीहरू बढी जोखिममा पर्ने खतरा देखिन्छ।

मानवोत्पन्न एवं प्राकृतिक प्रकोपले जमिनको उपभोग प्रणालीमा पनि प्रभाव पारेको छ। सीमान्त भूमिमा मौसम अनुसार गरिने खेतीले पनि बाढीको प्रकोप बढाएको छ। वि.सं. २०५३ सालमा नेपालले भयानक बाढीको सामना गर्नुपऱ्यो। समग्रमा उच्च पहाडी भागमा वन विनाश, भिरालो जमिनमा गरिने खेती तथा नदीले छाडेको जमिनमा हुने बसोवास जस्ता प्रक्रियाबाट भू-उपयोगमा परिवर्तन आएको देखिन्छ। भौगर्भिक कमलोपना, भिरालो जमीनमा खेती गर्ने अवस्था, बढ्दो चरिचरन, र भू-संरक्षण सम्बन्धमा अपर्याप्त व्यवस्था आदिले बाढी तथा पहिरोजस्ता प्राकृतिक प्रकोपहरू देखिएका छन्। मानवीय क्रियाकलापबाट उत्पन्न प्रकोप र घरिघरि आउने प्राकृतिक प्रकोप (पहिरो, डेब्रिसफ्लो, भिरालोपना, र बढ्दो थेग्रिनेक्रम आदि) ले पनि भू-क्षय बढाएको हुनाले ग्रामीण जनताहरू मैसमी बाली लगाई उत्पादन बढाउने कार्यमा समेत संलग्न भएका छन्। यसको संयोजित असरबाट कृषिको उत्पादकत्वमा ह्रास, उपत्यका एवं तराई क्षेत्रमा थेग्राहरू (सेडिमेन्ट) को समस्या तथा पूर्वाधारहरूका संरचनामा प्रतिकूल असर परेको छ। यी समस्या निराकरण गर्नको लागि भूमिको वर्गिकरण तथा वन विकास कार्यक्रम सञ्चालन गर्नु आवश्यक भएको छ।

प्राकृतिक कारणबाट हुने भनिएका भुइँचालो, हुरीबतास, असिना, अनावृष्टि तथा खडेरी, बाढी, पहिरो, ज्वालामुखी विस्फोटजस्ता प्रकोप उत्पन्न हुनुमा पनि मानिसको भूमिका बढ्दै आएको छ।

भूगर्भमा रहेका पेट्रोलियम पदार्थ, ढुङ्गामाटो, चुनढुङ्गा, मार्बल, सुन, फलाम, कोइलाजस्ता खनिजवस्तु निकाल्ने क्रम तीव्र हुँदा जमिन धस्सिएर भुइँचालो जाने वा ज्वालामुखी विस्फोटनको जोखिमलाई बढाउँछ । विश्वका धेरै भागमा अनियन्त्रितरूपमा भूमिगत पानी निकालेर जमिन भास्सिएका थुप्रै घटना पाइन्छन् । वनफडानी, अवैज्ञानिक भूउपयोगका कारण भूक्षय तथा पहिरोले मलजल प्राप्त गर्दछ । वायु प्रदूषणका कारण जलवायु परिवर्तन भएर अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि हुने, बाढीपहिरो, सुख्खा खडेरी र मरुभूमीकरणका प्रक्रिया प्रोत्साहित हुने क्रम तीव्र भइरहेको छ । असिना, हिमपात, चटयाङ हिमताल विस्फोटजस्ता घटनामा समेत वायु प्रदूषणका कारण मौसम परिवर्तनमा आउने विग्रहको प्रभाव रहेको हुन्छ । पारिस्थितिकीय प्रणालीको सन्तुलन र दिगोपनमा नै वातावरणको गुणस्तर र प्रकोपको अवस्था आधारित रहेको हुन्छ । पृथ्वी स्वयम् पनि एउटा प्रणाली नै हो, जसलाई पर्यावरणविद्हरू बृहत् पारिस्थितिकीय प्रणालीको रूपमा परिभाषित गर्छन् । प्राकृतिक पारिस्थितिकीय प्रणालीले स्वस्फूर्तरूपमा समस्त मानव समुदायलाई सहयोग पुग्ने सेवाहरू प्रदान गरिरहेको हुन्छ । घरबाट निस्किएको फोहोर पानी प्राकृतिक प्रणालीअन्तर्गतको माटोको तहबाट छानिई फेरि पिउनलायक बन्दछ । औद्योगिक प्रतिष्ठानबाट निस्किएका धूवाँ वा धूलो रुखका पातले ग्रहण गरी हाम्रो प्राणवायु शुद्ध गरिदिन्छ ।

नेपालको सम्पूर्ण भू-भागको करिब १७ प्रतिशत मात्र तराईको समथर भूमि रहेको छ । नदीले बगाएर ल्याएको उर्वर पाँगो माटो थुप्रने भएकाले यो समतल भूमि नै राष्ट्रको अन्नभण्डार पनि हो । पहाडको सानो खोंच र धेरै भिरालो क्षेत्रमा नदीको गति तीव्र मात्र हुँदैन, थिग्रेनीलाई बगाउने क्षमता पनि अधिक हुन्छ । खुल्ला समतल क्षेत्रमा निस्कने बित्तिकै बृहत्‌रूपमा फैलिन पाएपछि नदीको वेग एकाएक कम हुने हुँदा गेग्रान, बालुवा, माटो बोक्ने नदीको क्षमता समेत एकाएक कम हुन्छ । यसरी भिरालो पर्वतीय क्षेत्रमा वर्षाको पानीका कारण भूक्षय भएको माटो समुद्रतर्फ बग्नेक्रममा नदीले ल्याएर थुपार्ने पहिलो र बृहत्‌क्षेत्र समतल मैदान नै हो । तसर्थ, तराईमा आइपुगेपछि नदीले भारी बिसाउन सुरु गर्छ र बलौटे बगर बनाउँछ । त्यसपछि, नदी धेरै चौडा भएर नागबेली बन्दै बग्न सुरु गर्दछ र फेरि केही तल पुगेपछि बिस्तारै साँघुरिन थाल्दछ । यसै कारणले गर्दा पूर्व-पश्चिम महेन्द्र राजमार्गभन्दा उत्तरतर्फ बग्दा नदीहरू चौडा हुन्छन् भने नेपाल-भारत सीमाक्षेत्रमा पुग्दा नदीको चौडाइ साँघुरिनुको साथै नदीको बहाव सतह भावरक्षेत्रभन्दा गहिरिएको पाइन्छ । नदीकिनार क्षेत्र उब्जाउ हुने कारणले परापूर्वकालदेखि नै सभ्यता र आकर्षणका केन्द्र रहँदै आएका छन् । तर, नदीकिनारमा जति धेरै मानवीय आकर्षण छ, बाढीको जोखिम पनि त्यत्तिकै छ । तर, जनसङ्ख्याको वृद्धि हुँदै जाँदा प्राकृतिक स्रोतसाधनको आपूर्तिभन्दा उपयोग ज्यादा हुन थाल्यो । उब्जाउभूमिको खोजीमा वनजङ्गल र नदी बहावमार्गमा चाप बढ्दै गयो । यस्ता क्रियाकलापबाट प्राकृतिक सन्तुलन पनि बिग्रँदै जान्छ । वातावरणीय असन्तुलनका कारण बाढीपहिरो, खडेरी, मरुभूमीकरण, अतिवृष्टि, भूक्षयलगायतका प्रभावबाट नदीमा विनाशकारी बाढी आउन थाल्दछ ।

### नेपालमा महाभूकम्प

भूकम्प जस्तो प्राकृतिक विपद् कतिबेला आँउछ थाहा नहुने र त्यसबाट हुने क्षति कम गर्ने पूर्वतयारी जतिधेरै गरेपनि पर्याप्त नहुने रहेछ । २०७२ सालको वैशाखमा अनपेक्षित रुपले जसरी भूकम्प आयो त्यसले महाविनाशको ताण्डव ल्यायो, बाढी, भूकम्प, भूक्षय, आगलागी जस्ता विपदहरूले नेपाललाई ज्यादै पीडा पुग्नेगरी घोचेका छन् । यी विपद हरेक वर्ष कुनै न कुनै रुपमा देखा पर्दछन् धनजनको ठूलो क्षति गर्दछन् र हसिला नेपालीको मुहार कालो बनाएर जान्छन् । भूकम्पले हजारौं मानिसको ज्यान लियो, हजारौं घाइते बनायो, लाखौंको घर ध्वस्त पार्‍यो । अबौंको सम्पत्ति नष्ट गर्‍यो यो विनाशलीलासँगै संघर्ष गर्दै जनजीवन सामान्य बनाउने र भासिएका, भत्किएका, र काम नलाग्ने भौतिक संरचना पुनर्निर्माण गर्दै ठीक दुरुस्त आकारमा कसरी ल्याउने भन्ने चिन्ता सबैमा छ । महाविपदको कठिन घडीमा धेरैले संस्थागत र व्याक्तिगत रुपमा समेत सहयोगको लागि आफ्नो थैली खेले । मानवीय संवेदनशीलताले उद्देलित भएकाहरूको न्यायो मायाँ र सक्रिय सहभागिताको खाँचो रहेको छ । अहिले जुन खाँचो पूरा गर्न विभिन्न पेशा, वर्ग, संघसंस्था तथा निकायहरूले पिडितहरूको उद्धार र राहतका लागि आ आफ्नो ठाँउबाट सक्दो सहयोग गरिरहेका छन् । हाल राम्रोसंग राहत र सहयोग उपलब्ध गराउन नसकेको आलोचना सरकारले खेपिरहेको छ । आलोचना हुनु अति जायज हो । सरकारले भनेजति सहयोग उपलब्ध गराउन नसकेको विषय पनि साँचो हो । सरकारको विद्यमान साधन स्रोतले खामे भन्दापनि अत्यधिक मात्रामा विनाश भएकोले सरकारलाई तत्काल राहत उपलब्ध गराउन कठिन भएको हो । यहाँनेर राहत मात्रै होइन उद्धार कार्यमा समेत ढिलाइ भएको हो । चार जनाको सानो परिवार बस्ने ठाउँमा एकाएक हजारजनाको हुल आएर भोजन र आश्रय मागे जस्तो स्थिति देखा परेको छ । तत्काल विपद आइपर्दा एउटा न्यूनतम संख्याको अनुमान गरी पूर्व तयारी राहतको जोहो

गरिएको हुन्छ । तर एकैपटक एकैदिनमा लाखौं व्याक्ति भूकम्प पिडीत हुनपुग्दा सरकारले चाहँदा चाहँदैमा पनि आवश्यक वस्तुको आपूर्ति गर्न सक्दो रहेनछ । विकसित देशको हकमा उही देशभित्र उत्पादनकर्ता हुन्छन् र तत्कालै थप उत्पादन गर्न सक्दछन् । र, तत्काल राहत दिन सक्छन् हामी कुनै पनि अर्थमा आत्मनिर्भर छैनौं, परनिर्भर छौं पैसा भएपनि बजारमा राहत सामग्री नपाउने स्थिति बनेको छ । तत्काल राहतका क्रममा उपलब्ध गराइका त्रिपाल र त्यसभित्र वस्नेहरू मध्ये कतिपयको त्यहाभित्र वस्ने बानीपर्न थाल्छ । फलस्वरुप उत्तसंख्या सुकुम्वासीको रुपमा परिणत हुन सक्ने स्थिति बन्दछ । हाइटीको भूकम्पले यही शिक्षा दिएको छ । त्यसैले पनि त्यस्ता व्यक्तिहरू जहाँ जहाँका हुन ततत ठाँउमा भूकम्प प्रतिरोधी घरहरू निर्माण गरेर व्यवस्थित वसोवास गराउनु पर्दछ ।

### न्यूनीकरणका प्रयासहरू

प्रकोपका विभिन्न रुप हुने कुरा हामीले थाहा पायौं । तर पनि यहाँ हामीले भूकम्पका प्रभावहरू कसरी न्यूनीकरण गर्ने भन्ने कुरामा विशेष केन्द्रित गर्नेछौं ।प्रकोपबाट बाँचेको र घाइते भएकाहरूको जीवनरक्षामा पुर्याउने अहम दायित्व भनेको नेपाल सरकारको हो । खुला आकाशमुनि दिन बिताइराखेका त्रसित पीडितमध्ये अधिकांसले एक थान त्रिपालसम्म भए पनि प्राप्त गरिसकेका छन् । प्रभाव क्षेत्रमा अब खाद्यान्न र थोत्रो कपडाको सहयोग होइन, मुख लुकाउने आश्रयस्थल चाहिएको छ । पुनर्निमाण प्रारम्भ हुनुपूर्व सरकारले केही महत्वपूर्ण विषयमा निर्णय लिनुपर्दछ । अहिलेसम्म प्रभावित क्षेत्रभर कति संख्यामा घर भत्किए ? कति घर बस्न नहुने अवस्थामा छन् ? यसको यकिन तथ्यांक सरकारले प्राप्त गरिसकेको छैन । प्राविधिक जनशक्तिसहितको निरीक्षण टोली प्रभावित जिल्लामा खटाईसकिएको छ, तर देशमा उपलब्ध न्यून संख्यांका इन्जिनीयरबाट यो विवरण तयार पार्ने काम लामो समय लाग्न सक्दछ । यस्तो विवरण तयार नभए सम्म सरकार पुनर्निर्माणमा जुटन सक्तैन । त्यसैले अन्तर्राष्ट्रिय क्षेत्रबाट र विदेशमा रहेका नेपाली इन्जिनीयरहरूलाई समेत सहयोगको लागि शीघ्र आह्वान गर्नु पर्दछ । भत्किएका घरपरिवारको संख्या निश्चित गरी आएसम्मको अवधिमा सरकारले कस्तो प्रकारको भवनसंहिता जरुरी हुने हो ? त्यसका लागि आवश्यक रकम कति हुन आउँछ ? त्यसको गृहकार्य गर्नुपर्दछ । अन्तर्राष्ट्रिय क्षेत्र र संघसस्थाहरू सरकारभन्दा पहिले पुनर्निमाणको प्याकेजसहित कुनै निश्चित स्थानमा आफ्खुसी पुग्न सक्तछन् । व्यापारिक घराना, गैरसरकारी संस्थाहरूले यस्तो प्रतिबद्धता प्रकट गर्न थालिसकेका छन् ।

प्रकोपबाट उत्पन्न हुन सक्ने समस्याहरूबाट सर्वसाधारणलाई जोगाउन रेडियो नेपाल, एफ.एम.रेडियो स्टेशनहरू, टेलिभिजन, अखवार तथा पत्रपत्रिका, अन्तक्रिया कार्यक्रम, गोष्ठी, सेमिनार आदिवाट प्रचार प्रसार गर्ने । आकस्मिक प्रकोपका बेला पिडीत पक्षलाई सुरक्षा प्रदान गर्न तथा उनीहरूबाट उद्दार गर्नको लागि उपयुक्त प्रविधिहरू प्रयोग गर्ने र तत्सम्वन्धमा सम्बन्धित कर्मचारीहरु र सोही सेवकहरूलाई प्रशिक्षित गर्ने र गराउने, प्राकृतिक प्रकोप व्यवस्थापनका कार्यमा सरकारी र अर्धसरकारी निकायहरूका साथै गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्था, धार्मिक संस्था तथा नागरिक समाजलाई उत्प्रेरित गर्ने ।

विपद व्यवस्थापनको क्षेत्रमा काम गरिरहेको अक्सफाम नेपालक ाअनुसार नेपाल विश्वका २ सय मुलुकमध्ये भूइचालोको हिसावले एघारौं जोखिम स्थानमा पर्दछ भने जलउत्पनन प्रकोपको हिसावले तीसौं स्थानमा पर्दछ । त्यस्तै जलवायु परिवर्तनका कारण उत्पन्न हुने प्रकोपका आधारमा नेपाल विश्वमै छैठौं स्थानमा पर्दछ । अझ नेपालमा सवैभन्दा बढी महामारीबाट मृत्यु हुने गरेको पाइन्छ । महामारीले हरेकवर्ष सालाखाला ५सय ६५ जनाको ज्यान लिने गरेको छ । यसलाई आधार मान्दा हामी बर्सेनी ३ अर्ब रुपैयाँ भन्दा बढी आर्थिक नोक्सानी व्यहोरी रहेका छौ । प्रकोपको क्षेति न्यूनीकरण र बच्ने उपायका विषयमा, आजैदेखि बहस अर्न्तक्रिया र सचेतना कार्यक्रम गर्नसकेको खण्डमा अबौं रुपैयाँ जोगाउन मात्र सक्दैनौ अकालमा हुने मृत्यूलाई रोक्न सकिन्छ । प्राकृतिक प्रकोप व्यवस्थापन सम्बन्धी पाठयक्रम बनाएर विद्यालय, विश्वविद्यालयमा पठन पाठन गरिनुका साथै विभिन्न प्रकारका प्रकोप व्यवस्थापनसंग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरी प्रकोप व्यवस्थापनमा सचेतना जगाउनु आवश्यक भै सकेको महसुस गर्न थालिएको छ । प्राकृतिक प्रकोपका बारेमा जनतालाई सेवापुरयाउने उद्देश्यले नेपालमा पनि सन २००२ मा नेपाल प्रकोप व्यवस्थापन केन्द्रको स्थापना भयो । त्यसपछि नेपाल इन्जिनीयरिङ्ग अध्ययन संस्थानले अनुसन्धान केन्द्रको रुपमा प्रकोप अध्ययन केनद्रको सन २००३ मा स्थापना गरयो । यसकै सहयोगमा त्रिभूवन विश्वविद्यालय , नेपाल इन्जिनीयरिङ्ग संस्थान अन्त्रगत पुल्चोक इन्जिनीयरिङ्ग कलेजमा सन २०११ देखि प्राकृतिक विपद जोखिम व्यवस्थापन विषयमा स्नातककोत्तर तहको अध्ययन अध्यापन भै रहेको छ

### सुझावहरू

- दीर्घकालीन नीति तथा योजनाको तर्जुमा गर्नुपर्ने,
- राष्ट्रिय योजना आयोगले प्रा थमिकताको आधारमा योजनामा समावेश गर्नुपर्ने,

- रोकथामका उपायहरू अवलम्बन गर्नेतर्फ समयमै सोच्नुपर्ने,
- समिति प्रणालीको स्थानमा स्थायी संगठनात्मक उद्धार संयन्त्रको स्थापना हुनुपर्ने,
- स्थायी उद्धार कोषको व्यवस्था हुनुपर्ने,
- सूचना प्रणालीलाई प्रभावकारी गराउनु पर्ने,
- एकद्वार प्रणालीमार्फत् सबै प्रकारका उद्धार कार्य संचालन गरिनुपर्ने,
- प्रकोपको पूर्व जानकारी प्राप्त हुन सक्ने प्रविधिको विकास गर्ने,
- उद्धार कार्यलाई प्रभावकारी गराइनुपर्ने,
- पुनर्स्थापना र पुनर्संरचनातर्फ विशेष ध्यान दिनुपर्ने,
- जनसहभागिता र जनचेतनाको अभिवृद्धि गरिनुपर्ने,
- केन्द्रीय दैवीप्रकोप उद्धार समिति र विभिन्न केन्द्रीय निकायहरू, जिल्ला दैवीप्रकोप उद्दार समिति र विभिन्न जिल्ला स्तरीय निकायहरू तथा केन्द्रीय र जिल्ला दैवीप्रकोप उद्दार समितिबीच बढी भन्दा बढी सम्पर्क र समन्वय कायम गराउने ।
- स्थानीय निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरू,
- सामुदायिक संघ-संस्थाहरू,
- निजी क्षेत्र तथा नागरिक समाज समेतको संलग्नतामा राहत तथा उद्दारसम्बन्धी कार्यहरू सञ्चालन गर्ने ।
- बाढी, पहिरो, भूकम्प लगायतका प्राकृतिक प्रकोपको व्यवस्थापनमा जनसहभागिता अभिबृद्धि गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

**सन्दर्भसूचीः**


- नेपाल सरकार, अर्थ मन्त्रालय, **आर्थिक सर्वेक्षण (२०७१/२०७२),** २०७२ असार, काठमाडौं ।
- नेपाल सरकार, अर्थ मन्त्रालय, **आर्थिक वर्ष २०७२/७३ को बजेट वक्तव्य,** असार २०७३ ।
- नेपाल सरकार, **तेह्रौं योजना (२०७०/२०७१ - २०७२/२०७३),** राष्ट्रिय योजना आयोग, काठमाडौं नेपाल । २०७१ असार ।
- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, **नेपाल जनसंख्या प्रतिवेदन २०६८,** रामशाहपथ, काठमाडौं, नेपाल, २०६९ असार ।
- नारेक नेपाल, **नेपालको विकास–दृष्टिकोण र प्रयासहरू,** राष्ट्रिय आर्थिक तथा विकास अनुसन्धान परिषद्, वैशाख २०६१ ।
- नेपाल नगरपालिका संघ, सहरको आवाज **Voice of the city**, काठमाडौं, नेपाल ।
- भोजराज ओझा, **समकालीन विकास अर्थशास्त्र एवं नेपालको अर्थव्यवस्था (Contemporary Development Economics and Nepalese)**, तलेजु प्रकाशन, काठमाडौं, पहिलो संस्करण २०५९ ।
- सुरेश अधिकारी, **राष्ट्रिय नीति, नीतिगत व्यवस्था कार्यान्वयनः समस्या र सुझावहरू,** MIS, प्रथम पटक प्रकाशन, २०६१ पुस १ ।
- Government of Nepal, **Nepal in figures 2006**, NPC Secretariat Central Bureau of Statistics, Ramshahapath, Kathmandu.
- डा. गोपाल शर्मा, **वातावरणीय कानुनको परिचय,** पैरवी प्रकाशन । रामशाह पथ काठमाडौं संस्करण जेष्ठ २०५९ ।
- भट्टराई चिरन्जीवी, **वातावरण संरक्षण साझा सरोकार, नेपाल सरकार वातावरण,** विज्ञान तथा प्रविधि मन्त्रालय, वातावरणीय सचेतना तथा कानुनी जनसरोकार बुटवल रुपन्देही २०६४ ।
- गुरुङ जुद्ध बहादुर, **हाम्रो पृथ्वी र वातावरण,** प्रकाशक, विष्णु कुमारी गुरुङ, चित्रे पर्वत, प्रथम संस्करण २०५९ ।
- नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय, **काठमाडौं उपत्यकाको दीर्घकालीन विकास अवधारणा,** काठमाडौं उपत्यका नगर विकास समिति, २०५९ ।
- नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय, **शहरी विकास विश्व वसोवास दिवस विषेशांक अंक १९,** वर्ष ११, असोज २०६८, सहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं, असार १६, २०६८ ।
- न्यौपाने इश्वरीप्रसाद, शर्मा रुकमा, **वातावरणीय शिक्षा,** तलेजु प्रकाशन, काठमाडौं, ०६५ ।
- तिमिल्सिना तत्व, **हरितगृह प्रभाव विवाद र वास्तविकता,** युवा वातावरण समूह नेपाल, काठमाडौं । प्रथम संस्करण भदौ, २०५० ।
- डा.आर.के.शाह, **जनसंख्या तथा गुणस्तरीय जीवन, (Population and quality of life),** एकता बुक्स,

डिस्ट्रिव्यूटर्स प्रा.लि., प्रथम संस्करण २०५९ ।

- डा.केदार बस्नेत, **आवासीय क्षेत्र विस्तार सम्बन्धी निर्णय प्रक्रियाहरू,** नगर विकास समाचार, वर्ष ६, अंक १, २०५२ चैत्र, नगर विकास प्रशिक्षण केन्द्र, पोखरा ।
- पोखरेल, विमल, **सहरमुखी ग्रामीण विकास**, विद्यार्थी, प्रकाशन, काठमाडौं प्रथम सस्करण २०६२ ।
- ढकाल, सोमनाथ, **वातावरणीय शिक्षा तथा सामुदायिक स्वास्थ्य,** प्रथम संस्करण, २०६०, रत्न पुस्तक भण्डार, काठमाडौं ।
- ढकाल, जनार्दन, बोगटी, रामजी, पौडेल, गोपीचन्द्र, विष्ट, सम्फना, **वातावरण शिक्षा, वन जीव तथा वातावरण,** नेपाल, प्रथम संस्करण २०६१ ।
- गौतम, टीकाराम, **आर्थिक विकासको समाजशास्त्र,** विद्यार्थी प्रकाशन, काठमाडौं, २०६३ ।
- अर्याल, भोजेन्द्र, **गामीण विकासको समाजशास्त्र,** दीक्षान्त प्रकाशन, काठमाडौं, २०६६ ।
- सापकोटा, केशवराज, **दिगो ग्रामीण विकास,** देउराली प्रकाशन, काठमाडौं, २०६८ ।
- प्रा. डा. दाहाल, रामकुमार, **सरकार संस्था र स्थानीय शासन,** दीक्षान्त प्रकाशन काठमाडौं, प्रथम संस्करण, २००८ ।
- शर्मा, भूमिश्वर र खरेल, सुमन, **ग्रामीण विकास नीतिहरू तथा रणनीतिहरू,** न्यू हीरा बुक्स इन्टरप्राइजेज, काठमाडौं । प्रथम संस्करण, २०६७ ।
- दंगाल, दिलनाथ, ज्ञवाली, गोकर्ण, बन्जाडे, ईश्वरीप्रसाद, **ग्रामीण विकास सिद्धान्त पद्धति र विधिहरू**, भुँडीपुराण प्रकाशन, काठमाडौं, प्रथम संस्करण, २०६८ ।
- सापकोटा, केशवराज, गौतम टीकाराम, **ग्रामीण विकासका सामाजिक आयामहरू,** देउराली प्रकाशन, काठमाडौं, २०६७ ।

*लेखक भक्तपुर बहुमुखी क्याम्पसमा अर्थशास्त्रका प्राध्यापक हुनुहुन्छ ।*

# सहभागिता

**को ५१ औं अङ्क (स्थानीय तह पुनःसंरचना तथा स्वशासन विशेषाङ्क) का लागि 'जनमत' प्रश्न**

## "सङ्घीय शासन प्रणाली अपनाइरहेको परिप्रेक्ष्यमा नेपालमा स्थानीय निकायहरूका कामहरूलाई प्रभावकारी बनाउन के के गर्नुपर्ला ?"

(कृपया ५० शब्दभित्रै सीमित रही आफ्नो विचार प्रकट गरिदिनुहोला)
प्राप्त हुनुपर्ने अन्तिम मिति : २०७३ पुस मसान्त ।

- **सहभागिता त्रैमासिक**,
nepan@nepan.org.np

# नेपालमा कृषि तथा जनजीविकाको अर्थराजनीति: किसानहरू कहिलेसम्म उपेक्षित रहिरहने?



डा. नरविक्रम थापा

> नेपालको व्यापार घाटाले सीमा नाघिसकेको छ । देश आर्थिक हिसाबले टाट पल्टिसकेको छ । यदि गरिब जनताले खाडी मुलुक, मलेसिया, कोरिया, भारत आदि देशमा गएर नकमाउने हो भने नेपाली अर्थतन्त्र चल्न सक्दैन ।

नेपाल किसानप्रधान देश हो । नेपालको एघारौं जनगणना (२०६८) ले मुलुकभरमा जम्मा ५४ लाख २७ हजार परिवार रहेको र यी परिवारमा दुई करोड ६४ लाख ९५ हजार जनसङ्ख्या रहेको देखाएको छ। त्यसपछि भएको नेपालको छैटौं कृषि गणनाले मुलुकभरमा जम्मा ३८ लाख ३१ हजार किसान परिवार रहेको र यी परिवारमा दुई करोड पाँच लाख ५३ हजार जना रहेको देखाएको छ ।

यी दुई गणनाबाट प्राप्त नतिजाको आधारमा नेपालका ७१ प्रतिशत परिवार केही न केही कृषि कार्यमा लागेको देखियो र ७८ प्रतिशत जनसंख्या किसान परिवारभित्र पर्दछ। देशको सम्पूर्ण परिवारमा सरदर ४.९ जना छन् भने किसान परिवारमा सरदर ५.४ जना छन् ।

कृषि पेशा अझै पनि नेपालीहरूमाझ जीवन पद्धति, संस्कार र सामाजिक मर्यादाको सवालको रुपमा रहेको छ। जमिन नहुनु, आफ्नो जमिनबाट खान नपुग्नु अथवा बेसाएर गुजारा चलाउनु सामाजिक रुपमा राम्रो मानिंदैन। अधिकांश मानिस कृषि पेशामा लागे पनि गुजारा चलाउन कठिन हुँदै गएको छ। नेपालको सरदर प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन (जीडीपी) रु.६९,९१९ (अमेरिकी डलर ७०३) रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, सन् २०१४)। नेपाल एक बहुजातीय, बहुभाषिक, विभिन्न सामाजिक एवं सांस्कृतिक परम्परा र धार्मिक मान्यता अङ्गालेको देश हो । यहाँ कुनै पनि जाति बहुमतमा छैनन् । नेपाल विविधतामा एकता भएको मुलुक भनिएता पनि नेपाली जनता आफ्नो हक अधिकार र पहिचान खोज्न सचेत हुँदै गएका छन् ।

नेपाल एक विविध भौगोलिक अवस्था र हावापानी भएको मुलुक हुँदा हिमाल, पहाड र तराईमा धेरै बालीनाली खेती गर्न सकिन्छ । हाम्रो देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरणको रुपमा रुपान्तरण गर्नुपर्ने आवश्यकता छ । कुनै पनि व्यवसायको व्यवसायीकरण हुनको लागि हामीसँग भएका स्रोत- साधनहरूको सदुपयोग हुने र तुलनात्मक लाभ दिने व्यवसाय हुनुपर्छ। तथापि हाम्रा अधिकांश व्यवसायीहरूले उत्पादन गरिरहेका व्यवसायको उत्पादन र बिक्री वितरणसम्बन्धी

तुलनात्मक अध्ययन गरेर नाफामूलक व्यवसायलाई अपनाएको देखिँदैन । न त सरकारी क्षेत्रबाट नै स्थान विशेष उत्पादन प्रशोधन र बिक्रीवितरण जस्ता कार्यको लागि लाभप्रद व्यावसायको वृद्धिमा प्रत्यक्ष अप्रत्यक्ष रुपबाट अनुदान दिएको पाइन्छ । तर छिमेकी देश भारतका कृषकहरूलाई ठाउँ विशेष प्राथमिकतामा परेका कृषि व्यवसाय प्रवर्द्धनको लागि उत्पादन, बिक्री वितरणमा मल, बिऊ ऋण, बिजुली, सिंचाइ, संकलन आदिमा अनुदान दिइरहेको छ । यस्ता प्रोत्साहनका कारणले गर्दा भारतमा कृषिको वृद्धिदर हाम्रो देशको दाँजोमा धेरै उच्च रहेको छ ।

## गरिबीको अवस्था

अक्सफामको एक अध्ययन अनुसार विश्वका एक प्रतिशत पुँजीपतिको सम्पत्ति ९९ प्रतिशत जनताको बराबर भएको पाइएको छ । यसबाट के थाहा हुन्छ भने विश्वमा धनी र गरिबको बिचको खाडल चरम सीमामा पुगेको छ । नेपाल जीवनस्तर सर्वेक्षण (तेस्रो २०६६/६७) अनुसार नेपालमा करिव २५ प्रतिशत मानिसहरू गरिब देखिन्छन् । सहरी र ग्रामीण क्षेत्रमा गरिबीको दर तुलना गर्दा सहरी क्षेत्रमा करिब १५ प्रतिशत र ग्रामीण क्षेत्रमा करिब २७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको छ । सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा गरिबीको दर ४६ प्रतिशत रहेको छ । कुल जनसंख्याको वितरणको तुलना गर्दा मध्य र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा गरिबहरूको फैलावट बढिरहेको छ। भौगोलिक क्षेत्र अनुसार हिमालमा सबैभन्दा बढी गरिबी (करिब ४२ प्रतिशत) रहेको छ । पहाडमा र तराईमा गरिबी दर लगभग समान (करिब २४ प्रतिशत) भएता पनि पहाडी क्षेत्रमा गरिबीको अवस्था बढी विषम र सघन रहेको देखिन्छ ।

कृषि क्षेत्रको ज्यालादारीमा लागेका परिवारमूली भएका घर परिवारहरू ४७ प्रतिशत गरिब छन् भने अन्य व्यावसायिक क्षेत्रका ज्यालामा लागेका परिवारमूली भएका घर परिवारहरू ६ प्रतिशत गरिब छन् । तर यी दुवै क्षेत्रले जम्मा जनसंख्याको ७ प्रतिशत मात्र ओगटेको छ । जातजातिअनुसार गरिबीको दर सबैभन्दा बढी पहाड र तराईका दलितहरूको रहेको छ भने सबभन्दा कम दर पहाडको बाहुन र नेवारमा रहेको छ । तेस्रो जीवनस्तर सर्वेक्षण अनुसार, चालु मूल्यमा औसत प्रतिव्यक्ति वार्षिक आम्दानी रु. ४१,६५९ रहेको छ र सबैभन्दा तलका ८० प्रतिशत जनसंख्याले देशको कूल आम्दानीको लगभग ४४ प्रतिशत हिस्सा ओगटेको छ भने माथिल्लो २० प्रतिशतले मात्र बाँकी ठूलो हिस्सा ५६ प्रतिशत ओगटेको छ । यस्तो किसिमको असमान आर्थिक वितरण प्रणालीले गरिब जनताको जीवन कष्टमय बनाएको छ ।

देशमा धनी र गरिब वर्गको बीचमा धेरै ठूलो खाडल भएको पाइन्छ । यस्तो अन्यायपूर्ण आर्थिक वितरण प्रणालीले समाजमा गहिरो अन्तरविरोध पनि जन्माएको छ । गरिब वर्गको जीवन शोषण, दमन र अन्यायमा पिल्सिएको छ । गरिब वर्गको पहुँचमा शिक्षा, स्वास्थ्य र आकर्षक रोजगारीको अवसर छैन । त्यसैले समाजमा गरिब झन् गरिब हुँदै जाने र धनी वर्ग झन् सम्पन्न हुँदै जाने स्थिति सिर्जना भइरहेको छ । गरिब वर्गको राजनीति गर्नेहरूले पनि अहिलेसम्म वास्तविक रुपमा आर्थिक तथा सामाजिक रुपान्तरण गर्ने किसिमको नीति निर्माण गर्न र त्यसको व्यावहारिक रुपमा क्रियान्वयन गर्न सकेका छैनन् । तसर्थ राजनीतिक दलहरू गरिबको नजरमा लोकप्रिय हुन सकेको देखिँदैन । नेपाली जनतामा चरम असन्तोष र वितृष्णा पैदा भएको छ । अहिले सम्मका क्रान्ति र जनआन्दोलनहरू सम्झौतामा टुङ्गिएका छन् र हुनेखाने वर्गकै पक्षपोषणमा सीमित भएको छ ।

देशमा भ्रष्टाचार व्याप्त छ र गरिब वर्गले सुशासनको अनुभूति गर्न सकेका छैनन् । नेपालको व्यापार घाटाले सीमा नाघिसकेको छ । देश आर्थिक हिसाबले टाट पल्टिसकेको छ । यदि गरिब जनताले खाडी मुलुक, मलेसिया, कोरिया, भारत गएर नकमाउने हो भने नेपाली अर्थतन्त्र चल्न सक्दैन । विप्रेषणले मात्र कूल गार्हस्थ उत्पादनको एक चौथाइ हिस्सा ओगटेको छ । यसको मात्रा हरेक दिन बढ्ने क्रममा छ । यदि गरिब परिवारबाट घरको एकजना विदेश नजाने हो भने घरमा चुलो नबल्ने अवस्था सिर्जना हुँदैछ । यस्तो अवस्था देशको लागि धेरै चिन्ताजनक बन्दै गएको छ । नेपाली राजनीतिमा वर्गीय सवाल ओझेलमा पर्दै गएको छ । राजनीतिक दलहरू कुर्सीको बाँडफाँडमा सीमित बन्दै गएको अवस्था छ । यसले नेपाली जनता र देशको स्वार्थमा काम गर्ने शक्तिको गम्भीर रुपमा अभाव खट्केको छ ।

नेपाली राजनीतिक दलहरू खास गरेर क्रान्तिकारी शक्ति आफ्नो दलभित्रको आन्तरिक व्यवस्थापनमा रुमलिएको छ । दलभित्र आन्तरिक लोकतन्त्र कमजोर अवस्थामा छ भने केन्द्रीयता हावी भएको देखिन्छ । बजारमा चरम रुपमा दैनिक अति आवश्यकताका वस्तुहरू जस्तै ग्याँस, पेट्रोलियम पदार्थको अभाव हुँदा समेत राजनीतिक दलहरू कानमा तेल हालेर बस्दछन् । पेट्रोलियम पदार्थको मूल्य बारम्बार अन्तर्राष्ट्रिय रुपमा घटी रहँदा नेपालमा पनि मूल्य समायोजन त हुन्छ तर सवारी साधन भाडा सो अनुरुप घट्दैन । तर कसैले पनि चर्को रुपमा विरोध गर्न सकेको देखिँदैन । आमजनताको पक्षमा उत्रने राजनीतिक शक्तिको अभावले गर्दा नेपालमा कुशासन मौलाउँदै गएको छ । आम

नेपाली जनताको नजरमा विद्यमान राजनीतिक दलहरू गिरिसकेका छन् । यिनीहरूमाथि आशा र भरोसा गुम्दै गएको छ । नेपालका राजनीतिक दलका नेताहरू कुरा ठूला ठूला धेरै गर्ने र काम सानो पनि नगर्ने रोगले ग्रस्त छन् । गरिब जनताको स्वार्थभन्दा दलीय स्वार्थ हावी हुँदै गएको छ । नेपाली जनतालाई पड्गु बनाइदै छ भने आफ्नो व्यक्तिगत स्वार्थमा नेताहरू चुर्लुम्म डुबेका छन् । यस्तो अवस्थाले देशमा सुशासन कायम हुन सक्दैन ।

## कृषि क्षेत्रको वर्तमान अवस्था

कृषि क्षेत्र अझै पनि नेपाली जनताको मुख्य पेशाको रुपमा रहँदै आएको छ । तथापि कृषि पेशामा मात्र भरपर्नु आर्थिक सम्मृद्धिको हिसाबले शोभनीय देखिँदैन । नेपाली कृषि व्यावसाय अझै पनि निर्वाहमुखी छ । यसले व्यावसायिकता हासिल गर्न सकेको छैन । कृषि पेशामा मात्र सीमित हुने जनता समाजमा सम्मानित छैनन् । यस पेशालाई मर्यादित बनाउन राज्यको नीति, नियम, 'कृषि रणनीति' असफलसिद्ध भएको छ । कृषि गणना २०६८ अनुसार नेपालमा ३७ लाख १६ हजार परिवारले खेतीपाती गर्छन् भने एक लाख १६ हजार पशुपन्छी मात्र पाल्दछन् । २०१८ सालमा खेतीपाती गर्ने किसान परिवार संख्या १५ लाख १८ हजार तथा पशुपन्छी मात्र पाल्ने किसान परिवार संख्या २२ हजार थियो । पचास वर्षपछि आएर २०६८ मा खेतीपाती गर्ने परिवार १४५ प्रतिशतले र पशुपन्छी मात्र पाल्ने परिवार ४२५ प्रतिशतले बढेका छन् । जोसुकै भएता पनि आर्थिक रुपले कृषि व्यवसाय चाहेजति रुपान्तरण हुन सकेको छैन । किसान वर्गको जीवनमा आमूल परिवर्तन हुन सकेको देखिँदैन ।

२०६८ सालको गणनाले सिंचित जग्गाको क्षेत्रफल बढेर १३ लाख १३ हजार हेक्टर पुगेको छ । नेपालभरमा ५२ प्रतिशत क्षेत्रफलमा सिंचाइ सुविधा पुगेको पाइन्छ । सिंचाइको मात्रा तराईमा सबैभन्दा बढी छ । दशवर्षको अवधिमा (२०५८–२०६८) तराईमा सिंचित क्षेत्रफल आठ लाख हेक्टरबाट बढेर नौ लाख ८५ हजार हेक्टर पुगेको छ । सोही अवधिमा पहाड र हिमाली क्षेत्रमा भने अस्वाभाविक रुपमा सिंचित जग्गाको क्षेत्रफल केही घटेको छ । बालीनालीको सघनताको हिसाबले अन्न बालीको तुलनामा तरकारी खेती उल्लेखनीय वृद्धि भएको छ । ४० हजार हेक्टर (२०४८) बाट बढेर ८४ हजार हेक्टर (२०६८) पुगेको छ । कन्दमुल तथा नगदेबाली लगाउने चलन पनि बढेको छ । आलु खेती गर्ने किसानको संख्या सात लाख ३५ हजारबाट बढेर १६ लाख ३६ हजार पुगेको देखिन्छ । अस्थायी बाली लागेको जम्मा जग्गामध्ये ८० प्रतिशत जमिनमा अन्नबाली लगाइएको देखिन्छ । बीस वर्षअघि (२०४८) मा पनि अन्नबाली लागेको जमिनको अनुपात यही हाराहारीमा रहेको थियो । अस्थायी बाली लागेको जम्मा क्षेत्रफलमध्ये ३७ प्रतिशत क्षेत्रफल धान बालीले ओगटेको छ । बीस वर्षपहिले (२०४८) पनि धान बाली लागेको जग्गाको हिस्सा यस्तै हाराहारीमा थियो । फलफूल खेती गर्ने चलन बढ्दै आएको छ । २०६८ सालको कृषि गणना अनुसार ६२ प्रतिशत किसानले भोगचलन गरेको जमिनमा धेरथोर संख्यामा फलफूलका रुख रहेका छन् ।

नेपालमा केही वर्षयता आएर उन्नत तरिकाले खेती गर्ने प्रचलन बढ्दै गएको छ । कृषि गणना (२०६८) अनुसार ७८ प्रतिशत किसानले धानबालीमा रासायनिक मल प्रयोग गर्दछन् भने ३२ प्रतिशत किसानले उन्नत जातको धान लगाएका छन् । उन्नत जातका गहुँको बिउ लगाउने किसान ३१ प्रतिशत रहेका छन् । तराईमा किसानले उखु खेतीमा सबभन्दा बढी विषादी प्रयोग गर्दछन् । हाम्रो देशमा कृषि यान्त्रीकरणको मात्र धेरै कम छ । खास गरेर गरिब किसान यसबाट बञ्चित छन् । र कृषि गणना २०६८ अनुसार नेपालभर जम्मा १० लाख ७३ हजार (२९ प्रतिशत) किसानले मात्र आधुनिक फलामे हलो प्रयोग गर्छन । करिब ८ लाख ४५ हजार किसानले आफ्नो कृषि कार्यमा ट्याक्टर प्रयोग गर्दछन् । बाली झाँट्ने औजार (थ्रेसर) प्रयोग गर्ने किसान आठ लाख तीन हजार छन् । करिब पाँच लाख ४८ हजार किसानले पम्पिङसेट मोटर प्रयोग गर्छन् । आजकल देशभरमै कृषि मजदुरको अभाव भएको छ यसले गर्दा करिब २५-३० प्रतिशत खेतीयोग्य जमिन बाँझो रहेको छ । २०६८ सालको कृषि गणनाअनुसार जम्मा ३२ प्रतिशत किसानले मात्र संस्थागत श्रोतबाट ऋण लिन्छन्, यस्तो ऋण लिने किसान ६३ प्रतिशत रहेका छन् । धेरै गरिब किसान अझै पनि संस्थागत ऋण लिनबाट बञ्चित छन् । गरिब किसानहरू अझैपनि ग्रामिण क्षेत्रमा सयकडा २४ देखि ३६ प्रतिशत ब्याजमा ऋण लिन बाध्य छन् । गरिब किसान चर्को ब्याजको कारणले ठूलो शोषणमा परेका छन् ।

## जमिनको वितरण

जमिन महत्वपूर्ण प्राकृतिक स्रोत हो । जमिन किसानका लागि मात्र नभएर कलकारखाना स्थापना गर्नका लागि पनि नभई हुँदैन । जमिन एउटा उत्पादनमूलक पुँजी हो । नेपाली जनताको जीवन निर्वाह खेतीपातीमा आश्रित भएको हुँदा जमिन माथिको पहुँच आर्थिक, सामाजिक र सांस्कृतिक हिसाबले धेरै महत्वपूर्ण छ ।

छैटौं कृषि गणना (२०६८) अनुसार देशभरमा २५ लाख २३ हजार हेक्टर जग्गामा खेतीपाती भएको छ । देशमा खेतीपातीको लागि कृषकले भोगचलन गरेको जग्गाको खण्डीकरण भने कम हुँदै

गएको छ । विगत ५० वर्षमा कृषकले भोगचलन गरेको जग्गाको कित्ता संख्याको साथै कित्ताको सरदर क्षेत्रफल पनि बढेको छ । २०१८ सालको गणनामा एक कित्ताको सरदर क्षेत्रफल ०.१६ हेक्टर भएकोमा अहिले पछिल्लो गणनामा यो आकार ०.२१ हेक्टर पुगेको छ । तर विगत तीन दशकदेखि सो सरदर क्षेत्रफल क्रमश: घटेको छ । कृषकले भोगचलन गरेको जग्गाको ५२ प्रतिशत जग्गा तराई क्षेत्रमा रहेको छ ।

कृषकले भोगचलन गरेको जग्गाको आकार पनि एकपछि अर्को गणनामा घट्दै गएको छ । पहिलो गणनामा एक कृषक परिवारको भागमा १.११ हेक्टर जग्गा पर्दथ्यो भने ५० वर्षपछि (२०६८) आएर यसको आकार ०.६८ हेक्टरमा झरेको छ । भौगोलिक क्षेत्रमध्ये तराईमा कृषक परिवारले भोगचलन गरेको जमिनको आकार बढिरहेको छ । कृषि गणना २०६८ अनुसार तराईमा एउटा कृषक परिवारको भागमा सरदर ०.७५ हेक्टर जग्गा पर्दछ भने पहाड र हिमाली क्षेत्रमा यो संख्या क्रमश: ०.५७ तथा ०.६५ हेक्टर रहेको छ । देशको पूर्वी भागमा भन्दा पश्चिम भागमा साना कृषकहरू धेरै रहेका छन् । कृषि गणना २०६८ अनुसार पूर्वाञ्चलमा भोगचलन गरेको जग्गाको आधार ०.८४ हेक्टर छ भने सुदूर पश्चिमाञ्चलमा यस्तो जग्गाको आकार ०.५३ हेक्टरमात्र छ ।

कृषि गणना २०६८ अनुसार, नेपालका सम्पूर्ण कृषक परिवार मध्ये आधा भन्दा बढी (५३ प्रतिशत) साना किसान ०.५ हेक्टर भन्दा कम जग्गा भोगचलन गर्ने किसान परिवार छन् । यिनीहरूले भोगचलन गरेको जग्गाको हिस्सा भने देशभरमा भोगचलन भएको जम्मा जग्गाको १९ प्रतिशत मात्र छ । अर्कोतर्फ ठूला किसान (२ हेक्टर वा सो भन्दा बढी जग्गा भोगचलन गरेका किसान परिवार) पाँच प्रतिशत मात्र छन् भने उनीहरूले चलन गरेको जग्गाको हिस्सा २४ प्रतिशत रहेको छ । ठूला किसानको तुलनामा साना किसानले बढी सघन रुपले खेती गरेको पाइन्छ ।

नेपालमा अधिकांश किसानले आफ्नै परिवारको हक भोगको जग्गा भोगचलन गरेको पाइन्छ । २०६८ सालको कृषिगणना अनुसार ८५ प्रतिशत किसानले आफ्नै हक भोगको जग्गा भोगचलन गरेका छन् । अहिले निजीकरणको बाढी आइरहेको अवस्थामा केही जग्गा साना किसानलाई वितरण गर्नु भनेको महत्वपूर्ण सवाल नहुन सक्छ । त्यो भन्दा महत्वपूर्ण कुरा भनेको जग्गाको सामुदायीकरण/सामाजिकीकरण गर्नु हो । जग्गाको बहुआयमिक ढंगबाट प्रयोग गर्न र बहुराष्ट्रिय निगमहरूको प्रभुत्वबाट जग्गाको स्वामित्व जनता/समुदायको हातमा हुन सकेमात्र स्वाभिमान अर्थतन्त्रको निर्माण गर्न सकिन्छ । थोरै जग्गाको स्वामित्व हुँदैमा गरिब वर्गको आर्थिक तथा सामाजिक रुपान्तरण हुन्छ भन्ने कुनै ग्यारेण्टी छैन । मुख्य कुरा त शिक्षा, स्वास्थ्य क्षेत्रमा सर्वसुलभ पहुँच र रोजगारीको अवसर पाउन सक्नु गरिबको लागि ठूलो कुरा हो । यस्तो कुराको ग्यारेण्टी गर्न राज्य सबल हुनुपर्छ ।

## जनजीविकाको सवाल

मानवको बाँच्न पाउने अधिकारको सुनिश्चित गर्ने आर्थिक, सामाजिक, प्राकृतिक, राजनीतिक, मानवीय र भौतिक पुँजी निर्माण गरी शान्तिपूर्वक जीवन जिउने उपाय वा रणनीतिलाई जनजीविकाको सवाल भनिन्छ । जनजीविका भन्ने कुरा मानवको सबभन्दा महत्वपूर्ण सवाल हो । यसभित्र खाना, नाना, छाना, शिक्षा, स्वास्थ्य, सुरक्षा, मनोरञ्जन जस्ता कुरा पर्दछन् । जनजीविकाको ग्यारेण्टी नभएसम्म मानवीय विकास हुन सक्दैन । कृषि गणना २०६८ अनुसार आफ्नो कृषि उत्पादनबाट भएको आम्दानीले वर्षभर परिवारलाई खान नपुग्ने किसान परिवार २२ लाख ९५ हजार (६० प्रतिशत) रहेको छ । खान नपुग्ने परिवार मध्ये ४४ प्रतिशत परिवारलाई ४-६ महिना मात्र खान पुग्छ । तीन महिनामात्र खान पुग्ने परिवार १८ प्रतिशत रहेको छ । खान नपुगेको अवस्थामा ५६ प्रतिशत परिवारले आफू बसेको जिल्लामा नै ज्याला मजदुरी गरेर खाद्य अभावको गर्जो टार्ने गर्दछन् भने १९ प्रतिशत परिवारले देश बाहिर गएर मजदुरी गर्दछन् । कृषिमा संलग्न अधिकांश कृषकहरूले परम्परादेखि मिश्रित खेती प्रणालीलाई अपनाउँदै आएका छन् । विशेषत: पशुपालन तथा यससँग प्रत्यक्ष सरोकार राख्ने अन्नबाली एवम् फलफूल, तरकारीहरू यसका उदाहरण हुन । समग्रमा भन्नुपर्दा पूर्ण व्यावसायिक रुपमा आइनसकेको अधिकांश साना एवम् मझौला उत्पादकहरूको बाहुल्यता रहेको नेपाली कृषि अर्थतन्त्रमा एकीकृत कृषि प्रणाली दुई हिसाबले महत्व राख्दछ । प्रथमत: एकीकृत कृषि प्रणालीको अभ्यास नेपालको लागि नयाँ होइन । हामीमा भइरहेको ज्ञान, सीप यसै मुताविक रहेको छ । यसलाई परिस्कृत र व्यवस्थित तरिकाले अघि बढाउन सके मात्र पनि कृषि विकासले फड्को मार्न सक्ने देखिन्छ ।

यसैगरी दोश्रो प्रसंग एकीकृत कृषि प्रणालीले कृषि क्षेत्रमा विद्यमान अर्द्ध बेरोजगारीको अवस्थामा परिणत गर्न सहायक हुनेछ । यसबाट स्वत: श्रमको सदुपयोग भई उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिन्छ । यस किसिमको खेती प्रणालीमा विभिन्न व्यावसायहरू एकै फार्मअन्तर्गत संचालन गरिने हुँदा एक व्यवसायबाट नोक्सान भए पनि अन्य व्यावसायबाट उत्पादन हुनाले व्यावसायिक जोखिममा कमी आउन सक्छ । यसका लागि उत्पादन सामग्रीको

लाभप्रद व्यवसायहरूमा लगानी गर्नु पर्दछ । हामीले कस्तो व्यवसाय गर्न खोजिरहेका छौं । त्यो व्यवसायको अरु बालीहरूसँग अन्तर सम्बन्ध हुन्छ वा हुँदैन भन्ने जानकारी लिएर कार्यान्वयन गर्नु राम्रो हुन्छ । त्यसका लागि कृषि उत्पादनहरूको प्रकृतिका बारेमा जानकारी लिनुपर्ने हुन्छ । अहिले नेपालमा कृषि उत्पादनको बजारमा बिचौलियाहरूले फाइदा लिइरहेको अवस्था छ । उत्पादक कृषकहरू र उपभोक्ताहरू धेरै ठगिएका छन् । कृषकहरू र उपभोक्ताबीच प्रत्यक्ष सम्पर्क हुने अवस्था नआएसम्म उत्पादकहरू ठगिन्छन् ।

कृषि प्रधान मुलुक भनेर चिनिए पनि नेपालमा वार्षिक करिब डेढ खर्बको कृषि वस्तु आयात हुन थालेको छ । पाँच दशकअघि नेपालबाट प्रशस्त कृषिवस्तुको निर्यात हुने गरेको थियो । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्याकं अनुसार त्यो बेला कृषि वस्तु आयतको तुलनामा निर्यात दोब्बर भन्दा बढी हुने गरेको थियो । केन्द्रको तथ्याकं अनुसार सन् १९६०/६१ मा ४ करोड ४३ लाख ५१ हजार रुपैयाँको खाद्य वस्तु र मासुजन्य पशु भारतबाट आयात भएको थियो । सोही वर्ष १५ करोड ८२ लाख ७१ हजार रुपैयाको कृषि वस्तु भारततर्फ निर्यात भएको थियो । तर, समयसँगै नेपालले व्यावसायिक कृषि अँगाल्न सकेन । यान्त्रीकरणको उपयोग भर्खरै सुरु हुन थालेकोछ । धेरै उत्पादन दिने अन्न बीउको प्रयोगमा पनि नेपाल पछि पर्‍यो । अहिले पनि असार, साउनमा धान रोप्न आकासे पानीकै भर पर्नुपर्ने बाध्यता छ । यस्ता परम्परागत प्रणालीमै भरपर्दा जनसंख्या जुन दरमा बढ्यो, नेपालको कृषि उत्पादन सोही दरमा बढ्न सकेको छैन । जसका कारण पछिल्ला कृषिजन्य वस्तुको आयात डरलाग्दो रुपमा बढिरहेको छ । गत आर्थिक वर्ष २०७०/७१ मा एक खर्ब २७ अर्ब रुपैयाको कृषि वस्तु आयत हुँदा चामल मात्रै १७ अर्बको आयत भएको छ । खाने अन्न मात्रै गत आ.व.मा २८ अर्ब ६२ करोडको आयात भएको थियो । यसको अर्थ निर्यात परिमाण घट्दै गएको छ भने आयात परिमाण बढ्दै आएको छ । नेपालमा पनि जलवायु परिवर्तनले महत्वपूर्ण खाद्यान्न बालीमा प्रतिकूल असर पर्नेछ । मुख्य खाद्यान्न बालीको मूल्यमा व्यापक बृद्धि हुनेछ । जल, जमिन र जंगलको अवस्था पनि बिग्रिरहेको छ । जैविक श्रोतहरू पनि बिग्रँदै गइरहेका छन् । दिनदिनै आकासिरहेको मूल्यवृद्धि, आर्थिक मन्दी, अस्थिर बजार भाउ तीव्र गतिमा भइरहेको जलवायु परिवर्तनले खाद्य असुरक्षालाई अकल्पनीय रुपमा बढाइरहेछन् । यी कुराहरूको संबोधन गर्न नीति निर्माताहरू र निर्णायकहरूले बेलैमा ध्यान दिन आवश्यक छ । सबभन्दा चिन्ताजनक विषय त के भएको छ भने राज्य र कृषि व्यावसायमा लाग्ने कृषकहरू खेतीपातीप्रति उदासीन छन् । यस भन्दा अघि नेपालले दीर्घकालीन कृषि परियोजना (सन् १९९५-२०१५) तयार गरे पनि त्यसका लागि आवश्यक लगानी र पूर्वाधार निर्माण गर्न नसकेको हुँदा असफल हुन पुग्यो । कूल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३३ प्रतिशत छ । जबकि कृषि प्रसार र अनुसन्धानमा सरकारी लगानी करिब ३ प्रतिशत मात्र छ ।

आधुनिक कृषि प्रणालीको दोषहरू धेरै देखिन थालेका छन् । हरित क्रान्तिमा आधारित कृषि विकास निम्ति भनेर रासायनिक मल, किटनाशक विषदी, नपुशंक बिऊको प्रयोग व्यापक रुपमा बढ्दै जाँदा पर्यावरणीय तथा मानवीय स्वास्थ्यमा प्रतिकूल असर परेको छ । चाहिनेभन्दा बढी रासायनिक मलको प्रयोगले माटाको उर्वराशक्ति क्षीण हुँदै गएको छ । जलवायु परिवर्तनले कृषि उत्पादनमा व्यापक कमी ल्याएको छ । साथै कृषि र बनको अन्तरसम्बन्धमा अप्राकृतिक तबरले सम्बन्धविच्छेद गराउने काम भएको छ । यसले गर्दा दीगो खेतीपाती तथा वन श्रोत व्यवस्थापन दुवै संकट ग्रस्त हुँदैछन् ।

सहकारितामा आधारित उत्पादनमुखी जीवन पद्धतिले मात्र हाम्रो जस्तो कृषितन्त्र तथा साना स्तरको खेतीपातीमा आधारित जीविकोपार्जनलाई दिगो बनाउन सहयोग पुऱ्याउँछ । राज्यको कृषि नीति किसानहरूलाई व्यावसायिक र आत्मनिर्भर बनाउँदै स्थानीय अर्थतन्त्रलाई सबल बनाउने तर्फ उन्मुख हुन आवश्यक छ । कृषि क्षेत्रलाई परिणाममुखी रुपान्तरण ल्याउन किसानको साथै समाजका गरिब, महिला, युवा तथा पछाडि पारिएका समुदायलाई संगठित गरी तिनलाई परिचालन गर्न आवश्यक छ । यसका निम्ति राजनीतिक दल र नागरिक समाजले जिम्मेवारी बोध गर्ने बेला आएको छ ।

नेपालको अर्थतन्त्र साढे तीन दशकपछि आर्थिक वृद्धि नकारात्मक हुने देखिन्छ । भुइँचालोबाट सात खर्ब रुपैयाँ अनि नाकाबन्दीबाट दश खर्ब बराबरको क्षति भएर कुल ग्राहस्थ उत्पादनको मूल्यमा करीब ८९ प्रतिशतको गिरावट आएको छ । दिनको कम्तीमा ६० करोडको राजश्व आम्दानी हुने गरेकोमा प्रक्षेपणमा गरिएको तुलनामा यो असुली पहिलो पाँच महिनामा करिब ३० अर्ब कम हुन गयो । दुखको कुरा अहिले कुल राजश्वको ४४ प्रतिशत र कर राजश्वको ५० प्रतिशत मात्र संकलन हुनसकेको छ ।

## कृषिमा भूकम्प र जलवायु परिवर्तनको असरः

२०७२ साल बैशाख १२ गते गएको भूकम्पबाट खाद्यान्न पशुपंक्षी र सिंचाइ क्षेत्रमा धेरै क्षति भएको थियो । भूकम्पका कारण २४

जिल्लामा कृषितर्फ १८ अर्ब २१ करोड ८० लाख र पशुपक्षीतर्फ १० अर्ब ११ करोड ६० लाख गरी एक हजार आठसय ४४ सिंचाइ प्रणाली नोक्सान हुँदा एक लाख २१ हजार ९ सय ९ हेक्टर खेतीयोग्य जमिनमा सिंचाइ सुविधा अवरुद्ध भएको छ ।

सरकारले अझै पनि किसानका लागि पुनस्र्थापना कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न सकेको छैन । यसको प्रत्यक्ष प्रभाव खाद्य उत्पादनमा परेको छ । वर्षौंदेखि जोगाई राखेका बीउबिजन भत्कीएका घरसँगै पुरिएका छन् । गाईवस्तु मरेका छन् । अन्नपात पुरिएर खानबस्न कै समस्या रहेको छ । अनुदानका कार्यक्रम समयमा कृषकसम्म नपुग्दा पीडामाथि पीडा थपिएको छ । खानेपानीको मुहान सुकेका कारण जनतालाई पिउने पानीको समेत समस्या परेको छ । राज्यका प्रशासन यन्त्र कमजोर, राजनीतिक इच्छाशक्तिको अभाव र व्याप्त भ्रष्टाचारले कुनै पनि विकासका काम अघि बढ्न सकेको देखिँदैन । यसले गर्दा आम जनतामा निराशा छाएको छ ।

कृषिमा जलवायु परिवर्तनको असरले गर्दा खाद्यान्न उत्पादनमा ठूलो चुनौती थपेको छ । दक्षिण एसियामा गहिरिँदो खडेरीका कारण पृथ्वीको ध्रुवीय प्रणाली प्रभावित भएको अमेरिकी नेसनल एरोनोटिक्स एण्ड स्पेश एडमिनिस्ट्रेसन (नासा) ले जनाएको छ । खडेरीका कारण उत्तरी ध्रुव पूर्वतिर सर्दै गएको वैज्ञानिकको ठहर छ । नासाको अध्ययनमा दक्षिण एसियाली क्षेत्रमा जमिनमुनि पानीको मुहान सुक्दा निम्तिएको खडेरीले उत्तरी ध्रुव पूर्वतर्फ सरेको पाइएको छ । नासामा कार्यरत नेपाली वैज्ञानिक सुरेन्द्र अधिकारीसहितको टोलीले दक्षिण एसियामा जारी खडेरीका कारण उत्तरी ध्रुव तीव्र गतिमा पूर्वतिर सरिरहेको औल्याएको छ (नागरिक, १३ वैशाख २०७३) ।

## सारसंक्षेप

कृषि, जमिन र जनजीविका नेपाली अर्थतन्त्रमा एक अर्कासँग गाँसिएका छन् । यो क्षेत्र रोजगारीको अवसर सिर्जना गर्न धेरै महत्वपूर्ण छ । कृषि क्षेत्रलाई मात्र स्वतन्त्र रुपले हेर्न सकिदैन । यी क्षेत्र समग्र सामाजिक तथा आर्थिक संरचनासँग गहिरो गरी गाँसिएको छ । जमिन कृषि अर्थतन्त्रको महत्वपूर्ण आधार हो । गरिब किसानलाई केही अंश जमिन वितरण गर्दैमा उनीहरूको गरिबी उन्मूलन भई सामाजिक तथा आर्थिक उन्नति नहुन सक्छ । मुख्य कुरा त गरिबको पहुँचमा शिक्षा, स्वास्थ्य र आकर्षक रोजगारीको अवसर हुनुपर्दछ । अहिलेको अवस्थामा हदभन्दा माथि रहेको जमिन राष्ट्रियकरण गर्न आवश्यक छ । त्यस जमिनलाई राज्यले गरिब किसानलाई लिजमा दिई सामूहिक सहकारी खेतीमार्फत् व्यावसायिक फार्महरू संचालन गरेर आकर्षक रोजगारी सिर्जना गर्नुपर्छ ।

कृषिवस्तुको आयात प्रतिस्थापन गर्नुपर्ने अहिलेको लागि एउटा महत्वपूर्ण काम हुन आएको छ । विविध किसिमको हावापानी भएको मुलुक हुँदा नेपालमा धेरै प्रकारका उच्च मूल्य भएका बालीनाली उत्पादन, प्रसोधन र बिक्री गरेर ठूलो धनरासी आर्जन गर्न सकिन्छ । हामीले कृषि, जमिन र जनजीविकालाई नेपालको पर्यटन, उर्जा र अर्थतन्त्रसँग प्रत्यक्ष गाँसेर लैजानु पर्छ । नेपालमा तरकारी, पशुपालन, फलफूल र जडिबुटीको उचित उत्पादन र प्रशोधन गरी व्यापार गर्न सकेमा स्वदेशमा धेरै रोजगारीको अवसरहरू सिर्जना गर्न सकिन्छ । यसको लागि राजनीतिक प्रतिबद्धता, सुशासन, दिगो शान्ति, सदाचार, जनमुखी योजना र प्रभावकारी अनुगमन तथा मूल्यांकन हुन आवश्यक छ ।

## सन्दर्भ सामग्रीहरू


- अधिकारी, अजित (२०७१), **कृषि वस्तुको आयात अकासियो ।** काठमाडौँ: नयाँ पत्रिका ९ फागुन २०७१ ।
- केन्द्रीय तथ्याङ्क विभाग (२०६८), **राष्ट्रिय कृषि गणना २०६८ सार संक्षेप**, काठमाडौँ: राष्ट्रिय योजना आयोगको सचिवालय ।
- केन्द्रीय तथ्याङ्क विभाग (२०६८), **नेपालमा गरिबी (नेपाल जीवनस्तर सर्वेक्षण (तेस्रो २०६६/६७ मा आधारित संक्षिप्त प्रतिवेदन)** काठमाडौं: राष्ट्रिय योजना आयोगको सचिवालय ।
- केन्द्रीय बंगुर कुखुरा प्रवर्द्धन कार्यालय (२०६६), **बंगुरपालन पुस्तिका ।** ललितपुर: पशु सेवा विभाग, पशु उत्पादन निर्देशनालय, हरिहर भवन ।
- दाहाल,मणि (२०७३), **पूर्व धकेलियो उत्तरी ध्रुव ।** काठमाडौँ: नागरिक दैनिक, २०७३ वैशाख १३ ।
- प्याकुर्‍याल, विश्वम्भर (२०७२) **कालो, समानान्तर र अन्डरडग अर्थतन्त्र ।** काठमाडौँ: कान्तिपु २६ पुस, २०७२ ।
- Thapa, N.B. 2013. **Food Security and Livelihood Strategy of Rural people in Dailekh District,** Nepal. Dissertation submitted to the Faculty of Humanities and Social Sciences of Tribhuvan University for the Degree of Docter of Philiosophy in Rural Development (unpublished), Kirtipur T.U. Kathmandu, Nepal.


*लेखक कृषिविद् तथा नेपालका आजीवन सदस्य हुनुहुन्छ ।*

भूकम्पपछिको एउटा यात्रा

# भूकम्पले सम्झना गरायो 'ठाँटीपौवा'



ठाकुर शर्मा भण्डारी

परम्परित रूपमा चलेका विविध किसिमका क्रियाकलापहरूले ऐतिहासिक, सांस्कृतिक स्थितिलाई अवलोकन गराउँछन् । पहिला पहिला मूल बाटोमा बटुवालाई सुस्ताउन वा रात काट्न पाटीपौवा निर्माण हुन्थे । यी हाम्रा सामाजिक व्यवस्थाका नमूना पनि हुन् । वि.सं. १९९० तिर जुहाङको पश्चिमी भेकमा पर्ने बडीघाट (बडियार वा रुद्रनद) को किनारमा रहेको जुहाङ ढाँडका रामेश्वर भण्डारी परिवार अर्थात् ढवाली भण्डारी परिवारबाट स्थापना भएको ठाँटीपौवा ५२ वर्षपछि त्यहाँबाट सारिएको थियो । पहिला ढावमा बस्ने व्यक्तिहरूले ठाँटी (अरुङ्गा बजारको पश्चिमीभाग) मा पौवा बनाएका रहेछन् । त्यसै सन्दर्भमा बनेको यो साघाट-पौवाको इतिहास पनि करिव सत्तरी वर्षभन्दा बढी भएछ । मानिसको बसाइ-सराइले पनि यसमा प्रभाव पारेछ । पहिले जुहाङ गा.वि.स. अन्तर्गत पर्ने ढावमा बस्ने व्यक्तिहरूमध्ये केही अहिले साघाट सर्नुभएको छ । जुहाङ-हँसरा जोडिएका गाउँ हुन् । त्यसलाई २०४२ सालमा ठाँटीबाट साघाट ल्याइएको रहेछ । स्थानीय व्यक्तिहरूको भनाइ अनुसार त्यस बेला भाइ-भाइहरूमा सरसल्लाह हुँदा ठाँटीको पौवामा रहेका केही सामानहरू केही भाइहरू ढावमै बस्ने हुनाले केही अंश उतै लगेर अर्को पौवा निर्माण गरे भने केही समान साघाट ल्याई पौवा निर्माण गरे । पुरानो पौवा भत्काउँदा साथ लिएर आएका समानहरूको नमूना अहिले पनि दलिन र खाँवाहरू यथावत् कलात्मक रूपमै रहेको देख्न पाइन्छ । पौवामा राखिएको बतासी (चित्राङ्कित) हेर्दा ऐतिहासिकता झल्काउने चित्रहरू रहेका छन् । पौवामा रहेको लकासीको बनावट हेर्दा म मोहित भएँ । मान्छे, सर्प, चरा, मयूर, माछा, हतियार समातेका मान्छेका चित्रहरू, घोडा आदिका चित्रहरू त्यहाँ अङ्कित छन् । दुई तलामा निर्मित यसको तला छाप्ने काम पनि पुरानै ठूला ठूला फल्याकबाट भएको छ । छाना टीनको छ । जग्गाको क्षेत्रफल ३ आना हो । यसको लम्बाइ २४ फीट छ, चौडाइ १२ फीट रहेको भनिन्छ । दलानमा चारवटा ठुल्टुला खाँवा रहेका छन् । त्यसमाथि ठूलो लकासी छ । लकासीभन्दा माथि पनि तीनवटा चित्राङ्कित खाँवा राखेर बनाइएको छ । एक तलापछि माथि जस्तापाताको

> नेपाली संस्कृति-परम्परालाई संरक्षण गर्नका लागि लागिपरेका स्थानीयको हौसलालाई भूकम्पले अझ जागृति ल्याएको देखिन्छ । त्यतातिर भूकम्पले क्षति भएका घरहरूको पनि पुनर्निर्माणमा सरकारको मुख नताकेर आ-आफैं बनाउने कार्य अगाडि बढाएको पाइयो ।

प्रयोग भएको छ । यसमा सहयोग गर्नेमा चन्द्रमणि भण्डारी (जग्गादाता), प्रेमनारायण भण्डारी, पूर्णभद्र भण्डारी, होमनाथ भण्डारी, नीलकण्ठ भण्डारी, तुलसीराम भण्डारी, विष्णुप्रसाद भण्डारी, ओमप्रकाश भण्डारी, सुभाष भण्डारी, छविलाल भण्डारी, थानेश्वर भण्डारी आदि व्यक्तिहरूको पहलमा ५० हजार जति खर्च गरेर निर्माण गरिएको हो ।

*सामुहिक प्रयासैले सम्पूर्ण कार्य बन्दछन्*
*हाम्रो संस्कृति हो यस्तो परसेवा पुकार्दछन् ।*
*परोपकार नै पुण्य ठानेको जन-भावना*
*सर्वत्र देख्न पाइन्छ यही हो पूर्ण साधना ।*

## सहज सहभागिता

म काठमाडौँबाट पारिवारिक कार्यक्रमको सिलसिलामा नवलपरासी हुँदै बुटवल पुगेको थिएँ अनि २०७२ असार १५ गते मङ्गलवार भाइ शिव र म बुटवलबाट जुहाङ खैरेनी अर्थात् हाल हँसरा गा.वि.स. १ खैरेनीको लागि बिहान १०.१५मा प्रस्थान गऱ्यौं । जुहाङ मेरो जन्मथलो हो र स्थायी बसोबास पनि । त्यहाँको सेराफेरोलाई पहिले जुहाङकै नामबाट पुकारिन्थ्यो र अहिले भने बन्धुबान्धव जुहाङ-हँसरा दुवै गा.वि.स.मा बाँडिएका छन् । २०७२ साल वैशाख १२ गते शनिवारको भूकम्पले क्षतिग्रस्त आफन्तहरूको घर, गाउँमा परेको असर सम्बन्धमा पनि अवलोकन गर्ने र आफ्नो भत्केको घरको पुनर्निर्माण गर्ने क्रमलाई अगाडि बढाउने उद्देश्य पनि म त्यता लागेको थिएँ । भूकम्पले गाउँमा अरु १४ जिल्लामा जस्तो ठाउँ-ठाउँमा क्षत-विक्षत नभए पनि घरहरू भने धेरैका चर्किएका थिए । असामान्य स्थितिको अवलोकन गर्दै पनि गयौं ।

बुटवल-वाग्लुङ जोड्ने (रुद्रनदको उत्तरी किनारबाट) बाटोको किनारमा रहेको खैरेनी बजार त्यस क्षेत्रको प्रचलित बजार हो । त्यस क्षेत्रमा अनेकौं देवदेवीका मन्दिरहरू रहेका छन् । रुरुक्षेत्र, रुद्रवेणी, पुरानागफा, ढड्यानफुफा, भार्सेगुफा, बम्घा देउराली सत्यवती आदि धेरै प्रसिद्ध आध्यात्मिक स्थलहरू यो क्षेत्रमा रहेका छन् । नयाँ नयाँ स्थलहरूको निर्माण कार्यहरू समय सापेक्षतामा भइरहेका छन् । खैरेनी बजारसँगै २०३७ सालमा कुडुलेमा भगवती मन्दिरको स्थापना भएको छ । यहीं स्थानीय निवासी दाता स्व.शिवकुमार ज्ञवालीद्वारा प्रदत्त जग्गामा स्थानीयद्वारा मन्दिर, पाटी, पौवा, प्रतीक्षालय, यज्ञशाला, लक्ष्मीनारायण मन्दिरको स्थापना भएको छ । भविष्यमा गणेशको मन्दिर र शिवालय बन्ने क्रममा छ । यहीं भक्तजनहरूलाई श्रावण महिनामा श्रावणीपर्व (जनैपूर्णिमा) मा स्नान गर्नका लागि पोखरीसमेत निर्माण भएको छ । यो निर्माणमा केही दाताहरूका साथै यस पङ्क्तिका लेखकको पनि सानो योगदान रहेको छ । प्राकृतिक दृष्टिले यो ठाउँ अत्यन्त रमणीय रहेको छ । वर, पीपल, शमी आदि वृक्षहरूले शोभित उच्च स्थान रहेको छ । त्यस्तै कटहर, नास्पाती, रुद्राक्ष, श्रीखण्ड, इमली, अमला, सूर्यफूल आदि महत्वपूर्ण वनस्पतिहरू पनि छन् । यस मन्दिरका पूजारी सर्मानन्द भण्डारी -जसलाई स्थानीय व्यक्तिहरूले लामापूजारीका नामबाट पनि चिन्दथे) हालै लगभग सय वर्षको उमेरमा निधन भएकोले उहाँकै छोरा खिमानन्द भण्डारी मुख्य पूजारीका रूपमा कार्यरत हुनुहुन्छ । यस्तो धार्मिक, ऐतिहासिक र प्राकृतिक क्षेत्रमा यस बाहेक अन्य धेरै मठमन्दिर पनि विद्यमान रहेका छन् । बाह्रै महिना सिँचाइ हुने उर्वर भूमि रहेकाले सबैको यो आकर्षणको केन्द्र पनि हो ।

२०७२ असार १६ गते पुरुषोत्तम (मलमास) महिना भएकोले भाइ (पं.शिवप्रसाद भण्डारी) लाई सामुहिक पूजनमा साघाट बोलाइएको हुनाले बिहान ८ बजे नै त्यहाँ हामी पुगेका थियौं । उनकै आचार्यत्वमा सम्पन्न हुने कार्यक्रम भएको हुनाले उनी पूजाको कार्यक्रमतर्फ लागे । त्यहाँ गाउँलेहरूको आगमन जारी थियो । करिव दुई सयभन्दा बढीको उपस्थिति गराउने हिसाववाट त्यहाँ व्यवस्था मिलाइएको थियो ।

*अध्यात्मोन्मुखी संस्कारतर्फ दृष्टि डुलाउँदा*
*आनन्दरस भेटिन्छ यसमा नै डुबाउँदा ।*
*खुसीमा सब देखिन्छन् सबै स्वतन्त्र पूर्ण छन्*
*कसैको महिमा भिन्न भिन्न हुन्न समान छन् ।*
*यस्तो आनन्द देखेर आकर्षण बढ्यो त्यहाँ*
*उन्मुक्त चन्द्र-आकृति सबमा पूर्ण थ्यो त्यहाँ ।*
*शिवको शिवभक्ति थ्यो हरिहर समान थ्यो*
*अद्वैतभावमा रम्ने यथार्थ दिव्य-सार थ्यो ।*

पुरुषोत्तम महिनाको माहात्म्य ३१ अध्यायको हुने रहेछ । त्यसको पाठ-कथाश्रवण गर्ने कार्यक्रम दुई दिन हुने र प्रत्येक साँझमा भजन-कीर्तन गर्ने चलन भएकोले मानिसहरूको आगमन उत्साहपूर्वक आएको देख्दा मन नै आनन्दित भयो । यस्ता भजन-कीर्तनका चुट्काहरूले हाम्रो ऐतिहासिकतालाई सम्भाउँछन् भने भौतिकताबाट यो मनलाई पर हटाई केही समयका लागि भए पनि आनन्द विभोर बनाउने काम पनि गर्छन् । ती भजन-चुट्का नमुना यस्ता रहेका छन् :

*जाम्ला वैकुण्ठमा नाच्दै गाउँदै बजाउँदै..../*

♦ ♦ ♦

जाने कहाँ होला उनै रामलाई थाहा होला....। (यी भजनमा नाच अनुसार २४/२५पटक दोहोऱ्याइन्छ)

कति गौरवमय संस्कार छ हाम्रो। यहाँ कुनै चाकडी चाप्लुसी छैन। सबै आनन्दको अनुभूति गर्छन्। सांसारिक व्यवहारबाट केही समय निकालेर आफ्नो जीवनलाई यता समर्पित गर्दै आफ्नो आयु लम्ब्याउँछन्। जीवनलाई सार्थक तुल्याउँछन्। यस्तै यस्तै तरङ्गहरू मनमा उठे। कार्यक्रम हुने ठाउँ साघाट थियो, यो खैरेनी बजारबाट निकट नै पर्छ। गुल्मी जिल्लाको हँसरा गाविस पनि एक समृद्ध गाउँ हो। त्यहाँ विविध अन्नबालीको उब्जनी हुन्छ तर मुख्य बाली धान हो। रुद्रनद (बडीघाट) को किनारमा रहेको साघाटको आफ्नै कथा छ। उहिले बम्घा र सत्याटिका सामन्तहरूको बैठक बस्ने ठाउँका रूपमा परिचित साघाटमा २०४८ सालतिर बडियार (रुद्रनद) मा पुल निर्माण भएको थियो। अहिले त्यहाँ कार्यक्रम भइरहेको छ। वरिपरि खेतको बीचमा रहेको पौवाको विषयमा पनि केही जानकारी दिने उद्देश्य रहेको छ किनकि म त्यहाँ पुगेपछि त्यहाँका मान्यजनहरूको उत्साह र मप्रतिको प्रेम, सद्भाव एवं भाइ शिवप्रतिको श्रद्धा देखेर म श्रद्धानत भएँ। उहाँहरूकै खर्चद्वारा निर्मित पौवाको विषयमा जानकारी लिन खोजेँ किनकि यी हाम्रा पूर्वजहरूका धरोहर हुन्, परोपकारी कामका नमूना हुन्। त्यो पौवालाई पनि सामान्य क्षति पुऱ्याएछ वैशाख १२को भूकम्पले। भूकम्पले कहाँ पुऱ्याएन र क्षति। नेपालका मध्यपूर्व त तहस नहस नै पाऱ्यो तर पश्चिम क्षेत्रमा भने धनको क्षति भए पनि जनको क्षति त्यति भएन नै। भूकम्पको सन्दर्भ पनि यहाँ जोड्न मन लाग्यो :

*अमूल्यनिधिका हाम्रा हज्जारौँ घर भत्किए*
*गाउँ-सहरका सारा भौतिकी रूप चर्किए।*
*चिरिएछन् कतै बाटा लथालिङ्ग जतातत्तै*
*सबैको मन रन्केर चिरियो, पिरियो यतै।*
*अग्ला अग्ला सयौँ भत्के घरहरू यताउता*
*तल लच्के, कुनै धस्के भताभुङ्ग जतातता।*
*अहङ्कार वशीभूत मदन्मत्त भएर नै*
*चलेका मानिसैलाई देखाइन् भूमि कम्पिदै।*
*समान पथमा हुन्थे सारा मानिस सज्जन*
*शान, मान त्यहाँ खस्क्यो एकै ठाउँ भए जन।*
*संसारभित्रका वस्तु तन-धन अनित्य छन्*
*रस-संसारमा एक तरङ्ग भैँ समान छन्।*

## सहनशीलता, सहभागिता र आध्यात्मिकता

सांसारिक वस्तुले यदाकदा दुख्ख दिँदा आध्यात्मले बचाउने काम गर्छ र हाम्रा संस्कृति परम्परा यसमा गासिंदा मानिसलाई धैर्य धारण गर्ने क्षमता विकास गर्छ। यसमा डुब्न सक्यो भने परमानन्द नै प्राप्त हुन्छ, घर-गृहस्थलाई छाडेर कतै जानुपर्दैन, बुझ्न सके आनन्द यहीँ छ, राजा जनक पनि यसै संसारमा रहेर विदेह थिए।

पौवामा सामान्य क्षति पुऱ्याएको कारण पनि त्यसको प्रसङ्ग यो आध्यात्मिक कार्यक्रममा भयो। वरिपरि, तलमाथि हुने मौका मिल्यो। त्यसको पुनर्निर्माणको प्रसङ्ग पनि चल्यो। प्रारम्भकै कुरालाई यहाँ जोड्न चाहेँ। हाम्रा पूर्वजहरूको सत्प्रयासद्वारा निर्माण गरिएको ऐतिहासिक भवन, मन्दिर, पाटी, पौवा नेपालका पुरातात्विक वस्तु हुन्। तिनको चर्चा परिचर्चा हुनुपर्छ भन्ने लाग्यो र यो सानो लेखमा साघाटपौवाको सामान्य जानकारी स्थानीय व्यक्तित्वको मुखार विन्दबाट सुनेर लिखतको रूप दिने मात्र प्रयास गरिएको हो।

वर्तमान सन्दर्भमा भने साघाटको यो पौवा चन्द्रमणि भण्डारीले जग्गा प्रदान गरेर निर्माण गरिएको हो भन्ने कुरा त माथि पनि बताइयो। नव निर्मित साघाटमा अहिले पौवा मात्र रहेको छ। त्यसमा मन्दिर, कथाश्रवण, कीर्तनको लागि सभाहल सामुहिक, जनसमुदायको सक्रियता एवं सामुहिकतामा बनाउने योजना पनि रहेछ। त्यसको लागि जग्गा दाता चन्द्रमणि भण्डारीको निधन भएको र उनकी छोरी गोमा ढकालले पनि सँगै जोडिएको पहिला बनेको पौवाभन्दा पश्चिमतर्फको जग्गा मन्दिर निर्माणको लागि प्रदान गर्नुभएको छ भन्ने कुरा स्थानीय प्रबुद्धवर्गबाट जानकारी भयो। २०४२ सालदेखि २०७२ सम्मको समयमा सामान्य हेरचाह भए पनि अहिले मोटर बाटोको कारण पनि पहिलेको सोचाइ र अहिलेको सोचाइमा फरक भएकोले अब त्यहाँका जनताले आध्यात्मिक हिसाबबाट त्यसलाई पूर्णतया उपयोग गर्ने किसिमले गोमा ढकालले दिएको लम्बाइ २४ फीट (१६ हात), चौडाइ १८ फीट (१२ हात) रहेको जग्गामा ठूलो हल र मन्दिर बनाउनेतर्फ सबै उन्मुख रहेको देखिन्छ। नेपाली संस्कृति-परम्परालाई संरक्षण गर्नका लागि लागिपरेका स्थानीयको हौसलालाई भूकम्पले अभ्र जागृति ल्याएको देखिन्छ। त्यता तिर भूकम्पले क्षति भएका घरहरूको पनि पुनर्निर्माणमा सरकारको मुख नताकेर आ-आफै बनाउने कार्य अगाडि बढाएको र साघाटको पौवाको विषयमा

पनि स्थानीयहरूले रकम जुटाएर मर्मत गर्ने कुरा सुन्न पाइयो। यसले मानिस आएको जागृतिलाई इङगित गर्दछ। नवपुस्ता पनि नेपालभित्र वा बाहिर जहाँ भए पनि पुनर्निर्माणमा सहभागी हुने कुरा त्यहाँ सुन्न पाउँदा अत्यन्त खुसी लाग्यो। स्थानीय धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा स्वःस्फूर्त जनसहभागिताको एउटा सानो उदाहरण यो पनि हो।

*सामाजिक कुरालाई अघि बढाउने जन*
*सर्वदा चित्तमा हुन्छन् विशाल बन्छ यो मन।*
*सबैको हित कार्यैमा लाग्ने व्यक्ति समाजमा*
*पूजनीय सदा हुन्छन् कतै हुन्नन् विकारमा।*
*प्रगतिमा कतै बाधा हुन्न भन्छन् महाजन*
*सहकार्य हुँदा धेरै साथ साथ मिल्यो मन।*

अन्त्यमा आफू जन्मेको, हुर्केको ठाउँ सबैलाई अत्यन्त प्रिय लाग्छ। भनिएको पनि छ : जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी। मैले पनि आफ्नो क्षेत्रको सामान्य परिचय यो लेखमा दिने प्रयास गरे को छु। व्यक्ति, समाज र राष्ट्रलाई चिनाउने भनेकै हाम्रो संस्कृति हो, त्यही संस्कृति जोगियो भने मात्रै नेपाली मात्रको अस्तित्व सम्भव हुन्छ, त्यसैले यस्ता ऐतिहासिक स्थल, वस्तु (मठ, मन्दिर, पाटी, पौवा आदि) को निर्माणमा सबैको सहभागिता अनिवार्य हुन्छ। जहिले पनि एकता, सहभागिता, सहयोगको खाँचो रहन्छ। एकले अर्काको अस्तित्वलाई ख्याल गरेर चले समाज स्वस्थ हुने हो। सहअस्तित्वको कार्यलाई जहाँ जहिले पनि प्राथमिकता दिइएको छ। हाम्रा मनीषीहरूले -'सङ्घे शक्ति कलौ युगे' भनेर त्यसै उद्घोष गरेका होइनन्। सबैलाई चेतनाशक्ति जागृत होस्, यो लेख लेख्नुको आशय पनि यही हो। अन्त्यमा, मलाई कवितामा सहभागिता र सामूहिकताको सार यसरी भन्न मन लाग्यो:

*सङ्घमा शक्ति त्यो हुन्छ जे पनि कार्य बन्दछ*
*मौरीको घार हेर्दा नै ज्ञानको रास मिल्दछ।*
*हाम्रा संस्कृति आख्यान पूर्णताभित्र छन् सधैं*
*यिनैमा रस पाइन्छ सेवा-जागृतिमा सधैं।*
*जागौं जागौं सबै जागौं जीवन भित्र-बाहिर*
*सहअस्तित्वका साथ जागे छ पूर्ण आखिर।*

*इत्यलम्।*

*लेखक नेपालका एक वरिष्ठ साहित्यकार हुनुहुन्छ।*

## नेपाल सहभागीमूलक कार्य समूह (नेपान) (सन् १९९५ - २०१६)

### नेपानको स्थापनाकालदेखि हालसम्मका अध्यक्षहरू

- रमेश सिंह
- डा. शिवेशचन्द्र रेग्मी
- डा. विनोद भट्ट
- यशोधा श्रेष्ठ
- हुकुमबहादुर सिंह
- मानबहादुर थापा
- राघवराज रेग्मी
- डा. भोलाप्रसाद दाहाल
- तेजराज दाहाल
- डा. नानीराम सुवेदी
- छिडलमु शेर्पा
- ब्रम्हध्वज गुरुङ
- उत्तम उप्रेती

### नेपानको स्थापनाकालदेखि हालसम्मका सचिवालय संयोजकहरू

- डा. कमल फुयाल
- हुस्नबान्हु शेख
- द्रोण केसी
- चेतनाथ कणेल
- फणिन्द्र भण्डारी
- बच्चुराम बस्नेत
- डम्मर ब. लोहोरुङ राई
- दलबहादुर जिसी
- फटिकबहादुर थापा

## अबिरल आँशु बगिरह्यो

- मीनाक्षी दाहाल

थर थर थर थर काँपी रह्यो जग
सम्हालिन सकिनँ।
ढक ढक गरी हल्लाइरह्यो मन
थामिन सकिनँ॥
हेर्दाहेर्दै झरे छाना र गाह्राहरू
अड्याउन सकिनँ।
तछाड- मछाड गर्दै दौडिए सबलहरू
तिनलाई पछ्याउनै सकिनँ॥
आफ्नै हातले बनाएको मेरो बास
पत्याउन सकिनँ।
कोही आई सहयोग देला भनी बसे
लत्याउन सकिनँ॥
न कोही आए न केही ल्याए
चिच्याउन सकिनँ।
आँखाबाट आँशु अबिरल बगिरह्यो
रित्याउन सकिनँ॥

# हावाबाट बिजुली: जनसहभागितामा फेरियो गाउँको परिचय



कृष्ण अधिकारी

हावाबाट विजुली निस्कन्छ भनेको सुन्दा मकवानपुर फापरबारी गा.वि.स. - २ भोर्लेनीका चतुरबहादुर घलानीलाई पटक्कै विश्वास थिएन। पानी र घामबाट त विजुली निस्कन्छ भन्ने देख्नुभएका उहाँलाई साँझ परेपछि र विहान ९/१० बजेसम्म घर नै उडाउलाजस्तो गरी बहने हावाबाट विजुली निस्केर गाउँ नै झलमल भएको देख्दा अहिले सपनाजस्तै लाग्दछ। चतुरबहादुर मात्र होइन, भोर्लेनीका १३१ घरपरिवार हावा र सौर्य शक्तिबाट उत्पादन भएको विजुली उपयोग गरेर उज्यालोमा बस्न पाउँदा खुशी मात्र भएका छैनन्, आफूलाई भाग्यमानी सम्झन्छन्। 'सहरमा वरु दिनमा १५/१६ घण्टा विजुली आउँदैन, अन्धकारमा बस्नु पर्छ रे भन्ने सुनेको छु तर हामी गाउँले भने २४ सै घण्टा विद्युत उपयोग गर्न पाएका छौं' स्थानीयवासी प्रेमबहादुर लोप्चन भन्नुहुन्छ।

> वायु र सौर्य ऊर्जाको सम्मिश्रण गरी विद्युत उत्पादन गरिएको यो देशको दोस्रो परियोजना भए पनि सरकार र समुदायको लगानीमा निर्माण गरिएको भने पहिलो ठूलो योजना हो।

काभ्रेपलाञ्चोक र सिन्धुली जिल्लाको सीमामा पर्ने जिल्लाकै विकट यस ठाउँ पहिले बस्नका लागि मानिसहरू रुचाउँदैनथे। बागमती नदीको किनारमा रहेको यस ठाउँ बालुवा र ढुङ्गाको गेग्रानले ढाकिएकाले उब्जनि नहुने र औलोको भयले गर्दा मिल्किएको यो ठाउँ अहिले सिंचाई सुविधा, सडक यातायातको पहुँच र विद्युतीकरणले स्थानीयवासीको जीवनशैली फेरिएको मात्र होइन, यस ठाउँको परिचय नै बदलिएको छ। अहिले यहाँ चार बाली खेती हुन थालेको, विद्युत् सुविधाले सूचना, सञ्चारको पहुँचको विस्तारले गाउँलेहरूको आर्थिक-सामाजिक तथा चेतना स्तरमा अभिवृद्धि भएको हो।

पहिले वनमारा र दाउराका झिंझा बालेर गुजारा गरेको स्मरण गर्दै ९७ वर्षीय दलवीर आले भन्नुहुन्छ, 'बाँची रहनुपर्ने रहेछ, आँखाले अनेक देख्न पाइयो।' जीवनमा कहिल्यै विजुली नदेखेका उहाँ अहिले घरमै प्रयोग गर्न पाउँदा अचम्भित भएको र यसले आफूलाई बाँच्ने रहर बढाएको बताउनुहुन्छ। स्थानीय गीता नि.मा.वि. का शिक्षक जगतबहादुर थोकर पनि गाउँमा विद्युत् सुविधा भएपछि गाउँका केटाकेटीहरू विद्यालय आउने क्रम बढेको र उनीहरूको शैक्षिकस्तरमा सुधार आएको बताउनुहुन्छ। आफूले २०३६ सालमा हेटौंडा जाँदा सडकमा वत्ती बलेको देख्दा त्यो उज्यालोमा बसेर पढ्न पाए हुन्थ्यो भन्ने चाहना भएको बताउँदै भन्नुहुन्छ, 'उतिबेला गाउँमा विजुली थिएन, आगो बालेर र जुनको उज्यालोमा बस्नुपर्ने बाध्यता थियो।'

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा स्थानीय निकाय र समुदायको सामूहिक प्रयासमा भोर्लेनीमा वायु र सौर्य शक्तिबाट २५ किलोवाट क्षमताको सो वायु-सौर्य

ऊर्जा मिश्रित परियोजना निर्माण गरिएको हो। केन्द्रले रु ८९ लाख, जि.वि.स. ले रु पाँच लाख र गाविसले दुई लाख तथा समुदायबाट रु ३० लाख बराबरको नगद र श्रमदान गरी कूल रु एक करोड २५ लाखको लागतमा सो परियोजना सम्पन्न भएको छ।

गत जेठ १५ गतेबाट विद्युत उत्पादन सुरु भएपनि २०७२ पुस २१ गते जनसङ्ख्या तथा वातावरण मन्त्री विश्वेन्द्र पासवानले औपचारिक उद्‌घाटन गर्नुभएको थियो। सो अवसरमा मन्त्री पासवानले मुलुकले ऊर्जा सङ्कटको समस्या भोगिरहेको बेला स्थानीय स्तरमा उपलब्ध ऊर्जाका स्रोतहरूको उपयोग गरी जनतालाई ऊर्जामा आत्मनिर्भर गराउन यस्ता वैकल्पिक ऊर्जा प्रविधिको विकास र विस्तारमा लाग्नुपर्ने खाँचो औंल्याउनुभयो। उहाँले अध्यारोबाट उज्यालोतर्फ लैजान सकिए मात्रै नयाँ र सम्बृद्ध नेपाल निर्माण गर्न सकिने भएकाले वर्तमान सरकारले थोपाथोपा इन्धनको बचत र वैकल्पिक ऊर्जाको प्रवर्द्धनलाई उच्च प्राथमिकता दिएको उल्लेख गर्नुभयो।

पाँच किलोवाट क्षमताका दुईवटा पङ्खाबाट १० किलोवाट र १५ किलोवाटको सौर्य ऊर्जाको मिश्रित प्रणालीबाट उत्पादित विद्युत् यहाँका १३१ घरपरिवारमा वितरण गरिएको छ। हाल बत्ती बाल्नका लागि मात्र उपयोग गरिएकामा अब सौर्य प्रणालीलाई पनि जोडेपछि गाउँलेहरूले अन्य विद्युतीय उपकरण सञ्चालन गर्न सक्ने केन्द्रका प्राविधिक अधिकृत प्रकास अर्याल बताउनुहुन्छ।

परियोजनाबाट उत्पादित विद्युत्‌लाई १७ हजार एम्पिएर आवरको व्याट्रीमा सङ्कलन गरी ३० केभीको ट्रान्सफरमरमार्फत थ्रीफेजको लाइनबाट घरघरमा वितरण गरिएको छ। देशका अधिकांश डाँडामा मात्र नभएर गहिरा खोंचहरूमा पनि प्रशस्त हावा चल्ने स्थानहरू रहेकाले वायु ऊर्जाको सम्भावना रहेको बताउँदै अर्याल भन्नुहुन्छ, 'केन्द्रीय प्रशारण पुर्‍याउन नसकिने दुर्गम स्थानमा यस्ता प्रविधिहरूको विस्तार गरी ऊर्जाको पहुँच पुर्‍याउन सकिन्छ'। देशमा जारी ऊर्जा संकट समाधानका लागि नेपालमा वायु ऊर्जा एक भरपर्दो विकल्प बन्न सक्दछ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका इन्जिनियर प्रकाश अर्यालले नेपालमा वायु ऊर्जाबाट तीन हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिने सम्भावना रहेको बताउनुहुन्छ। खासगरी नेपालका पहाडी जिल्लाहरूमा वायु ऊर्जाबाट विद्युत् उत्पादन गर्न सकिने व्यापक सम्भावना रहेको उहाँको भनाइ थियो। नेपालमा पाँच सयभन्दा बढी गा.वि.स. मा वायु ऊर्जाको सम्भावना रहेको एक अध्ययनले देखाएपनि हालसम्म यस प्रविधिले खासै प्राथमिकता पाउन सकेको छैन।

यस परियोजनाको सफलताको आधारमा देशका अन्य सम्भाव्य स्थानमा सौर्य वायु मिश्रित प्रणाली निर्माण गर्न सकिने र तत्कालै अछाम, सुर्खेत, सिन्धुलीमा स्थापना गर्न कार्य थालनी भइसकेको केन्द्रका कार्यकारी निर्देशक रामप्रसाद धिताल बताउनुहुन्छ। गाउँ नजिकै प्राधिकरणको केन्द्रीय लाइन समेत पुगेको र सो स्थानमा हावाको उच्च चाप रहेकाले थप विद्युत् उत्पादन गरी वरपरका गाउँमा पनि वितरण गर्ने र बढी भएको केन्द्रीय लाइनमा जोड्न सकिने सम्भावना रहेको उहाँको कथन छ। केन्द्रीय प्रशारणको लाइन गाउँनजिकै आए पनि विद्युत्‌को उपयोगबाट बञ्चित रहेका भोलैनी वासी आफूलाई प्रकृतिले मात्र होइन, राज्यले पनि ठगेको अनुभव गर्दथे। गाउँमा सक्नेले साना क्षमताका सोलार राखेर घर उज्यालो बनाएपनि अधिकांशको गुजारा टुकी बालेर नै हुँदै आएको थियो। रातको समयमा प्रशस्त हावा चल्ने भएकाले टुकीबाट गाउँमा वर्षेनी आगलागीका घटना हुने गरेको गोरखबादुर केसी बताउनुहुन्छ।

गाउँमा विजुली आएपछि राति अबेरसम्म घरधन्दा गर्न सजिलो भएको अनुभव सुनाउँदै स्थानीय धनकुमारी तिमिल्सिना भन्नुहन्छ, 'अहिले विजुली आएपछि त स्वर्गै पुगेजस्तो भएको छ। घरमा टेलिभिजन हेरेर देश विदेशको समाचार देख्न पाइएको छ।' मोवाइल चार्ज गर्न पहिले पल्लो गाउँमा जानुपर्ने समस्या पनि टरेको बताउँदै उहाँ कञ्चनपुरमा रहेका छोराबुहारीसँग मोवाइलबाट कुरा गर्न पाउँदा धेरै खुशी लागेको छ' उहाँ भन्नुहुन्छ।

समुदायले नै अपनत्व गरी परियोजनाको दिगो सञ्चालनका लागि गाउँलेहरूले मासिक रु ५०० महसुल निर्धारण गरेको सो परियोजनाका अध्यक्ष पद्‌मबहादुर घलानले जानकारी दिनुभयो। उहाँले छिटै सौर्य प्रणाली बाट पनि उत्पादित विद्युत्‌लाई गाउँका अन्य घरधुरीमा पनि विस्तार गरी देशकै नमुना गाउँको रुपमा विकास गर्न लागिएको बताउनुभयो। गाउँलेहरूले यसपटकको तिहारमा देउसी भैलो खेलेर सङ्कलन गरेको करिब डेढ लाख रुपैयाँबाट विद्युत् गृह निर्माण थालेका छन्। टर्बाइन, विद्युत्‌गृह र सौर्य प्रणाली राख्न करिब पाँच कट्ठा जमिन पनि निःशुल्क उपलब्ध गराउनुभएको छ।

वायु र सौर्य ऊर्जाको सम्मिश्रण गरी विद्युत उत्पादन गरिएको यो देशको दोस्रो परियोजना भएपनि सरकार र समुदायको लगानीमा निर्माण गरिएको भने पहिलो ठूलो योजना हो। यसअघि नवलपरासीको धैवाडी गाउँ विकास समितिमा पनि हावा र सौर्य ऊर्जाबाट विद्युत् उत्पादन गरिएको थियो। एसियाली विकास बैंकको सहयोगमा धौबादी गा.वि.स. का रुद्रपुर गाउँका ६० घरपरिवारले बिजुली बाल्न पाएका हुन्। धैवादीलाई नवीकरणीय ऊर्जाको क्षेत्रमा नमुना गाउँ बनाउने उद्देश्यका साथ निर्माण गरिएको सो आयोजनामा ५ किलोवाट क्षमताका वाइन्ड टर्बाइनहरू तथा २ किलोवाटका सोलार ड्रायर र वायोग्यास प्रणाली जडान गरेर ४३ दशमलव ६ किलोवाट क्षमताको बिद्युत् उत्पादन गरिएको छ। विद्युत् सुविधा उपलब्ध भएपछि अब सो गाउँका बासिन्दा इन्धनका लागि दाउरा रोज्न जङ्गल र मट्टीतेल किन्न बजार धाउनुपर्ने अवस्थाको नरहेको बताउँछन्। गाउँमा रहेको विद्यालयमा अध्ययन गर्ने छात्रछात्राले कम्प्युटर चलाउन पाएका छन् भने टेलिफोन, टेलिभिजन हेर्न पनि पाएका छन्। सो प्रविधिलाई दिगो रुपमा सञ्चालन गर्न स्थानीय समुदायले सहकारी संस्था स्थापना गरेका छन् र सोही सहकारी संस्थाले नै प्रविधिमा देखिने समस्या समाधान, मर्मत, बिजुली महसुल उठाउने गरेको छ। ●

---

*लेखक वरिष्ठ पत्रकार एवं पत्रकारिताका अध्यापक हुनुहुन्छ र ऊर्जा विषयमा विशेष दखल राख्नुहुन्छ।*

# भूकम्पीय विपद्, विद्यालय र बालबालिका



मीनाक्षी दाहाल

विद्यालय भन्नेवित्तिकै हामी सबै संरचनागत पद्धतिलाई बुझ्दछौं । नियमित पठनपाठन, अनुशासन र रुटिन हाम्रो मानसपटलमा आउँछ । जुन स्वाभाविक हो । हामीले देखेको, पढेको र बुझेको विद्यालय यही नै हो । तर महाभूकम्पका कारण अहिले हजारौं विद्यालयका भौतिक संरचना भत्किएका छन् । जसका कारण हामी सबैको दैनिकी, दिनचर्या, रुटिन बिग्रिएको छ । मनमा भयत्रास र वियोगका भावना र एक प्रकारको पीडाको अनुभूति भइरहेको छ । कति प्रत्यक्ष प्रभावित छौं भने कति अप्रत्यक्षरुपमा प्रभावित भएका छौं । महाभूकम्पको त्रास, त्रिपालको वास, सबै कुरा गुमाएको अवस्थामा विद्यालय सञ्चालन गर्नु एक कठिन काम हो । परिवारका सबै सदस्यहरू भयभित र तनावग्रस्त छन् । बालबालिकाको अवस्था अझ गम्भीर र असामान्य बन्न पुगेको यस्तो समयमा भने जति सक्दो छिटो विद्यालय खोल्नु उचित हुन्छ ।

> बालबालिकाले अनौपचारिक रुपमा पनि सिकिरहेका हुन्छन् । आफूलाई लागेका भावनाहरू प्रस्तुत गर्ने वातावरणबाट सिकाइका साथै नकारात्मक मनोसामाजिक असरहरू क्रमशः घट्दै जान्छन् ।

### विद्यार्थीको तनाव व्यवस्थापन:

सामान्य अवस्थामा त बालबालिकालाई विशेष हेरविचार र वातावरण आवश्यक पर्दछ भने झन् विषम र असहज परिस्थितिमा त अझ संयमित र संवेदनशील भएर बालबालिकासँग कार्य गर्नुपर्ने हुन्छ । यस्तो समयमा बालबालिकामा मानसिक तनाव तथा डर, त्रास रहिरहेको हुन्छ । २०७२ को भूकम्पमा बालबालिकाहरू यस्ता दर्दनाक घटनाको प्रत्यक्षदर्शी भएका छन् । अभिभावक तथा अन्य वयस्कले गरेका कुराहरू सुनेर तथा आफ्नै परिवारका सदस्यहरू गुमाएको अनुभव उनीहरूसँग हुन्छ । मृत्यु के हो भन्ने बुझ्दै नबुझ्ने बालबालिका पनि आज भूकम्प गयो भने मरिन्छ भन्ने त्रास बोकेर बसेका हुन्छन् । यस्तो त्रास र तनावका असरहरूलाई तुरुन्तै सम्बोधन गर्न सकिएन भने यसको प्रभाव लामो समयसम्म रहिरहन्छ । तसर्थ यस्ता प्राकृतिक प्रकोप तथा विपद आउँदा बालबालिकालाई विशेष सहयोगको आवश्यक्ता पर्दछ ।

खेल, चित्रकला तथा विविध क्रियाकलापहरू बालबालिकामा भएको तनाव, त्रास र मनोसामाजिक असरलाई न्यूनीकरण तथा निराकरण गर्ने प्रभावकारी माध्यमहुन् । मनोविज्ञहरू

# टहरामै छन् विद्यार्थी, विजोग छ पढाइ !

गोरखा नगरपालिका, फिनामस्थित सरस्वती उच्च माविलाई पक्की भवन बनाइदिन गुड नेवर इन्टरनेसनल नेपालले सन् २०१५ डिसेम्बर १५ मा शिक्षा विभागसँग सम्झौता गऱ्यो । भूकम्पले भत्किएको भवन बन्ने आशमा विद्यालय परिवार खुसी भयो । तर, त्यो लामो समय टिकेन । सम्झौताको आठ महिना नाघिसक्दा संस्थाले भवन त परै जाओस्, एउटा ईँटासम्म जोडेको छैन । 'सम्झौता भएपछि संस्थाका मान्छे कहाँ गए ? थाहा छैन, छिटो होला भनेको अझै सुरु भा'छैन,' विद्यालय व्यवस्थापन समिति अध्यक्ष दिनेश गुरुङले भने, 'टहरामै पढाइरहेका छौं ।' त्यही मितिमा सम्झौता भएको आरुआर्बाङ गाविसस्थित अलैछे माविको पनि उही हालत छ । भवन निर्माण सुरु नभएपछि शिक्षक टेकराज भट्ट आश्वासन बाँडेर फर्किएका संस्थाका मान्छे र कार्यालय खोज्दै सदरमुकाम आइपुगेका छन् । 'स्कुल बनाइदिन्छु भनेका थिए, अहिलेसम्म कोही फर्केर आएनन्,' उनले भने, 'के भएको हो बुझ्न सदरमुकाम आएको छु ।' सेभ द चिल्ड्रेन नामक संस्थाले ताकुकोट गाविसस्थित अन्तर्ज्योति उच्च मावि भवन बनाउन सम्झौता गरेको पाँच महिना भयो । अहिलेसम्म सुरसारै छैन । 'भवन बनाउने ठाउँको माटो जाँच गर्न आउँछु भनेर फोन आएको थियो, सात दिन भयो अहिलेसम्म आएका छैनन,' विद्यालयका प्राचार्य रणबहादुर बरामले भने, 'निर्माण सुरु नै गरेका छैनन्, कहिलेसम्म अस्थायी भवनमै पढाउनुपर्ने हो, थाहा छैन ।'

आइएनएफ नामक संस्थाले गोरखा सदरमुकामभित्रै जेठ पहिलो साता विद्यालयको होस्टेल भवन बनाइदिने सम्झौता गरेको थियो । विन्ध्यवासिनी उच्च मावि, महेन्द्रज्योति उच्च माविमा अहिलेसम्म काम सुरु भएको छैन । यी विद्यालय सदरमुकामभित्रका हुन् बर्खाका वेलासमेत सवारी साधन सहजै पुग्ने, ढुवानी सजिलो हुने ठाउँमा पनि अनेकौं बहानावाजी बनाउँदै एनजिओले काम टारिरहेका छन् । यी त केही उदाहरण मात्र हुन् । जिल्लामा भूकम्पले भत्किएका विद्यालयका स्थायी भवन बनाउने जिम्मा लिएका अधिकांश एनजिओ-आइएनजिओले काम थालेका छैनन् । निर्माण थालिएका केही योजना अलपत्र छन् भने अधिकांश सुरु नै भएका छैनन् ।

सन् २०१५ अक्टोबर ७ मा एनजिओले शिक्षा विभागसँग सम्झौता गरी काम अघि बढाउने भनिएको केरौंजा माविको १२ कोठे भवन तयार हुन सकेको छैन । मनास्लु फाउन्डेसनले विद्यालय निर्माण सुरु गरे पनि दुई महिनादेखि काम ठप्प छ । 'कामै ढिला सुरु गरे, अहिले ढुवानीको समस्या देखाउँदै काम रोकेका छन्, खै मंसिरसम्म निर्माण सकिन्छ कि ?,' प्रधानाध्यापक सुन्दर खनालले भने । विद्यार्थीलाई टहरामा राखेर पढाइरहेको उनले जानकारी दिए ।

तातोपानी प्राथमिक विद्यालय, उहियाको भवन निर्माण पनि अलपत्र छ । १० महिनाअघि सम्झौता भएका भवन बर्खाअगावै बनाइसक्ने योजना रहे पनि संस्थाले ढिलाइ गरेको प्रधानाध्यापक सञ्जिता घलेले बताइन् ।

भूकम्पमा भत्किएका अधिकांश विद्यालय निर्माणको जिम्मा लिएर सम्पर्कविहीन भएका संघसंस्थालाई शिक्षा कार्यालयले तत्काल सम्पर्कमा आउन र अहिलेसम्मको कार्यविवरण बुझाउन निर्देशन दिएको जिशिअ दीपेन्द्र सुवेदीले जानकारी दिए । 'निर्माण सम्पन्न भएर कुनै पनि स्कुल हामीलाई हस्तान्तरण भइसकेका छैनन्, केही विद्यालय भवन निर्माण चरणमा छन्,' उनले भने, 'सबैले कामै गरेका छैनन् भन्न मिल्दैन, काम नगर्नेलाई अहिलेसम्मको प्रगतिसहित कार्यालयमा बुझाउन पत्राचार सुरु गरेका छौं ।' केही संस्थाले भने बर्खाका कारण काम गर्न नसकेको बताउँदै आएका छन् । जिल्लामा युनिसेफ, वर्ल्ड भिजन, पिपुल इन निड, वर्ल्ड भिजन एड्भोकेसी फोरमलगायत आइएनजिओ र २० भन्दा बढी एनजिओले विद्यालय संरचना बनाउने जिम्मा लिएका छन् ।

जिल्ला शिक्षा कार्यालयका इन्जिनियर बाबुराम देवकोटाका अनुसार स्कुलका ३ सय ५२ कक्षाकोठा मर्मत गर्नुपर्ने स्थिति छ । २ हजार ९ सुरक्षित कक्षा-कोठा रहे पनि २ हजार ६ सय ३६ कक्षाकोठा थप आवश्यक छ । अहिलेसम्म जिल्लामा ५३ वटा विद्यालयको निर्माण कार्य सकिएको छ । १ हजार ४३ कक्षा-कोठा निर्माणाधीन छन् । यीमध्ये २८ विद्यालय जाइका, ३५ वटा जिल्ला शिक्षा कार्यालय, १० वटा भारतीय दूतावास र बाँकी एनजिओ-आइएनजिओले बनाउने सम्झौता छ । 'अधिकांश संघसंस्थाले कार्तिक-मंसिर महिनामा सम्झौता गरेका थिए,' इन्जिनियर देवकोटाले भने, 'तर, कामको गति सन्तोषजनक छैन ।' जिल्लाका २ सय ५३ विद्यालयमा शौचालयसम्म छैन । शौचालय नभएका अधिकांश विद्यालयमा एनजिओ-आइएनजिओले निर्माण गरिदिने आश्वासन दिएका छन् । त्यस्तै जिल्लाका १ सय ५३ विद्यालयमा मात्र खानेपानी सुविधा छ, २ सय ९१ विद्यालय त्यसबाट वञ्चित छन् । २ सय ४० विद्यालयमा तारबार छैन । २४ वटा विद्यालय भवनमा मात्र तारबार छ ।

विद्यालय भवन मर्मत तथा स्थायी संरचना निर्माणको जिम्मा लिएका संघसंस्थाले बर्खाका कारण काम गर्न नसकिएको जनाएका छन्न् । सेभ द चिल्ड्रेन गोरखाका प्रमुख विनय अमात्यले भने, 'हामी भवन बनाउने ठाउँको माटो जाँच्दैछौं, हाम्रो समय तालिकाअनुसारै काम अगाडि बढाउँछौं ।' जिल्ला शिक्षा कार्यालयसँग सल्लाह भइरहेको बताउँदै उनले धेरै कुरा खोल्न चाहेनन् ।

*(नरहरि सापकोटा, गोरखा, स्रोत: नागरिक दैनिक, १३ भदौ, २०७३*
*http://www.nagariknews.com/news/4550)*

भन्छन् अभिभावक तथा शिक्षकहरूमा नै बालबालिकाको मनोसामाजिक असर हटाउने प्रमुख जिम्वेवारी हुन्छ। तसर्थ यस्तो असामान्य परिस्थितिलाई क्रमशः सामान्यीकरण गर्न विद्यालयले प्रमुख भूमिका खेल्नु पर्दछ।

बालबालिकाले अनौपचारिक रुपमा पनि सिकीरहेका हुन्छन्। आफूलाई लागेका भावनाहरू प्रस्तुत गर्ने वातावरणबाट सिकाइका साथै नकारात्मक मनोसामाजिक असरहरू क्रमशः घट्दै जान्छ। भूकम्पपछिको घटनापछि बालबालिका सँग थुप्रै जिज्ञासा छन्। उनीहरूको जिज्ञासालाई सुनिदिने र झर्को नमानी त्यसको सही उत्तर दिनु पर्दछ। बालबालिकालाई अनौपचारिक रुपमा गीत, कथा खेल र विभिन्न क्रियाकलापको माध्यमबाट डर त्रास हटाइ क्रमश : विद्यालय शिक्षण सिकाइको नियमितताको लागि तयार गर्नु पर्दछ। यो कार्य शिक्षकहरूबाट मात्र सम्भव हुन्छ। शिक्षकहरूले यस्ता कार्यमा नेतृत्व लिनु पर्दछ।

### सिकाइमा नयाँपन र प्रभावकारिताः

बालबालिकाहरू हरेक समय सिक्न तयार हुन्छन् र सिकिरहेका पनि हुन्छन्। उनीहरूको यो स्वस्फूर्त सिकाइलाई विस्तारै विषयवस्तु केन्द्रित गरी पाठ्यक्रमसँग समन्वय गर्न सकिन्छ। बालबालिकाहरू आफूहरू सुरक्षित छौं भन्ने कुराको निश्चित नगरी अन्य क्रियाकलापमा संलग्न हुन सक्दैनन्। तसर्थ पहिलो कार्य भनेको बालबालिकालाई खेल तथा क्रियाकलापको माध्यमबाट सुरक्षित महसुस गराउनु हो। विगतमा घटेको घटनाका बारेमा सहजरुपले कुरा गर्दै बालबालिबालाई यस विषय र घटनामा अभ्यस्त गराउनु पर्दछ। घटना घटेको समयमा उनीहरू कहाँ थिए सोधी, अब फेरि त्यस्तै घटना भएमा के गर्ने भन्ने कुराको तयारीबारे छलफल गर्नाले बालबालिकालाई भविष्यमा फेरि त्यस्तै घटना घटेमा पूर्व तयारीको लागि सचेत हुन मद्धत पुग्दछ। साथै उनीहरूलाई जिम्मेवारी दिई पूर्व तयारीको योजना बनाउनाले बालबालिकाको आत्मविश्वास बढ्दै जान्छ। उनीहरूले व्यक्त गर्ने भावना र क्रियाकलापहरूबाट पनि यो कुरा सहजै बुझ्न सकिन्छ।

यसका लागि बालबालिकालाई समूहमा राखी विभिन्न विधिको प्रयोग गरी योजना तयार गर्न सकिन्छ। तर बालबालिकालाई यसरी सहभागी गराउँदा दुईवटा कुरामा ध्यान दिनु पर्दछ। पहिलो, बालबालिकाको मनोसामाजिक अवस्था। कतै उनीहरू डर, त्रास र आफन्तको वियोगको पीडामा पो छन् कि ? दोस्रो, उनीहरूको रुचि। बालबालिकाले आफूलाई कसरी प्रस्तुत गर्न चाहन्छन् त्यो उनीहरूको रुचिमा निर्भर गर्दछ। त्यसैले बोलेर, लेखेर वा अन्य कुनै सामग्री वा विधिको प्रयोग गरेर बालबालिकालाई अनीहरूको मनभित्र रहेको डर, त्रास वा अनुभवलाई प्रस्तुत गर्ने वातावरण तयार गर्नुपर्दछ।

बालबालिकाको अनुभव सुनेर त्यसैलाई नै शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्दै विषयको ठोस ज्ञान दिन सकिन्छ। यसबाट बालबालिकामा सकारात्मक भावना आउने, मानसिक असर हट्दै जाने हुन्छ। साथै बालबालिकाको पढाइलाई निरन्तरता र नियमित गर्न मद्धत पुग्दछ।

### विपद्पश्चात् तुरुन्तै विद्यालय खोल्नु राम्रोः

विद्यालय संचालन गर्ने नगर्ने द्विविधा र संरचनागत औपचारिक कक्षा तथा पठनपाठन विधिका सोचबाट प्रकोपपश्चात अलिकति बाहिर निस्की अनौपचारिक क्रियाकलापमा आधारित सिकाइ विधि अवलम्बन गर्न सकिएमा बाल आवश्यकतालाई सम्बोधन गर्न सकिन्छ। भौतिक संरचना नभएको अवस्थामा बालबालिका भएका स्थानमा गई लचिलो समय, स्थान र बहुकक्षा शिक्षण विधिको प्रयोगले बालबालिका समस्या केही हद सम्म समाधान हुनेछन्।

बालमनोविज्ञहरू भन्छन्, 'बालबालिकालाई लामो समय सम्म घटनाको साक्षीबनाइ राख्नहुदैन। जति सक्दो छिटो उनीहरूको दैनिकीमा सामान्यीकरण गर्दै लैजानु पर्दछ।' अतः विद्यालय यसको लागि सबैभन्दा महत्वपूर्ण स्थान हो। जहाँ अभिभावकहरूले शिक्षकहरूलाई विश्वास गरी असहज परिस्थितिमा पनि सहयोग दिन र लिन सक्दछन्। ●

*लेखिका बालबालिका सवालकी अध्येता हुनुहुन्छ र हाल काठमाडौं विश्वविद्यालयबाट विद्यावारिधि गर्दै हुनुहुन्छ।*


**नेपान सदस्यहरू**

**डा. विष्णुराज उप्रेती, डा. चण्डी प्र. चापागाईं, डा. कमल फुयाल, डा. नरविक्रम थापा, डा. नानीराम सुवेदी, डा. कृष्णबाबु जोशी, बुद्धि तामाङ, प्रज्ज्वल चापागाईं, एविन्द्र प्र. न्यौपानेका पुस्तकहरू खोजी खोजी पढौं ।**

# भूकम्पपछिको पुनर्निर्माण कार्य : कछुवाको गतिमा कहिलेसम्म ?



सीता भण्डारी कँडेल

२०७२ वैशाख १२ र २९ गतेका विनाशकारी भूकम्पले तहसनहस बनेका लाखौं घरगोठहरू र अनेक सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माण गर्ने कार्यले अहिलेसम्म पनि राम्रोसँग गति लिन सकेको छैन । यो गति बिल्कुल 'कछुवाकै गतिजस्तो' भयो भनेर देशभर चर्चा गर्ने गरिएको छ । स्वयम् निवर्तमान प्रधानमन्त्री केपी ओलीले समेत पदमै रहेका बखत सम्वन्धित जिम्मेवारहरूसँग यो कुराको गुनासो गरेका थिए । निर्माण कार्यमा भएको अति ढिलाइले चित्त दुःखेको कुरा मिडियालाई त्यतिबेला बताएका थिए । गुनासो सर्वत्र छ, तर सुन्ने काम ?

महाभूकम्प र त्यसबाट उत्पन्न कम्पन-पराकम्पनहरूको त्रासले सताइरहँदा प्रायःजसो मानिसहरूमा धैर्य, त्याग, परित्याग, समझदारी, सहानुभूति र आपसी सहयोगको भावना उत्पन्न हुँदै गएको थियो, तर जति-जति भूकम्पको झड्काहरूको त्रास कम हुँदै गयो उति-उति उनै मानिसमा फेरि उही स्वार्थीपन, लुटाहा प्रवृति देखावटी चाला झन् बढ्न थालेको छ । यो लेखमा मैले ती ढिलासुस्तीका विविध आयाम खोतल्ने प्रयास गरेकी छु । साथै अन्त्यमा केही 'तदारुकता'का उपाय पनि उल्लेख गरेकी छु ।

> हामीले भूकम्प पीडितका सवालमा समयमै काम गर्न सकेनौं भने समयले सराप्नेछ ।

### दुःखी र पीडित आशैआशमा !

भूकम्पको विपत्तिले सताएको करिब डेढबर्ष बितिसक्दा पनि भत्किएका घरगोठ र अन्य सामाजिक तथा सांस्कृतिक संरचनाहरूको पुनर्निर्माण अझै हुन सकेको छैन । हामीले भूकम्प पीडितका सवालमा समयमै काम गर्न सकेनौं भने समयले सराप्नेछ । भूकम्प पीडितहरूलाई पोहोर सालकै वर्षायाममा उचित थान्को लगाउनुपर्ने थियो । तर चुहिएकै घरमा धेरै परिवार महिनौं बिताउन बाध्य भए । सबैलाई राम्रो व्यवस्थापन मिलाउनु पर्छ भनेर भाषण सुनाउँदै हिँडे पनि अहिले (२०७३) को वर्षायामसम्ममा पनि जनताहरू उही पीडादायी दिन गुजारिरहेका छन् ।

राहत सङ्कलन र सहयोगको ओइरो लाग्दा पनि व्यवस्थित तरिकाले दुःखी र पीडितहरूको हातमा सहयोग प्राप्त हुन सकेको छैन । नीतिनियमहरू बन्न नसक्दा आवश्यकता परेकाहरूले

केही पनि आर्थिक सहायता प्राप्त गर्न सकेका छैनन्, तर जसलाई आवश्यक नै परेको छैन उनीहरूले भने सोर्सफोर्स, चाकरी र चाप्लुसीको भरमा अथाह सम्पत्ति लुटिरहेका समाचारहरू प्रशस्त सुन्नमा आएका छन् । यसको मुख्य कारण राजनीतिक दाउपेच नै हो । पुनर्निर्माण प्राधिकरणमा कसलाई प्रमुख छान्ने भन्ने कामले नै करिब ६ महिना लगाएको थियो । यसको मूल कारण कुन दलको मान्छे त्यहाँ पुऱ्याउने भन्ने नै थियो ।

भूकम्पले बढी क्षति पुगेका जिल्लाहरूमा पनि पुनर्निर्माण र पुनर्स्थापनको कामले गति लिन सकेको छैन । यस्ता समाचारहरू दैनिकरुपमा निकै नै आउने गरेका छन् । बढी क्षति पुगेका जिल्लामध्ये दोलखा पनि अग्रपंक्तिकै जिल्ला हो । यस जिल्लाबाट आएको चित्त दुख्ने खबर मैले यस लेखमा उदाहरणको रुपमा तल (बाकसमा) राखेकी छु । यो त प्रतिनिधि समाचारमात्र हो । हरेक जिल्लाबाट यस्ता समाचारहरू राष्ट्रिय सञ्चार माध्यमहरूमा ओइरिइरहेका छन् । तर यसतर्फ कसको ध्यान जाने ? स्थानीय तहका गैरसरकारी संस्थाहरू पनि त्यत्ति सक्रिय बन्न सकेनन् । उनीहरूले जुन तहमा सरकारलाई घच्घच्याउने र सहयोग गर्ने गर्नुपर्थ्यो, त्यो हुन सकेन । अधिकारका लागि वकालत गर्ने संस्थाहरू पनि यो कार्यमा चुकेकै हुन् । पीडितका लागि वकालत गर्ने संस्थाहरू भूकम्पपश्चात् त्यत्ति सक्रिय हुन किन सकेनन् यो अझ पनि खोजीकै विषय बनेको छ ।

### १६ गाविसमा अझै अवरोध

दोलखाका १६ गाविसका जनताले अझै भूकम्पपीडित अनुदान सम्झौतामा हस्ताक्षेर गर्न पाएका छैनन् । राजनीतिक दलहरूको अवरोधले उक्त गाविसहरूमा सम्झौताका काम नै सुरु हुन सकिरहेको छैन । भीमेश्वर नगरपालिकामा पनि राजनीतिक दलहरूकै अवरोधले सम्झौता कार्य अघि बढ्न सकेको छैन । जिल्लास्थित राजनीनिक दलहरूले सम्झौता रोकिनुमा आफूहरू जिम्मेवार नभएको दावी गर्छन् ।

### दोलखामै सबैभन्दा बढी गुनासो

भूकम्पप्रभावित जिल्लाहरूमध्ये सबैभन्दा बढी गुनासो फारम पनि दोलखामै भरिएका छन् । करिब ५२ हजार लाभग्राहीको सूची सार्वजनिक हुनेबित्तिकै विरोध सुरु भएको दोलखामा पुनर्निर्माणसम्बन्धी कार्यले कहिल्यै स्वस्थ ढंगले कार्य गर्न सकेनन् । लाभग्राही सूचीबाट नाम छुटेको भन्दै करिब १७ हजार गुनासो भरिएका छन् जुन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अनुसार सबैभन्दा बढी संख्या हो । उपक्षेत्रीस्तरको तुलनामा रामेछापमा १३ हजार र ओखलढुङ्गामा ६ हजारले गुनासो फारम भरेका छन् ।

### गाविस सचिवहरू अरु नै काममा व्यस्त

सुरुमा पुनर्निर्माण कार्य गर्न जनशक्तिको अभाव भएको दुःखेसो गर्ने स्थानीय निकाय अहिले प्रतिगाविस कम्तीमा ९ जना कर्मचारी भएर कामलाई तदारुकता दिन सकेको छैन । गाविसतहमा सचिवलाई प्रमुख

## दोलखाको पुनर्निर्माण कछुवाको गतिमा

सबैभन्दा अगाडि पुनर्निर्माण अभियान थालेको दोलखा कार्यप्रगतिमा भने सबैभन्दा पछि पर्दैछ । भूकम्पपीडितको तथ्याङ्क संकलनदेखि आवास निर्माणको अनुदान वितरण कार्य प्रभावित जिल्लाहरूमध्ये सबैभन्दा पहिले दोलखाबाट सुरु भएको थियो । राज्यले प्रमुख प्राथमिकतामा राखेको जिल्ला नै सबैभन्दा पछाडि परेपछि भूकम्पपीडितहरू सास्तीपूर्वक जीवनयापन गरिरहेका छन् । चरिकोटस्थित राष्ट्रिय पुनर्निर्माण प्राधिकरण उपक्षेत्रीय कार्यालयको कार्यक्षेत्रमा पर्ने दोलखा, रामेछाप र ओखलढुङ्गा जिल्लामध्ये सबैभन्दा निरासाजनक प्रगति दोलखामा भएको देखिन्छ । कार्यगति अघि बढ्न नसक्नुमा विभिन्न निकायहरू एकले अर्कालाई दोष दिएर पन्छिन खोजिरेहका छन् । प्रशासनिक संयन्त्र राजनीतिक दलको अवरोधले कार्यमा बाधा परेको दोष दिन्छन् । दलहरू भने प्रशासनिक संयन्त्रले भूकम्पपीडितको पक्षमा काम गर्न राज्यले चासो नदेखाएको आरोप लगाउछन् ।

भूकम्पप्रभावित जिल्लाहरूमध्ये दोलखामा इन्जिनियरहरू खटाएर सबैभन्दा पहिले नमूना परियोजनाको रुपमा पीडितको तथ्याङ्क संकलन सुरु गरेको थियो । दलहरूको पटकपटकको अवरोधले तथ्याङ्क संकलन कार्य पनि धेरै जिल्लाहरू भन्दा पछाडि सम्पन्न भएको थियो । पीडितका लागि घर बनाउन अनुदान दिन पनि प्रभावित जिल्लाहरूमध्ये सबैभन्दा पहिले २०७२ सालको फागुन अन्तिम साताबाट सुरु गरिएको थियो । कार्य सुरु भएको चार महिना बित्दा बल्ल २२ हजार पीडितले सम्झौता गरेका छन् । जबकि त्यसको २ महिनापछि सुरु गरेको रामेछाप र ओखलढुङ्गा जिल्लामा भने भूकम्पपीडितसँगको सम्झौता कार्य लगभग सम्पन्न भैसकेको छ । चरिकोटस्थित पुनर्निर्माण प्राधिकरण उपक्षेत्रीय कार्यालयका अनुसार ४४ हजारमध्ये करिब ४१ हजारले अनुदान सम्झौता गरिसकेका छन् । ओखलढुङ्गामा २० हजारमध्ये १८ हजारले सम्झौता गरिसकेका छन् । दोलखामा ५२ हजारमध्ये आधाले पनि सम्झौता गर्न सकेका छैनन् ।

जिम्मेवार बनाइए पनि उनीहरू अरु नै कार्यमा अल्झिरहेको देखिन्छ । सचिवहरूको मातहतमा सरकारले ३ जना प्राविधिक पठाएको महिनौं भैसकेको छ । उनीहरू काम नपाएर बसिरहेका छन् । जनशक्ति अभावलाई परिपूर्ति गर्न युएनओपिएसले प्रत्येक गाविसमा थप ३ जना कर्मचारी पठाएको छ । उनीहरू पनि ठोस काममा लागिनसकेको बताउँछन् । गाविसमा पहिले बन्दोबस्त भएका गरी कम्तीमा ९ जना कर्मचारीहरू सचिवको कृयाशीलतासँग निर्भर छन् तर पनि पनुर्निर्माण कार्य सुस्त छ । (अनलाइन खबर, साउन ९, २०७३)

### मनकामनामा मन दुख्यो !

केही दिनअगाडि आफ्नै निजी कामको सिलसिलामा यो पंक्तिकार गोरखा जिल्लाको मनकामना क्षेत्रमा पुग्दा विविध कुराकानीकै सन्दर्भमा त्यहाँका बासिन्दाहरूसँग केही सोधपुछ पनि गरिएको थियो । । भूकम्प पीडितहरूका धेरै गुनासा थिए । उनीहरूले एकदमै निराशा व्यक्त गरेका थिए । सरकार बनाउने र गिराउने खेलमा मात्र नेताहरू लागेकोमा उनीहरूको आक्रोश थियो । जनताको बेवास्ता गर्दै आफू कसरी कुर्सीमा पुग्ने भन्ने ध्याउन्नमा लागेकैले यहाँ कुनै पनि विकास निर्माणका काम अघि बढ्न नसकेको उनीहरूको गुनासो थियो ।

त्यहाँ चर्केका र भत्केका घरहरू उस्तै नै थिए । घर पुनर्निर्माण र बस्ती पुनःस्थापनका लागि सरकारबाट प्राप्त हुने भनेको सहुलियतको २ लाख रुपैयाँको पहिलो किस्ता पनि अहिलेसम्म कसैले प्राप्त नगरेको र यस्तै हो भने पाउने आशा पनि मरिसकेको कुरा एक जना ७० वर्ष मगर वृद्धले भावुक हुँदै सुनाएका थिए । पीडितहरूको आँखामा पीडाका तस्विर प्रस्ट झल्किन्थे । सक्ने र हुनेखानेहरूले त अझै दुई-चार तला पनि माथिमाथि चुल्याउँदै थिए र जो सरकारी भाषणयुक्त राहतको पर्खाइमा थिए तिनीहरूको आशा कहिले विपनामा परिणत हुने हो अझै अनिश्चित छ ।

### ढिलासुस्तीको रोग र अनियमितता !

हरेक विकास क्रियाकलाप र निर्माणका कार्यतालिकाहरूमा किन ढिलासुस्ती मात्र हुन्छ नेपालमा ? भूकम्पले क्षतिग्रस्त क्षेत्रमा मात्र नभएर बाटोघाटो, पुल, ढल, खानेपानी, विद्युतगृह आदि सबैको निर्माणमा पनि त्यत्तिकै ढिलासुस्ती देखिन्छ । हरेक वर्ष एकातिर बाटो बन्दै हुन्छ, अर्कोतिर भत्किएर खाल्डाखुल्डीमात्र देखिन थाल्छ । बल्ल बल्ल पिच भएका बाटाघाटा पनि दुई महिना नबित्दै भत्किएर झनै कुरुप देखिन्छन् । विकास निर्माणका लागि छुट्याएको बजेटमा कतिजनाको गिद्धे नजर परेको हुन्छ । त्यही बजेट कुम्ल्याएर आफ्नो मात्र भरणपोषण गर्ने मनसायमा पल्किएका सीमित व्यक्तिहरूको जमातले गर्दा ने केही काम अगाडि बढ्न पाउँदैन यो देशमा । ढिलासुस्तीको रोगलाई मलजल गर्ने तिनै हुन् । राहत र उद्धारमा समेत घोटाला भएको पनि सुनियो । अब पुनर्निर्माणका काममा झन कति भ्रष्टाचार हुने हो त्यो हेर्दै जानुछ । यसका लागि स्थानीय जनता नै चनाखो हुनुपर्छ ।

### निष्कर्ष र तदारुकताका केही उपायहरू

जनताका पीडा अथाह छन् । समयमा सेवा पुग्न सकेको छैन । वास्तवमा भन्ने हो भने निस्वार्थ र केही समाजसेवा गरौं भन्ने भावना भएका बुद्धिजीवीवर्गको यहाँ एकदमै अभाव छ । बुद्धि भएका विद्वानहरूले पनि यहाँ बसेर काम गर्ने अवसर पाउन मुस्किल छ । माथिदेखि तलसम्मका प्रायःजसो नेता र कार्यकर्ताहरू आफ्नै लागि 'कुम्ल्याउने' दाउ खोजिरहेका हुन्छन् । सहभागिताको मर्म यहाँ मरेको छ । जनताको सहभागितामा काम हुने भने पनि पछिल्लो समयमा ठेक्कापट्टा र कमिशनखोरीले देश बिग्रेको छ । ठेकेदारबाट ५० प्रतिशतसम्म कमिशन झ्वाम पार्न पाइन्छ भने यहाँ कसले खोज्छ जनसहभागितामा सम्पन्न गर्ने कामको झमेला ? यहाँ कसले खोज्छ स्थानीय परामर्श र सहकार्य ? बाटोघाटो निर्माणको काममा होस् या विपद् पीडितक्षेत्रमा राहत वितरणमा होस् धेरै रकम बीचमै गायब पारेर थोरै मात्र देखाउनको लागि केही गरेजस्तो गर्नेहरूको जमातले गर्दा नेपालका प्रायः कामहरू कछुवा गतिमा अघि बढेका छन् । पीडित जनतामा थप निराशा बढेको बढ्यै छ । 'जुन जोगी आए पनि कानै चिरेको' भन्ने उखानले नेपाललाई कहिल्यै नछोड्ने भो ! भूकम्पको 'भौतिक कम्पन' घटे पनि 'मानसिक कम्पन' झन् बढ्दो छ । कस्तो दुःख लाग्दो कुरा ! समाधानतर्फ सबैको ध्यान समयमै जाओस् !

यस सन्दर्भमा तत्काल गर्नैपर्ने केही काम यहाँ राख्न चाहन्छु :

क) भूकम्प पीडितका सवालमा राजनीतिक प्रतिस्पर्धा हुन दिनु हुँदैन, राजनीतिक पक्ष र प्रतिशोधले विपद् व्यवस्थापन कहिल्यै पनि हुन सक्दैन ।

ख) घर बनाउनका लागि किस्ता किस्तामा सरकारले दिने भनेको सहयोगको पहिलो किस्ता तत्काल उपलब्ध गराउनु पर्छ ।

ग) स्थानीय गैरसरकारी संस्थाले यस कार्यमा सक्रियता देखाउनु पर्छ र सहयोग पनि गर्नुपर्छ ।

घ) टोल टोलका नागरिक समाज मिलेर यो कामको नियमित अनुगमन तथा निगरानी गर्नुपर्दछ । नक्कली पीडित कोही देखापरेमा खबरदारी पनि गर्नुपर्छ । नक्कली पीडित रोक्नुपर्ने यस्तै स्थानीय समूह र समितिले हो । अरु कसैले पनि रोक्न सक्दैन ।

ङ) पुनर्निर्माण कार्यमा अनियमितता गर्नेलाई कडा कार्वाही हुने व्यवस्था गर्नुपर्छ । ●

*लेखिका राष्ट्रिय विकास केन्द्र, नयाँबानेश्वरसँग आबद्ध हुनुहुन्छ*
*E-mail: sitakandel2051@gmail.com*

# नेपानको २१ औं कार्यका

## १) उत्तम उप्रेती (अध्यक्ष)



नेपानका आजीवन सदस्य श्री उप्रेती यस संस्थाका बर्तमान अध्यक्ष हुनुहुन्छ । यो कार्यकालअघि दुई पटक नेपान कार्य समिति सदस्य भई योगदान गर्नुभएका उप्रेतीले नेपानका विभिन्न उप-समितिहरूमा रही सक्रिय रुपमा योगदान पुऱ्याउँदै आउनुभएको छ। हाल गभर्नेन्स फेसिलिटी नामक परियोजनामा अनुगमन/मूल्याङ्कन, ज्ञान व्यवस्थापन तथा सञ्चार विशेषज्ञ का रपमा कार्यरत उहाँसँग २५ वर्ष नागरिक समाजका संस्थाहरूको क्षमता अभिवृद्धिसम्बन्धी अनुभव छ। यसै सन्दर्भमा नेपाललगायत दक्षिण र दक्षिण पूर्व एसिया र अफ्रिकाका गैरसरकारी तथा सरकारी कर्मचारीहरूलाई परियोजना चक्र व्यवस्थापनका विविध चरणसंग सम्बन्धित तालिमहरू पनि उहाँले प्रदान गर्नुभएको छ। त्रि.वि.वि. बाट तथ्याङ्क शास्त्रमा एम.एस्.सी. तथा समाजशास्त्र/मानवशास्त्रमा एम.ए. अध्ययन गर्नुभएका उप्रती हाल काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययनमा विद्यावारिधि गरिरहनु भएको छ।

## २) श्री ब्रह्मध्वज गुरुङ्ग (पदेन सदस्य, पूर्व अध्यक्ष)



नेपानमा सन् १९९६ देखि आबद्ध श्री गुरुङ्ग यस संस्थाको आजीवन सदस्य हुनहुन्छ। उहाँले विभिन्न समयमा नेपानको कार्यसमितिमा रही तीन कार्यकाल पूरा गरिसक्नु भएको छ र कार्य समितिमा नरहँदा पनि नेपानका विभिन्न उप-समितिहरूमा रही यस संस्थामा योगदान पुयाउँदै आउनुभएको थियो। हाल रुपान्तरण नेपालको प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत श्री गुरुङ्ग पाखीवास कृषि केन्द्र, धनकुटा, र नेपाल स्वीस सामदायिक वनमा परियोजनामा कृषि अनुसन्धान तथा विकास, कृषि क्षेत्रको दिगो विकास, सामुदायिक वन, जलवायु परिवर्तन, सामाजिक परिचालन, सुशासन तथा संस्थागत विकास, जीविकोपार्जन सुधार, ग्रामीण विकास, योजना तर्जुमा तथा अनुगमन, परियोजना व्यवस्थापन आदि विषयमा ३० वर्षभन्दा बढीको अनुभव बटुल्नु भएको छ। कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुरबाट बी. एस्सी. एग्रिकल्चर गर्नु भएका श्री गुरुङ्ग सन् १९८७ मा युनिभर्सिटी अफ ईष्ट एङ्गलिया, बेलायतबाट एग्रिकल्चरल रिसर्च एण्ड डेभ्लपमेन्टमा एम. एस्सी. गर्नुभएको हो।

## ३) धर्मराज श्रेष्ठ (कोषाध्यक्ष)



नेपानका आजीवन सदस्य श्री धर्मराज श्रेष्ठ नेपानको स्थापनाकालदेखि नै नेपानसँग आवद्ध रहँदै आउनु भएको छ र उहाँले सन् २००७ मा पनि नेपानको कोषाध्यक्षको जिम्मेवारी सम्हालिसक्नु भएको हो। उहाँले सरकारी र राष्ट्रिय र अन्तर ाष्ट्रिय गैरसरकारी संघसंस्थाहरूमा ३० वर्षभन्दा धेरै काम गरेको अनुभव छ। सन् २००७ देखि सन् २०१२ सम्म उहाँले केन्द्रीय बाल कल्याण समितिको सचिवको पद सम्हालेर काम गर्ने मौकासमेत पाइसक्नु भएको छ। श्री श्रेष्ठले एक्सन एड र सेभ द चिल्ड्रेन नर्वेलगायत संघसंस्थाहरूको व्यवस्थापकीय तहमा रहेर काम गरिसक्नुभएको छ। त्यसैगरी उहाँले हेल्भेटस, इकोहिमाल, सीएलपीएन, रीड, दलित कल्याण संघ, सस्टेनेवल लाइभ्लीहूड फोरम, प्राक्टिकल एक्सन लगमयतका करिव १ दर्जन संस्थाहरूमा स्वतन्त्र परामर्शदाताको रुपमा पनि काम गर्नुभएको छ।

## ४) श्री भ्कविन्द्र भण्डारी (सदस्य)



सन् १९९८ देखि नै नेपानको सदस्य हुनुभएका श्री भण्डारी विगतमा नेपानको संयोजक पनि हुनुहुन्थ्यो। विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी २० वर्षका कार्यानुभव भएका उहाँले DFID, JHPIEGO/USAID, UNDP,UNAIDS, UNFPA, WFP, CARE बाट सन्चालित स्वास्थ्य र सामाजिक विकास परियोजनाहरूमा काम गरिसक्नुभएको छ। साथै Save the Children, World Vision, UNICEF, UNESCO, IOM, Stop TB Partnership/UNOPS, Plan International, UNAIDS TSF Malaysia, ILO Regional Office, Bangkok मा परामर्शदाताको रुपमा काम गर्नु भएको छ। नेपानका आजीवन सदस्य श्री भण्डारी जनस्वास्थ्य विषयमा विद्यावारिधि गर्दै हुनुहुन्छ।

## ५) श्री नन्दलाल माझी (सदस्य)



सुनसरी जिल्ला, दुहवी, भालुवा नगरपालिका-१० मा स्थायी घर भएका श्री माझी हाल काठमाडौं सिनामंगलमा बस्दै आउनु भएको छ। श्री माझीले समाजशास्त्रमा स्नात्तकोतर गर्नु भएको छ। उहाँले २५ वर्षदेखि सामुदायिक विकास, कृषि तथा वन, सामुदायिक वन, युवाक्लब परिचालन, महिला समूह परिचालन, स्वरोजगार आदि क्षेत्रमा काम गरेको लामो अनुभव बटुल्नुभएको छ। उहाँ सन् २००२ देखि हालसम्म विश्व शिक्षामा काम गर्दै आउनु भएको छ।

## ६) श्री रणबहादुर रम्तेल (सदस्य)



श्री रम्तेल सन् २००९ देखि नेपानसँग आवद्ध हुनुहुन्छ। हुम्ला जिल्ला निवासी श्री रम्तेल विकास, पत्रकारिता र अनुसन्धान लगायत दलित तथा मानवअधिकार र सामाजिक समावेशीकरणको क्षेत्रमा लामो समयदेखि संलग्न हुनुहुन्छ। त्रिभुवन विश्वविद्यालयबाट शिक्षाशास्त्रमा स्नातकोत्तर गर्नु भएका उहाँ दुई दशकभन्दा बढी समयदेखि दलित अधिकारका मुद्धामा सक्रिय हुनुहुन्छ। साथै उहाँ नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानको कोषाध्यक्ष तथा जनउत्थान प्रतिष्ठानको उपाध्यक्षको रुपमा कार्यरत हुनुहुन्छ भने 'जनउत्थान' मासिक पत्रिकाको प्रधान सम्पादक समेत हुनुहुन्छ।

## ७) डा. नरविक्रम थापा (सदस्य)



नेपानका आजीवन सदस्य डा. नरविक्रम थापा सन् १९९६ देखि नै नेपानसँग आवद्ध हुनुहुन्छ। थापा सन् १९५८ मा सिन्धुली खुरकोटमा जन्मनु भएको हो सन् २०१२ मा त्रिभुवन विश्वविद्यालयबाट ग्रामीण विकासमा पी.एच.डी. गर्नु भएका थापा विगत ३३ वर्षदेखि सक्रियरुपमा सामाजिक कार्यकर्ता र सामाजिक अभियन्ताको रुपमा काम गर्दै आउनुभएको छ। उहाँले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थामा काम गरिसक्नु भएको छ। नेपालका ग्रामीण क्षेत्रका महिला, पुरुष, बालबालिका, दलित, जनजाति, तथा गरिब जीवनस्तर सुधार्नको लागि श्री थापाले धेरै काम गर्नु भएको छ। उहाँले सामाजिक विश्लेषणसम्बन्धी पुस्तकहरू पनि लेख्नु भएको छ। हाल उहाँ स्वतन्त्र परामर्शदाताको रुपमा काम गर्दै हुनुहुन्छ।

## ८) डा. अनोज क्षेत्री (सदस्य)

विगत २५ वर्षदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू, सरकारी तथा शैक्षिक क्षेत्रमा



जीविकोपार्जन, खाद्य सुरक्षा र कृषि क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिद्धारा नतिजामुखी परियोजना चक्र व्यवस्थापन विषयमा संलग्न श्री अनोज क्षेत्रीले नेपालबाट कृषि विषयमा स्नातक तह, बेलायतबाट कृषि सूचना व्यवस्थापन विषयमा स्नातकोत्तर तह तथा अमेरिका (Distance mode) बाट ICT in Agri Management विषयमा विद्यावारिधि हाँसिल गर्नुभएको छ। उहाँको जीविकोपार्जन ढाँचा, समावेशी आर्थिक वृद्धि, विपद् व्यवस्थापन र दिगो विकाससंग सम्बन्धित अनुभवहरूलाई प्रभावशाली तथा अन्तर्दृष्टिपूर्ण ढंगले प्रस्तुत गर्नसक्ने क्षमता रहेको छ। क्षेत्रीले नेपाल, पाकिस्तान, भारत, बेलायत तथा थाईल्याण्डमा काम गर्नुका साथसाथै एसिया, युरोप, अस्ट्रेलिया तथा अफ्रिका महादेशका विभिन्न देशहरू भ्रमण गर्नुभएको छ। हाल उहाँ South Asia School of Rural Reconstruction (SAAR)/SAAR परामर्श सेवा तथा विभिन्न परियोजना मूल्याङ्कनमा संलग्न हुनुहुन्छ।

# रिणी समितिको चिनारी

### ९) श्री चेतनाथ कणेल (सदस्य)



सन् १९९७ देखि नेपानको सदस्य रहनुभएका श्री कणेल सन् २००० देखि आजीवन सदस्य बन्नुभएको हो । सन् १९९९ डिसेम्बरदेखि सन् २००२ को अप्रिलसम्म करिब सवा दुई वर्ष उहाँले नेपानको सचिवालय संयोजक भएर पनि सेवा गर्नुभएको थियो । सदस्य भएदेखि नै उहाँले नेपानको प्रकाशन समितिमा अविच्छिन्नरुपमा र बेलाबेलामा कार्यकारिणी सदस्यको रुपमा पनि योगदान पुर्‍याउँदै आउनुभएको छ । सहभागीमूलक विकास पद्धति, गरिबमुखी ग्रामीण पर्यटन तथा सहभागीमैत्री तालिम व्यवस्थापनमा उहाँ विशेष चासो राख्नुहुन्छ र ती विषयमा अध्ययन, स्थलगत अभ्यास, लेखन तथा तालिम पनि प्रदान गर्नुहुन्छ । स्रोत व्यवस्थापन विषयमा बेलायतको एडिनबरा विश्वविद्यालयबाट तथा जनप्रशासन विषयमा त्रि.वि.वि.बाट गरी दुई विषयमा स्नातकोत्तर गर्नुभएका श्री कणेलले सन् २०१४ देखि काठमाडौं विश्वविद्यालयबाट विकास अध्ययन (विपन्नमैत्री पर्यटन नीति अनुसन्धान) विषयमा पि.एच.डी गर्दै हुनुहुन्छ । विकाससम्बन्धी उहाँका सयौं लेख तथा केही पुस्तक पनि प्रकाशित छन् । नेपाल सरकार, ओडीए/डीएफआईडी, यूएनडीपी, एक्सनएड नेपाल, एसियाली विकास बैंक आदिजस्ता विभिन्न संस्थामा गरी २५ वर्षभन्दा बढीको कार्यानुभव उहाँसँग छ । साथै अन्तर्राष्ट्रिय परामर्शदाताको रुपमा भियतनाम सरकारका लागि पनि उहाँले विशेषज्ञ सेवा प्रदान गर्नुभएको छ ।

### १०) श्री शान्तालक्ष्मी श्रेष्ठ (सदस्य)



श्री श्रेष्ठ नेपानका एक संस्थापक एवम् आजीवन सदस्य हुनुहुन्छ । उहाँले काम गर्नु भएका नेपालका विभिन्न अन्तराष्ट्रिय संस्थाहरू (Redd Barna –Nepal, Lutheran World Federation, Britain Nepal Medical Trust, World Education) को निणयक पदहरूमा कार्यरत रही सन् १९९० देखि नै सहभागितामूलक पद्धतिको अभ्यास गर्दै, वकालत गर्दै र तालिम दिदै आउनु भएको छ । नेपाल बाहिर पनि अफ्रिका महादेशको इरिटेरिया, तान्जनिया र जाम्बियामा सातबर्ष कार्यरत रहँदा र उगाण्डा, इथियोपिया, मालावी, इन्डोनेसिया आदि देशहरूमा परामशदाताको रुपमा पनि सेवा गरिसक्नुभएको छ ।काम गर्दा Participatory Approach अपनाउनुको साथै त्यस विधि र शिद्धान्तको वकालत गर्दै आउनु भएको थियो । उहाँले सन् २०१३ मा २६ फेब्रुअरी देखि १ मार्च सम्म नेपालको होटल ज्यबतत च्मनभलअथ मा भएको Evaluation for Development विषएक Evaluation Conclave 2013 मा सहभागि भई Participatory Approach खास त मूल्याँकन र परिवर्तनको शिद्धान्त (Theory of Change) मा थप ज्ञान र शिप हासिल गर्नुभएको थियो । त्यस ऋयलअविखभ बाट प्राप्त सिकाईलाई उपयोग र फलाउने र फुलाउने अपेक्षाका साथ २०१५ मा नेपानको कार्यसमितिमा आउनु भएको छ ।

उहाँ "बियोण्ड बेजिङ्ग कमिटि" नामक राष्ट्रिय सञ्जाललाई अध्यक्षको हैसियतले सहजीकरण (सन् २०१४ देखि) गर्दै आउनुभएको छ । उहाँ काठमाडौं विश्वविद्यालय स्कूल अफ एजुकेशनको विद्यावारिधिको विद्यार्थी पनि हुनुहुन्छ ।

### ११) श्री अनिरुद्धनाथ शुक्ल (सदस्य)



स्न १९९६ देखि नेपानको सदस्य रहनु भएका श्री शुक्ल सन् २००० देखि नेपानको आजीवन सदस्य हुनुहुन्छ । हाल वहाँ दोस्रो पटक नेपानको कार्य समिति सदस्य हुनुहुन्छ । उहाँले बी.एस्सी. कृषि भारतबाट तथा समाजशास्त्र मा स्नातकोत्तर त्रि.वि.वि बाट गर्नु भएको छ । वहाँ मौरी पालन विषयमा International Course on Bee-keeping and Extension-Israel बाट गर्नुभएको छ । वि.स. २०४० सालमा सरकारी सेवामा प्रवेश गरी कृषि विभाग अर्न्तगत व्यवसायिक कीट विज्ञान आयोजना खोपासीमा सहायक व्यावसायिक कीट विज्ञ (तृतीय श्रेणी अधिकृत) भई सेवा शुरु गरी क्रमश: मौरी पालन तालिम तथा प्रसार सेवा आयोजना क्ल्ब्ल्भउर्वा द्वारा संचालित उचयवभअत मा सहायक मौरी विज्ञ रही काम गरि सक्नु भएका श्री शुक्ल इसिमोड मौरीपालन प्रोजेक्टमा मौरी विशेषज्ञ/मौरी प्रसारकर्ता भई १५ वर्ष काम गर्नुभएको अनुभव छ । इसिमोडपछि बहुराष्ट्रिय कम्पनी डाबरको समेत उहाँमा अनुभव छ । हाल उहाँ मौरीपालन विषयका स्वतन्त्र परामर्शदाता हुनुहुन्छ । भुटान, बंगलादेश, भारत, अफगानिस्तान, पाकिस्तान आदि देशहरूमा प्रमुख मौरी प्रशिक्षक भई उहाँले विभिन्न प्रशिक्षणहरू प्रदान गर्नुभएको छ । मौरीपालन क्षेत्रमा उहाँसंग ३२ बर्षको अनुभव छ । लुम्बिनी एपिकल्चर सेन्टरका संचालक एंव कार्यक्रम निर्देशक श्री शुक्ल नेपालका एक वरिष्ठ मौरी विशेषज्ञ हुनुहुन्छ ।

### १२) श्री मीनाक्षी दाहाल (सदस्य)



प्रारम्भिक बाल विकास र शिक्षा क्षेत्रमा विगत १५ वर्षदेखि कार्यरत श्री मीनाक्षी दाहालले त्रिभुवन विश्वविद्यालयबाट प्राणीशास्त्रमा स्नातकोत्तर र काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेशनबाट विकास अध्ययनमा एमफिल गर्नुभएको छ । उहाँ संयुक्त राज्य अमेरिका स्थित संस्था Association for Childhood Education International (ACEI) मार्फत् बाल अधिकारको Advocacy b"t (Ambassador) का रुपमा पनि कार्यरत हुनुहुन्छ । श्री दाहाल विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरूमा परामर्शदाता तथा अनुसन्धान कार्यमा सक्रिय, यसअघि पनि नेपानमा कार्यकारी सदस्यका रुपमा काम गरिसक्नु भएको छ । उहाँ नेपानको आजीवन सदस्य हुनुहुन्छ । हाल काठमाडौं विश्वविद्यालय स्कूल अफ एजुकेशनबाट विकास अध्ययनमा विद्यावारिधि (PhD) गर्दै हुनुहुन्छ । उहाँका अनुसन्धानसम्बन्धी विभिन्न लेख रचनाहरू पुस्तक तथा पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन्

### १३) श्री गोविन्दराज पौड्याल (सदस्य)



श्री पौडयालले यस अघिपनि नेपानमा कार्यकारी सदस्यका रुपमा काम गरिसक्नु भएको छ। नेपानका आजीवन सदस्यसंग ८ वर्ष ऋत्भ्ल,त्दत्द मा क्भलप्यच त्यवप्लभच का रुपमा काम गरिसक्नु भएको अनुभव छ । १२ वर्षदेखि हालसम्म वहाँले World Vision International Nepal df capacity building Manager का रुपमा कार्यरत हुनुहुन्छ । रामपुर कृषि क्याम्पसबाट कृषिमा स्नातक गरी फिलिपिन्सको युनिभर्सिटी अफ लस ब्यानसबाट २००१ मा कृषि शिक्षा विषयमा स्नाकोत्तर गर्नुभएको छ ।

### १४) श्री फटिक थापा (पदेन सचिव), कार्यकारी निर्देशक



सन् २००१ देखि नै नेपानसँग आवद्ध हुनुभएका गुल्मी निवासी श्री फटिक थापा जुलाई २३,२००८ देखि नेपान सचिवालयमा संयोजक र गत: सेप्टेम्बर १०, २०११ देखि कार्यकारी निर्देशकको पद सम्हाल्दै आउनु भएको छ । पूर्वाञ्चल विश्वविद्यालयबाट Regional Development Planning and Development विषयमा स्नाकोत्तर गर्नुभएका श्री थापा गुल्मी जिल्लाबाट सन् १९९९ मा जनप्रतिनिधिसभामा प्रतिनिधित्व समेत गर्नुभएको थियो । सामाजिक विज्ञानको क्षेत्रमा रुचि राख्ने श्री थापाले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी तथा सम्मेलनमा भाग लिइसक्नु भएको छ । उहाँले संयुक्त राज्य अमेरिका, स्वीडेन, बेलायत, फ्रान्स, जर्मनी, बेल्जियम, नेदरल्याण्ड, कम्बोडिया, फिलिपिन्स, भारत, चीन लगायतका देशहरूको भ्रमण समेत गर्नुभएको छ ।

# भूकम्प, ज्येष्ठ नागरिक र 'नेपाल भूकम्प पुनर्लाभ परियोजना (नर्प)'



चन्द्रबहादुर सर्तुंगे

२०७२ वैशाख १२ को भूकम्प साँच्चिकै सम्पूर्ण नेपाली तथा अन्तर्राष्ट्रिय समुदायको लागि समेत एउटा बिसर्न नसकिने दिन थियो। लाखौं नेपालीको जीवन तहसनहस भएको अवस्थामा ज्येष्ठ नागरिक तथा तिनका परिवारको अवस्था अझ कल्पनाबाहिर रहेको थियो। संकटासन्न समुदायका रूपमा रहेका ज्येष्ठ नागरिक हरेक प्रकारका विपद् तथा तिनको जोखिमबाट प्रत्यक्ष प्रभावित हुने गर्छन्। वास्तवमा बालबालिका र ज्येष्ठ नागरिकहरूलाई प्रकोप र विपद्हरूले बढी सताउने गर्छन्।

राष्ट्रिय जनगणना २०६८ का अनुसार नेपालको जनसङ्ख्याको करिब ८ दशमलव १ प्रतिशत जनसङ्ख्या ज्येष्ठ नागरिकको रहेको छ। हेल्पएज इन्टरनेसनल नेपालद्वारा प्रकाशित तथ्याङ्कअनुसार २०७२ वैशाख १२ र २९ गतेका भूकम्पबाट भएको मानवीय क्षतिको करिब २८ प्रतिशत मृत्यु ज्येष्ठ नागरिकको भएको थियो। सो प्रलयकारी भूकम्प र त्यसपछिका सयौं पराकम्पनहरूबाट हालसम्म करिब ८० लाख मानिस प्रभावित हुनुका साथै ८ हजार ८ सय ९१ जनाले ज्यान गुमाएका छन्। जसमा २२ हजार ३ सय २ जना घाइते हुन पुगे। ६० वर्ष माथिका लगभग ४ लाख ६० हजार ज्येष्ठ नागरिक र १ लाख ५ हजार ६ सय देखि १ लाख ९५ हजार ९ सय ६० जना अपाङ्गता भएका व्यक्तिहरू भूकम्पद्वारा प्रत्यक्ष प्रभावित भएको बताइन्छ।

उमेरसँगै शारीरिक परिवर्तनमा आएको कमजोरीका कारणले ज्येष्ठ नागरिकहरू विपद्जन्य घटनाबाट बढी प्रभावित भएको देखिन्छ। भूकम्पमा मानवीय क्षति र घाइतेहरूको सङ्ख्यालाई यकिन गर्दा ज्येष्ठ नागरिकहरू बढी सङ्कटासन्न अवस्थामा रहेको कुरा प्रष्टै हुन आउँछ। यसका विविध कारण रहेका छन्। जस्तो कि, उनीहरूको शारिरीक अवस्था कमजोर हुनु, स्वास्थ्यमा समस्या आउनु, विपद्को अवस्थामा तत्काल उद्धार हुन नसक्नु आदि।

जतिसुकै प्रकोप र विपद्बाट थिचिए पनि हरेक नागरिकलाई पुनर्लाभ र पुनःउत्थानको मोह हुन्छ। विगतको पाठबाट सिकेर अझ अघि बढ्ने अभिलाशा हुन्छ। सबै उमेरका व्यक्तिमा यो चाहना लुकेको हुन्छ।

> हेल्पएज इन्टरनेसनल नेपालले भूकम्पबाट भएको मानवीय क्षतिलाई न्यूनीकरण गर्ने उद्धेश्यका साथ विभिन्न साझेदार संस्थाहरूसँ मिली नेपाल भूकम्प पुनर्लाभ परियोजना (Nepal Earthquake Recovery Project- "NERP") सञ्चालनमा ल्याएको छ। हेल्पएजले नेपानलगायत नेपालका विभिन्न गैरसरकारी संस्थाहरू (विशेषतः नेटवर्क तथा फेडेरेसनहरू) सँग साझेदारी गरी यो परियोजना कार्यान्वयनमा ल्याएको हो।




विशेषत: ज्येष्ठ नागरिकहरूले 'मसँग मलाई चाहिने स्रोत छ, सम्भव भएको उच्चस्तरीय स्वास्थ्य र गुणस्तरीय जीवनयापन गर्न म सक्षम छु, म सुरक्षित छु, स्वतन्त्र छु, विभेदमुक्त छु र दुर्व्यवहारमुक्त छु, अनि मेरो आवाज जहिले पनि सम्वन्धित ठाउँमा सुनुवाइ हुन्छ' भन्न सक्ने अवस्थाका लागि चाहना राखी काम गर्दछन् । आपत्कालीन अवस्थामा हरेक नागरिकले खोज तथा प्रतिकार्य कार्यमा समावेशिताका आधारमा प्राथमिकता पाउनु मानव अधिकारको भावनाभित्र पर्न आउँछ। त्यसैले, यस्तो आपतकालीन स्थितिमा उपलब्ध हरेक मानवीय सहायतामा ज्येष्ठ नागरिक, ज्येष्ठ एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचलाई निष्पक्ष र जवाफदेही ढंगले सुनिश्चित गर्नुपर्छ ।

## के हो 'नेपाल भूकम्प पुनर्लाभ परियोजना (नर्प)' ?

ज्येष्ठ नागरिकको क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको हेल्पएज इन्टरनेसनल नेपालले भूकम्पबाट भएको मानवीय क्षतिलाई न्यूनीकरण गर्ने उद्धेश्यका साथ विभिन्न साझेदार संस्थाहरूसँग मिली नेपाल भूकम्प पुनर्लाभ परियोजना (Nepal Earthquake Recovery Project- "NERP") सञ्चालनमा ल्याएको छ। हेल्पएजले नेपालमा विभिन्न गैरसरकारी संस्थाहरू (विशेषत: नेटवर्क तथा फेडेरेसनहरू) सँग साझेदारी गरी यो परियोजना कार्यान्वयनमा ल्याएको हो । नेपाल सहभागीमूलक कार्य समूह (नेपान) ले पनि यस नर्प परियाजनाको साझेदार रही काठमाडौं जिल्लामा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी पाएको हुँदा यस लेखमा त्यसका बारेमा सङ्क्षिप्तमा जानकारी गराउने हाम्रो अभीष्ट हो ।

## परियोजनाको कार्यक्षेत्र:

नर्प परियोजना मुख्यतया: काठमाडौं जिल्लाअन्तर्गतका तारकेश्वर नगरपालिका वडा नम्बर ९, १०, ११, १२, १३, १४ र १५ (साविकका गोलढुंगा र धर्मस्थली गाविसहरू) तथा चन्द्रागिरी नगरपालिका वडा नम्बर ५, ६, ७, १३, र १४ (साविकका थानकोट र मच्छेगाउँ गाविसहरू) मा रहनुभएका ज्येष्ठ नागरिक तथा उहाँहरूका परिवारलाई लक्ष्यित गरी सञ्चालित कार्यक्रम हो ।

## परियोजना अवधि:

यो परियोजना २०१६ को फ्रेबुअरी १ देखि २०१७ को जनवरी ३१ सम्म अर्थात् जम्मा १ वर्षको हुनेछ ।

## परियोजनाको उद्धेश्य:

वैशाख १२, २०७२ सालको नेपाल भूकम्पबाट प्रभावित ज्येष्ठ नागरिकहरूको संकटासन्नता तथा क्षमता पहिचान गरी मर्यादित, सुरक्षित, सक्रिय तथा स्वस्थ जीवनयापनको लागि सक्षम बनाउनु यस परियोजनाको मुख्य उद्धेश्य हो । ज्येष्ठ नागरिक समन्वय समिति तथा गाविस नगरपालिकास्तरीय ज्येष्ठ नागरिक उपसमूहको गठन तथा परिचालन गरिने छ । यसका लागि निर्देशिका पनि तयार पारिएको छ । उल्लेखित उद्धेश्य परिपूर्ति गर्ने विषयगत क्षेत्रहरूमा परियोजना अन्त्यसम्ममा हासिल गर्नुपर्ने अपेक्षित उपलब्धिहरू पनि तोकेर नर्प परियोजना अगाडि बढाइएको छ ।

### परियोजनाबाट सञ्चालित कार्यक्रमहरू:

मुख्यत: ४ प्रकारका कार्यक्रमहरू यस परियोजनाबाट सञ्चालित छन् । ती हुन् : १) जीविकोपार्जन, २) विपद् जोखिम न्यूनीकरण, ३) स्वास्थ्य, र ४) समावेशी र संरक्षण । यी चार प्रकारकै कार्यक्रमबारे यहाँ छोटकरीमा चर्चा गरिन्छ ।

### १) जीविकोपार्जन कार्यक्रम

यसअन्तर्गत खासगरी भूकम्प २०७२ र त्यसपश्चात् ज्येष्ठ नागरिकहरूको जीविकोपार्जनका गतिविधिहरूलाई पुन: स्थापना गर्नका लागि र बुढ्यौली उमेरमा आफूलाई आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था गर्न उमेरमैत्री व्यवसाय सञ्चालन गर्नको लागि सहजीकरण गर्ने आवश्यक प्रकियाहरू सुरु गरिएको छ । ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई महसुस गरी विभिन्न आयआर्जनका तालिमहरू पनि सञ्चालन गरिएको छ। त्यसैगरी प्रत्येक ज्येष्ठ नागरिक समूहको बचत रकमलाई बृद्धि गर्नका लागि बिउ पुंजीका रूपमा एकमुष्ट अनुदान रकम पनि प्रदान गर्ने व्यवस्था छ। ज्येष्ठ नागरिक समूहले सञ्चालन गरेको बचत समूहको रकमलाई नियमित तथा पारदर्शी तरिकाले सञ्चालन गर्नको लागि लेखा व्यवस्थापनसम्वन्धी तालिमको आयोजना गरी ज्येष्ठ नागरिकमा रहेको ज्ञानलाई पुनर्ताजगी गरिएको छ ।

### २) विपद् जोखिम न्यूनीकरण कार्यक्रम

यस नर्प परियोजनाअन्तर्गत विपद् र विपद्जन्य घटनालाई न्यूनीकरणको लागि स्थानीयस्तरमा समूह निर्माण तथा सचेतनाका विभिन्न कार्यक्रम बनाउनुका साथै तत्क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ। त्यसैगरी, मानवीय सहायता तथा राहत वितरण कार्यक्रममा ज्येष्ठ नागरिकलाई प्राथमिता दिनुका साथै स्थानीय विपद् व्यवस्थापन समितिलाई सङ्कटासन्नता तथा क्षमता विश्लेषणसम्बन्धी तालिम प्रदान योजना रहेको छ। कुनै विपद्बाट तत्काल राहत तथा सुरक्षित हुनका लागि ज्येष्ठ नागरिक घुम्ती राहत कोष स्थापना गरिएको छ। साथै ज्येष्ठ नागरिक समूह तथा स्थानिय विपद् व्यवस्थापन समूहका सदस्यहरूलाई प्राथमिक उपचारसम्बन्धी तालिम प्रदान गर्ने कार्यक्रम पनि छ।

### ३) स्वास्थ्य कार्यक्रम

ज्येष्ठ नागरिकहरू सामान्यतया दीर्घ प्रकृतिका रोगहरूका कारणले आफ्नो दैनिकी चलाउन अप्ठ्यारो भइरहेको हुन्छ। उमेरमा आएको परिवर्तन तथा शारीरिक कमजोरीका कारणले तथा कहिलेकाहीं पारिवारिक समस्याले गर्दा उनीहरूमा विविध समस्याहरू सिर्जना भएका हुन्छन्। आँखाको दृष्टि कम हुनु, कानको सुन्ने शक्ति कमजोर हुनु, हिँड्डुल गर्न नसक्नु, हाडजोर्नी दुख्नु, दीर्घ प्रकृतिका रोग लाग्नु आदि समस्याहरू ज्येष्ठ नागरिकमा देखिने प्रमुख समस्याहरू हुन्। भूकम्पपछि ज्येष्ठ नागरिकहरूमा मानसिक समस्या बढ्दै गएको छ र त्यसको लागि मनोसामाजिक परामर्शको आवश्यक देखिन्छ।

यस परियोजनाले ज्येष्ठ नागरिकको बुढ्यौली उमेरमा आवश्यक पर्ने पोषण तथा स्वास्थ्यको बारेमा सचेतनाका कार्यक्रम परियोजना सञ्चालित चारै ठाउँमा सञ्चालन गर्नुका साथै सन्तुलित र पौष्टिक भोजनको बारेमा ज्येष्ठ नागरिकलाई जानकारी गराइएको छ। स्थानीयस्तरमा कार्यरत सामुदायिक स्वयमसेवकहरूलाई परिचालन गरी सम्भावित रोगको पहिचान गरी आवश्यक उपचारका लागि सम्बन्धित ठाउँमा सिफारिस गर्ने गरिएको छ। त्यसैगरी, स्थानीय सरकारी निकायलाई सशक्तिकरण गर्दै ज्येष्ठ नागरिकको सवाललाई मूल योजना तथा विकास प्रकियामा समावेश गर्ने योजनाअनुरूप स्थानीय स्वास्थ्यचौकीरूलाई केही सामग्री प्रदान गर्ने तयारी गरिएको छ। निःशुल्क आँखा तथा स्वास्थ्य शिविरमार्फत् स्वास्थ्य सेवा प्रदान गर्ने यस कार्यक्रमले उक्त शिविरबाट पहिचान भएका मोतियाविन्दुको सफल शल्यक्रियाको लागि नेपाल आँखा अस्पतालसँग सहकार्य गरी उनीहरूलाई पनि निःशुल्क सेवा प्रदान भइरहेको छ। अब बाँकी समयमा यस परियोजनाले पुनः निशुल्क स्वास्थ्य सेवा प्रदान गरी अघिल्लो कार्यक्रममा छुटेका ज्येष्ठ नागरिक बुबा–आमाहरूलाई समेट्ने योजना रहेको छ।

### ४) समावेशी र संरक्षण कार्यक्रम

विशेषगरी ज्येष्ठ नागरिकका हक तथा अधिकारलाई वकालत/पैरवी गर्नका लागि र विद्यमान कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीयदेखि केन्द्रीय निकायसम्म सहकार्य गरेर ज्येष्ठ नागरिकमैत्री समाजको निर्माण गर्न सकिन्छ। यसका लागि स्थानीयदेखि जिल्लास्तरसम्म समूह तथा सङगठन निर्माण गर्नुपर्ने भएकोले जिल्लास्तरीय समन्वय समितिको निर्माण गरिएको छ। यस समिति स्थानीयस्तरमा उठेका ज्येष्ठ नागरिकका सवाललाई जिल्लास्तरमा उठाउने तथा अधिकार प्राप्तिका लागि योजना बनाई कार्यक्रम गर्ने योजना रहेको छ। यस समन्वय समितिको क्षमता अभिवृद्धि गर्ने र योजना बनाई अघि बढ्ने कार्यप्रक्रियामा अभ्यस्त बनाउने यस कार्यक्रमको मूल अभिप्राय हो।

## निष्कर्ष :

समग्रमा भन्नुपर्दा नर्पअन्तर्गत् यी चारवटा विषयक्षेत्रले ज्येष्ठ नागरिकको जीवनलाई सम्मानित, मर्यादित, स्वस्थ तथा सुरक्षित बनाई हरेक विपद्बाट सकेसम्म कम क्षति गराउने तथा विपद्मा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिई सेवा गर्नुपर्ने सन्देशलाई ठोस र व्यावहारिक अनुभवसहित अगाडि बढाउनमा यस परियोजनाको सिकाइ नेपालका लागि निकै उपयोगी हुनेछ। हेल्पएज नेपालको 'पायोनियर' साझेदार संस्थाको नाताले नेपाललाई पनि यसले खासप्रकारको सिकाइ प्रदान गर्नेछ। यो बृहत् अनुभवलाई सरकारी, गैरसरकारी, निजी तथा प्राज्ञिक संस्थामा लैजाने काममा नेपानको सधैं अहम् भूमिका रहनेछ। ●

*प्रस्तुतकर्ता नेपाल/नर्प परियोजनाका संयोजक हुनुहुन्छ।)*

### नेपालमा सङ्कटासन्न समुदायका लागि

# भूकम्पपश्चात्को आपत्कालीन प्रतिकार्य नगद अनुदान हस्तान्तरण

### (मूल्याङ्कन प्रतिवेदन सारांश)

प्रस्तुति : महेश शर्मा
गोपाल तामाङ

२०७२ वैशाख १२ र २९ गतेको (२५ अप्रिल र १२ मे, २०१५) विनाशकारी भूकम्पबाट प्रभावित समूहको लागि युनिसेफको सहयोगमा नेपाल सरकारले आपत्कालीन थप नगद अनुदान (टपअप क्यास ट्रान्सफर कार्यक्रम सञ्चालन गरेको थियो। भूकम्पबाट अति प्रभावित १९ जिल्लामा नेपाल सरकारको विद्यमान सामाजिक सहायता कार्यक्रमहरूको प्रत्येक लक्षित व्यक्तिलाई नियमित सहायतामा थप नगद अनुदान रु. ३ हजार प्रदान गरिएको थियो। पहिचान गरिएका ती ५ समूह हुन् :

- गैरदलित परिवारका ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकहरू र दलित परिवारका ६० वर्षभन्दा माथिका जेष्ठ नागरिकहरू
- विधवा वा एकल महिलाहरू
- ५ वर्षमुनिका दलित बालबालिकाहरू
- अपाङ्गता (पूर्ण वा आंशिक अपाङ्गता) भएका व्यक्तिहरू, र
- लोपोन्मुख समूहमा पर्ने परिवार।

> आपत्कालीन थप नगद अनुदान रकम वितरणमा केही व्यावहारिक कठिनाइ देखिएता पनि ८६ प्रतिशत उत्तरदाताहरूले यसलाई एउटा सकारात्मक पहलको रूपमा लिएको पाइयो ।

मूल्याङ्कन सर्वेक्षणका अनुसार भूकम्पबाट पीडित भई दर्ता भएका करिब ४ लाख ३४ हजार ६९० (९३ प्रतिशत) लक्षित व्यक्तिहरूले आपत्कालीन थप नगद अनुदान प्राप्त गर्ने अनुमान गरिएको थियो। सर्वेक्षणअनुसार लक्षित व्यक्तिहरू प्रत्येकले प्राप्त गरेको रु. ३ हजार आपत्कालीन नगद अनुदान रकम प्रायः अल्पकालीन आधारभूत आवश्यकताहरू जस्तैः खाना, औषधी, लत्ताकपडा तथा अन्य घरायसी अत्यावश्यक सामग्रीहरू परिपूर्ति गर्न प्रयोग गरिएको थियो।

नेपानद्वारा गरिएको यस *आपत्कालीन थप नगद अनुदान कार्यक्रमको उपलब्धि, वितरण प्रक्रिया एवं प्रभावकारिताको अनुगमन-मूल्याङ्कन* को तौरतरिका र प्रमुख नतिजा यहाँ संक्षेपमा राख्ने प्रयास गरिएको छ।

**अनुसन्धान पद्दति**

सन् २०१५ को सेप्टेम्बर र नोभेम्बर महिनामा यो अनुगमन अध्ययन सम्पन्न भएको थियो।

११ जिल्लाका ४४ गा.वि.स. तथा नगरपालिकाका विद्यमान सामाजिक सुरक्षा भत्ता प्राप्त

गरिरहेका व्यक्तिहरूको सूचीबाट गोला प्रथा विधिबाट ८८० जना उत्तरदाता छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको थियो ।

यस अतिरिक्त २२ वटा लक्षित समूह छलफल (फोकस ग्रुप डिस्कसन) र ४७ वटा मूलसूचक अन्तर्वार्ता (की इन्फर्म्यान्ट इन्टरभ्यू) बाट गुणात्मक तथ्याङ्क तथा सूचना सङ्कलन गरिएका थिए ।

यस अध्ययनमा मिश्रित विधि प्रयोग भएको थियो ।

### अध्ययनका प्रमुख नतिजाहरू

१. **लाभान्वित समूह उच्च आर्थिक जोखिममा रहेका र भूकम्पबाट अत्यन्तै प्रभावित भएका थिए ।**

PROGRAMME DELIVERY AND OUTCOMES

**Figure 5.** Programme coverage




७९ प्रतिशत उत्तरदाताको प्रमुख जीविकोपार्जन (निर्वाह) कृषि हो भने ३७ प्रतिशतको लागि कृषि सहायक (द्वितीय) जीविकोपार्जनको माध्यम भएको पाइयो । नेपाल विप्रेषणमा निर्भर देश हो भनिन्छ, तर यस अध्ययनमा ११ दशमलव ८ प्रतिशत उत्तरदाताले मात्रै भूकम्पपूर्व आफन्तहरूबाट केही रकम (विप्रेषण) प्राप्त गरेको देखियो । यसैगरी, भूकम्पपश्चात् ९ दशमलव ७ प्रतिशतले मात्र विप्रेषण प्राप्त गरेको देखियो, जुन राष्ट्रिय औसत दर ५६ प्रतिशतभन्दा निकै तल छ ।

अध्ययनका लागि छनोट भएका उत्तरदातामध्ये एक प्रतिशतले मात्रै आफ्नो परिवारको सदस्य गुमाएको बताए । तर यो संख्या भने ठाउँ-ठाउँ अर्थात् समुदाय-समुदायमा धेरै नै फरक छ । उदाहरणको लागि, गोरखा जिल्लाको एउटै गाउँका, अझ एकै समुदायका ७२ जनाले ज्यान गुमाएका थिए ।

सर्वेक्षणमा झन्डै-झन्डै सबै (९४ प्रतिशत ) उत्तरदाताहरूले आफ्नो घर क्षति भएको बताएका थिए, जसमा दुई-तिहाइ घरहरू पूर्णरूपमा क्षति भएका थिए । यसैगरी ४४ प्रतिशत उत्तरदाताले विनाशकारी भूकम्पका कारण आफ्नो अन्नपात, खाना पकाउने भाँडाकुँडा, फर्निचर तथा वस्तुभाउलगायत अन्य सम्पत्तिहरू क्षति भएको बताएका थिए । समग्रमा, भूकम्पबाट अध्ययन क्षेत्रमा धेरैको जनजीवन नराम्रोसँग प्रभावित भएको थियो ।

भूकम्पपछिको दुई महिनामा बढी प्रभावित जिल्लामा प्रतिपरिवार औसतमा १८८ दिन कामविहीन बन्नु परेको थियो । सम्बन्धित जिल्लाको (१९ मध्ये १० जिल्लाका) प्रतिवेदनअनुसार दर्ता भएका करिब ४ लाख ३४ हजार ६९० (९३ प्रतिशत) लक्षित व्यक्तिहरूले आपत्कालीन थप नगद अनुदान प्राप्त गर्ने अनुमान गरिएको थियो । अनुगमन सर्वेक्षणका अनुसार अध्ययनका लागि छनोट गाविस तथा नगरपालिकामा छनोट गरिएका व्यक्तिहरू ९९ प्रतिशतमध्ये प्रत्येकले रु. ३,००० बराबरको आपत्कालीन थप नगद अनुदान रकम प्राप्त गरेका थिए ।

**Figure 8.** Was the top-up a good initiative to help you and your family cope after the earthqauke?




२. **जोखिममा परेका परिवारहरूको तात्कालिक दैनिक आवश्यकता पूर्ति गर्नको लागि सहयोगस्वरूप प्रदान गरिएको आपत्कालीन थप नगद अनुदान कार्यक्रमको लक्ष्य प्राप्त भएको पाइयो ।**

अनुगमन अध्ययनको समयसम्ममा सबै ८९ दशमलव ७५ प्रतिशत लक्षित व्यक्तिहरूले आफूले प्राप्त गरेको आपत्कालीन थप नगद अनुदान रकम सबै खर्च गरिसकेका थिए । यसले पनि पुष्टि भयो कि उक्त समयमा भूकम्प पीडितहरूलाई यस्तो थप सहायता रकमको अति नै आवश्यकता थियो ।

ती परिवारहरूले भूकम्पका बेला प्राप्त सहायता रकम खाद्यान्न (८१ प्रतिशत), औषधी (४५ प्रतिशत), घरायसी सामान (३७ प्रतिशत) तथा लत्ताकपडा (३२ प्रतिशत) मा प्रयोग गरेको पाइयो । साथै युनिसेफबाट प्रदान गरिएको यो आपतकालीन थप नगद अनुदानको सबैभन्दा बढी हिस्सा पनि त्यसै अनुरूप नै खर्च गरिएको पाइयो ।

कार्यक्रमको उद्देश्य तथा लक्षित समूहको आधारभूत आवश्यकता पूरा गर्ने सन्दर्भमा उक्त थप नगद अनुदान रकम २१ प्रतिशत उत्तरदाताले पर्याप्त भएको बताएका थिए भने, ६३ प्रतिशतले अलिकति केही मात्र पर्याप्त भएको बताएका थिए । साथै, ९२ दशमलव ८ प्रतिशत उत्तरदाताले यस प्रकारको नगद अनुदान पटकपटक आवश्यक पर्ने विचार व्यक्त गरेका थिए । खर्चको स्वरुपअनुसार धेरैजसो घरायसी

आवश्यकता पूर्ति गर्नका अतिरिक्त १२ दशमलव ७ प्रतिशत व्यक्तिहरूले केही रकम विशेषगरी आफ्ना बालबच्चाको शिक्षामा पनि खर्च गरेको बताए ।

नकारात्मक रणनीतिक समस्यालाई न्यूनीकरण तथा जीविकोपार्जन उत्थानमा केही (सीमित) योगदान गरेको देखियो । जस्तै, कतिपयले अस्थायी टहरा मर्मत (१० प्रतिशत) गर्नमा त कतिपयले ऋण तिर्न (५.९ प्रतिशत) प्रयोग गरेको पाइयो । अझ कतिपयले त बचत (४.४ प्रतिशत) तथा उत्पादनमूलक क्रियाकलापहरूमा (३.१ प्रतिशत) पनि लगाएको देखियो । थोरै नै भए पनि केही घरपरिवारले यस्ता विविध प्रयोजनमा आफूले प्राप्त गरेको अनुदान रकम प्रयोग गरेका थिए ।

आपतकालीन थप नगद अनुदानसँगै *पोषण, स्वास्थ्य र सरसफाइसम्बन्धी सकारात्मक व्यवहार परिवर्तन गर्न अतिरिक्त जानकारीसहित पुस्तिका* पनि वितरण हुनुपर्ने थियो, तर समन्वयको अभावले सर्वेक्षणमा सहभागी हुनेमध्ये जम्मा ६ दशमलव ५ प्रतिशतले मात्र सो पुस्तिका पाएको जानकारी गराए । यसले गर्दा अपेक्षा गरेजति घरपरिवारमा अतिरिक्त रकमका साथमा सो सकारात्मक सूचना पुग्ने काम भने हुन सकेन ।

**३. आपतकालीन थप नगद अनुदान कार्यक्रमप्रति लाभग्राही र सरकारी अधिकारीहरूको दृष्टिकोण सकारात्मक पाइयो ।**

आपतकालीन थप नगद अनुदान रकम वितरणमा केही व्यावहारिक कठिनाइ देखिएता पनि ८६ प्रतिशत उत्तरदाताहरूले यसलाई एउटा सकारात्मक पहलको रूपमा लिएको पाइयो ।

समूहमा आधारित विभिन्न छलफलहरूमा पनि सहभागीहरूले भूकम्प आएलगत्तै प्राप्त त्यस थप अनुदान रकमले पीडितहरूमा आशाको दियो बलेको अनुभूति सुनाएका थिए । साथै सम्बन्धित जिल्लाका सरकारी अधिकारीहरूले पनि आपतका बेलामा उपलब्ध गराइएको यस्तो रकमले पीडितका आँगनमा अलिकति भए पनि खुसीको सञ्चार गराएको धारणा व्यक्त गरेका थिए ।

## कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनका चुनौतीहरू

१. यस मूल्याङ्कन अध्ययनबाट यो थाहा भयो कि- थप नगद अनुदानमा लाभान्वित वर्गको राम्रो पहुँच थियो । तथापि नगद अनुदान प्राप्त गर्न योग्य भए पनि सामाजिक भत्ता पाउनका लागि सूचीकृत नभइसकेका कारण केही व्यक्ति यसबाट वञ्चित बन्न पुगे । गाविस तथा नगरपालिकामा समयमै अभिलेखीकरण नहुनु, दुर्गम स्थानहरूमा यातायातको अभावले पनि यस्तो र कम पाउनबाट वञ्चित हुनु, बसाइँसराइ वा विस्थापित हुनु आदि कारणबाट योग्य व्यक्ति पनि सुविधाबाट टाढिन पुगेको पाइयो । साथै, गाविस तथा नगरपालिकाहरूले आफूले माँग गरेअनुसार पर्याप्त रकम निकासा नहुनुले पनि कतिपय व्यक्ति यस्ता भत्ता पाउनबाट छुटेको अवस्था छ । । अझ महत्वपूर्ण कुरा त सामाजिक सुरक्षा भत्ताको लागि वर्षमा एकपटक मंसिर १५ गते (उदा. डिसेम्बर २०१४) भित्रै नाम दर्ता (सूचीकृत तथा नवीकरण) गर्ने प्रावधान भएकोले डिसेम्बर २०१४ पछाडि नयाँ योग्य व्यक्तिहरू थप नगद अनुदान प्रदान गर्ने समयमा नाम दर्ता गर्न सक्षम भएनन् ।

अघिल्ला यस्तै अध्ययनहरूले पनि जेष्ठ नागरिक भत्ता र बाल अनुदान कार्यक्रममा पनि ८० प्रतिशत योग्य व्यक्तिहरू मात्रै समेटिएको (कभर भएको) अर्थात् २० प्रतिशत बाहिरै परेको देखाएको छ । यो एउटा चुनौती हो ।

२. सम्पूर्ण जिल्लाहरूले बजेट प्राप्त भएपछि चार महिनाभित्रै थप नगद अनुदान रकम वितरण कार्य सम्पन्न गरेका थिए । यद्यपि विभिन्न कार्यान्वयन तहहरूमा हुन गएका ढिलाइका कारण अपेक्षा गरिएअनुरुप कम समयमै तथा नगद अनुदान वितरणमा कम कार्यदक्षताका कारण वितरण प्रभावकारितामा केही कमी भएको देखिन्छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय हुँदै सम्बन्धित जिल्ला विकास समिति र गाउँ विकास समिति (जि.वि.स. र गा.वि.स.) सम्म जानकारी/सूचना र निर्देशन पुग्न समय लाग्नु, बैंकबाट रकम पठाउने प्रक्रिया पनि लामो हुनु, स्थानीय निकायका अन्य नियमित प्राथमिकताहरू तथा गाविस र जिविसको सीमित क्षमता तथा केही निश्चित दुर्गम गाविसहरूमा पुग्न नै धेरै कठिन हुनुले नै नगद अनुदान बाँड्नमा ढिलाइ भएका कारणहरू उक्त अध्ययनले देखाएको छ । यो सोचनीय पक्ष हो ।

३. केही लाभान्वित व्यक्तिहरूले थप नगद अनुदान वितरण केन्द्रमा पुग्न कठिनाइ भएको महसुस अभिव्यक्त गरेका थिए । जस्तै, ७२ प्रतिशत उत्तरदाताहरूले अनुदान वितरण केन्द्रबाट रकम संकलन गरेर घर फर्किन आधा दिन जति लागेको बताएका थिए । करिब आधा (५२.२ प्रतिशत) ले आफ्नै गाविस वा नपा कार्यालयबाट थप नगद अनदान संकलन गरेका थिए । तर केही दुर्गम गाँउहरूमा भने नगद अनुदान वितरण केन्द्रमा पुग्न कठिनाइ भएको थियो ।

४. अधिकांश गाविस सचिवहरू आफ्नो समुदायका लक्षित समूहहरूलाई आपत्कालीन थप नगद अनुदान सहयोग प्रदान गरिएकोमा अत्यन्तै खुसी भएको पाइयो । यद्यपि नियमित सामाजिक सुरक्षा कार्यक्रमको भत्ताहरू र आपत्कालीन थप नगद अनुदान वितरण गर्ने कार्य सँगसँगै गर्न सम्भव नहुँदा थप कार्यबोझ भएको केही गाविस सचिवहरूले विचार व्यक्त गरेका थिए । यस अतिरिक्त कार्यक्रम व्यवस्थापन तथा प्रशासनिक

खर्चको लागि थप रकम सहयोग नभएको, वर्षातका कारण सडक यातायातको सेवा सीमित हुनु, बैंकिङ्ग सुविधा तथा नगद रकम वितरण गर्ने स्थलमा थप सुरक्षा व्यवस्था नभएका कारण केही गाविस सचिवहरूले काम गर्न चुनौतीपूर्ण भएको गुनासो गरेका थिए ।

### केही मुख्य-मुख्य सिफारिसहरू

१. जोखिममा परेका मानिसहरूलाई मध्यकालीन रूपमा थप सहयोग उपलब्ध गराउनुपर्ने र समुदाय परिचालन, सन्देश प्रवाहीकरण तथा अन्य कार्यक्रमहरूसँग सम्बन्ध विस्तार गर्न स्थानीय समूहहरू तथा सञ्जालको राम्ररी परिचालन गर्ने रणनीतिहरू पहिचान गर्ने ।
२. यस्तो प्रकारको आपतकालीन थप नगद अनुदान नियमित सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमसँग एकीकृत गरी एकै समयमा कार्यान्वयन गर्नुपर्ने ।
३. भूकम्प प्रभावित परिवार पहिलेकै अवस्थामा आउन दिगोपन तथा दीर्घकालीन प्रभावमा सुधार गर्नुपर्ने र आपतकालीन थप अनुदान आवश्यकताको पूर्वानुमान गर्ने प्रणाली विकास गर्ने । साथै, थप अनुदान रकम छोटो-छोटो अवधिमा प्रदान गर्ने व्यवस्था अझ प्रभावकारी हुन सक्छ । ●

---

*प्रस्तोता शर्मा तथा तामाङ नेपानका आजीवन सदस्य हुनुहुन्छ र अध्ययन-अनुसन्धानमा विशेष दखल राख्नुहुन्छ ।*

*द्रष्टव्य : यो आलेख युनिसेफ र नेपानको संयुक्त मूल्याङ्कन - अध्ययनमा आधारित एक अङ्ग्रेजी प्रतिवेदनको मूलसार नेपालीमा भावानुवाद गरी तयार पारिएको हो । यसको मूल प्रतिवेदन नेपान सचिवालयमा सम्पर्क गरी प्राप्त गर्न सकिन्छ ।*


## एविन्द्रप्रसाद न्यौपानेका ५ पुस्तक सर्वत्र उपलब्ध



व्यवहार | योग्यता | सामाजिक तथा राजनीतिक परिवर्तन | विकास र प्रणाली | Social Change in Rural Nepal (अंग्रेजी)

**विकासका विविध आयाम बुझ्न र तिनको व्यावहारिकता अवलम्बन गर्नका लागि सहभागीमूलक विकासकर्मी एविन्द्रप्रसाद न्यौपानेले आफ्नो २५ वर्षभन्दा बढीका अनुभवहरू समेटी हालै एकसाथ ५ वटा पुस्तकहरू प्रकाशन गर्नुभएको छ ।**
**तपाईंले पढ्ने अवसर छुटाउनुभएको त छैन ? यी सबै पुस्तकहरू काठमाडौं उपत्यकालगायत नेपालका विभिन्न सहरका पुस्तक-पसलहरूमा उपलब्ध छन् । साथै, नेपान सचिवालय, जनता मार्ग, कोटेश्वरबाट पनि प्राप्त गर्न सकिन्छ ।**

**पुस्तक पाइने स्थानहरू**

१. रत्न पुस्तक भण्डार, बागबजार, काठमाडौं
२. कन्चन बुक्स, प्रदर्शनीमार्ग, काठमाडौं
३. पाटन बुक्स, पाटनढोका, ललितपुर
४. प्रगति पुस्तक भण्डार, बिर्तामोड, झापा
५. श्रेष्ठ बुक एण्ड स्टेशनरी, दमक, झापा
६. प्रतिभा पुस्तक पसल, धनकुटा
७. द्वारका पुस्तक, धरान, सुनसरी
८. मनकामना बुक हाउस, धरान
९. मैनाली पुस्तक भण्डार, विराटनगर, मोरङ
१०. भट्टराई पुस्तक पसल, विराटनगर
११. सञ्जय पुस्तक भण्डार, राजविराज, सप्तरी
१२. न्यौपाने बुक डिस्ट्रिब्यूटर्स, गाईघाट, उदयपुर
१३. न्यौपाने बुक डिस्ट्रिब्यूटर्स, कटारी, उदयपुर
१४. मुनाल पुस्तक भण्डार, गाईघाट
१५. सीता नोवल, लाहान, सिराहा
१६. मजदुर पुस्तक भवन, जनकपुर, धनुषा
१७. श्रीराम पुस्तक पसल, लालबन्दी, सर्लाही
१८. न्यू परजुना स्टेशनरी, सिन्धुली
१९. झिगु समाचार पुस्तक केन्द्र, वीरगञ्ज, पर्सा
२०. न्यू समाचार केन्द्र, हेटौंडा, मकवानपुर
२१. मास्के पुस्तक भण्डार, नारायणगढ, चितवन
२२. अफिस होलसेल, नारायणगढ
२३. नारायणी पुस्तक सदन, नारायणगढ
२४. सुनगाभा बुक्स एण्ड स्टेशनरी, भरतपुर
२५. नमस्ते पुस्तक पसल, बट्टार, नुवाकोट
२६. सरस्वती बुक्स एण्ड स्टेशनर्स, कुस्मा, पर्वत २७.
सगुन स्टेशनरी स्टोर्स, बेनी, म्याग्दी
२८. कञ्चन पुस्तक पसल, पोखरा
२९. मनकामना बुक एण्ड स्टेशनर्स, पोखरा
३०. ओजन बुक्स एण्ड स्टेशनर्स, पोखरा
३१. पोखरा साहित्य सदन, पोखरा
३२. बुक मार्ट, पोखरा
३३. सगरमाथा स्टेशनरी, बागलुङ
३४. श्रेष्ठ न्यूज एजेन्सी पुस्तक भण्डार, तानसेन
३५. हाम्रो पुस्तक पसल, भैरहवा
३६. दिव्यज्योति पुस्तक पसल, बुटवल ३७.
सिटी बुक एण्ड न्युज सेन्टर, बुटवल
३८. विशाल पुस्तक सदन, बुटवल
३९. सुनिल स्टेशनरी, तुल्सीपुर, दाङ
४०. जनता बुक स्टल, घोराही, दाङ
४१. माउन्ट एभरेष्ट, नेपालगन्ज
४२. मञ्जुश्री इन्टरप्राइजेज, कोहलपुर, बाँके
४३. अल्फा स्टेशनरी स्टोर्स, सुर्खेत
४४. न्यू प्रभात पुस्तक पसल, सुर्खेत
४५. चौधरी बुक डिपो, धनगढी, कैलाली
४६. चौलानी पुस्तक भण्डार, धनगढी
४७. इमेज बुक एण्ड स्टेशनर्स, धनगढी
४८. नेगी ट्रेड सप्लायर्स, धनगढी
४९. बाँस्कोटा पुस्तक पसल, अत्तरिया, कैलाली
५०. दीपज्योति पुस्तक पसल, अत्तरिया
५१. न्यू अर्याल पुस्तक पसल, भुरिगाउँ, बर्दिया
५२. महाकाली समाचार केन्द्र, महेन्द्रनगर, कञ्चनपुर
५३. विपिन पुस्तक पसल, महेन्द्रनगर, कञ्चनपुर

# भूकम्पबाट ध्वस्त सम्पदाहरूको पुनर्निर्माणमा जनसहभागिता



डा. साफल्य अमात्य

महाभूकम्प गएको पनि झण्डै सोह्र महिना बित्न आँट्यो । महाभूकम्प गएको दिन २०७२ साल वैशाख १२ गते गएको महाभूकम्पमा परी ध्वस्त भएका, भत्केका, बिग्रेका हाम्रा सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माण र जीर्णोद्धारको काम भने एक पाइला कतै अघि बढेको देखिँदैन । केही साना तिना स्मारकहरूको पुनर्निर्माण र जीर्णोद्धार हुन लागेको, हुन थालेको र भइरहेका केही समाचारहरू भने सुनिन्छ, तर तिनीहरूको अवस्था र प्रगतिहरूबारे भने छापाहरू मौन छन् ।

धेरै टाढा नजाउँ राजधानीको मुटु हनुमानढोका वरपरका स्मारकहरूकै कुरा गरौं । काष्ठमण्डपको पुनर्निर्माणको विषय धेरै चर्चा भइसकेको छ । धेरैपटक गोष्ठी, अन्तर्क्रिया आदि भएका छन् । केही हप्ता अघिमात्र काठमाडौँ महानगरपालिकाले वसन्तपुर चोकमा पुरातत्व विभागले परामर्शदातामार्फत् तयार गरेको काष्ठमण्डपको विस्तृत नापनक्सा र इस्टिमेट काठमाडौँ महानगरपालिकालाई हस्तान्तरण गरेको थियो । ती नक्साहरू काठमाडौँ महानगरपालिकाले जनसाधारणले समेत देख्न, हेर्न र थाहा पाउन् भन्ने मनसाय राखी वसन्तपुर चोकमा प्रदर्शन गरेको थियो, तर पनि पुनर्निर्माणको काम भने अझै सुरु हुन सकेको छैन ।

> पुनर्निर्माण र जीर्णोद्धारको काममा वास्तुकलाविद्, इन्जिनियर, पुरातत्वविद्, कला-इतिहासकार त चाहियो नै, यसको साथै यदि त्यस स्मारकलाई भूकम्प प्रतिरोधक बनाउने हो भने यस विषयमा जान्ने र राम्रो अनुभव भएको व्यक्ति पनि चाहियो ।

### जनआक्रोश बढ्दैछ !

भूकम्पबाट भत्किएका यस्ता स्मारकहरूको पुनर्निर्माण र जीर्णोद्धार गर्ने कार्यहरूमा ढिलासुस्ती भइरहेकोमा विस्तारै विस्तारै जनआक्रोश बढ्दैछ र यदि वर्षा सकिनासाथ काम भएन भने जनआक्रोशले अर्कै रूप नलेला भन्न सकिँदैन । पुनर्निर्माणको दायित्व पाएकाहरूको अकर्मण्यता देखी जनता वाक्क भइसकेका छन् । सरकारी एवं गैरसरकारी निकायहरूमा विभिन्न उच्च ओहदामा बसेका जिम्मेवार व्यक्तिले धेरैपटक विभिन्न सभा, गोष्ठी, बैठकहरूमा देशभरका ध्वस्त, जीर्ण भएका यी स्मारकहरूको पुनर्निर्माण तथा जीर्णोद्धार कार्य कहिले दुई वर्षमा त कहिले पाँच वर्षमा सम्पन्न हुन्छ भनी जुन किसिमको आशा तथा भरोसा जनतालाई देखाएका छन् त्यसको पनि म्याद धमाधम गुज्रँदैछ ।

केही सांस्कृतिक सम्पदा आदिको पुनर्निर्माण र जीर्णोद्धार गर्नेबारे केही टेण्डरसमेत आह्वान गरिसकेको कुरा छापाहरूबाट थाहा पाइएको छ । तर के हाम्रा यी स्मारकहरूलाई पुनर्निर्माण गरी मौलिक ढाँचामा पुन: फर्काउन सक्ने कोही ठेकेदार वा ठेकेदार कम्पनीहरू हाम्रो देशमा छन् ? के हाम्रो देशमा सम्पदाहरूको पुनर्निर्माण र जीर्णोद्धार गर्न सक्ने यस्ता कुनै कम्पनी छन्, जसमा यी कामहरूका लागि चाहिने सबै जनशक्तिको साथै अन्य आवश्यक सामग्री, प्रविधि र प्रयोगशालाहरू पनि छन् ? पुनर्निर्माण र जीर्णोद्धार को काममा वास्तुकलाविद्, इन्जिनियर, पुरातत्वविद्, कला-इतिहासकार त चाहियो नै, यसको साथै यदि त्यस स्मारकलाई भूकम्प प्रतिरोधक बनाउने हो भने यस विषयमा जान्ने र राम्रो अनुभव भएको व्यक्ति पनि चाहियो । अनि पुरानो काठपात, टुँडाल, खम्बा, झ्याल, ढोका आदि प्रयोग गर्नुअघि रासायनिक प्रक्रियाद्वारा सरसफाइ गर्न जान्ने, 'फ्यूमिकेशन गर्न जान्ने रसायनविद्हरू पनि चाहियो ।

उल्लिखित समस्या एकातिर छ भने अर्कोतिर पुनर्निर्माण र जीर्णोद्धार गर्न आवश्यक सामग्रीजस्तै इँटा जोड्ने उपयुक्त माटो, छाना छाउने झिंगटी, छानामाथि राख्ने अरू विभिन्न प्रकारका माटोका वस्तुहरू, आवश्यक मात्रामा चाहिने नापका काठहरू आदि हराएर जान सक्ने, काम नलाग्ने काठका कलाकृतिहरू आदि जस्ता सामग्रीहरूको अग्रीम व्यवस्था नगरी कुनै पनि अवस्थामा पुनर्निर्माण तथा जीर्णोद्धार कार्य गर्नु हुँदैन । यी सबै सामान जुटाउन, मिलाउन, तयार गर्न वर्ष दिनको समयले पुग्दैन र यस्ता सामान तयार गर्न सक्ने इँटाभट्टाहरू, काठमा बुट्टा कोर्ने काष्ठकर्मीहरू, राम्ररी गारो लगाउन सक्ने डकर्मीहरू, काठको अन्य काम जान्ने दक्ष सिकर्मीहरू, छाना छाउने अवालेहरू, हामीकहाँ के कति छन्, तिनीहरूको पूरा जानकारी सम्बन्धित निकायहरूले काम सुरु गर्नुअघि नै राख्नु पर्छ ।

**जनसहभागिताको मर्म**

हामीले विचार गर्नुपर्ने ज्यादै महत्वपूर्ण कुरा के छ भने जुनसुकै जनसरोकार भएको जस्तोसुकै काममा पनि 'जनसहभागिता'को आवश्यकता हुन्छ । यी स्मारकहरू नेपाली जनताले नेपालीका लागि बनाएका हुन् । अब यी स्मारकहरूको पुनर्निर्माण र जीर्णोद्धार पनि नेपाली जनताले नै गर्नुपर्नेछ र नेपाली जनताले नै गर्नेछन् । तसर्थ सम्पदा पुनर्निर्माण तथा जीर्णोद्धार कार्यको प्रारम्भदेखि नै अर्थात् सुरुवातदेखि नै हामीले जनसहभागिता जुटाउनुपर्छ ।

जनतालाई यसबारे, कामको प्रगतिबारे, काममा आइपर्ने समस्याबारे समय-समयमा जानकारी गराई तिनीहरूबाट आवश्यक सहयोगहरू लिन सक्नुपर्छ । कुनै पनि प्राचीन स्मारकको पुनर्निर्माण र जीर्णोद्धार मा हाम्रोजस्तो देशमा जहाँका सम्बन्धित सरकारी एवं गैरसरकारी निकायहरूले यी स्मारकहरूको विस्तृतमा जगदेखि गजुरसम्म र यी स्मारकहरूको निर्माण प्रविधि, सामग्री आदिबारे वैज्ञानिक ढङ्गबाट अभिलेखीकरण गरेर राखेका छैनन्, त्यस अवस्थामा स्थानीय

# भूकम्प, डर र चिन्ता !

फुर्पा तमाङ
धुन्चे, रसुवा

*महाभूकम्पको कम्पनले*
*पहाड खसे/पहिरो लडे*
*धर्तीमा धाँजाहरू फाटे*
*मानिसहरू मारिए/घाइते भए*
*पशुधनको क्षति भयो*
*घर, गुम्बा र मन्दिरहरू भत्किए*
*जन-धनको नाश भयो*
*भूकम्प आयो, गयो र आइरहनेछ !*
*फेरि भूकम्प आउँदा*
*घर भत्किएर मारिने हो कि ?*
*चिन्ता छ,*
*हिँड्दा-हिँड्दै*
*पहाड खसेर/पर्खाल ढलेर*
*मारिने हो कि ?*
*घाइते बनाउने हो कि ?*
*चिन्ता छ ।*
*हाम्रा संस्कृति झल्किने*
*पहिचान दिने/पर्यटक लोभिने*
*घर हेर्दैमा,*
*तमाङ, गुरुङ, मगर गाउँ*
*बाहुन, क्षेत्री, नेवार, राई गाउँ*
*आदि जनिने*
*ती ढलेका कला-संस्कृति*
*पुन:संरचनामा/पुन:निर्माणमा*
*नउठ्लान् भन्ने ठूलो चिन्ता छ !!*



तस्बिर: दिवेश सायमी

जनता, स्थानीय वयोवृद्ध जानिफकारहरू स्वदेशी तथा विदेशी वास्तुकलाविद्, पुरातत्वविद्, कला-इतिहासकार आदि सबै जनाको सहयोग लिई तिनीहरूसँग भएका पुराना तस्बिरहरू, ड्इङ्ग तथा चित्रहरू, स्मारकबारे वर्णन तथा लिखत र अझ तिनीहरूको सम्झनामा रहेका कुराहरू समेतलाई सोधी रेकर्ड गरी ती सामग्रीहरूबाट आवश्यक परेको बखत पुनर्निर्माण कार्यका लागि सहयोग लिनुपर्छ ।

सम्पदाहरूको पुनर्निर्माण तथा जीर्णोद्धार कार्यहरू सुरु गर्नुपूर्व सम्बन्धित सरकारी निकायहरूले अब के, कसरी, कुन प्रविधिबाट, के कस्ता सामग्रीहरू प्रयोग गरी यी कामहरू थाल्ने हो, यी सबै कुरा निक्योल गरी जनसमक्ष ल्याइनुपर्छ । हाम्रो परम्परागत/प्राचीन प्रविधिबाट नै पुनर्निर्माणका कामहरू गर्नुपर्ने हो । तर हाम्रो परम्परागत प्रविधिबारे राम्रो दखल भएको, अनुभव भएको, के कति जना जनशक्ति हामीसँग छ ? के कस्तो उपाय र विधिहरू अपनाउने हो ? नीति निर्माताहरूले अविलम्ब छलफल गरी निर्णय दिनुपर्छ ।

हाम्रो प्राचीन परम्परा र प्रविधिबारे जान्ने बुझ्ने र अनुभवी केही डकर्मी, सिकर्मी, बुट्टाकर्मी, अवाले आदि इत्यादिहरू तुरुन्त खोजी तिनीहरूबाट नयाँ पुस्ताका प्राविधिक तयार गरी सक्षम गराउनु पर्छ । केही महिनाअघि पुरातत्व विभागले सिकर्मीहरूलाई तालिम दिएको समाचार आएको थियो तर के तिनीहरू हाम्रो यी स्मारकहरूमा आइपर्ने र आउने सबैजसो काष्ठकला र काठका कामहरू बारेका समस्या सुल्झाउन सक्ने क्षमताका छन् ? सक्षम भइसकेका छन् भने धेरै नै राम्रो हो तर यदि अदक्ष सिकर्मी र बुट्टाकर्मी, डकर्मीहरूको हातमा यी स्मारकहरू परे भने फेरि अर्को विर्त्यास आइपर्ने छ ।

## निर्देशिका र कार्यविधि जरुरी

सम्पदाहरूको पुनर्निर्माण र जीर्णोद्धार एवं संरक्षित स्मारक क्षेत्रहरूमा रहेका प्राचीन घर, भवनहरू अब के कसरी पुनर्निर्माण र जीर्णोद्धार गर्ने हो त्यस विषयसँग सम्बन्धित सरकारी निकायहरूका के-कस्ता नीति-नियम र मापदण्डहरू छन् ती सबै कुरा पनि जनसरोकारका विषय हुन् । केही दिनअघि मात्र पुरातत्व विभागले ***"भूकम्पले क्षति पुऱ्याएका सम्पदाहरूको संरक्षण एवं पुनर्निर्माणसम्बन्धी आधारभूत निर्देशिका २०७३"*** तयार गरेको छ रे ? भन्ने सुनिएको थियो तर त्यो स्वीकृत भयो भएन, लागू भयो भएन केही थाहा पाइएको छैन । अब निर्देशिकाले मात्र सबै काम सजिलैसँग हुन्छ भन्न सकिन्न । निर्देशिकालाई साथ दिन अरू कार्यविधिहरू पनि तयार गर्नुपर्छ । उक्त कार्यविधिहरूमा पुनर्निर्माण र जीर्णोद्धार गर्न आवश्यक सबै कुरा माटो, इँटा, झिंगटीदेखि लिएर यी स्मारकहरूलाई भूकम्प प्रतिरोधक बनाउने कि नबनाउने, बनाउने भए के कसरी बनाउनेजस्ता सबै कुरा स्पष्ट हुनुपर्छ ।

केही नेपाली प्राविधिकहरू भन्छन्- हाम्रा प्राचीन स्मारकमा आफ्नै किसिमका भूकम्प-प्रतिरोधक बनोटहरू पनि राखिएका छन् र ती बनोटहरू नै पर्याप्त छन्, तर त्यसो भन्दैमा ती बनोटहरू के-कस्ता हुन्, के कसैले त्यस विषयमा गहन अध्ययन अनुसन्धान गरी अन्तर्राष्ट्रिय जगतले समेत मान्यता दिने गरी प्रतिवेदनहरू प्रकाशित गरेका छन् ? छन् भने कसले, कहिले र कहाँ गरेका थिए त्यो जनसमक्ष आउनु पऱ्यो र छन् भने सम्बन्धित सरकारी निकायले त्यसलाई राम्ररी छानबिन गरी मान्यता दिनुपऱ्यो ।

## चुनौती

सांस्कृतिक सम्पदाहरूको पुनर्निर्माणमा धेरै चुनौती देखिएका छन् । आर्थिक चुनौती खासै छैन भने पनि हुन्छ । ती चुनौतीहरूमा मुख्यतः सम्बन्धित नीति, नियम, निर्देशिका, कार्यविधिहरूको कमी हो । सम्बन्धित निकायले के कति कारणले गर्दा पुनर्निर्माण र जीर्णोद्धार कार्यहरू सुरु गर्न नसकेको हो अब सकेसम्म चाँडो जनसमक्ष आउनु पऱ्यो । किनभने अब उपत्यकामा जात्रा, चाडपर्वका दिनहरू प्रत्येक हप्ताजसो पर्छन् र त्यस अवस्थामा पनि स्मारकहरू ढलिरहेको अवस्थामा नै देखियो भने जनआक्रोशले के रूप लिन सक्ने हो कसैलाई थाहा हुँदैन । ●

---

*लेखक सम्पदा विशेषज्ञ हुनुहुन्छ ।*

*द्रष्टव्यः उहाँको यो लेख सहभागिताका पाठकवर्गका लागि सान्दर्भिक हुने भएकोले हामीले गोरखापत्र (८ भदौ २०७३) बाट साभार गरेका हौं ।*

*- सम्पादक मण्डल, सहभागिता*

# ग्रामीण क्षेत्रमा जनसहभागीमूलक सरसफाइ अभियान : केही व्यावहारिक अनुभव



भोला शिवाकोटी

> पछिल्लो समयमा सरसफाइमा जनसहभागिता बढाई स्थानीयको अगुवाइमा योजनाबद्ध ढंगबाट अभियान शुरु भएपश्चात् यस क्षेत्रमा राम्रो नतिजा देखिन थालेको छ । स्थानीय समुदायले आफ्नो अवस्था विश्लेषण, योजना निर्माण गरी अभियान सञ्चालन गर्दा स्थानीयमा अपनत्व बृद्धि भई पूर्वाधार निर्माणपश्चात् तिनको प्रयोग तथा व्यवस्थापनमा पनि प्रभावकारिता देखिएको छ ।

सरसफाइ स्वच्छता र शुद्ध खानेपानी मानिसको जीवनको अति महत्वपूर्ण पक्ष हुन् । कमजोर सरसफाइको अवस्था तथा सरसफाइसम्बन्धी अनुपयुक्त बानी- व्यहोरा मानिसको स्वास्थ्यको लागि खतरापूर्ण अवस्था हो । सरसफाइ तथा यससम्बन्धी अनुपयुक्त बानी-व्यहोराका कारण विभिन्न सरुवा रोगहरूको प्रकोप बढ्दछ जुन शिशु तथा बाल मृत्युदर बढाउने प्रमुख कारण मानिन्छ । सरसफाइ स्वास्थ्य सगं सम्बन्धित मात्र नभएर व्यक्ति तथा समुदायको आत्मसम्मान तथा प्रतिष्ठाको विषय पनि हो । सरसफाइको पूर्वाधारमा विकास तथा उपयुक्त बानी-व्यहोरा अपनाउँदा स्वस्थ्य जीवन तथा उत्पादनशील समाजको निर्माण गर्न, समुदायको आत्मसम्मान बृद्धि गर्न सहयोगी हुन्छ ।

### नेपालमा सरसफाइको योजना, अवस्था र सहभागिता

नेपालमा सरसफाइलाइ एक अलग विकासको क्षेत्रको रुपमा ग्रहण गर्न थाथिएको धेरै भएको छैन । सन १९८० को दशकबाट खानेपानी आयोजनाहरूमा एकीकृत गरी चर्पी निर्माणमा सहयोग गर्न शुरु गरिएको भएता पनि एक अलग्गै विकास एजेण्डाको रुपमा सन् १९९० को राजनैतिक परिवर्तन पछिमात्र सुरु भएको देखिन्छ । सरकारले सरसफाइलाई एक अलग विकास विषयको रुपमा लिई योजनाबद्ध विकास सुरु गरेपछि सन् १९९० मा ६ प्रतिशतमा सीमित रहेको सरसफाइ कभरेज हाल ८० प्रतिशतको हाराहारी पुगेको छ। जसमा सहस्राब्दी विकास लक्ष्य अनुसार सन् २०१५ सम्म ७३ प्रतिशत जनसंख्यालाई खानेपानी सेवा र ५३ प्रतिशत जनसंख्यालाई सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य रहेको थियो, साथै नेपाल सरकारले सन् २०१७ को अन्तसम्ममा देशका सबै घरधुरी तथा संस्थागत स्थलहरूमा आधारभूत स्तरको खानेपानी सेवा र सरसफाइ सुनिश्चितता गरी देशलाई खुला दिसामुक्त अवस्थामा पुऱ्याउने लक्ष्य राखेको छ (रा.यो आ., तेह्रौं त्रिवर्षीय योजना, २०७१) । यस कार्यका लागि विभिन्न संघसंस्था परिचालन तथा जनसहभागितामा सरसफाइ प्रवर्द्धनका कार्यहरू भइरहेका छन् । यिनै प्रयासहरूको फलस्वरुप हालसम्म ३६ जिल्ला तथा २००० भन्दा बढी गा.वि.स. ले खुला दिसा मुक्त अवस्था हासिल गरिसकेका छन् ।

सन् २००० बाट सरसफाइ प्रवर्द्धन गर्न समुदायको अगुवाइमा पूर्णसरसफाइ (CLTS: Community- led total sanitation) तथा विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ (SLTS: School- led total sanitation) पद्धतिलागू गरिएपछि सरसफाइमा सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्न योगदान पुगेको छ भने सरसफाइमा सुधारका कारण सहस्राब्दी विकास लक्ष्यका अन्य लक्ष्यहरू मतृस्वास्थ्यमा सुधार, बाल मृत्युदरमा कमि तथा झाडापखालाजन्य रोगहरूसँग लड्ने लक्ष्य प्राप्ति का लागि पनि अप्रतक्ष योगदान पुगेको देखिन्छ। अत, नेपाल सरकारले जारी गरेको सरसफाइ गरुयोजना, २०६८ ले पूर्णसरसफाइ प्राप्तिका लागि ऋीत्क, बीत्क जस्ता सहभागितात्मक पद्धति/औजार लाई अनुसरण गर्दै अभियान संचालन गर्ने उल्लेख गरेको छ ।

## सरसफाइ व्यवस्थापनमा जनसहभागिताको मर्म

जबसम्म समुदायले कुनै पनि विकास निर्माण तथा अभियानहरूमा अपनत्व महसुस गर्दैनन् तवसम्म कुनै पनि विकास कार्यले सफलता प्राप्त गर्न सक्दैन । सरसफाइको क्षेत्रमा नेपालको हालसम्मको प्रयासलाई हेर्दा जबसम्म सरसफाइ प्रवर्द्धन गर्ने कार्य राज्यको तथा विभिन्न गैरसरकारी संस्थाको मात्र हो भन्ने बुझाइ थियो, सरसफाइ अभियानले गति लिन सकेको थिएन । बनेका पुर्वाधारको पनि प्रयोग नभएको अवस्था थियो । पछिल्लो समयमा सरसफाइमा जनसहभागिता बढाई स्थानीयको अगुवाइमा योजनाबद्ध ढंगबाट अभियान शुरुभएपस्चात यसक्षेत्रमा नतिजा देखिन थालेको छ । स्थानीय समुदायले आफ्नो अवस्था विश्लेषण, योजना निर्माण गरी अभियान संचालन गर्दा स्थानीयमा अपनत्व बृद्धि भई पूर्वाधार निर्माण पश्चात तिनको प्रयोग तथा व्यवस्थापनमा प्रभावकारिता देखिएको छ। सरसफाइ व्यवस्थापनमा जनसहभागिताको महत्व खुला दिसामुक्त अवस्था प्राप्तिका लागि समुदायले निर्धारण गरेका नियम, अभियान प्रवर्द्धनका क्रममा देखिएका समस्याको स्थानीय स्तरबाटै समाधानजस्ता उदाहरणले पुष्टि गर्दछन् ।

सरसफाइ प्रवर्द्धनमा जनसहभागिताले गर्दा स्थानीयको नेतृत्वमा योजना निर्माण, कार्यान्वयन, भूमिहीनहरूलाई चर्पी निर्माणका लागि जग्गाको व्यवस्था, अतिविपन्न हरूलाई छरछिमेकबाट सहयोग गरी चर्पी निर्माण जस्ता सफल कार्यले सरसफाइ व्यवस्थापनमा जनसहभागिताको मर्मलाई पुष्टि गर्दछ ।

## सरसफाइ अभियानः इकार्डस् नेपाल र सहकार्य

इकार्डस् नेपालले संस्था तथा दातृ निकायसंगको साझेदारीमा सरसफाइ क्षेत्रमा कार्य गर्दै आइरहेको छ। कार्यक्रम सञ्चालनका लागि सरकारी निकाय जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तथा अन्य दातृ निकायहरूमा ग्लोबल स्यानिटेसन फण्ड/युएनहयाबिट्याट, प्लान नेपाल, हेलेन केलर इन्टरनेसनल, कारितास नेपाल, अन्तर्राष्ट्रिय ट्रकोमा इनिसियटिभ, नेपाल नेत्र ज्योति संघजस्ता संघसंस्था संग साझेदारी गरेको छ भने

## इकार्डस् नेपालको छोटो परिचय

नेपालमा लोकतन्त्रको बहालीसँगसँगै जनमुखी सामुदायिक विकासका लागि गैरसरकारी संस्थाहरू खोल्ने क्रम बढेको हो । इकार्डस् नेपाल पनि लोकतन्त्रसँगसँगै उदय हुन पुग्यो । यसको स्थापना आजभन्दा २५ वर्षअघि अर्थात् सन् १९९१ मा काठमाडौंमा भएको हो ।

वातावरण, संस्कृति, कृषि, अनुसन्धान तथा विकासका क्षेत्रमा संलग्न रहने लक्ष्यबमोजिम संस्थाको नाम पनि तिनै शब्दको छोटकरी रूप समेटेर 'इकार्डस् नेपाल' ९भ्लखष्च्यलकभलत, ऋगतिगचभ, ब्नचष्अगतिगचभ, च्मकभवचअज बलम म्भखभयिऊभलत क्यअष्भतथ ल्भउवा(भ्त्रब्च्म्कल्भउवा० रहेको छ। संस्थाको ग्रामीण क्षेत्रका पिछडिएका तथा सीमान्तकृत समुदायहरूको संगठन निर्माण, क्षमता अभिबृद्धि, सीपमूलक तालिम, श्रोत व्यवस्थापनमा क्षमता बृद्धिजस्ता क्रियाकलापबाट उनीहरूको जीवनस्तर उकास्नु संस्थाको मुख्य धेय रहेको छ ।

इकार्डस नेपालले स्थापना कालदेखि नै यसको उदेश्यअनुरुप ग्रामिण क्षेत्रमा समुह तथा सस्था निर्माण र तिनको क्षमता विकास, आयआर्जन कार्यक्रमका लागि क्षमता अभिबृद्धि, प्राकृतिक श्रोतको व्यवस्थापनका माध्यमबाट आयआर्जन, जलवायु परिवर्तन अनुकूलन कार्यक्रम र स्वास्थ्य सरसफाइमा जनचेतना अभिबृद्धिजस्ता विषयमा सहजीकरण गरिरहेको छ । इकार्डस् नेपाल सहभागीमूलक पद्धतिमा विश्वास गर्ने संस्था हो । त्यसो हुँदा हरेक स्थलगत गतिविधिमा इकार्डस् नेपालले सहभागितात्मक विधि तथा तौरतरिका अपनाई कार्य गर्ने गर्दछ। वातावरणमैत्री, स्थानीय संस्कृतिमैत्री एवं समुदायमैत्री विकास हुनुपर्छ भन्ने इकार्डस् नेपालको मान्यता रहिआएको छ । हामी यिनै मूल्य-मान्यतामा अडिग रही जनकेन्द्रित विकास तथा अनुसन्धानका कार्यहरू गर्न चाहन्छौं । यस क्रममा आवश्यकताको पहिचान, परियोजना डिजाइन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका सबै प्रक्रियामा स्थानीय सेवाग्राहीको प्रत्यक्ष संलग्नता रहने गर्दछ। हामीले साझेदारितामा काम गर्दा दाताको रूपमा खोज्ने साझेदारहरूका पनि यस्तै मूल्य र मान्यता हुनुपर्छ भन्ने हाम्रो मान्यता र अडान रहिआएको छ। हाम्रो साझेदारिता त्यस्तै संस्थाहरूसँग मात्र हुने गर्दछ।

यस क्रममा हामीले द्विपक्षीय, बहुपक्षीय तथा गैरसरकारी संस्थाहरूसँग मिलेर काम गर्छौं । साथै नेपाल सरकारका विभिन्न निकायहरूसँगका साझेदारितामा पनि हामीले धेरै प्रकारका विकास, अनुसन्धान तथा तालिम र प्रचार-प्रसारका काम गरेका छौं । त्यतिमात्र नभएर हामीले प्राज्ञिक संस्थाहरू (विश्वविद्यालय) सँग पनि समय-मयमा सहकार्य गर्दै आएका छौं ।

कार्यान्वयन तहमा विभिन्न स्थानीय गैरसरकारी संस्थाहरू, विद्यालय र नागरिक समाजसंगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

इकार्डस् नेपालले सरसफाइको क्षेत्रमा विगत ५ वर्षदेखि ग्लोबल स्यानिटेसन फण्ड/युएनहयाबिट्याटसँगको साझेदारीमा देशका विभिन्न जिल्लाहरूमा संचालन गरिरहेको खुला दिसा मुक्त अभियानलाई एक उदाहरणीय कार्यक्रमको रुपमा लिन सकिन्छ। विषेशगरी यस साझेदारीबाट बाजुरा, बर्दिया र अर्घाखाँची जिल्लामा खुला दिसा मुक्त अवस्था हासिल गर्न पुऱ्याएको योगदान तथा सिराहा जिल्लालाई खुला दिसामुक्त अवस्थातर्फ अग्रसर गराई रहेको कार्य सफल उदाहरणका रुपमा लिन सकिन्छ ।

नेपाल सरकारले सरसफाइ गुरुयोजना लागु गरेपस्चात् सरसफाइलाइ राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न देशका विभिन्न क्षेत्र समेटने गरी कार्यक्रमहरू लागू गरियो । त्यसै क्रममा पश्चिमाञ्चलको अर्घाखाँची जिल्लालाई पनि नमुना जिल्लाको रुपमा सरसफाइ विकासका लागि छनोट गरियो । जिल्ला छनोट गर्दा छरछिमेकका जिल्लामध्ये सरसफाइमा कम प्रगति भएको जिल्लाको रुपमा छनोट गरिएको थियो ।

### इकार्डस् नेपालको संलग्नता

इकार्डस् नेपालले काम गर्दै आएको क्षेत्रमध्ये स्वास्थ्य तथा सरसफाइमा सचेतना अभिवृद्धि एक मुख्य क्षेत्र हो। इकार्डस् नेपालको स्थापनाकालदेखि नै यसले स्वास्थ्य तथा सरसफाइको क्षेत्रमा सचेतना अभिबृद्धि, समुदायको क्षमता बृद्धि तथा भौतिक पूर्वाधार निर्माणजस्ता क्षेत्रमा कार्य गर्दै आइरहेको छ । नेपाल सरकारको नीति अनुसार सरसफाईकोको राष्ट्रिय लक्ष्य (सन २०१७ सम्म खुला दिसामुक्त अवस्थाको प्राप्ति) का लागि योगदान गरिरहेको छ ।

१९९० को दशकमा सचेतना बृद्धि तथा अनुदान पद्धतिमा भौतिक संरचना निर्माणमा सहयोग गरेको थियो भने पछिल्लो चरणमा नेपाल सरकारको नीति अनुरुप समुदायको क्षमता बृद्धि तथा परिचालनका माध्यमबाट सरसफाइका पुर्वाधार विकास गरी स्वच्छ समुदाय निर्माणका लागि सहजीकरण गर्दै आइरहेको छ । सरसफाइको क्षेत्रमा यस संस्थाले सुरुवाती चरणमा गरेका मुख्य मुख्य क्रियाकलापमा समुदाय तथा विद्यालय स्तरमा चेतना अभिबृद्धि, समूह गठन तथा तिनको परिचालन, पारिवारिक तथा विद्यालय स्तरमा भौतिक संरचना निर्माणमा सहयोग आदि रहेका छन भने पछिल्लो चरणमा खुला दिसा मुक्त अभियानका लागि कार्य गरिरहेको छ । बिषेशगरी पछिल्लो चरणमा खुला दिसा मुक्त अभियान तथा व्यवहार परिवर्तनका लागि क्षेत्रगत समन्वय तथा विभिन्न स्तरमा योजनाबद्ध अभियानका लागि सहजीकरण (जिल्ला तथा गाविस स्तरमा सरसफाइ रणनीतिक योजना निर्माणमा सहजीकरण), विभिन्न स्तरमा खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिको गठन, क्षमता बृद्धि तथा परिचालनमा सहजीकरणका साथै विभिन्न स्तरमा अभियानहरू सञ्चानलन गरी

## सरसफाइ अभियान तथा कार्यान्वयनका प्रक्रियाहरू



सरसफाइको क्षेत्रमा सुधारका लागि सहजीकरण गर्दै आइरहेको छ। हाम्रो अनुभवमा सरसफाइ अभियान संचालन गर्नका लागि निम्न प्रक्रिया अपनाउदा प्रभावकारी रहेको देखिन्छ।

## खुला दिसामुक्त अभियानका लागि अपनाइएको विधि तथा औजारहरू

इकार्डस नेपालले कार्यक्रम कार्यान्वयनका क्रममा नेपाल सरकारद्वारा जारी गरिएका सरसफाइ गुरुयोजनाका मार्गनिर्देशक सिद्धान्तमा रही तथा जिल्ला खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिको समन्वयमा जिल्ला तथा गाविस स्तरमा कार्यक्रम सहजीकरण गरिरहेको छ। कार्यक्रम कार्यान्वयनका लागि समुदायको अगुवाइमा पूर्ण सरसफाई तथा विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ पद्धति अपनाइएको थियो। कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सरसफाइ गुरुयोजनामा उल्लेख भएअनुसारका विभिन्न स्तरमा खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिको गठन तथा पुर्नगठनमा सहजीकरण, तिनको क्षमता अभिवृद्धि र परिचालन, जिल्ला तथा गाविस स्तरमा सरसफाइ रणनीतिक योजना निर्माणमा सहजीकरण, विद्यालय, नागरिक समाज तथा अन्य निकाय र सरोकारवालाको क्षमता अभिवृद्धि परिचालन, समुदायस्तरमा प्रज्ज्वलन कार्य (Triggering activities) तथा तिनको अनुगमन जस्ता सहभागीतामूलक विधिहरू अपनाइएको थियो । समुदायस्तरमा सरसफाइको वर्तमान अवस्था तथा तिनबाट परिरहेको असर र सरसफाइ प्रवर्द्धनबाट हुने फाइदा महसुस गराइ समुदायलाई तत्काल सरसफाइ प्रवर्द्धनमा लाग्न उत्प्रेरित गर्ने उद्देश्यले प्रज्वलन कार्य (Triggering activities) हरू संचालन गरिएको थियो। समुदायमा प्रज्वलनकार्य अगाडि समुदायको छनोट, समुदायसंग घुलमिलजस्ता क्रियाकलाप गरिएको थियो। समुदायको प्रज्ज्वलनकार्यका लागि प्रयोग गरिएका मुख्य औजारहरू निम्नप्रकार छन्।

### सामुदायिक स्तरमा ट्रिगरिङ्का औजारहरूः

लाजयुक्त यात्रा/हिँडाइ, दिसा गर्ने स्थानको नक्सांकन, दिसाको गणना, दिसाको बहावट, कति दिसा खान पुगिन्छ, सो को आंकलन वा गणना, बिरामी उपचार खर्च, महिलाको सम्मान, पेशाको सम्मान, पानी प्रदूषित भइरहेको तरिका, धार्मिक पवित्रता, पानीको गुणस्तर जाँच, फ्रुण्डा गाडने, सिठी बजाउने र दिसाको भिक्षा, सुगुरको कथा।

### व्यक्तिगत ट्रिगरिङ्का औजारहरूः

गोप्यता, यदि उनको घरमा चर्पी भएको भए बाघको,गैंडाको शिकार बन्ने ......, जोडी समूहको दवाब, डर, आर्थिक कारण, प्रर्दशनीको प्रभाव, स्वास्थ्य, भगाउने / भाग्ने, बेचबिखनमा पर्ने, पुरस्कार, सहयोग तथा पदका बारेमा छलफल

### उपलब्धि

इकार्डस नेपालको सहजीकरणबाट सरसफाइका क्षेत्रमा पछिल्लो चरणमा भएका मुख्य उपलब्धिहरू निम्नप्रकार छन् :

अर्घाखाँची जिल्लामा जिल्लाको सरसफाई रणनीतिक योजना निर्माण (४२ गाविसको सरसफाइ रणनितिक योजना निर्माण) गाविस सरसफाइ तथा स्वच्छता समन्वय समितिको गठन, क्षमता विकास तथा परिचालन, जिल्लाका ४०० विद्यालयमा सरसफाइ प्रवर्द्धनात्मक क्रियाकलाप तथा शिक्षक विद्य(ार्थी समुदायमा परिचालन गरी खुला दिसा मुक्त अवस्था प्राप्तिका लागि योगदान। कार्यक्रम सञ्चलान भएको ३० महिनामा ४२ प्रतिशत रहेको चर्पी कभरेज शतप्रतिशत पुर्‍याई जिल्ला खुला दिसामुक्त अवस्थामा पुगेको छ। जिल्ला जनस्वास्थ्य कार्यालय अर्घाखाँचीका अनुसार जिल्ला खुला दिसामुक्त अवस्थामा पुगेपछि सरसफाइको कमीका कारण लाग्ने रोगको उपचारमा आउने विरामीको संख्यामा उल्लेख्य कमी आएको छ। त्यसैगरी विद्यालयमा छात्राको भर्नादरमा सुधार आएको तथा कक्षामा सहभागितामा बृद्धि आएको जिल्ला शिक्षा कार्यालयको तथ्यांक छ।



**कार्यक्रमको सिकाइ**

- घरधुरी तथा व्यक्तिगत स्तरसम्म पुग्ने गरी जनचेतनाका क्रियाकलाप (समुदायको सहभागितामा अवस्था विश्लेषण गर्ने, सरसफाइमा सुधार गर्दा हुने फाइदाका बारेमा अनुभूती गराउने) संचालन गरेको अवस्थामा समुदायमा परिवर्तन सहजता साथ र छोटो समयमा नतिजा प्राप्त गर्न सकिने देखिन्छ।
- समुदायको विविधता अनुसार क्रियाकलाप निर्धारण गरी जनचेतनाका क्रियाकलाप कार्यान्वयन गर्दा प्रभावकारी भएको पाइयो।
- स्थानीय समुदायको अगुवाइमा कार्यक्रम संचालन गरी गैससले सहजीकरण गर्दा समुदायले कार्यक्रमप्रति अपनत्व लिएको पाइयो।

तस्विर: इकाईस नेपाल

- जिल्ला तहमा जिल्ला स्तरीय र गाविस तहमा गाविस स्तरीय सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई उक्त समितिहरूको भूमिका महसुस गराई उनीहरूको नेतृत्वमा कार्यक्रम गर्दा विभिन्न विकास साझेदारमा दोहोरोपना हटी छोटो समयमा नतिजा प्राप्त भएको पाइयो ।

**निष्कर्ष तथा सुझाव**

सरसफाइ तथा स्वच्छता मानव जीवनको एक अति महत्वपूर्ण पक्ष हो । मानिसको स्वास्थ्य स्थितिमा सुधार तथा प्रतिष्ठाको लागि सरसफाइ अति जरुरी हुन्छ । सरसफाइको अवस्थामा सुधारका लागि नेपाल सरकारले तोकेका लक्ष्य प्राप्त गर्न, सरकारद्वारा जारी सरसफाइ गुरुयोजनाको मार्गनिर्देशक सिद्धान्तमा रही इकार्डस नेपालले सरसफाइ प्रवर्द्धनका लागि क्रियाकलाप तय गरी कार्यान्वयन गरिरहेको छ। इकार्डस नेपालको सरसफाइ कार्यक्रम कार्यान्वयनको अनुभवको आधारमा कार्यक्रम सञ्चालन गर्दा स्थानीय समुदायको अगुवाइमा, सम्बन्धित निकायको समन्वयमा कार्यक्रम गर्ने तथा समुदायको विविधताअनुसार जनचेतनाका कार्यक्रम निर्धारण गरि कार्यान्वयन गर्दा बढी प्रभावकारी पाइएको छ। हालका वर्षहरूमा सरसफाइको क्षेत्रमा खासगरी चर्पी निर्माण तथा प्रयोगमा सुधार देखिन्छ । अझै पनि कतिपय स्थानमा चर्पी निर्माण गरेता पनि यसको उचित प्रयोग, चर्पी प्रयोगपछि साबुन- पानीले हात धुने बानीजस्ता स्वच्छ बानी-व्यहोरामा परिवर्तन अपेक्षित रुपमा हुन सकेको छैन । अत स्थानिय समुदाय तथा निकायसंग समन्वय गरि पुर्वाधार निर्माणका साथै बानी व्यहोरा परिवर्तनका लागि क्रियाकलाप निर्धारण तथा कार्यान्वयनको आवश्यकता छ ।

**सन्दर्भ सामग्रीहरू:**


- नेपाल सरकारद्वारा जारी गरिएको सरसफाइ गुरुयोजना २०६८
- नेपाल सरकारको राष्ट्रिय सरसफाइ नीति, सन १९९४
- नेपाल सरकारको खानेपानी आपूर्ति सम्बन्धि नीति, सन १९९८
- नेपाल सरकार त्रिवर्षीय योजना, सन् २०१० देखि २०१३
- पूर्ण सरसफाइ प्रवर्द्धनको लागि अर्घाखाँची जिल्लाको रणनैतिक योजना, २०७०
- अर्घाखाँची जिविस प्रोफाइल
- सरसफाइ सन्देशका विभिन्न अंकहरू
- इकार्डस नेपाल वार्षिक प्रतिवेदन (२०६८ देखि २०७२ सम्म)
- इकार्डस नेपालको अर्घाखाँची जिल्लामा संचालित पूर्ण सरसफाइका लागि क्षमता विकास कार्यक्रम सम्पन्न प्रतिवेदन, २०७१
- फेसवाटर एक्सन नेटवर्कद्वारा प्रकाशित: दक्षिण एसियाली सरसफाइ सम्मेलन (साकोसान) हिजो आज र भोलि, २०१६ ।


*लेखक समाजशास्त्रमा स्नातकोत्तर गरी विगत १६ वर्षदेखि सामुदायिक विकासका क्षेत्रमा कार्यरत हुनुहुन्छ र उहाँसँग सरसफाइ प्रवर्द्धन कार्यक्रममा एक दशकको अनुभव छ । उहाँ हाल इकार्डस नेपालमा कार्यक्रम संयोजक पदमा कार्यरत हुनुहुन्छ ।*


## ---नेपान स्रोतकेन्द्र प्रवर्द्धनार्थ---

- सहभागीमूलक विकाससम्बन्धी प्रकाशन, भिडियो, स्लाइड, फोटो आदि जे उपलब्ध गराउन सकिन्छ, उपलब्ध गराऔं ।
- सम्बन्धित प्रकाशकहरुसँग आपसी आदान-प्रदान गर्ने गरी प्रकाशन प्रेषण गर्नका लागि आफूलाई जानकारी भएसम्मका प्रकाशकहरुसँग सम्पर्क बढाऔं र नेपान सचिवालयलाई जानकारी गराऔं ।
- आफूलाई उत्कृष्ट लागेका विकाससम्बन्धी सवालका पुस्तकहरुको विवरण उपलब्ध गराऔं ।
- जे-जसरी सकिन्छ, नेपान स्रोत केन्द्र प्रवर्द्धन गर्नका लागि योगदान पुऱ्याऔं ।
- नेपान स्रोत-केन्द्र अबदेखि नेपानको आफ्नै घरमा अझ व्यवस्थित बन्न लागेको जानकारी गराउन चाहन्छौं । यहाँको सहभागिता र सहकार्य अपेक्षित छ ।
- नेपान स्रोत-केन्द्र प्रयोगका लागि हाम्रो ढोका यहाँहरुका लागि सधैं खुला रहेको कुरा पनि जानकारी गराउन चाहन्छौं ।
- नेपानको सदस्य बनी यसको उपयोगिता अझ बढाऔं । नेपान एक स्वयंसेवी संस्था भएकोले स्वयंसेवा गर्न चाहने व्यक्तिहरुलाई हामी अझ प्रेरित गर्दछौं । नेपाल र नेपालीका लागि नेपान !

**- नेपान सचिवालय**

*हेफर नेपालको अनुभव*

# नेपालमा सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमाका व्यावहारिक पाटाहरू



बुद्धिबहादुर खत्री

सामुदायिक विकासको लामो अनुभवलाई आत्मसात गर्दै हेफर इन्टरनेसनलले “मूल्यमा आधारित सर्वाङ्गीण सामुदायिक विकास अवधारणा (Values Based Holistic Community Development/VBHCD Approach) को विकास गरेको छ। यसले व्यक्तिको आर्थिक, सामाजिक, भौतिक एवम् मानसिक विकासलाई समेटेको हुन्छ। यो विकासको नमूनाले गरिवीसँग सम्वन्धित विभिन्न विषयहरू जस्तै : सामाजिक र लैंगिक भेदभाव, निरक्षरता, अन्धविश्वास, आर्थिक सशक्तिकरण, परिवार तथा सामुदायिक मेलमिलापलाई सम्वोधन गरेको हुन्छ।

> अवस्था र प्रगतिको स्तर पहिचान गरी सम्भावनाको आधारमा भावी योजना निर्माण गर्नको लागि योजना निर्माण, त्यसको कार्यान्वयन र अनुगमन प्रक्रियामा सबै सदस्यहरूको सहभागिता सुनिश्चित गर्नु नै यसको मूल अभिप्राय हो ।

हेफर इन्टरनेसनल (बाकस १ हेर्नोस्) को परिवर्तनको सिद्धान्त अर्थात् तजभयचथ या ऋजबलनभ अनुसार पहिलो तीनवटा क्षेत्रहरू : आम्दानी र सम्पत्तिमा बृद्धि, पर्याप्त खाद्यान्न र पोषण, वातावरण सुधारलाई महिलाको सशक्तिकरण र सामाजिक पुँजीले गुणात्मक प्रभाव पार्दछ र यसका लागि हेफर इन्टरनेसनलको स्थापित मूल्य मान्यता र निर्देशक सिद्धान्तहरू अर्थात् आधारशिलाहरूले अति नै महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। ती स्थापित मूल्य मान्यता र निर्देशक सिद्धान्तहरू सर्वाङ्गीण सामुदायिक विकास अवधारणालाई जीवन्त र क्रियाशील गराई राख्ने ढुक्ढुकी अर्थात् मुटुजस्तै मान्ने गरिन्छ। तिनै १२ वटा मूल्य-मान्यता (हेर्नोस् बाकस २) र निर्देशक सिद्धान्तहरूलाई “न्यायोचित एवम् दिगो विकासका लागि हेफरका आधारशिलाहरू (Heifer's Cornerstones for Just and Sustainable Development) भनिन्छ।

नेपालमा हेफरले सन् १९५७/५८ मा नेपाल सरकारको अनुरोधमा दुई लटमा उन्नत नश्लका पशुहरू उपलब्ध गराएर सहयोगको सुरुवात गरेको थियो भने १९९३ देखि यस संस्थाले आफ्नो कार्य चितवनको गीतानगरका २५ जनाको महिला समूहमार्फत पहिलो परियोजनाको सुरुवात गऱ्यो। त्यस्तै सन् १९९५ मा नुवाकोट जिल्लाको सुनखानी गाविसमा ४१ वटा उन्नत जातका भैंसीहरूको परियोजनामार्फत आफ्नो कार्यको पुन: विस्तार गऱ्यो। सन् १९९७ अर्थात वि.सं. २०५४ बाट यसले नेपालमा समाज कल्याण परिषद्सँग सम्झौता गरी आफ्नो नेपाल कार्यक्रमको औपचारिक सुरुवात गरेको हो।

**बाकस १**

## हेफर इन्टरनेसनल र हेफर नेपाल : छोटो चिनारी

मध्यमवर्गीय अमेरिकी कृषक स्व. डान वेष्ट, स्पेनिस गृहयुद्धको समयमा स्वयम्सेवकको रुपमा गृहयुद्धबाट पीडित बालबालिकाहरूलाई राहतस्वरुप धूलो दूध बाँड्ने कार्यमा जुटिरहँदा अपर्याप्त राहत सामग्रीहरूबाट दिगोरुपमा समस्याको समाधान हुन नसक्ने देखिएपछि उनलाई एउटा विचार आयो – "These children don't need a cup, they need a cow" अर्थात् "यी बालबालिकाहरूका लागि एक कप दूधभन्दा गाई नै आवश्यक छ" । यसै विचारलाई मूर्तरुप दिन आफ्नो विचारको बारेमा छलफल गर्दै सहयोग जुटाउने कार्यमा डान वेष्ट लागिरहे । परिणामस्वरुप सन् १९४४ मा डान वेष्ट र उहाँका सहयोगीहरूले अमेरिकाको पेन्सिलभानियाबाट प्युर्टोरिकोमा १७ वटा कोरली बाच्छीहरू (Heifer) वितरण गर्न सफल भए । यसरी गाईका कोरली बाच्छीहरू (Heifer) वितरण गरी सुरु गरिएको परियोजना भएकोले यस संस्थाको नाम नै हेफर रहन गएको हो । "Not a cup of milk but a cow" अर्थात् "भोकालाई एक छाक भोजन होइन, जिउने जुक्ति सिकाऔं" भन्ने मूलमन्त्रलाई आत्मसात गरी स्थापना भएको हेफर इन्टरनेसनलले सन् १९४४ देखि हालसम्म विश्वका १२५ राष्ट्रहरूका २५ मिलियन अर्थात २ करोड ५० लाख गरिब परिवारहरूलाई प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा सहयोग पुऱ्याइसकेको छ । आफूसँग भएका पोथी पशुधन साथै, ज्ञान, स्रोत र सीपहरूको उपहार प्रदान गर्दै आशा, आत्मसम्मान र आत्मनिर्भरताको सञ्जाल विस्तार गरेर संसारभर फैलाउने कार्यनीति भएको यस संस्थाले सन् २०१५ देखि २०२० सम्म हाल भोक र गरिबीमा बाँचिरहेका ४० लाख परिवारहरूलाई जीउनलायक वार्षिक कमाइ गरी उत्थानशील र आत्मनिर्भर बनाउन सहयोग गर्ने लक्ष लिएको छ ।

हालसम्म हेफर इन्टरनेसनलले नेपालका ४१ जिल्लाहरूमा लगभग १०० स्थानीय गैरसरकारी संघ-संस्थाहरूसँगको साझेदारितामा गरिब किसानमुखी विभिन्न परियोजनाहरू सञ्चालन गरिरहेको छ । यी सबै कार्यक्रममा मुख्य लाभग्राही घरपरिवारमा महिला सदस्य हुन्छन् भने समग्रमा घरका सबै सदस्य तथा समुदायका हरेक घरपरिवार हुन्छन् । हेफरले स्थानीय संघसंस्थाको क्षमता विकासमा पनि उत्तिकै जोड दिन्छ ।

यी परियोजनाहरू अन्तर्गतका केही साना परियोजनाहरू धेरैजसो सक्रिय चरणमा नै छन् भने केही साना परियोजनाहरू प्रतिवेदन चरणमा पनि छन् । हालसम्म हेफर इन्टरनेसनल नेपालले करिब २ लाख २८ हजारभन्दा बढी घर परिवारलाई सहयोग पुऱ्याइसकेको छ । हेफरका परियोजनाहरूमा सहभागी समूहहरू संगठित भई विभिन्न जिल्लाहरूमा हेफरद्वारा प्रवर्द्धन गरिएका १७२ भन्दा बढी सामाजिक उद्यमी महिला सहकारीहरू पनि दर्ता भइसकेका छन् । चितवन, नवलपरासी र बाँके जिल्लामा हेफरद्वारा प्रवर्द्धित सामाजिक उद्यमी महिला सहकारीहरूका जिल्ला संघहरू पनि दर्ता भइसकेका छन् ।

### सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा

हेफर नेपालले आफ्ना विभिन्न १२ वटा मूल्य मान्यता तथा निर्देशक सिद्धान्तहरू अर्थात् आधारशिलाहरू अन्तर्गत रहेर आफ्ना विभिन्न कार्यक्रमहरू प्रभावकारी बनाउन साथै आफ्नो परियोजना र यस अन्तर्गतका विभिन्न गतिविधि तथा क्रियाकलापहरूलाई थप प्रभावकारी र दिगो बनाउन परियोजनाका सदस्यहरूलाई प्रत्यक्ष सहभागी गराई "सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा" (Participatory Self-Review and Planing - PSRP) गर्ने एक सहभागीमूलक कार्य समीक्षा विधिको विकास गरेको छ । सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा (PSRP) भन्नाले व्यक्ति, परिवार, समूह तथा समुदाय र संस्थाका सदस्यहरूले आफू स्वएमले गरेका कामहरूको आधारमा प्रगतिको समीक्षा गरी व्यक्तिगत तथा समुहिक भावी कार्यक्रम अर्थात योजना तर्जुमा गरीने कार्यलाई बुझाउँदछ । यस कार्यका लागि हेफरका आधारशिलाहरूलाई मुख्य आधारको रूपमा नै प्रयोग गर्ने गरिन्छ । सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा (PSRP) सम्बन्धी यसका सैद्धान्तिक तथा व्यावहारिक पक्षहरू विस्तृत रूपमा तल प्रस्तुत गरिएको छ ।

### सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमाको दर्शन (Philosophy)

- उज्वल भविष्यको लागि सकारात्मक पाईलाहरू चाल्न हरेक व्यक्ति आत्मैदेखि उत्सुक हुन्छन् ।
- परिवर्तनको प्रक्रिया आफैंबाट सुरु हुन्छ ।
- परिवार, समुदाय, समाज र अन्य थुप्रै कुराहरूमा दिगो परिवर्तन ल्याउने पहिलो पाईला नै व्यक्तिको परिवर्तन हो ।

### सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमाको स्वरुप (Features)

- आवधिक अनुगमन, समीक्षा तथा मूल्यांकन र पुन: योजनाका लागि सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा एउटा अति प्रभावकारी र सक्षम औजार हो ।

**बाकस २**

## हेफरले सामुदायिक विकासमा प्रयोग गरेका १२ आधारशिला (कर्नरस्टोन्स)

१. उपहार प्रदान (Passing on the Gift)
२. उत्तरदायित्व (Accountability)
३. बाँडीचुडी उपभोग र स्याहार अर्थात मिलिजुली स्याहार बाँडीचुँडी उपभोग (Sharing and Caring)
४. दिगोपन र आत्म निर्भरता (Sustainability and Self-Reliance)
५. पशु तथा स्रोतको उचित व्यवस्थापन (Improved Animal and Resource Management)
६. पोषण, स्वास्थ्य र आय आर्जन (Nutrition, Health and Income)
७. लैङ्गिक र परिवार केन्द्र बिन्दु (Gender and Family Focus)
८. वास्तविक आवश्यकता र न्याय (Genuine Need and Justice)
९. वातावरण सुधार (Improving the Environment)
१०. पूर्ण सहभागिता (Full Participation)
११. तालिम, शिक्षा र सञ्चार (Training, Education and Communication)
१२. आध्यात्मिकता (Spirituality

- सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा व्यक्तिगत स्तरदेखि परियोजना र संस्था स्तरसम्म उत्तिकै रुपले उपयोग गर्न सकिन्छ ।
- सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमाले हरेक व्यक्ति/सहभागीहरूलाई समानरुपले सशक्त गराउँछ ।
- सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमाले समुदायमा नम्रता, एकता र विश्वास बढाउँछ ।
- सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमाले भए गरेका कुराहरूबाटै काम कुराको शुरुवात गर्ने अवधारणाको विकास गराउँछ ।
- सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमाले आधारशिला तथा मूल्य मान्यताहरूलाई पुनर्बल प्रदान गर्दछ ।
- सकारात्मक परिवर्तनको लागि सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा एउटा सरल र सशक्त औजार हो ।

### सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमाको अभिप्राय

अवस्था र प्रगतिको स्तर पहिचान गर ी सम्भावनाको आधारमा भावी योजना निर्माण गर्नको लागि योजना निर्माण, त्यसको कार्यान्वयन र अनुगमन प्रक्रियामा सबै सदस्यहरूको सहभागिता सुनिश्चित गर्नु नै यसको मूल अभिप्राय हो । यसमा सकारात्मक सोचका साथ समग्र विकास र समुदायको दिगो रुपान्तरण प्राप्तिका लागि प्रयास गरिन्छ । परिवर्तनको सुरुवात आफैंबाट गर्न सकिन्छ भन्ने मुख्य मान्यतामा अडिग भई यो प्रक्रिया अघि बढ्दछ । आफ्नो योजना आफैंले तयार गरी कार्यान्वयनतर्फ थप उत्साह प्रदान गर्नु पनि यसको अर्को मर्म हो ।

### सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा प्रयोग गर्न सकिने स्तरहरू (Application levels of PSRP)

- व्यक्तिगत स्तर : हेफरका कर्मचारीहरू, परियोजना साझेदार संस्थाका सदस्य तथा कर्मचारीहरू र समूह तथा समुदायका सदस्यहरू आदि ।
- परिवार स्तर : हरेक व्यक्तिका परिवारहरू ।
- संस्था स्तर : हेफर, परियोजना साझेदार, समूह ।
- परियोजना स्तर : परियोजना साझेदार, समूह ।

### सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमाको प्रयोग अवधि (Fequency)

दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक, चौमासिक, अर्धवार्षिक, वार्षिक आदि विभिन्न अवधिमा सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा गर्न सकिएता पनि अहिलेसम्मको अभ्यासमा हेफर कर्मचारीहरूले वर्षको एक पटक, हेफर परियोजना साझेदार संस्थाहरूले हरेक ६/६ महिनामा एक पटक

र समूहका सदस्यहरूले समूहमा हरेक ३ देखि ४ महिनाभित्रमा एकपटक यो सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा गर्ने काम गर्दछन् ।

## सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा गर्ने विभिन्न विधि र आवश्यक पर्ने मुख्य सामग्रीहरू

सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा गर्ने विभिन्न विधिहरू हुन सक्छन् तर सामान्यतया नेपालमा मुख्य ३ विधिहरू प्रचलनमा रहेका छन् ।

### क. अंक विधि (Scoring Method)

सामान्यतया यो विधि साक्षर सदस्यहरूका लागि मात्रै उपयुक्त मानिन्छ । किनकि यस विधिमा कुन आधारशिला अन्तर्गतका के कति कामका लागि कति अंक दिने भनेर आफ्नो स्तर अंक निर्धारण तालिकामा आफैले दिने गरिन्छ ।

### ख. चिन्ह लगाउने विधि (Rating Method)

सामान्यतया यो विधि पनि साक्षर सदस्यहरूका लागि उपयुक्त मानिन्छ । यस विधिमा कुन कुन आधारशिलाहरूमा भए गरेका कामहरूलाई हेर्दा म कुन रुखको अवस्थामा जस्तै रहेछु भनेर प्रत्येक आधारशिलामा अलग अलग रुखको अवस्थामा चिन्ह लगाउने गरिन्छ । सबै सहभागी सदस्यहरूले कुन कुन आधारशिलामा कुन अवस्थामा कति जनाले चिन्ह लगाए भनेर सबैको गनी नतिजा तालिकामा प्रस्तुत गरी आवश्यक छलफल तथा व्याख्या विश्लेषण गरेर आगामी दिनका लागि उपयुक्त योजना बनाउने गरिन्छ ।

### ग. मतदान विधि (Voting Method)

यो मतदान विधि सामान्यतया निराक्षर तथा सामान्य साक्षर व्यक्ति तथा समुदायहरूको स्तरमा उपयोगी मानिएको छ । यस विधिमा हरेक आधारशिलाहरू अन्तर्गत भए गरेका कामहरूको सूची बनाएपश्चात् ती कामहरूको सूचीसँग आफ्नो उपलब्धिको स्तर ३ विकासात्मक रुखको अवस्थासँग तुलना गरी कुनै एक अवस्थामा गई एक एक गरी सबै सदस्यहरूले गोप्य मतदान गर्ने गरिन्छ ।

## सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा गर्ने कदम तथा पाइलाहरू (Major Steps of PSRP)

कुनै पनि विधि अनुसार सहभागितामूलक स्व-समीक्षा तथा योजना तर्जुमा गरेता पनि सामान्यतया सहजकर्ताहरूले निम्न ७ चरणहरू पूरा गर्ने गर्दछन् ।

### पहिलो कदम

*आधारशीलाहरूको पुनरावलोकन*

जुन कुनै विधि अनुसार सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा गरेता पनि सबै सहभागीहरू उपस्थित भईसकेपछि पहिलो चरणमा सहभागीहरूसँग सामान्य भलाकुसारी गर्दै आधारशिलाहरू कतिवटा छन् ? ती आधारशिलाहरू के के हुन् ? ती आधारशिलाहरूको मूल मर्म वा सन्देशहरू के के छन् ? हाम्रो परिप्रेक्ष्यमा यस आधारशिलाको सन्देश के हुन सक्छ ? जस्ता कुराहरूमा छलफल गर्दै मूल्यमा आधारित विकासका १२ वटै आधारशिलाहरूलाई एकपटक राम्रोसँग पुनरावलोकन गर्नुपर्दछ ।

### दोस्रो कदम

*हरेक आधारशिलाहरू अन्तर्गत भएका सान्दर्भिक क्रियाकलाप तथा उपलब्धिहरूको सूची तयार*

सबै वा एक एक आधारशिलाहरूको पुनरावलोकन गर्दै हरेक आधारशिलामा रहेर भएगरेका सन्दर्भ क्रियाकलापहरूको सूची सहभागीमूलक छलफलबाट गर्न गइरहेको भन्ने जानकारी गराउँदै हरेक आधारशिला अन्तर्गत मिल्ने सान्दर्भिक क्रियाकलाप तथा उपलब्धिहरूको सूची तयार गर्ने वा गर्न सहयोग गर्ने काम यस दोस्रो चरण वा पाईलामा गरिन्छ ।

### तेस्रो कदम

सान्दर्भिक क्रियाकलाप तथा उपलब्धिहरूमा रहेर हरेक आधारशिलाहरूमा आफैले अंक निर्धारण वा चिन्ह लगाउने वा स्व-मतदान गर्ने गरिन्छ । सान्दर्भिक क्रियाकलाप तथा उपलब्धिहरूलाई ख्याल वा मनन गरी आफूले कुन स्तरमा ती उपलब्धि हासिल गर्न सकियो भनेर आफ्नो स्तर आफैले निर्धारण गर्न माथि उल्लेख गरिएजस्तै विभिन्न विधि तथा तरिकाहरूमध्ये कुन तरिका वा विधि अनुसार आजको स्व-समीक्षा गरिँदैछ सोको जानकारी दिने ।

### चौथो कदम

*मत गणना र त्यसको तालिकीकरण*

जुन विधि तथा तरिकाले स्व-समीक्षा गरिएको छ सो अनुसार आफ्नो स्तर आफैले निर्धारण गरेपछि सबैले देख्ने गरी कुन कुन आधारशिलामा कुन स्तरमा कति अंक वा मत प्रकट गरिए भनेर सबैको एकै ठाउँमा गनेर मिलाउने काम यस चरणमा गरिन्छ । अंक विधि अनुसार गरेमा सबैको अंक हरेक आधारशिलामा जोडी औसत अंक निकालिन्छ भने अन्य दुई विधिअनुसार कुन

आधारशिलामा कुन स्तरमा कति चिन्ह वा मत प्राप्त भएको छ सो मिलाएर गनी अन्तिम अंकलाई स्व-समीक्षा नतिजा विवरण तालिकामा प्रष्टसँग राख्ने काम यस चरणमा गरिन्छ ।

**पाँचौं कदम**

*प्राप्त मतहरूको विश्लेषण तथा पुनरावलोकन*

स्व-समीक्षा नतिजा तालिकामा हरेक आधारशिलाहरूमा प्राप्त भएका अंकहरूलाई तालिकीकरण गरिसकेपछि कुन अवस्थामा कति मत परेको रहेछ, किन त्यस आधारशिलामा त्यस अवस्थामा त्यति अंक वा मत रहयो भन्ने जस्ता विषयहरूमा व्यापक छलफल तथा विश्लेषण गर्ने काम यस चरणमा गरिन्छ ।

**छैटौं कदम**

*कार्य योजना निर्माण*

अन्तमा सबैभन्दा कम औसत अंक आएका आधारशिलाहरू वा भर्खरको बिरुवा वा बेर्ना (Sapling stage) बाट बढ्दै गरेको रुख (Growing stage) र यस अवस्थाबाट माथिल्लो अवस्था अर्थात् फल लागेको रुख (Fruit bearing stage) मा पुग्न तथा फल लागेको अवस्था भविष्यमा पनि कायमै राख्न कुन आधारशिलामा अझै के कस्ता कामहरू गर्न सकिन्छ वा गर्नुपर्ने हुन्छ भनी सहभागीहरूसँग छलफल गरी आवश्यक सल्लाह तथा सुझाव संकलन गर्ने ।

- **क. पहिलो प्राथमिकता :** व्यक्ति वा समूह वा संस्था आफैंले गर्न सक्ने क्रियाकलापहरू ।
- **ख. दोस्रो प्राथमिकता :** व्यक्ति वा समूह वा संस्थाले हेफरको सहयोगमा गर्न सक्ने क्रियाकलापहरू ।
- **ग. तेस्रो प्राथमिकता :** व्यक्ति वा समूह वा संस्थाले अन्य विभिन्न संघ-संस्था तथा निकायहरूसँगको सम्पर्क तथा समन्वयमा गर्न सक्ने क्रियाकलापहरू ।

त्यस्तै कामलाई अर्को हिसाबले पनि प्राथमिकतामा राख्दै योजना बनाएर कार्यान्वयन गर्दै जाने हो भने सर्वाङ्गीण विकासका लागि यो सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा निकै महत्वपूर्ण र उपयोगी हुनेछ ।

- **अ. पहिलो प्राथमिकता :** व्यक्ति वा समूह वा संस्था आफैंले गर्न चाहेका क्रियाकलापहरू ।
- **आ. दोस्रो प्राथमिकता :** त्यस योजना अवधिमा सम्बन्धित व्यक्ति वा समूह वा संस्थाले गर्नुपर्ने परियोजना अन्तर्गतका क्रियाकलापहरू ।
- **इ. तेस्रो प्राथमिकता :** व्यक्ति वा समूह वा संस्था आफैंले गर्न चाहेका क्रियाकलापहरूबाट पनि छुटेका र परियोजना अन्तर्गतका क्रियाकलापहरूमा पनि उल्लेख नभएका तर त्यहाँ गर्नुपर्ने अन्य कामहरू ।

यसरी बनाइएको कार्ययोजनाअनुसार कामको प्रगति भए-नभएको बारेमा संस्था तथा समूहको बैठकहरूमा नियमित छलफल तथा समीक्षा गर्ने निर्णयसमेत गराउनु पर्दछ ।

**सातौं कदम**

कार्य योजना पूरा गर्ने प्रतिबद्धता अर्थात् अठोट वा संकल्प

विभिन्न दृष्टिकोणबाट प्राथमिकताका क्षेत्रहरू छुट्याउँदै छैटौं कदममा तयार गरिएको कार्ययोजनालाई सफल बनाउनको लागि आवश्यकताअनुसार व्यक्तिगत तथा सामूहिक अठोट अर्थात् संकल्प वा प्रतिबद्धताहरू गर्न सबै सहभागीहरूलाई उत्साहित गर्ने र यो सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा गर्ने कार्यबाट थप नयाँ ऊर्जा प्राप्त भएको महसुस गराउँदै यसलाई एक उत्सवको रुपमा निरन्तर गर्दै जाने एक अपरिहार्य प्रक्रियाको रुपमा बानी बसाउन सुरुदेखि नै सबै निकायहरूलाई सहजीकरण गर्दै जानुपर्ने हुन्छ ।

**कार्य योजनाको नमूना फारम**

| आधारशिलाहरू | निर्धारित लक्ष्य (के गर्ने ?) | कहाँ गर्ने ? | कहिलेदेखि कहिलेसम्म गरिसक्ने ? | कसको नेतृत्वमा गर्ने ? | कसको सहयोग लिएर गर्ने ? | लक्ष्य पूरा भएको प्रमाण के हुने ? |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**सहभागीमूलक स्व-समीक्षा तथा कार्ययोजना तर्जुमा गराउँदा ध्यान दिनुपर्ने महत्वपूर्ण कुराहरू**

- यस कार्यमा सहयोग गर्ने सहजकर्ताले सहजीकरणको भूमिकामात्र निर्वाह गर्नुपर्दछ । सहजीकरण र छलफलको क्रममा आफ्नो बिचारले अरुलाई प्रभाव पार्नु हुँदैन ।
- सहभागीहरूलाई निष्पक्ष ढंगले आफ्नो बिचार अनुसार मत दिनको लागि उत्साहित गर्नुपर्दछ । छलफलको क्रममा सबै सहभागीहरूलाई समानरुपमा सहभागी हुने वातावरण श्रृजना गराउनु पर्दछ ।
- यस कार्यको लागि धेरै समय लाग्यो भनेर हतार हतार कहित्यै गर्नु हुँदैन । सहभागीहरूको क्षमतालाई ख्याल गरी छलफललाई सहज र सरल बनाउनु पर्दछ ।
- स्व-समीक्षापछि समीक्षाको आधारमा अगाडि बढ्नको लागि बनाइने कार्य योजना पनि स्व-स्फूर्तरुपमा सहभागीहरूबाट नै ल्याउन सहजकर्ता सक्षम हुनुपर्दछ । राम्रा कामहरूको लागि हौसला तथा धन्यवाद र अझै राम्रो गर्न सहभागीहरूलाई प्रेरणा दिनु पर्दछ ।
- मूल्यांकन शब्दले प्राय व्यक्तिहरूमा डरको भावना उत्पन्न गराउँछ, जसको कारणबाट विभिन्न गतिविधिहरूको राम्रो पक्षहरू मात्र बताइन वा देखाइन सक्छ, फलस्वरुप कमजोर पक्षहरू ढाकछोप हुन सक्छन् । यसबाट वास्तविक अवस्था थाहा नहुने भएकोले सहभागीमूलक स्व-समीक्षा तथा कार्ययोजना तर्जुमार्फत् कमजोर पक्षहरूलाई सुधार गरी जीवनस्तरलाई झनै प्रभावकारी बनाउनु हो त्यसैले छलफलको क्रममा मूल्यांकन शब्दको उच्चारण कदापि नगरी समीक्षा भन्ने शब्दमात्रै प्रयोग गर्नुपर्दछ ।
- सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमालाई सहभागीहरूको स्तर, आवश्यकता र समयको पर्याप्तता आदिको आधारमा विभिन्न तरिकाले गर्न सकिन्छ ।

**सहभागीमूलक स्व-समीक्षा तथा कार्य योजना तर्जुमा एक निरन्तर प्रक्रिया (PSRP as a continous process)**

नोट : तल प्रस्तुत गरिएका दुवै चक्रहरूमा सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा गर्ने कदम तथा पाइलाहरू (Major Steps of PSRP) लाई नम्बरमा मात्रै उल्लेख गरिएको छ ।

**समूह स्तरमा PSRP गर्दाका कठिनाइ र ती कठिनाइहरूका समाधानका सम्भावित उपायहरू**

**PSRP गर्दा आउन सक्ने सम्भावित कठिनाइहरू :**

- लामो समय लाग्न सक्छ वा लाग्यो भनेर समूहका सदस्यहरूले एक्चए को लागि आवश्यक पर्ने समय दिन नभ्याउने ।
- एकै उमेर र स्तरका नभएको हुदा बुझाइमा भिन्नता आई परिणाममा एकरुपता ल्याउन कठिनाइ ।
- विभिन्न समूहहरूमा विभिन्न काममा समयदिनु पर्ने भएकोले सहजकर्ताहरूलाई पनि एक्चए को लागि पर्याप्त समय दिन नभ्याउनु ।

**समूह स्तरमा गरिने सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा प्रक्रिया**



**संस्था स्तरमा गरिने सहभागीमूलक स्व-समीक्षा तथा योजना तर्जुमा प्रक्रिया**




- PSRP गर्नको लागि उपयुक्त स्थानको अभाव ।
- PSRP गर्दाका सबै प्रक्रियाहरू सोही समयमा समूहको रजिस्टरमा उतार्न नभ्याउने ।

### कठिनाइ समाधानका सम्भावित उपायहरू :

- कहिलेकाहीँ मतदान प्रक्रियामा आँखा चिम्लन लगाई आफू कुन स्थानमा छु भनी हात उठाउन लगाएर समीक्षको स्तर पहिचान गर्दा कम समयमा एक्व्ए गर्न सकिने ।
- उमेरका आधारमा नभई कामका आधारमा आफ्नो स्तर निर्धारण अर्थात भोटिङ्ग गर्नुपर्छ भनी सम्झाउने ।
- समूहको केही सक्रिय तथा सहयोगी सदस्यहरूको सहयोग लिएर सबै समूहमा नियमित रुपमा एक्व्ए गर्न सहजीकरण गर्ने जसले गर्दा सहजकर्ताले नभ्याउने दिनमा पनि उनीहरू आफैले एक्व्ए गर्न सक्ने हुन्छन् ।
- सामुदायिक भवन नभएको ठाउँमा कुनै सदस्यको घरको ठूलो आँगन, पिंडी, खुल्ला चौर, चौतारा तथा विद्यालय आदि ठाउँमा बसेर पनि एक्व्ए गर्ने ।
- एक्व्ए गर्ने दिन घरकाअरु सदस्यहरू र समुदायका गन्यमान्य, समाजसेवी आदिलाई पनि निमन्त्रणा गरी उहाँहरूको सल्लाह सुझाव र सहयोग लिएर योजना बनाउँदा बनेको कार्ययोजना पूरा गर्न सजिलो हुन्छ ।
- PSRP को दिन समूहको रजिस्टरमा सबै प्रक्रिया उतार्नको लागि पढेलेखेका समूहका सदस्यहरू वा उनीहरूका घरका सदस्यहरूको पनि सहयोग लिने र उनीहरूलाई पनि सिकाउने ।
- समयको केही हेरफेर गरेर भए पनि सम्पूर्ण सदस्यहरूको उपस्थितीमा एक्व्ए गर्ने दिन तथा कार्यक्रमको बारेमा पूर्व सूचना गर्ने र सम्भव भएसम्म सबैलाई समेटेर PSRP गर्ने, इत्यादि ।

*द्रष्टव्यः यससम्बन्धी व्याख्यासहितको एउटा पुस्तिका यसै पंक्तिकारको लेखनमा हेफर नेपालबाट प्रकाशित भइसकेको छ । यसमा विशेष रुचि राख्ने महानुभावहरूले हेफर नेपालमा सम्पर्क गर्न सक्नुहुनेछ । धन्यवाद !*

### सन्दर्भ सामग्रीहरू :


- The Heifer Model: Cornerstones, Values Based Development, by Jerry Aakar; Published by Heifer International; Third Edition 2007
- A Guidebook to Values Based Holistic Coomuity Development Training; Published by Asia/South Pacific, Heifer International; Second Edition 2010
- हेफर आधारशिला अध्ययन पुस्तिका - २०१६ : हेफर इन्टरनेसनल नेपाल
- PSRP Guideline - 2016: हेफर इन्टरनेसनल नेपाल
- बार्षिक प्रतिवेदन - २०१५ : हेफर इन्टरनेसनल
- बार्षिक प्रतिवेदन - २०१५ : हेफर इन्टरनेसनल नेपाल


*लेखक हेफर ईन्टरनेसनल नेपालमा वरिष्ठ तालिम प्रबन्धक हुनुहुन्छ ।*
*buddi.khatri@heifer.org*

अन्तर्वार्ता

संयोजन: फटिक थापा

# नेपानले सहजीकरणको भूमिका खेल्नुपर्छ



**–डा. भोलाप्रसाद दाहाल**
**पूर्व अध्यक्ष, नेपान**

***२०७२ को महाविनाशकारी भुइँचालोले तपाईंको घरपरिवारमा कुनै क्षति पुग्यो कि ? कस्तो कस्तो क्षति ?***

भूइँचालो जाँदै गर्दा माथिल्लो तामाकोशीको विद्युत् योजना भ्रमण गर्न जाने क्रममा काठमाडौं विश्वविद्यालयको एक टोलीसँग म दोलखाको सुनखानी गा.वि.स.मा पुगेको थिएँ । आफ्नै आँखाअगाडि घर भत्किनु त सामान्य भयो, बाटोसमेत चिरिएको र भत्केको देखें । हामीले गाडी रोक्यौं र आँखैअगाडिको पसल ढल्यो, त्यसको एक कोठामा पसलको सामानले एउटा ६ महिनाको बालक च्यापिएको थियो । उक्त बच्चालाई होशियारीसाथ निकालेर उसको आमालाई जिम्मा लगाएँ । त्यसपछि गाडी फर्काएर चरिकोट बजार आँउदा सबै घरहरू भत्केको देखेर अचम्म लाग्यो, मेरो घर बाँकी रहेको कल्पना गरिनँ । दुई घण्टासम्म टेलिफोन सम्पर्क न रामेछापमा आमासँग भयो न ललितपुरको हरिसिद्धीमा बसेका परिवार सगँ । भूकम्पले बिजुलीकोट रामेछापको घर पूरै भत्कियो भने हरिसिद्धीको घरको पर्खाल र छतमा भएको सोलर प्यानल र पानी ट्याँकी पूरै क्षति भयो, तर सौभाग्य आफ्नो परिवारमा कुनै ज्यानको क्षति भएन ।

***यस विपत्को घडीमा तपाई राहत, उद्धार र सहयोगमा आफू कसरी सहभागी हुनुभयो ? के के योगदान पुऱ्याउनुभयो ?***

काठमाडौं विश्वविद्यालयका ११ जनाको टोलीलाई भूकम्पको बीचबाट सकुशल काठमाडौं फर्काउनु र टोलीका सदस्यहरूको परिवारसँग सम्पर्क स्थापित गराउन कठिन भयो । दोलखाबाट काठमाडौ फर्कने क्रममा सिन्धुपाल्चोकको थुम्पाखरस्थित टुकीसंघ सुनकोशीको सडकसँग जोडिएको आँगनमा रातभरि जाग्राम बसियो । टुकी सदस्य तथा कर्मचारीहरूले आफ्ना परिवार गुमाएकोमा चिन्तित थिए । तैपनि उनीहरूले हामीलाई पाल, कम्बल तथा खाना र पानी उपलब्ध गराए । भूकम्पपछिको पहिरो र निरन्तरका पराकम्पनले हामीलाई चिन्तित गरायो । गृह मन्त्रालय र स्थानीय प्रशासनसँग हारगुहार गरी चौथो दिन काठमाडौं आइपुगियो । परिवार र छोराछोरीहरू छिमेकीहरूसँग घर नजिकको खाली खेतमा अस्थायी टहरा बनाई सामूहिक बसाइ र खानापानको व्यवस्था गरेको रहेछ । तत्कालै अफिस गई स्थानीय निकायमार्फत् तत्काल राहत कार्य सञ्चालन गर्न साथीहरूसँग सल्लाह गरी स्थानीय विकास मन्त्रालयमा छलफल गरी तत्कालै हरेक गाविस र नगरपालिकाका वडाहरूलाई कम्तीमा ४ लाख ५० हजार र बढीमा नौ लाख दिने सैद्धान्तिक सहमति गरी भोलिसम्म राहत निर्देशिकासहित भूकम्प प्रभावित १४ जिल्लामा पैसा पठाउने निर्णय भयो । स्थानीय निकायमार्फत् तत्कालीन राहत कार्यक्रमका लागि दाता र सरकारले आर्थिक सहयोग गरी एक महिनाभित्र हरेक वडा नागरिक मञ्च परिचालन गरी खाद्यान्न, औषधी, पानी, अस्थायी आवास र सरसफाइका गतिविधि गरी जीवन रक्षा गर्ने कार्य भयो ।

हरिसिद्धीको हाम्रो अस्थायी शिविरमा पाँचौ दिनसम्म पनि कुनै राहत र खोजका लागि सरकारी तथा गैरसरकारी संस्थाहरू नआएको पाँउदा आफैं खोजी गर्न लागे । रेडक्रसकर्मीको हिसाबले आफैंलाई आत्मग्लानि भयो । सबैतिर त्रिपालको माग भइरहेको तर राहत प्रदान गर्ने सरकारी निकाय तथा राहत संस्थासँग मौज्दात नभएकाले केही साथीहरू (उत्तम तथा विष्णुअधिकारी) को व्यक्तिगत पहलमा एक हजार पाल झापाको काकरभित्तापारिबाट काठमाडौ झिकाई काभ्रे, दोलखा, सिन्धुपाल्चोक, रामेछाप र गोरखा गई स्थलगतरुपमा नै राहत बाँडियो । राष्ट्रिय योजना आयोगले बनाएको भूकम्पपछिको पुनर्निर्माणका लागि आवश्यकता पहिचान (PDNA) प्रक्रियामा सहभागी हुने काम पनि भयो ।

१४ जिल्लामा भूकम्पबाट भत्किएका ५५ गा.वि.स. हरूको अस्थायी भवन बनाउन तथा हरेक गा.वि.स.मा रहेका नागरिक सचेतना केन्द्रमा आवद्ध पछाडि पारिएका महिलाहरूको जीविकोपार्जनका लागि म आवद्ध नर्वेजियन दूतावासबाट स्थानीय विकास मन्त्रालयमार्फत् थप सहयोग गर्न पहल गरियो ।

***भूकम्प पीडितको उद्धार, राहत र पुन:निर्माण कार्यमा नेपाल सरकारले अपनाएको कार्यप्रक्रिया र हालसम्मको प्रगतिबारेमा के भन्नुहुन्छ ?***

☞ भूकम्प पीडितहरूको तत्काल खोजी, उद्धार तथा राहतमा सुरक्षा फौज र स्थानीय स्वयम्सेवीहरूको योगदान सह्राहनीय रह्यो। समुदायमा आधारित संघसंस्था र स्थानीय युवाहरू नै सही अर्थमा पहिलो प्राथमिक उपचारक तथा राहत कार्यकर्ता हुन् भन्ने कुरालाई २०७२ को भूकम्प उद्धार तथा राहत कार्यले ले थप पुष्टि गरेको छ। स्थानीय गा.वि.स.मा एक जना सचिवमात्र कर्मचारी हुनु तथा निर्वाचित जनप्रतिनिधि नहुनुले राहत, पुन:स्थापना तथा पुनर्निर्माण कार्य व्यवस्थित तथा प्रभावकारी हुन सकेन । राहत बितरणको एकद्धार प्रणाली राम्रो भए पनि कर्मचारीको मनोवृत्तिले गर्दा समयमा नै राहत तथा पुनर्स्थापनका कार्यहरू हुन सकेको छैन । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका गतिविधिहरू गाँउ पुग्न सकेका छैनन् । भूकम्पको १५ महिनासम्म पनि सरकारको नीति, प्रक्रिया र अनुदान रकमको स्पष्टता नहुनु र कार्यान्वयन गर्ने निकायको अलमलले पुनर्स्थापन र पुनर्निर्माणका कामहरू अपेक्षा गरेअनुसार र फलदायी हुन सकेका छैनन् । राजनीतिक अस्थिरता र भूकम्पपछिको कार्यमा पनि राजनैतिक दाउपेचले जनताप्रति उत्तरदायी नेतृत्व पाउन सकिएन ।

***यस कार्यमा गैरसरकारी तथा निजी क्षेत्रको सक्रियता र सहयोग कस्तो पाउनुभयो ?***

☞ राहतको काममा निजी क्षेत्र केही सक्रिय भएपनि कार्टेलिंग र सिन्डिकेटका कारण मानवीय कार्यमा पनि बढी नाफामुखी देखियो। पुनर्स्थापन र पुनर्निर्माणमा निजी क्षेत्र उदासीन र असहयोगी छ । गैरसरकारी संस्थाहरू दातामुखी र परियोजना केन्द्रित भए । के आवश्यकता छ र कसरी स्थानीयसँग सहकार्य गर्न सकिन्छमा उनीहरूको त्यति ध्यान गएन । सरकारको सहयोगमा परिपूरक हुनुपर्नेमा दोहोरोपना पनि देखियो। गैरसरकारी संस्थाहरूको पारदर्शिता र मीतव्ययितामा धेरै प्रश्नहरू आए ।

***के यस कार्यमा नेपानको पनि कुनै पक्षमा पहलकदमी हुन सक्यो ?***

☞ नेपानले सूचना प्रदान गर्ने र जूनमुखी नीति तथा कार्यक्रम तर्जुमामा वकालत ग/यो । पारदर्शिता र जवाफदेहिता अनुगमनमा नेपानले अझ थप काम गर्नुपर्छ ।

***भूकम्पपछिको पुन:निर्माण कार्यलाई कसरी शीघ्रता दिन र प्रभावकारी बनाउन सकिएला ? (तपाईंका सुझाव के के छन्)***

☞ स्थानीय निकायको निर्वाचन अपरिहार्य छ। वडा नागरिक मञ्च र स्थानीय संघसंस्थाहरू परिचालन गरी भूकम्प प्रतिरोधी भवनहरूको निर्माण र सरकारको भवन निर्माण निर्देशिकाको ब्यापक प्रचारप्रसार गराउनुपर्छ । कर्मचारीतन्त्रबाट पुनर्निर्माण सम्भव छैन । हरेक गा.वि.स.मा प्राविधिकहरूको ब्यवस्था गरी निर्धारित नक्शा र विधि प्रयोग गरी निजी भवन बनाउन सहजीकरण गर्नुपर्छ। सामग्रीहरूको गुणस्तरीयता र सहज आपूर्तिमा स्थानीय प्रशासनले समन्वय गर्नपर्छ। राजनीतिक दलहरूले आफ्नोलाई मात्र होइन आवश्यकताका आधारमा मानवीय नाताले निष्पक्ष भएर जनतालाई सेवासुविधामा पहुँच बढाउन पुलको काम गर्नुपर्छ। सीमान्तकृत परिवार, एकल महिला, वृद्धवृद्धा र बालबालिका मूली भएका घरहरूमा स्वयम्सेवक र संघसंस्था परिचालन गरी स्थायी आवास, दीर्घकालीन जीविकोपार्जन र रोजीरोटीका लागि विभिन्न विकल्पहरूको अवसर प्रदान गर्नुपर्छ ।

***नेपानजस्तो नेटवर्क संस्थाले विपत् व्यवस्थापनसम्बन्धी मुद्दाहरूमा के कस्ता काममा जोड दिनुपर्ला ?***

☞ नियमित अनुगमन, जनताको सूचना र सेवासुविधामा पहुँच वृद्धि, निर्णय प्रक्रियामा सीमान्तकृत परिवार र समुदायको आवाज तथा आवश्यकताको सुनुवाइ र राज्यका निकायहरूको जवाफदेहिता र पारदर्शितालाई प्राथमिकता दिनुपर्छ। अझ पनि नागरिकलाई विकासको सम्वाहक तथा हकवालाको रुपमा राज्यले स्वीकार, सम्मान र सहयोग गर्ने बातावरण बनाउन नेपानले अझ बढी सहजीकरण गर्नु राम्रो हुन्छ।

***भूकम्पपछिको पुन:निर्माणका बारेमा (समग्रमा) यहाँका अन्य भनाइ केही छन् कि ?***

☞ भविष्यमा हुनसक्ने जोखिम र प्रकोप न्यूनीकरणका कार्यहरूलाई पनि पुनर्निर्माणका कार्यहरूजत्तिकै प्राथमिकता दिनुपर्छ । नेपाल भूकम्पीय जोखिम, नियमित बाढीपहिरो र आगलागीको चपेटामा छ, तसर्थ स्थानीय संघसंस्था र सरकारलाई नै प्रकोप न्यूनीकरण र ब्यवस्थापनको जिम्मेवारी र स्रोतसाधन उपलब्ध गराउन नीतिगत परिमार्जन र जवाफदेहिता किटान गर्न आवश्यक छ। ●



**नेपानबाट प्रकाशित हुने**

**Participation**

**Annual Peer Reviewed English Journal**

**नियमित पढ्ने गरौं ।**

अन्तर्वार्ता

# गैससहरूले आफूले सक्नेजति पनि काम गरेनन्

–डा. विनोद भट्ट
पूर्व अध्यक्ष, नेपान



***२०७२ को महाविनाशकारी भुईँचालोले तपाईंको घरपरिवारमा कुनै क्षति पुग्यो कि ? कस्तो कस्तो क्षति ?***

मेरो परिवारका सदस्यहरू सुरक्षित रहे, तर घरमा भने क्षति पुगेको थियो र निकै मरम्मत गर्नुपर्ने भएको छ।

***यस विपत्को घडीमा तपाई राहत, उद्धार र सहयोगमा आफू कसरी सहभागी हुनुभयो ? के के योगदान पुर्‍याउनुभयो ?***

म आफू व्यक्तिगत रुपमा धेरै सहभागी हुन पाइनँ। भूकम्पको समयमा म दाङ जिल्लामा एक अध्ययनको सिलसिलामा थिएँ र सोमवार राति (दोश्रो दिन) मात्र काठमाडौं आईपुगें। त्यसपछि आफ्नो नजिकको ठिमी क्षेत्र र भक्तपुर क्षेत्रमा राहत र उद्धार कार्यमा स्थानीय स्वयंसेवीहरूसंग मिलेर सहभागी भँए। यस क्रममा हाम्रो परिवारले विशेष गरेर प्राथमिक उपचार र औषधिहरूमा सहयोग गरेको थियो। त्यसबाहेक काभ्रेपलान्चोक, सिन्धुपाल्चोक र दोलखा जिल्लाहरूमा खाद्यान्न, लत्ता(कपडा र औषधिहरू त्यस भेगका केही स्वयंसेवीहरूसंग मिलेर वितरण गरियो। त्यसबखत आफू कार्यरत कार्यालय (राष्ट्रपति चुरे(तराई मधेश संरक्षण विकास समिति) बाट सङ्कलन गरिएको कोषमा आर्थिक अनुदान गरियो।

***भूकम्प पीडितको उद्धार, राहत र पुन:निर्माण कार्यमा नेपाल सरकारले अपनाएको कार्यप्रक्रिया र हालसम्मको प्रगतिबारेमा के भन्नुहुन्छ ?***

भूकम्पपछि सुरुका दिनमा सरकारको उद्धार र राहत प्रयास अन्योलपूर्ण लाग्यो। पछि पुनर्सनिर्माण कार्यमा सरकारले अपनाएको प्रक्रिया ज्यादै गैर( जिम्मेवार पूर्ण लाग्यो। यस बीचमा जुनसुकै सरकार आए पनि भूकम्प पीडितका नाम र पुनर्सनिर्माणबारे सुगारटाई मात्र बढी गरे, काम नगन्य मात्र भयो। सबै आफ्नो स्वार्थमा सीमित रहेको अनुभूति भयो।

***यस कार्यमा गैरसरकारी तथा निजी क्षेत्रको सक्रियता र सहयोग कस्तो पाउनुभयो ?***

सुरुको उद्धार र राहतमा तिनको सक्रियता र सहयोग निकै राम्रो रह्यो। पछि निजी क्षेत्रले केहि साधारण भूमिका बाहेक केही गरेजस्तो लागेन। धेरैजसो गैरसरकारी संस्थाहरूले पनि पछि गएर आफ्नो स्वार्थमा बढी केन्द्रित भएको जस्तो लाग्यो। यिनले सरकारको आलोचना गर्ने काम पनि गरे तर आफूले गर्न सक्ने र गर्नुपर्ने जति काम चाहिं गरेननन्जस्तो लाग्छ।

***के यस कार्यमा नेपानको पनि कुनै पक्षमा पहलकदमी हुन सक्यो ?***

नेपानले केही आर्थिक सहयोग जम्मा गरी सहयोग गरेको जानकारी गराएको थियो। पुनर्सनिर्माणका लागि केही पैरवी पनि गरेको जस्तो लाग्छ। अरु धेरै जानकारी भएन।

***भूकम्पपछिको पुन:निर्माण कार्यलाई कसरी शीघ्रता दिन र प्रभावकारी बनाउन सकिएला ? (तपाईंका सुझाव के के छन्)***

पीडित परिवारहरूलाई दिनु पर्ने सहयोगमा कुनै राजनैतिक पूर्वाग्रह नराखी यथाशीघ्र दिनुपर्ने हो। सरकार र राजनैतिक दलहरूले यसको लागि प्राधिकरण गठन गर्नमा देखाएको चरित्र नै यसका लागि सबभन्दा ठूलो बाधा रह्यो। यस कामका लागि सरकारी निकायले यथाशीघ्र कार्यनीति र कार्यक्रम बनाई आफ्नो संयन्त्रका साथै गैरसरकारी संस्थाहरूमार्फत समन्वय गरी कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने हो। यो देशमा मुख्य समस्या जिम्मेवार व्यक्तिरनिकायको प्रवृत्तिको हो जस्तो लाग्छ, जुन परिवर्तन गर्न ज्यादै गाह्रो हुन्छ।

***नेपानजस्तो नेटवर्क संस्थाले विपत् व्यवस्थापनसम्बन्धी मुद्दाहरूमा के कस्ता काममा जोड दिनुपर्ला ?***

नेपानले यससँग सम्वन्धित कार्यनीति यथाशीघ्र बनाउन र लागू गर्न सरकारी निकायमा पैरवी गर्न सक्छ। कार्यक्रम कार्यान्वयनको नागरिक समाजको हैसियतले स्वतन्त्र अनुगमन गर्न सक्छ।

***भूकम्पपछिको पुन:निर्माणका बारेमा (समग्रमा) यहाँका अन्य भनाइ केही छन् कि ?***

केही सांस्कृतिक संरचनाबाहेक अन्यलाई विस्तारै पुनर्स्थापना गर्ने तर पीडित परिवारहरूको पुनर्स्थापना पहिला गर्नु पर्छ। ●

अन्तर्वार्ता

# पुनर्निर्माण प्राधिकरण खारेज गर्नुपर्छ



–डा. नानीराम सुवेदी
पूर्व अध्यक्ष, नेपान

***२०७२ को महाविनाशकारी भुईँचालोले तपाईंको घरपरिवारमा कुनै क्षति पुग्यो कि ? कस्तो कस्तो क्षति ?***

☞ मेरो पैतृक घर सिन्धुपाल्चोक जिल्लामा नै हो जहाँ २०७२ सालको भूकम्पले सबैभन्दा बढी क्षति पुऱ्यायो। हामी सबै परिवार धेरै बर्षदेखि काठमाडौंमा नै बसोबास गरी आएका छौं। गाउँको घरमा यदाकदा आउने जाने गर्ने गरिन्थ्यो। गाउँको घर वरिपरि केही फलफूलका बोटहरू भएकाले पनि आउने गरिन्थ्यो। प्राय: बिदाको दिनमा म मात्रै हैन परिवारका अरु सदस्यहरू पनि आउने जाने गर्थे। संयोग कस्तो पऱ्यो भने भूकम्पको दिन शनिवार परेकोले हाम्रा दईवटै छोरा गाउँमा नै थिए। गाउँको घर पहिलो झट्कामा नै पूरै ध्वस्त भएछ तर खुसीको कुरा कुनै मानवीय क्षति भएन। छोराहरू तीन दिनपछि मात्र काठमाडौं आउन सके। काठमाडौंको घरमा भने खासै ठूलो क्षती भएन।

***यस विपत्‌को घडीमा तपाई राहत, उद्धार र सहयोगमा आफू कसरी सहभागी हुनुभयो ? के के योगदान पुऱ्याउनुभयो ?***

☞ मेरो घरमा ८१ बर्षको आमा हुनुहुन्छ र ५ बर्षभन्दा मुनिका ३ जना बच्चाहरू छन्। भाइका २ जना समेत थपिँदा भूकम्प पछि हाम्रो रेखदेखमा बाँच्ने ५ जना बच्चा र १ जना बुढी आमा भए। काठमाडौंको घरमा केही भएन भनियो, तर २० दिनभन्दा बढी समयसम्म घरभित्र बस्न सकिएन। डर सबैलाई लागैकै थियो तर बच्चाहरूलाई सम्हाल्न साह्रै मुस्किल भयो। यिनै वृद्धाआमा र बच्चाहरूलाई सम्हाल्दै मेरो समय बित्यो। आफ्नै टोलछिमेकमा टहरा बनाउने, सान्त्वना दिने, गफै गरेर मन शन्त बनाउनेबाहेक केही गर्न सकिएन कतै जाऊँ, केही गरौं भन्ने मेरो अवस्था थिएन।

भूकम्प पीडितको उद्धार, राहत र पुन:निर्माण कार्यमा नेपाल सरकारले अपनाएको कार्यप्रक्रिया र हालसम्मको प्रगतिबारेमा के भन्नुहुन्छ ?

☞ नेपाल सरकारले अपनाएको सहयोगको नीति तथा कार्यक्रममा मेरो सन्तुष्टि छैन। पहिलो कुरा त यो साह्रै ढिलो भयो। जे जस्तो सहयोग गर्न सकिन्थ्यो, ४/६ महिनाभित्रमा गरिसक्नुपर्ने थियो। त्यसो गर्न सकेको भए धेरैभन्दा धेरै मानिसहरूले यो सालको बर्षात् अगाडि घर बनाउथे होलान्। सरकारले गरेको दाता सम्मेलनसम्म ठिक थियो। त्यसपछि गर्नुपर्ने काम सरकारले गर्न नसकेकै हो जस्तो लाग्छ। त्यसमा बिभिन्न कुराहरू होलान्। त्यो अर्कै कुरा हो।

***यस कार्यमा गैरसरकारी तथा निजी क्षेत्रको सक्रियता र सहयोग कस्तो पाउनुभयो ?***

☞ गैरसरकारी तथा निजी क्षेत्रको सक्रियता राम्रै देखियो, तर फलिभूत खालको सहयोग हुन सकेको जस्तो लाग्दैन। धेरैजसोले फोटो खिचाउनका लागि र समाचारमा आफ्नो नाम छपाउनको लागि सक्रियता देखाएको जस्तो पनि देखियो। गैरसरकारी संघसंस्थाहरूका लागि त भूकम्पले राम्रै बाढी ल्याएको छ भनिन्छ। बाढीमा बगेर आएका सरसामान बटुलबाटुल गर्नमा व्यस्तता र कसले कति टिप्न सक्छ भन्ने होडबाजी नै चलेको देखिन्छ। गाउँमा जाने सहयोग भनेको त त्यस्तै हो।

***के यस कार्यमा नेपानको पनि कुनै पक्षमा पहलकदमी हुन सक्यो ?***

☞ मैले त केही गर्न सकिनँ, तर नेपालका साथीहरूले केही पहल गरेको, प्रधानमन्त्री कोषमा रकम जम्मा गरेको, आदि समाचार माध्यमहरूबाट देख्न र सुन्न पाउँदा खुसी नै लाग्यो।

***भूकम्पपछिको पुन:निर्माण कार्यलाई कसरी शीघ्रता दिन र प्रभावकारी बनाउन सकिएला ? (तपाईंका सुझाव के के छन्)***

☞ मेरो विचार लिनुहुन्छ भने सबैभन्दा पहिला यो पुनर्निर्माण प्राधिकरण खारेज गर्नु पर्छ। यसको कुनै काम छैन। यो सेतो हात्ती अरु ५ बर्ष पाल्नुको कुनै तुक छैन। सरकारले गर्ने सहयोग जिल्ला र

गाउँस्तरमा भएका सरकारी संरचनाहरूले गर्न सक्छन् र गर्न दिनुपर्छ। कुनै खास ठाउँमा जनशक्ति पुग्दैन भने थप्न सकिन्छ, तर अर्को हात्ती पाल्न आवश्यक छैन ।

दोस्रो कुरा, सरकारले के गर्न सक्ने हो सजिलैसित छिटो गर्नु आवश्यक छ । जनतालाई बाटो खोल्दिनु पर्छ । सरकारले गर्ने यत्ति हो भन्ने थाहा पाएपछि जनता आफ्नो घर आफैं बनाउन सक्छन् । हालसम्म नबन्नुको कारण नै सरकारी ढुलमुले नीति, राजनीतिक खिचातानी आदिले हो । जनताहरू अहिले पनि यति अर्ब र उति खर्ब भनेरगनि रहेका छन् । यसैले पुनर्निर्माण प्राधिकरणलाई छुट्टी गरिदिनुपर्छ ।

✎ ***नेपानजस्तो नेटवर्क संस्थाले विपत् व्यवस्थापनसम्बन्धी मुद्दाहरूमा के कस्ता काममा जोड दिनुपर्ला ?***

☞ सबै संस्थाले सबै प्रकारका काम गर्न सक्दैनन् र गर्नु आवश्यक पनि छैन। नेपानजस्तो संस्थाले सुचनाको काम गर्नुपर्छ जस्तो लाग्छ। कहाँ के छ र आपत परेको बेलामा के गर्न सकिन्छ भन्ने खालको सूचना मूलक काममा लाग्ने र यसैको तयारी गर्नु बुद्धिमानी हुन्छजस्तो लाग्छ।

✎ ***भूकम्पपछिको पुन:निर्माणका बारेमा (समग्रमा) यहाँका अन्य भनाइ केही छन् कि ?***

☞ गर्नु नै छ भने धुर्मुस + सून्तलीको तरिका मलाई मन पर्छ। अरु गफ गरेर खासै अर्थ छैन ।●

## "सहभागिता" का लेखकहरूसँग अनुरोध

- *लेख मौलिक र तथ्यपरक हुनुपर्नेछ,*
- *लेख सहभागीमूलक प्रक्रियालाई बढावा दिने खालको हुनुपर्नेछ,*
- *लेख कम्प्यूटर टाइपिङ्ग गरी पठाउने हो भने:*
- *प्रीति वा युनिकोड फण्टमा हुनुपर्नेछ,*
- *अक्षरको साइज १३/१४ सम्मको हुनु पर्नेछ,*
- *नेपाली भाषामा हुनुपर्ने तथा तथ्य बारेको स्रोत खुलाउनुपर्नेछ,*
- *बढीमा २००० (लगभग ४ पेज) शब्दभित्र हुनुपर्नेछ,*
- *हस्तलिखित भएमा कागजको एक पट्टिमात्र स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ,*
- *लेखको साथमा लेखकको फोटो र लेखकको बारेमा छोटो विवरण पठाउनु पर्नेछ,*
- *आफ्नो लेखलाई सुहाउँदा फोटोहरू भएमा फोटोको क्याप्सन तथा फोटो लिने व्यक्तिका विवरणसहित पठाउनुपर्नेछ,*
- *लेख हुलाक, इमेल वा सिधै नेपान कार्यालयमा पठाउन सक्नुहुनेछ,*
- *अस्वीकृत लेख/रचना फिर्ता हुने छैन,*
- *लेख/रचना प्रकाशनसम्बन्धी अन्तिम निर्णय नेपानको हुनेछ ।*

लेख रचना पठाउने ठेगाना:

**सहभागिता**

**नेपाल सहभागीमूलक कार्यसमूह (नेपान)**

*दोभान टोल, सहयोगी नगर, जनता सडक, कोटेश्वर, काठमाडौं, नेपाल*
*पो.ब.नं.: १३७९१, काठमाडौं । फोन नं.: ९७७ ०१ ४१५४९३८*
*इमेल: nepan@nepan.org.np*
*वेब: www.nepan.org.np*

अन्तर्वार्ता

# विपद्का बेला नेपानले गर्ने मूल काम भनेको अनुगमन र पैरवी नै हो



–उत्तम उप्रेती
अध्यक्ष, नेपान

***२०७२ को महाविनाशकारी भुइँचालोले तपाईंको घरपरिवारमा कुनै क्षति पुग्यो कि ? कस्तो कस्तो क्षति ?***

भुइँचालो जाँदा म एउटा कार्यक्रममा जान घरबाट बाहिर निस्कने तयारी गर्दै थिएँ । यस्अघि कहिल्यै अनुभव नगरेको खालको भूकम्प भएका कारण म घरका सदस्यहरूलाई ढोकाको च्यापमा सुरक्षित हुन भन्दै थिएँ । किनभने त्यो मात्र एउटा विकल्प थियो त्यसबेला । केही समयको असामान्य त्रासपछि सकुशल घरबाहिर आउँदा आफ्नो तथा छिमेकीहरूको घर सामान्य नै रहेको तर जता सम्पर्क गर्दा पनि ठूलो क्षति भएको खवर पाइयो, जुन असाध्य पीडादायी थियो । भौतिक क्षतिभन्दा पनि त्यसबाट सिर्जित मानसिक क्षतिबाट निकै लामो समयसम्म पीडित भइयो ।

***यस विपत्को घडीमा तपाई राहत, उद्धार र सहयोगमा आफू कसरी सहभागी हुनुभयो ? के के योगदान पुऱ्याउनुभयो ?***

मेरो संलग्नतालाई मैले तीन चरणमा हेरेको छु । तत्काल घर परिवार र छिमेकीहरूको मानसिक र भौतिक सुरक्षामा खटिनुपर्ने थियो । त्रासदीपूर्ण र क्षणक्षणमा आइरहेका पराकम्पनहरूका बीच मानिसहरूमा आशाको सञ्चार गर्ने, भ्रमपूर्ण जानकारीहरूबाट उनीहरूलाई जोगाउन, सामूहिक बसोबास र खानपानको व्यवस्थापनसँगै स्वास्थ्यसँग सम्वन्धित जोखिम घटाउने काममा पहिलो चरण व्यतीत भयो । भूकम्पको भोलिपल्ट नै काठमाडौंमै रहनुभएका साथीहरू अफिस (गभर्नेन्स फेसिलिटी) मा जम्मा भयौं र हाम्रा ११ वटा पार्टनर गै.स.स.हरूलाई आआफ्ना ठाउँबाट तत्काल राहत कार्यमा जुट्न आवश्यकतानुसार (पछि स्वीकृत हुने गरी) परियोजनाको रकम उद्धार तथा सहयोगमा खर्च गर्न अनरोध गरियो, जसअनुसार सिन्धुपाल्चोक, दोलखा र गोरखामा निकै राम्रो काम भयो । यसका अलावा पार्टनरहरूलाई आफू कार्यरत जिल्लाका सरकारी निकायसँग समन्वय गरी राहतमा जुट्न र परियोजनाको रकम समेत आवश्यकतानुसार खर्च गर्न निर्देशन दिने काम भयो । अस्थायी आवासका लागि त्रिपालको बढ्दो माग र कालोबजारीको अवस्था देखेर म, विष्णु अधिकारी र भोला दाहालको पहलमा साह्रै मुस्किलले पैसा जुटाई भारतबाट एक हजार थान त्रिपाल ल्याउने काम गरियो । स्थानीय विकास मन्त्रालयमार्फत् थप सहयोग गर्न पनि पहल भयो । हाम्रो यो अभियानमा नेपाल तथा विदेशमा रहनुभएका परिवार तथा साथीहरूबाट निकै ठूलो नैतिक र भौतिक सहयोग रह्यो । हामीले भूकम्प गएको छैटौं दिनभित्रमा दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक र गोरखामा त्रिपाल बाँड्न सक्यौं । यस सन्दर्भमा सहयोग गर्नुहुने सबैप्रति आभार व्यक्त गर्न चाहन्छु ।

***भूकम्प पीडितको उद्धार, राहत र पुन:निर्माण कार्यमा नेपाल सरकारले अपनाएको कार्यप्रक्रिया र हालसम्मको प्रगतिबारेमा के भन्नुहुन्छ ?***

लामो समयदेखि भूकम्पको सम्भावनाबारे व्यापक छलफल चलिरहेको भएता पनि सरकारको पूर्वतयारी साह्रै फितलो रहेछ भन्ने कुरा प्रष्ट देखियो । त्यसका अलावा भ्रष्टाचारको व्यापकताभित्र राजनैतिक नेतृत्व, कर्मचारीतन्त्र तथा नागरिक समाजका सदस्य संस्थाहरूसमेत मुछिएको पीडितहरूप्रति न्याय नभएको कुरा छर्लङ्ग भइसकेको छ । यद्यपि सीमित स्रोत साधन तथा कमजोर पूर्व तयारीका बावजुद संयोजनकारी भूमिका खेल्न केही हदसम्म राज्य प्रभावकारी भयो, जसको परिणामस्वरुप केही दिनपश्चात् पनि कतिपय व्यक्तिहरूलाई जीवितै उद्धार गर्न सकियो । राहत प्रक्रिया न्यायपूर्ण हुन सकेन, जहाँ राजनैतिक खिचातानी उजागर भयो । विशेषगरी विपन्न, बुढाबुढी तथा सीमान्तकृतहरूसम्म राहत ढिलो पुग्यो वा आवश्यकता भन्दा ज्यादै न्यून पुग्यो । पुन:निर्माण शुरु गर्न पनि धेरै ढिलो गरियो । राजनीतिक स्वार्थ हावी भएकाकारण नतपूननिर्माण प्रक्रिया समयमा सुरु भयो न त यसले आवश्यकतानुसार गति नै लियो । कर्मचारीहरूलाई विशेष गरी प्राविधिकहरूलाई काममा खटाउन समेत सरकारलाई कठिन भएको देखियो । भूकम्पको लगत्तै नागरिक समाजले खेलेको सक्रिय भूमिकाको बावजुद पनि नागरिक समाजका संस्थाहरूलाई परिचालन गर्न प्रशासन यन्त्र हिच्किचाएको देखिन्छ ।

***यस कार्यमा गैरसरकारी तथा निजी क्षेत्रको सक्रियता र सहयोग कस्तो पाउनुभयो ?***

भूकम्पको लगतै स्वःस्फूर्त रुपमा उद्धार तथा राहतको काममा भएको जनसहभागिताले नागरिक समाज कति महत्वपूर्ण इकाइ रहेको र त्यसको प्रभावकारितालाई कम आँक्न नमिल्ने कुरा प्रष्ट भयो । नागरिक समाजका सदस्य संस्थाहरू पनि आ-आफ्नो क्षेत्रबाट क्रियाशील रहे । निजी क्षेत्रको सहयोग सकारात्मक नै भए पनि मानवीय संकटका बेला पनि नाफा र अवसरको फाइदा लिने कुरामा कैयन व्यापारिक घरानाहरूको संलग्नता बाहिर आउनु दुर्भाग्यपूर्ण रह्यो । धेरैजसो गैससहरू परम्परावादी कामबाट अघि बढ्न नसकेको जनगुनासो व्यापक छ भने पारदर्शिता र जवाफदेहिताको प्रश्नमा समेत केही गैससहरू प्रभावकारी हुन सकेका छैनन् ।

***के यस कार्यमा नेपानको पनि कुनै पक्षमा पहलकदमी हुन सक्यो ?***

नेपालले प्रधानमन्त्री राहत कोषमा केही रकम जम्मा गर्ने काममा नेपानका सदस्यहरूको योगदानलाई परिचालन गर्न सक्यो । यसका अलावा दोलखा जिल्ला घर भएका भूकम्प पीडित नेपानका सदस्य तथा लेखा सहायक तुलसी सापकोटालाई समेत केही आर्थिक सहयोग गऱ्यो । नागरिक समाजका विभिन्न संस्थाहरूको पहलमा गठित Humanitarian Accountability Monitoring Initiative (HAMI) मा सदस्य संस्थाको रुपमा नेपानले आफनो भूमिका निर्वाह गरिरहेको छ । भूकम्प प्रभावित ज्येष्ठ नागरिकहरूलाई दिइने cash transfer मा UNICEF संग मिलेर अनुगमन कार्य तथा Help Age International संग मिलेर विविध अनुसन्धानात्मक तथा ज्येष्ठमैत्री विकास कार्यक्रमहरूमा काम गरिरहेको छ ।

***भूकम्पपछिको पुनःनिर्माण कार्यलाई कसरी शीघ्रता दिन र प्रभावकारी बनाउन सकिएला ? (तपाईंका सुझाव के के छन्)***

भूकम्पपछिको पुनःनिर्माणमा देखिएका दुईटा प्रमुख आवश्यकताहरू छन् : एउटा भूकम्पप्रतिरोधी संरचनाको निर्माणलाई सुनिश्चित गर्ने र दोस्रो भूकम्प प्रभावितहरूले पाउनुपर्ने राहत सहयोग न्यायोचित रुपमा सम्वन्धित पक्षले पाउनुपर्ने कुरा । केही प्राविधिक पक्षहरूमा एकरुपता कायम गर्ने तथा स्तरीय भौतिक निर्माणको लागि दिइने प्राविधिक ज्ञान र सहयोगमा राज्यका निकायलाई उत्तरदायी बनाउनुपर्ने आवश्यकता छ एकातिर भने व्यापकरुपमा स्थानीय संघसंस्थाहरूको प्रभावकारी परिचालन गरेर मात्र पुनःनिर्माण कार्यलाई गति दिन सकिन्छ ।

***नेपानजस्तो नेटवर्क संस्थाले विपत् व्यवस्थापनसम्बन्धी मुद्दाहरूमा के कस्ता काममा जोड दिनुपर्ला ?***

सीमान्तकृतहरूको आवाजलाई मूलप्रवाहीकरण गर्नका लागि सहभागितालाई अधिकारका रुपमा अघि बढाइरहेको संस्था भएका कारण नेपानले गर्ने काम मूलतः पैरवी र अनुगमन नै हो । यसका लागि समुदायहरू तथा नागरिक समाजका संस्थाहरूको सहभागिता अभिवृद्धि गर्नुपर्ने देखिन्छ, जसले गर्दा सहभागीमूलक औजारहरूको प्रयोग गरी न्यायपूर्ण ढङ्गले आवश्यकताको पहिचान, कार्यक्रम तर्जुमा र अनुगमन/मूल्याङ्कनमा समेत उक्त समुदायको सक्रिय सहभागितालाई सुनिश्चित गर्न सकियोस् । यसका अलावा HAMI लाई जवाफदेहिता अनुगमन (Accountability Monitoring) गर्ने विशिष्ट निदेशिकातयार गरी त्यसलाई NRA मार्फत् सबै जिल्लाहरूमा लागू गराउन पहल गर्न सकिन्छ । यसरी एकातिर नागरिकहरूका आवाजलाई सुन्ने वातावरण तयार गर्न सकिन्छ भने अर्कातर्फ राज्यका निकायहरूलाई जवाफदेही र पारदर्शी बनाउन सकिन्छ ।

***भूकम्पपछिको पुनःनिर्माणका बारेमा (समग्रमा) यहाँका अन्य भनाइ केही छन् कि ?***

अबको पुनःनिर्माण तथा नवनिर्माण दुवैलाई नेपालमा हुनसक्ने सबै प्रकारका जोखिम र प्रकोपहरूलाई ध्यानमा राखेर अघि बढाइनुपर्छ । यस काममा नागरिक समाजका सदस्य संस्थाहरूको परिचालनका लागि उपयुक्त कानुनी वातावरणको सुनिश्चिततालाई केन्द्रदेखि तल्लो तहसम्म नै सुनिश्चित गर्ने कुरालाई प्राथमिकता दिनुपर्छ । ●

**सहभागिताको आउँदो अङ्क अर्थात् पूर्णाङ्क ५१**

**'स्थानीय तह पुनर्संरचना र स्वायत्त शासन विशेषाङ्क'**

**को रूपमा प्रकाशन हुने भएकोले यसका लागि लेखरचना उपलब्ध गराइदिनुहुन सम्पूर्ण लेखक महानुभावहरूमा नेपान सचिवालय हार्दिक अनुरोध गर्दछ ।**

**लेखरचना आइपुग्नुपर्ने अन्तिम मिति : २०७३ पुस मसान्त ।**

पुस्तक समीक्षा

# सुखतिरको यात्रा

## (Journey to Happiness)




विकासकर्मी श्री महेन्दकुमार शाक्यको दोस्रो पुस्तक सुखतिरको यात्रा हालै प्रकाशनमा आएको छ। जीवनलाई सुखी र खुसी राख्ने सम्पूर्ण मानवको ध्येय हुन्छ, सम्पूर्ण परिवारको रहर हुन्छ, । समाजलाई सही बाटोमा डोऱ्याउनका लागि प्रत्येक व्यक्तिमा नैतिक आचरण र आध्यात्मिक चिन्तन पनि जरुरी छ। यही मूल्य-मान्यतालाई अझ सरल र सुललित भाषामा नेपाली समाजसमक्ष ल्याउने काम भएको छ श्री शाक्यबाट।

बौद्ध धर्मबाट शाक्यजी बढी प्रभावित देखिन्छन्। अहिंसा र सदाचार बौद्ध धर्मका मूल सार हुन्। सनातन धर्म पनि यसै भन्छन्। त्यसो त स्वयं बुद्ध नै हिन्दू धर्मका एक 'अवतार' मानिन्छन्। धर्म जे भए पनि ' आध्यात्मिक चिन्तन र अभ्यास' हरेक नागरिकमा हुनु जरुरी छ। प्रत्येक नागरिकले सदाचारको बाटो अपनाएर भ्रष्ट बाटो त्याग्नु जरुरी छ। देश पछाडि पर्नुको मूल कारण नै समाजमा व्याप्त भ्रष्टाचार, अनैतिकता, जिम्मेवारीहीनता र उद्धण्डता हो। तसर्थ यी कुरामा सजग गराउन लेखकले अनेक प्रसङ्ग/उपप्रसङ्ग र कथा/उपकथा जोडेर आफ्ना अभिव्यक्तिहरू राखेका छन्।

यसमा ११ वटा मूल शीर्षक र २४ वटा उपशीर्षक छन्। करिब ८० पृष्ठको यो पुस्तक मूलत: लेखकले धर्मदानका लागि प्रकाशन गरेको कुरा स्पष्ट हुन्छ। लुम्बिनी विकास कोषका उपाध्यक्ष निग्रोध स्थविरको आमुख मन्तव्य रहेको पुस्तकमा समग्रमा बुद्धका चार आर्यसत्य र अष्टाङ्गिक मार्गको चर्चा गरी तिनको सही अवलम्बनबाट जीवन र जगतलाई सत्‌विचार र सद्‌बुद्धि दिई सत्कर्मतर्फ उत्प्रेरित गर्ने प्रयास भएको छ।

भौतिक विकासमा मात्र पछिपछि दौडँदा यहाँ आध्यात्मिक र नैतिक विकासमा ह्रास आएको छ। जसका कारण समाज सही दिशामा अगाडि बढ्न सकेको छैन। युवापुस्ता दिशाविहीन बन्दैछन्, मातृभूमिको मोह क्रमश: घट्दो छ, वृद्धवृद्धाहरूले झन्पछि झन् कष्टकर र एकलकाटे जिन्दगी गुजार्नुपर्ने अवस्था सृजना भएको छ। यस्तो अवस्थामा मानव कर्तव्य के हो, मानवजीवन कसरी सुखी र खुसी राख्ने, आफ्नो जीवनलाई संयमी र सदाचारी कसरी बनाउने आदिजस्ता पक्षहरूमा लेखकले खुलेर चर्चा गरेका छन्। पुस्तक सङ्क्षिप्त छ, तर सन्देश गहन छ।

| | | |
|---|---|---|
| पुस्तकको नाम | : | सुखतिरको यात्रा |
| लेखक | : | महेन्द्रकुमार शाक्य |
| प्रकाशन मिति | : | २०७३ असार (पूर्णिमा) |
| प्रकाशक | : | लेखक स्वयम् |
| पृष्ठ सङ्ख्या | : | ६४+१६ |
| मूल्य | : | नि:शुल्क उपहार |

पुस्तकको शीर्षकअनुसार अझ केही पृष्ठ सामग्री थपेर सवासय पृष्ठजतिको बनाउन सकेको भए झनै राम्रो हुन्थ्यो। आवरणपृष्ठ आकर्षक छ, तर भित्रको डिजाइनमा भने त्यसअनुरुपको सजगता पुगेको पाइएन। आफ्नी पूज्यमाता हीरादेवी शाक्यको स्वर्गारोहणको अर्द्धवार्षिकी पारेर उहाँलाई नै समर्पण गर्दै एकहजार प्रति छापिएको यो पुस्तक नि:शुल्क वितरण गरी नेपाली समाजलाई ठूलो गुन लगाउने काम लेखक शाक्य तथा उहाँकी धर्मपत्नी अञ्जली थकाली शाक्यबाट हुनु त्यसै पनि प्रशंसाको विषय हो। उहाँहरूको उज्ज्वल जीवनको कामना गरौं। उहाँहरूबाट यस्तै थप कृतिको अपेक्षा गरौं। 'भवतु सब्ब मंगलम्' !

**–रामकृष्ण ढकाल**

**चितवन, हाल: शङ्खमूल, काठमाडौं**

पुस्तक समीक्षा

# विकासकर्मीले पढ्नैपर्ने पुस्तक : 'समृद्ध नेपाल'




उनी समग्र देश र सबै विचार राख्ने जनताका निधि हुन् । उनको ध्येय सर्वाङ्गीण विकासको माध्यमबाट मुलुक बदल्नमा छ। त्यसैले, उनले सुत्दा विकासको सपना देख्छन्, बिउँझदा पनि विकास नै सोच्दछन्, बोल्दा पनि विकासका कुरा गर्छन्, लेख्दा पनि विकासलाई नै महत्व दिन्छन् । साँच्चिकै लाग्छ उनी 'विकासवेत्ता' हुन् ।

उनी हुन् लेखक रविन्द्र अधिकारी । अधिकारीले लेखेको समृद्ध नेपाल पुस्तकमा अभिव्यक्त विचारले आम जनताको अतृप्त प्यासको रूपमा रहेको समृद्ध नेपाललाई मूर्त रूप दिने अभिप्राय राखेको छ । चार खण्ड र २१ शीर्षकमा विभक्त यस पुस्तकमा उनले नाकाबन्दी र भूकम्पको विषय उठाउँदै नेपालको भूराजनैतिक धरातल तथा प्रकोपहरूको विषयमा सचेत गराउँदै सबैको ध्यान जानुपर्ने विषयहरू औँल्याएका छन् । उनका विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित महत्वपूर्ण लेखहरूलाई सँगालोको रूपमा पुँजीकृत गरेर यो पुस्तक प्रकाशित भएको छ । पुस्तकमा आवश्यक राजनैतिक चेतना उजागर छ तापनि ती कुनै विचार धारामा नढालिएका, सर्वग्राह्य र वस्तुगत धरातलका छन् । खण्ड दुई र तीनमा विकासका सबै पक्षहरूमा तर्कवितर्क र गहन विचारहरू छन् भने खण्ड चारमा देशदेशान्तरको अनुभवलाई औँल्याइएको छ ।

यो पुस्तकमा विकासका हरेक क्षेत्र, हरेक सम्भावना र हरेक पाटालाई लेखकले राम्रोसँग चर्चा मात्र गरेका छैनन् कि तिनीहरूको व्यावहारिक पाटोलाई अझ महत्व दिएर उठान गरिदिनाले पुस्तक ज्यादै उपयोगी बनेको छ । औद्योगिक, व्यापारिक, कृषि, पर्यटन, वन तथा वन्यजन्तु, जलस्रोत, विद्युत्, भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, संस्कृति, खनिज, पर्यावरण, सूचना प्रविधि, कर्णाली विकास, रोजगारलगायतका विषयमा लेखकले चर्चा गरेका छन् । वैदेशिक सहयोग र लगानीको महत्व र जोखिम पनि यस पुस्तकको माध्यमबाट बुझ्न सकिन्छ । अर्थतन्त्रका विश्वव्यापी स्वरूपहरू र तिनका सकारात्मक तथा नकारात्मक पक्षहरूको सटीक विश्लेषणसहित नेपाल सन्दर्भ पनि यो पुस्तकमा छ । मुलुकको गतिहीन अवस्थाको हिनताभाषले कुण्ठित सामाजिक मनोविज्ञानबाट समाजलाई उठाउने दायित्वमा समेत यस पुस्तकमा उनको ध्यान गएको देखिन्छ । लेखककै शब्दमा 'यो अनुसन्धानमूलक शोधपत्र होइन, सोचपत्र हो' ।

हासिल नहुने ज्यादा महत्वाकांक्षी अव्यावहारिक कोरा कल्पनाको स्वर्गमा युवा पुस्ता नलागून् र मुलुकमा व्यावहारिक सुन्दर सपना देख्न पनि नसक्ने कमजोर युवा पुस्ता पनि तयार नहोऊन् भन्ने कुरामा उनी अत्यन्तै सचेत देखिन्छन् । लेखक एमाले पार्टीका हुन् र हाल व्यवस्थापिका-संसदको विकास समितिमा सभापति पदमा रहेर कामसमेत गर्दैछन् । उनका ती सबै घनीभूत अनुभवको गहिराइ यस पुस्तकमा छताछुल्ल भएको देखिन्छ । अत्यन्तै संक्षिप्त तर खँदिलोरूपमा कुरो राखिएकोले विकासका साङ्गोपाङ्ग विषय उठाउँदा पनि पुस्तक सानो आकारमा समेट्न सक्नु लेखकको अद्भूत खुबी हो । यस पुस्तकमा विकासका बहुआयामिक पक्षमा उनको गहनता प्रष्ट हुँदाहुँदै पनि खासरूपमा लामो समयदेखि बहसमा रहेको

निजगढ-काठमाडौं जोड्ने फास्ट-ट्र्याकका बारेमा उनको विश्लेषण अत्यन्तै गहन् र अहम् छ । सीमान्तकृतहरूको विकासमा भएका लगानीले परिणाम नदिइरहेको सन्दर्भमा उनको गहन विश्लेषण यस्तो छ, 'वर्गीय हिसाबले अति सीमान्तीकृतहरूको जीवनमा परिवर्तन आउँदैन भने त्यो विकासले गरिबीलाई बेचेर विकासे कारखानाको लागि नाफा कमाउँछ'।

पुस्तकमा विषयवस्तुलाई नचाहिँदो ढङ्गले लाक्षणिक वा अतिरञ्जित बनाउने र सस्तो लोकप्रियता कमाउने चेष्टा कहींकतै देखिँदैन । अत्यन्तै विशुद्ध ढङ्गले उनले आफ्ना अन्तरङ्गका विचार र अनुभवलाई यस पुस्तकमा राखेका छन् । लेखक एक त्यागी, अध्ययनशील, क्षमतावान् र ऊर्जावान् नेता त हुन् नै, उनी जनमुखी विकासप्रेमी र सिर्जनशील प्रतिभा पनि हुन् । मुलुक कसरी बदल्ने भन्ने कुरामा मात्र एकोहोरो टाउको खियाइरहने अधिकारीलाई कुनै एक पार्टीको मात्र सम्पत्तिको रूपमा सीमित गर्न मिल्दैन । अधिकारीमा लामो अनुभव र अध्ययनको माध्यमबाट आएको सुझबुझ र परिपक्वतालाई नाप्न यो पुस्तक काफी देखिन्छ । यो पुस्तक विकासप्रति समर्पित जो कोहीको लागि आकर्षण बन्ने देखिन्छ भने त्यस्तो जनमत तयार गर्न पुस्तकले राम्रो भूमिका खेल्न सक्छ । यस पुस्तकमा औंल्याइएका विषयवस्तुलाई प्राविधिक तयारी गरी राष्ट्रिय योजना आयोगबाट दीर्घकालीन तथा वार्षिक कार्यक्रममा ढालेर कार्यान्वयनमा लैजानु मुलुकको आवश्यकता देखिन्छ ।

यो पुस्तक नेपालको विकासबारे जान्न चाहने विद्यार्थीहरू, स्वतन्त्र पाठकवर्ग, अनुसन्धानकर्ता, नीतिनिर्माता र विकासको वागडोर सम्हालेर बसेका व्यक्तित्वहरू सबैलाई उपयोगी छ । साथै जुनसुकै राजनैतिक दलप्रति आस्था राख्ने सबै राजनैतिक व्यक्तिलाई पनि यो दह्रिलो मार्गदर्शक बन्न सक्छ । यस

| | | |
|---|---|---|
| पुस्तकको नाम | : | समृद्ध नेपाल |
| लेखक | : | रविन्द्र अधिकारी |
| प्रकाशन मिति | : | २०७२ पुस |
| प्रकाशक | : | फाइनप्रिन्ट |
| पृष्ठसङ्ख्या | : | २३९+१६ |
| मूल्य | : | ३७० रुपैयाँ |

पुस्तकले विकासको समस्या कहाँ छ भन्ने तथ्य औंल्याउँदै व्यावहारिक रूपमा सुझाव पनि दिएको छ । यसमा आफ्ना अनुभव र विचारहरू गहन ढङ्गले राखिएको हुँदा उनको यो मिहेनत त्यसै खेर जाने छैन । यस पुस्तकले फोक्रा नाराबाजीमा लोकप्रियता देख्ने राजनीतिज्ञलाई पनि विकासका तर्क गरेर जनताको मन जित्न प्रोत्साहन गरेको छ । जुन सुल्टो र सह्राहनीय छ ।

यो पुस्तक प्राज्ञिक प्रकृतिको हुँदाहुँदै पनि कतैकतै यसमा राजनैतिक लवज देखा पर्नुलाई एउटा कमजोरीको रूपमा लिन सकिन्छ । पुस्तकमा विभिन्न सन्दर्भहरू प्रयोग गरिएको छ, त्यसलाई सन्दर्भ सामग्रीको रूपमा सूचिबद्ध गरी प्रस्तुत गरिएको भए सुनमा सुगन्ध हुन्थ्यो । फाइनप्रिन्टबाट प्रकाशित यो पुस्तकको आवरण पनि अझ आकर्षक बनाउन सकिन्थ्यो कि ! झण्डै २५० पृष्ठको मूल्य ३७० रुपैयाँ राखिएको छ । सामग्रीका आधारमा यसलाई महँगो र अस्वाभाविक भने भन्न मिल्दैन भन्ने मेरो ठहर छ ।

लेखकलाई हार्दिक बधाइ दिँदै आगामी प्रकाशनहरू अझ परिस्कृत र जनताका मन छुने बनून्, हार्दिक शुभकामना पनि !

**विमल घिमिरे**
**कोटेश्वर, काठमाडौं**
*सम्पर्क : bimalghimiregulmi@yahoo.com*

**समृद्धगाथा मा पुस्तक समीक्षा गराउन चाहने लेखकहरूले आफ्नो प्रकाशनको २ प्रति उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं ।**
**–सम्पादक मण्डल**

## नेपान गतिविधि

# नेपानको २१औं वार्षिक साधारणसभा र नयाँ कार्यसमिति चयन

२०७२ साल भदौ २६ गते (सेप्टेम्बर १२ तारिख) का दिन नेपानको २१औं वार्षिक साधारणसभा सम्पन्न भयो । हरियाली एभोकाडो रेस्टुरेण्ट, दोभान टोल, कोटेश्वर-३५ मा आयोजित सो कार्यक्रमको उद्घाटनसत्र राष्ट्रिय योजनाका सदस्य माननीय डा. विमला राई पौड्यालको प्रमुख आतिथ्य र नेपानका अध्यक्ष श्री ब्रह्मध्वज गुरुङको अध्यक्षतामा सम्पन्न भएको थियो ।



सभाका प्रमुख अतिथि माननीय पौड्यालले पानसमा बत्ती बालेपछि सभामा उपस्थित सबैले दियो बालेर नेपानको २१औं साधारणसभा सहभागीमूलक ढंगले उद्घाटन गरे । त्यसपछि प्रमुख अतिथिज्यूले नेपानले नियमितद्रूपमा प्रकाशित गर्दै आएको अंग्रेजी जर्नल पार्टिसिपेसन-को १६ औं अंकको विमोचन गर्नुभयो । त्यसको लगत्तै प्रमुख अतिथिज्यूले नेपानमा यो वर्ष आफ्नो २ वर्षे कार्यकाल पूरा गर्ने पदाधिकारीहरूलाई प्रशंसापत्र वितरण गर्नुभयो । प्रमुख अतिथि पौड्यालले राष्ट्रिय योजना आयोगको अगुवाइमा सम्पन्न भूकम्पपचात् को आवश्यकता पहिचान (PDNA: Preparation Process, Highlights and NEPAN's Areas of Contributions) विषयमा करिब ४० मिनटको एउटा पावरपोइण्ट प्रस्तुति दिनुभयो । त्यसपछि उहाँले प्रस्तुत गर्नुभएको विषयमा विभिन्न सहभागीहरूले जिज्ञासा राख्नु भएको थियो । पन्ध्र मिनटसम्म छलफल चलेपछि उहाँले सहभागीहरूले उठाएका जवाफ दिनु भएको थियो ।

२१औं साधारणसभाको बन्द सत्रमा संस्थाको आ.व. २०७१/०७२ को प्रतिवेदन र आगामी कार्य दिशासमेत प्रस्तुत गरिएको थियो । त्यसैगरी कोषाध्यक्ष धर्मराज श्रेष्ठले सभासमक्ष संस्थाको आ.व.२०७१/०७२ को लेखा परीक्षण प्रतिवेदन र आ.व. २०७२/०७३ को अनुमानित बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभयो ।

सदस्यता : यो वर्ष नेपानको ३ जना व्यक्तिहरूलाई संस्थाको आजीवन सदस्यता (व्यक्तिगत) र १८ जना व्यक्तिहरूलाई व्यक्तिगत वार्षिक सदस्यता प्रदान गरियो ।

**नयाँ कार्यसमिति :** संस्थाको कार्यकारिणी समितिको रिक्त पदपूर्ति गर्न तोया गौतम निर्वाचन प्रमुख रहेको तीन सदस्यीय समितिले निर्वाचनसम्बन्धी आवश्यक प्रक्रियाहरू पूरा गरी निम्न पदहरूमा निम्नानुसारको व्यक्तिहरू आगामी दुइ वर्षका लागि निर्विरोध रूपले निर्वाचित भएको घोषणा गऱ्यो :



अध्यक्ष : उत्तम उप्रेती, निवर्तमान अध्यक्ष (पदेन सदस्य) : ब्रह्मध्वज गुरुङ, कोषाध्यक्ष : धर्मराज श्रेष्ठ (एक वर्षका लागि), सदस्यहरू क्रमश: अनिरुद्धनाथ शुक्ल, रणबहादुर रम्तेल, अनोज क्षेत्री, गोविन्दराज पौड्याल, मीनाक्षी दाहाल, शान्तालक्ष्मी श्रेष्ठ, चेतनाथ कणेल, फविन्द्र भण्डारी (एक वर्षका लागि), नन्दलाल माभी (एक वर्षका लागि), डा. नरविक्रम थापा (एक वर्षका लागि) ।

## मानार्थ सदस्य प्रा.डा. रोबर्ट च्याम्बर्सबाट नेपानलाई आर्थिक सहयोग



नेपानका मानार्थ सदस्य प्रा. डा. रोबर्ट च्याम्वर्सले आफ्नो भ्रमणको सन्दर्भ मिलाएर नेपानका लागि हालै प्रदान गर्नुभएको २५ सय अमेरिकी डलर नेपानका अध्यक्ष उत्तम उप्रतीले कार्यकारी निर्देशक फटिक थापालाई एक समारोहबीच हस्तान्तरण गर्नुभएको थियो । उक्त रकम "नेपान घर/ अक्षय कोष" (NEPAN Ghar/ Trust Fund) मा जम्मा गरिने छ ।

## विश्व स्वास्थ्य दिवसमा विशेष चेतना कार्यक्रम



संस्थाले २०७३ चैत २५ (अप्रिल ७) का दिन विश्व स्वास्थ्य दिवस कार्यक्रमलाई प्रभावकारी रुपमा मनाउनका लागि नेपानको परियोजनास्थल धर्मस्थलीमा मधुमेहसम्वन्धी चेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो । धर्मस्थली, गोलढुंगा, मच्छेगाउँ र थानकोटबाट समेत सहभागीहरूको उपस्थिति रहेको सो कार्यक्रममा ज्येष्ठ नागरिकहरूको उच्च रक्तचाप तथा शरीरमा चिनीको मात्रा मापन गरी निःशुल्क स्वास्थ्यसेवा प्रदान गरिएको थियो ।

## प्रा.डा. रोबर्ट च्याम्बर्स नेपान घरमा

सन् २०१५ नोभेम्बर २८ तारिखका दिन नेटवर्कका मानार्थ सदस्य प्रा. डा. रोबर्ट च्याम्वर्सलाई नेपान घरमा स्वागत गरियो । उहाँ नेपानका एकमात्र मानार्थ सदस्य हुनुहुन्छ । ३८ जना नेपान सदस्य र केही अन्य विकासकर्मीहरूको उपस्थिति रहेको सो कार्यक्रममा संस्थाका अध्यक्ष उत्तम उप्रेतीले संस्थाले अहिलेसम्म गरेका क्रियाकलापहरू, काम गर्ने सन्दर्भमा संस्थाले भोग्नुपरेका चुनौतीहरू र संस्थाका रणनीतिक उद्देश्यहरूका बारेमा संक्षिप्त जानकारी गराउनुभयो ।



सो अवसरमा सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी नेपानको स्थापना भएयता नेपानका सदस्य, नेपाली जनता र सरकारले हाँसिल गरेका कुराहरू र आगामी ५ बर्षका लागि संस्थाको के सोच (Vision) हुनुपर्ने हो सोबारे छलफल गर्न लगाइएको थियो । नेपानका पूर्वअध्यक्ष डा. भोलाप्रसाद दाहालले उक्त छलफलको सहजीकरण गर्नुभएको थियो । त्यसपछि प्रा. च्याम्वर्सले समसामयिक विश्वमा सहभागीमूलक विकास पद्दतिमा द्रुततर विकास भइरहेको बताउँदै सहभागीमूलक विकास पद्दतिका पछिल्लो समय आएका नयाँ तौर-तरिका र औजारहरूका बारेमा जानकारी गराउनुभयो । दुनियाँमा आफू गएको मुलुकहरू कहीँ पनि सहभागीमूलक विकास पद्धतिमा काम गर्ने नेटवर्कको आफ्नै भवन नभएको तर नेपानका सदस्यहरूले आफ्नै बलबुताले कार्यालय भवन बनाएर राम्रो उदाहरण पेश गरेको सन्दर्भ सुनाउँदै उहाँले खुशी व्यक्त गर्नुभयो । उहाँको मन्तव्यपछि नेपानका कार्यकारिणी सदस्य शान्तालक्ष्मी श्रेष्ठले कार्यक्रमलाई सफल बनाउन सहयोग गर्नुभएकोमा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्दै डा. रोबर्ट च्याम्वर्सले रोप्नुभएको सहभागितकाको बीऊ अहिले झाङ्गिएर फल दिने अवस्थामा आइपुगेको कुरा उल्लेख गर्नुभयो । नेपानका कार्यकारिणी सदस्य तथा पूर्व संयोजक चेतनाथ कणेलले सञ्चालन गर्नुभएको उक्त अन्तर्क्रिया कार्यक्रम सकिएपछि संस्थाका वयोवृद्ध मानार्थ सदस्य डा. रोबर्ट च्याम्वर्ससित सँगसँगै खाना खाएर उक्त भेटघाट कार्यक्रम समापन भएको थियो ।

# नेपानले विभिन्न तालिमहरू सम्पन्न गर्‍यो

### जनवकालतसम्वन्धी तालिम




डिसेम्बर ११-१३ मा नेपानले नेपान घरमा दुई दिने जनवकालतसम्वन्धी तालिमको आयोजना गर्‍यो । हेल्पएज नेपालको सहयोगमा थानकोट, मच्छेगाउँ, धर्मस्थली र गोलढुंगामा संचालित ज्येष्ठ नागरिक परियोजना अन्तर्गत उक्त ठाउँका लक्षित समूहहरूलाई ध्यानमा राखी आयोजना गरिएको सो तालिममा १७ जना सहभागीहरूको सहभागिता थियो । नेपानका पूर्व अध्यक्ष डा. नानीराम सुवेदी प्रमुख सहजकर्ता रहनु भएको त्यस तालिमका केही सत्रहरू नेपानका अध्यक्ष उत्तम उप्रती र कार्यकारिणी सदस्य चेतनाथ कणेलले सहजीकरण गर्नुभएको थियो।

### लेखा अभिलेखन (व्यवस्थापन) तालिम



१३ देखि १७ फागुन २०७२ (२५-२९ फेब्रुअरी, २०१५) मा पोखरामा नेपानले चार दिने लेखा अभिलेखन (व्यवस्थापन) तालिम आयोजना गर्‍यो । जिल्लामा नेपानको क्ब्ल परियोजना क्षेत्रका ज्येष्ठ नागरिकका समूह लक्षित गरी सञ्चालन लगरिएको उक्त तालिम कार्यक्रममा परियोजनाका जिल्ला सम्पर्क व्यक्ति, ज्येष्ठ नागरिक समूहका अध्यक्ष, कोषाध्यक्ष/सचिव, स्थानीय स्वयंसेवकहरूसमेत गरी ३२ जना सहभागीले भाग लिनुभएको थियो ।

### सहजीकरण सीप र स्रोत परिचालनसम्वन्धी तालिम



२२-२६ जुलाई २०१६ मा नेपानले सहजीकरण सीप र स्रोत परिचालनसम्वन्धी तालिम संचालन गर्‍यो । काठमाडौंको साप फाल्चामा भएको उक्त तालिमका सहभागीहरू वर्ल्ड भिजन इन्टरनेसनल र नेपानको नेपाल भूकम्प पुनर्लाभ परियोजना अन्तर्गतका कर्मचारीहरू थिए। उक्त तालिममा नेपानका अध्यक्ष उत्तम उप्रेती, पूर्व अध्यक्ष डा. भोलाप्रसाद दाहाल, कार्यकारी सदस्य गोविन्दराज पौड्याल, नेपान सदस्यहरू अश्विनकुमार पुडासैनीलगायतले विभिन्न विषयहरूमा सहजीकरण गर्नुभएको थियो ।

स्याहार्ने मौसम र बाजुरामा हिउँ परेका कारणले अध्ययन टोलीलाई केही धेरै समय लागेको हो ।

## अन्तर्राष्ट्रिय मानव अधिकार दिवसमा नेपानको सक्रियता

६७ औं अन्तर्राष्ट्रिय मानव आधिकार दिवसको नेपानलाई पनि आयोजक हुने अवसर मिल्यो । नेपानले डिसेम्वर ९, १० र ११ तारिखहरूका उद्घाट सत्र, र्‍याली र समापन सत्रहरूमा भाग लियो । त्यस अवसरमा नेपानका परियोजना क्षेत्रका व्यक्तिहरूले ती कार्यक्रमहरूमा भाग लिएर आफ्नो हक, अधिकार र नेपाली समाजमा भइरहेका विभिन्न समसमायिक विषयहरूमा जानकारी लिनुभएको थियो । अधिकारमुखी विकास प्रवर्द्धनमा लागेको नेपानका लागि यो एउटा राम्रो अवसर भएको र आगामी दिनमा पनि मानवअधिकार प्रवर्द्धनात्मक गतिविधिमा नेपान अझ सक्रिय भई लागिपर्नु पर्नेमा सहभागीले जोड दिएका थिए ।

# नेपानमा विभिन्न अन्तर्क्रियाहरू सम्पन्न

**११५ औं शृङ्खलाको सेयरिङ्ग :**
नेपानले मासिक रुपमा गर्दै आउने मासिक सेयरिङ कार्यक्रम अन्तर्गतको ११५ औं शृङ्खलाको सेयरिङ्ग कार्यक्रम डिसेम्बर २० तारिख आइतबारको दिन नेपान घरमा सम्पन्न भयो। नेपानका कार्यकारिणी समितिका सदस्य अनोज क्षेत्रीले ुच्यभिक या क्ष्म्त ायच ब्नचप्अगतिगचभ :बलबनभ्रुभलतू विषयमा प्रस्तुत गर्नुभएको प्रस्तुति प्रस्तोता स्वयंले गर्नुभएको विद्यावारिधि डिजर्टेशनको एउटा अंश हो। वहाँको प्रस्तुतिमा डा. भोलाप्रसाद दाहाल, डा. नेत्र तिम्सिना, चेतनाथ कणेललगायतले विभिन्न प्रश्न तथा जिज्ञासा राख्नुभएको थियो। विभिन्न संघसंस्थाहरूबाट प्रतिनिधित्व गर्दै करिब २० जनाको सहभागिता रहेको सो कार्यक्रमका अन्तमा प्रस्तोता क्षेत्रीले नेपानले आफ्ना विविध काममा क्ष्म्त प्रयोग गर्दा कामहरू बढी प्रभावकारी हुने भएकाले यसमा नेपानका लागि केही सहयोग गर्ने योजना रहेको बताउनु भयो।

**जिल्ला दैवीप्रकोप उद्धार समिति, काठमाडौंसितको अन्तर्क्रिया :**
सन् २०१५ डिसेम्बर ३१ का दिन बबरमहलस्थित साप फाल्चामा नेपानले समावेशिता तथा संरक्षण कार्यक्रम अन्तर्गतको दैवीप्रकोप उद्धार समिति काठमाडौं जिल्लासितको अन्तर्क्रिया कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा १० वटा सरकारी कार्यालयका प्रतिनिधिहरूलाई निमन्त्रणा गरिएको भएता पनि ६ वटा कार्यालयहरूबाट उपस्थिति रहेको थियो।



त्यसैगरी सो कार्यक्रममा परियोजना क्षेत्रका ज्येष्ठ नागरिकहरू र अपांगता भएका व्यक्तिहरू पनि सहभागी भएका थिए। कार्यक्रममा परियोजना अवधिभर भएका क्रियाकलापहरू, परियोजना सञ्चालन भइरहँदा भोग्नु परेका चुनौती र सिकाइका बारेमा छलफल भएको थियो। विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूबाट प्रतिनिधित्व भएको उक्त कार्यक्रममा महिला तथा बालबालिका कार्यालय काठमाडौं, काठमाडौं जिल्ला वन कार्यालय, शिक्षा मन्त्रालय, सहरी विकास विभाग, महानगरीय प्रहरी परिसर काठमाडौंजस्ता सरकारी निकायहरूबाट सहभागी भएका प्रतिनिधिहरूले भूकम्प गएको समयमा आ-आफना कार्यालयहरूले गरेका उद्धार तथा राहतका कार्यहरूका बारेमा जानकारी गराउनुभएको थियो। हेल्पएज इन्टरनेसनलका राष्ट्रिय निर्देशक खेमराज उपाध्यायसमेतको उपस्थिति रहेको सो कार्यक्रमको अन्त्यमा नेपानका कार्यकारिणी समिति चेतनाथ कणेलले कार्यक्रमको औचित्यका बारेमा आफ्ना विचार व्यक्त गर्दै कार्यक्रम समापन भएको जानकारी गराउनुभएको थियो।

**एविन्द्र न्यौपानेका ५ पुस्तकमाथि अन्तर्क्रिया :**
२०७३ साल जेठ ३० (जुन १२, २०१६) का दिन नेपानका आजीवन सदस्य एविन्द्रप्रसाद न्यौपानेद्वारा लिखित तथा शब्दार्थ प्रकाशनद्वारा प्रकाशित ५ वटा पुस्तकहरूमाथि एकसाथ टिप्पणी गर्ने कार्यक्रम नेपान घरमा सम्पन्न भयो। कार्यक्रममा लेखकका पुस्तकहरू व्यवहारमाथि डा. लक्ष्मी पौडेल, योग्यतामाथि शान्ति थापा, विकास र प्रणालीमाथि चेतनाथ कणेल, सामाजिक तथा राजनीतिक परिवर्तनमाथि गोरखबहादुर बोगटी र अंग्रेजी भाषाको Social Change in Rural Nepal माथि महेश शर्माले टिप्पणी गर्नुभएको थियो। टिप्पणी र डा. चण्डीप्रसाद चापागाईंले पुस्तक लेख्दा ध्यान पुऱ्याउनुपर्ने विषयमा सम्बोधन गरेपछि, लेखक एविन्द्रप्रसाद न्यौपानेले छलफलमा उठेका सवालहरूका बारेमा जवाफ दिनुभयो। लेखकको अथक मेहनतको सबैबाट प्रशंसा गरिएको थियो। तर पुस्तकमा एउटै प्रसङ्ग दोहोरिन नहुने, पुस्तकको विषयवस्तु समय सान्दर्भिकता अनुसार हुनुपर्ने, अनुसन्धानमूलक रचनामा सन्दर्भ सामग्रीहरू अनिवार्य उल्लेख्य गर्नुपर्नेजस्ता सवालहरूमा छलफल बढी केन्द्रित भएको थियो। कार्यक्रमको अन्त्यमा संस्थाका अध्यक्ष उत्तम उप्रतीले कार्यक्रमलाई सफल बनाउन सहयोग गरेकोमा उपस्थित सबैलाई धन्यवाद दिनुभयो। नेपानमा यस खालको अन्तर्क्रिया कार्यक्रमलाई निरन्तरता दिन पनि सोही सन्दर्भमा सबैले जोड दिएका थिए।

**भूकम्प प्रभावित बालबालिकाको लागि सरकारले प्रदान गर्ने नगद सहयोग कार्यक्रमको अनुगमन अध्ययन :**
सन् २०१६ जुलाई ६ तारिखका दिन नेपान घरमा एउटा संयुक्त अन्तर्क्रिया छलफल सम्पन्न गऱ्यो। भूकम्प प्रभावित ११ जिल्लाका पाँच बर्षमुनिका बालबालिकाको लागि सरकारले प्रदान गर्ने नगद सहयोग कार्यक्रमको अनुगमन अध्ययन गर्ने सिलसिलमा विभिन्न जिल्लाहरूमा लाभग्राहीहरूको तथ्यांक सङ्कलनको अवस्था के छ, केन्द्रबाट जिल्लाहरूमा सहयोग नगद रकम के कति गयो, लाभग्राहीहरूले नगद सहयोग पाए वा पाएनन् र त्यस सम्वन्धमा समस्याहरू के के देखापरे सोबारे जानकारी लिइएको थियो। उक्त छलफलमा Departmentof Certificate Registration (MoFALD) का तर्फबाट शालिग्राम युनिसेफका तर्फबाट निक, रिजाल, UNICEF का तर्फबाट निकोला म्याथर, अध्ययन टोलीका तर्फबाट प्रा.डा. योगेन्द्र गुरूङ, गोपाल तामाङ, अनुगमनमा परेका ११ वटै जिल्लाका जिल्ला सम्पर्क व्यक्तिहरू र नेपान सचिवालयका तर्फबाट प्रतिनिधिहरूको उपस्थिति थियो।

**अन्तर्राष्ट्रिय अपाङ्गता दिवसमा नेपानमा अन्तर्क्रिया कार्यक्रम**
डिसेम्बर ३, २०१५ का दिन नेपान घरमा २४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस एक अन्तर्क्रिया कार्यक्रम गरेर मनाइयो। अर्थपूर्ण समावेशीकरण: सबै क्षमताका व्यक्तिहरूका लागि पहुँच र सशक्तिकरण भन्ने मूल नाराका साथ मनाइएको सो कार्यक्रममा सांसदहरू बलबहादुर महत र मानप्रसाद खत्री, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका उपसचिव रामप्रसाद भट्टराई, ज्येष्ठ नागरिक महासंघका डा. गौरीशंकरलाल दास र नेपाल राष्ट्रिय अपांग संघका बालकृष्ण गैरेसमेतले विचार राख्नुभएको थियो। नेपानका चारवटा परियोजनास्थल थानकोट, मच्छेगाउँ, गोलढुंगा र धर्मस्थलीबाट आएका अपांगता भएका व्यक्तिहरू र ज्येष्ठ नागरिकहरूले वक्ताहरूसँग विभिन्न विषयमा जिज्ञासा राखेका थिए। कार्यक्रमको अन्त्यमा मेट्रो नेपालका वैकुण्ठ भण्डारीले सांसदद्वय, मन्त्रालयका प्रतिनिधि, ज्येष्ठ नागरिक महासंघ र नेपाल राष्ट्रिय अपाङ्ग संघका प्रतिनिधिहरूसँग समसामयिक विषयमा अन्तर्वार्ता लिएका थिए।

**अन्तर्राष्ट्रिय अपाङ्गता दिवसमा नेपानमा अन्तर्क्रिया कार्यक्रम :**
डिसेम्बर ३, २०१५ का दिन नेपान घरमा २४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस एक अन्तर्क्रिया कार्यक्रम गरेर मनाइयो। अर्थपूर्ण समावेशीकरण: सबै क्षमताका व्यक्तिहरूका लागि पहुँच र सशक्तिकरण भन्ने मूल नाराका साथ मनाइएको सो कार्यक्रममा सांसदहरू बलबहादुर महत र मानप्रसाद खत्री, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका उपसचिव रामप्रसाद भट्टराई, ज्येष्ठ नागरिक महासंघका डा. गौरीशंकरलाल दास र नेपाल राष्ट्रिय अपांग संघका बालकृष्ण गैरेसमेतले विचार राख्नुभएको थियो । नेपानका चारवटा परियोजनास्थल थानकोट, मच्छेगाउँ, गोलढुंगा र धर्मस्थलीबाट आएका अपांगता भएका व्यक्तिहरू र ज्येष्ठ नागरिकहरूले वक्ताहरूसँग विभिन्न विषयमा जिज्ञासा राखेका थिए । कार्यक्रमको अन्त्यमा मेट्रो नेपालका वैकुण्ठ भण्डारीले सांसदद्वय, मन्त्रालयका प्रतिनिधि, ज्येष्ठ नागरिक महासंघ र नेपाल राष्ट्रिय अपाङ्ग संघका प्रतिनिधिहरूसँग समसामयिक विषयमा अन्तर्वार्ता लिएका थिए ।

## International Center Notfor-Profit Law (ICNL) का प्रतिनिधिको नेपान भ्रमण:

मई २६ तारिखका दिन क्ष्न्लीका प्रतिनिधि श्री डेभिड मूर र नेपानका प्रतिनिधिहरूबीच कुराकानी भयो । बैठकमा दुवै संस्थाका प्रतिनिधिहरूले आ-आफनो संस्थाका संस्थागत परिचय दिएपछि नेपालमा नागरिक समाजमैत्री ऐन, नियम, कानून र नीतिको अवस्था के छ भन्ने विषयमा छलफल केन्द्रित भएको थियो । यस सवालमा क्ष्न्ली र नेपानले साझेदारीमा मिलेर गर्नसक्ने केही सम्भावनाहरू हुनसक्ने बारेमा दुवै पक्ष सहमत भएका थिए। उक्त छलफल बैठकमा नेपानका तर्फबाट संस्थाका अध्यक्ष उत्तम उप्रती, कार्यकारिणी सदस्य चेतनाथ कणेल, नेपान सदस्यहरू महेश शर्मा, एविन्द्र न्यौपाने र फटिक थापा हुनुहुन्थ्यो।



Help Age International London बाट नेपाल आउनुभएका Poppy Waren ले नेपान घरमा मिति २०७३ चैत २९ (अप्रिल ११) का दिन भ्रमण गर्नुभएको थियो । नेपानमा उहाँले ज्येष्ठ नागरिकको क्षेत्रमा संस्थाले गरेका अनुसन्धानलगायतका विभिन्न गतिविधिहरूका बारेमा जानकारी लिनुभएको थियो । ज्येष्ठ नागरिकको मुद्दालाई लिएर नेपालमा लामो समयदेखि काम गर्दै आएको संस्थाको रुपमा नेपानलाई पाउँदा उहाँले खुशी व्यक्त गर्नुभयो ।

## केही अभियान कार्यक्रममा पनि नेपानको सक्रिय सहभागिता

**लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान**मा नेपानले नोभेम्बर २५ का दिन नेपाल सरकार र राष्ट्रिय महिला आयोगले आयोजना गरेको र्‍यालीमा भाग लियो । भृकुटीमण्डपबाट शुरु भई शहिद गेट, न्युरोड हुँदै वसन्तपुरमा पुगेर आमसभामा परिणत भएको सो र्‍यालीमा नेपानका परियोजना क्षेत्र गोलढुंगा, धर्मस्थली, मच्छेगाउँ, थानकोट र नेपान सचिवालयका कर्मचारीहरू समेतको सहभागिता थियो ।



२०७३ वैशाख १८ र वैशाख २५ गते **बागमती सरसफाइ महाभियान**को क्रमश: १५५औं र १५६औं हप्तामा प्रवेश गर्दा नेपान पनि बागमती-मनोहरा दोभान क्षेत्रको सरसफाइको काममा सहभागी भयो । उक्त बागमती सरसफाई अभियानमा सहभागी हुनेक्रममा नेपानका तर्फबाट संस्थाका अध्यक्ष उत्तम उप्रेती, पूर्वअध्यक्ष ब्रम्हध्वज गुरूङ, कार्यकारिणी सदस्य चेतनाथ कणेललगायत नेपान सचिवालयका कर्मचारीहरूको सक्रिय र क्रियाशील सहभागिता थियो । नेपानले विगत वर्षहरूमा पनि यस खालका सहभागिता जनाउँदै आएको छ ।

## अन्तर्राष्ट्रिय मजदूर दिवसमा आयोजित बृहत् ऱ्यालीमा नेपानको सहभागिता




२०७३ वैशाख १९ गते (२०१६ मई १) का दिन नेपानले पनि अन्तर्राष्ट्रिय मजदूर दिवसमा भाग लियो । “Leave No Elderly Behind” भन्ने मूल नाराका साथ रत्नपार्कको शान्ति वाटिकाबाट सुरु भई भद्रकालीमा पुगी सम्पन्न भएको ऱ्यालीमा ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थाहरू र व्यक्तिहरूको उपस्थिति थियो । ज्येष्ठ नागरिकहरूको जनसंख्या द्रुतगतिले बढ्दै गएको परिप्रेक्ष्यमा अबको दुनियाँको विश्व श्रम बजारमा ज्येष्ठ नागरिकहरूको सीप, ज्ञान र अनुभव झन काम लाग्ने भएको हुनाले सम्वन्धित पक्षहरूको ध्यान त्यसतर्फ तान्न उक्त ऱ्याली गर्नुको उद्देश्य थियो ।

## “सहभागिता दिवस” २०७२ सम्पन्न



नेपाल सहभागीमूलक कार्य समूह (नेपान) ले हरेक वर्षको अप्रिल ६ लाई “सहभागिता दिवस” को रुपमा मनाउँदै आएको सन्दर्भमा सो दिवस यस वर्ष पनि नेपान घरमा विविध कार्यक्रम गरी मनाइयो । ६ अप्रिलका दिन नेपान घरमा संस्थाका कार्यकारिणी सदस्य चेतनाथ कणेलले केक काट्न शुरु गरेपछि नेपान सचिवालयमा रहेका सम्पूर्ण कर्मचारीहरूले सहभागीमूलक तरिकाले केक काट्नुभयो । उक्त नेपान ( सहभागिता) दिवसको अवसर पारेर अप्रिल १० (२०७३ चैत २८) का दिन नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम गरी भव्यताका साथ सम्पन्न गरियो । कार्यक्रममा १७ जना नेपान सदस्य र गैरसदस्य विकासकर्मीहरूले रक्तदान गर्नुभएको थियो ।

*समाचार संयोजन : फटिक थापा, दिवेश सायमी, तुलसी सापकोटा*

## सहभागिता मा विज्ञापन प्रकाशित गर्नेबारे सूचना

**“सहभागिता” मा धुम्रपान तथा मध्यपानजस्ता व्यावसायिक विज्ञापनबाहेक आ–आफ्ना संघसंस्थाको कार्यक्रम, गतिविधि आदिको सूचना तथा कार्यालयको प्रशासनिक एवम् आर्थिक क्रियाकलापसम्बन्धी सूचनामूलक सामग्रीहरू तपसीलमा उल्लेखित दररेटमा छपाउन सकिने व्यवस्था भएको हुँदा यहाँहरू सबैलाई सहर्ष जानकारी गराउँदछौं ।**

| विज्ञापनको प्रकार | दररेट (रु.) |
|---|---|
| अन्तिम आवरण पूरा पृष्ठ -रंगीन | १०,०००/- |
| अन्तिम आवरण आधा पृष्ठ -श्याम/श्वेत | ५,०००/- |
| भित्री आवरण पूरा पृष्ठ -श्याम/श्वेत | ५,०००/- |
| भित्री आवरण आधा पृष्ठ -श्याम/श्वेत | ३,०००/- |

## जनमत संकलन

# महाविनाशकारी भूकम्प २०७२ का चुनौतीहरूलाई अवसरमा बदल्नका लागि पुनर्निर्माण तथा नवनिर्माणका कस्ता कस्ता पक्षहरूमा हाम्रो विशेष ध्यान जानु जरुरी छ ?

✍ सर्वप्रथम घरबारविहीन परिवारलाई आवासको व्यवस्था गर्नुपर्छ । भूकम्पमा आफ्नो सम्पूर्ण परिवार गुमाएका बालबालिकाहरूलाई उचित ठाउँमा बस्ने तथा स्याहारको व्यवस्था मिलाउनुपर्छ । साथै पूर्णरूपमा क्षति भएका विद्यालयमा पढ्ने कोठाको राम्रो व्यवस्थापन गरिनुपर्छ ।

*-सुनीलकुमार यादव (सचिव), बाल विकास नेपाल (सीडी नेपाल), श्रीपुर, सर्लाही*

✍ भूकम्पले भत्काएका सबै आवास संरचनाको पुनःनिर्माणमा जोड, साथै अन्य भौतिक पूर्वाधार विकासमा पनि जोड दिनुपर्छ । विपत्मा परेका सबैलाई राम्रोसँग 'सहयोगको प्याकेज' पुऱ्याउन सक्नुपर्छ ।

*-मिश्रीलाल यादव, गाविस सचिव, पकरी गा.वि.स., सप्तरी*

✍ भूकम्पले भत्केका विद्यालयहरू पुनःनिर्माण गरी भाईबहिनीहरूको पठनपाठनलाई अवरोधरहित बनाउने काम पहिलो आवश्यकता हो । साथै, क्षति पुगेका प्रहरी-चौकीलाई समेत पुनःस्थापित गरी स्थानीय सुरक्षा र शान्तिलाई जोड दिनुपर्छ ।

*-शिवकुमार मण्डल, प्राविधिक सहायक, पकरी गा.वि.स., सप्तरी*

✍ भुईंचालोका बखत अंगभंग र घाइते भएकाहरूलाई औषधोपचार गर्नु हाम्रो पहिलो कर्तव्य हो, साथै, भत्किएका सबै घर बनाउनका लागि सहयोग गर्नु पनि अति जरुरी छ ।

*-डम्बरबहादुर राई, प्राविधिक सहायक, हडिया गा.वि.स., उदयपुर*

✍ भुईंचालोका कारण घाइते भएकाहरूलाई औषधी उपचार गरिनुपर्छ । भत्किएका सबै संरचना छिटो बनाउनुपर्छ र कतिपय जोखिमस्थलमा रहेका बस्तीहरूलाई शीघ्र स्थानान्तरण गर्नुपर्छ ।

*-पुष्पराज सापकोटा, खरिदार, हडिया गा.वि.स., उदयपुर*

✍ मृतक परिवारलाई राहत दिनुपर्छ । साथै, अंगभंग र घाइते भएकाहरूलाई समयमै उपचारको व्यवस्था मिलाउनुपर्छ । उनीहरूको उपचार र स्वास्थ्यको पूर्ण जिम्मेवारी सरकारले लिनुपर्छ ।

*-सञ्जयकुमार देव, गा.वि.स. सचिव, दिघवा, सप्तरी*

✍ भूकम्पबाट क्षति पुगेका सार्वजनिक सम्पदा तथा सम्पत्तिको संरक्षण एवं पुनर्निर्माणमा पहिलो जोड दिने, अनि क्षति पुगेका सडक र बाटाहरू मर्मत-सम्भार गरी देशका सबै ठाउँमा यातायात सुचारु राख्ने काममा पनि ध्यान दिने ।

*-राजकुमार मण्डल, सामाजिक परिचालक, दिघवा, सप्तरी*

✍ अति जोखिममा रहेका बस्तीहरूलाई स्थानान्तरण गर्ने । पुनःनिर्माणको कामलाई उच्च प्राथमिकता दिने । साथै, भूकम्पपश्चात् गाउँठाउँमा देखिएको 'चेलीबेटी बेचबिखन'को जल्दोबल्दो समस्यालाई तुरुन्त नियन्त्रण गर्ने र बाबुआमा गुमाएका बालबालिकालाई राम्रो संरक्षण प्रदान गर्ने ।

*-शीला थापा कार्की, गा.वि.स. सचिव, जोगीदह गाविस, उदयपुर*

✍ सडकका माथिल्ला तथा तल्लो भुकावहरूलाई सबलीकरण गरी यातायात सुविधा सुरक्षित बनाउनुपर्छ । साथै, सुख्खा पहिरोको जोखिमलाई न्यूनीकरण गर्नेतर्फ समयमै ध्यान दिनुपर्छ । भूकम्पपछि यो एउटा ठूलो समस्याको रुपमा आउन सक्छ । सबैको ध्यान यसतर्फ जाओस् ।

*-रुपनारायण यादव, इन्जिनियर, जनकपुरधाम- ८, धनुषा (हालः लहान, सिरहा)*

✍ भूकम्पपछिको पुनःनिर्माणमा सबैभन्दा पिछडिएका, आर्थिक अवस्था कमजोर भएका बालबालिका तथा वृद्धवृद्धाहरूको आवश्यकतालाई प्राथमिकता दिई सहयोग गर्नुपर्छ । दुःखको बेला हामीलाई हेर्ने कोही 'अभिभावक' पनि रहेछन् भन्ने अनुभूति उनीहरूलाई दिलाउनु अति आवश्यक छ ।

*-प्रेम ब. शाही, अमरगढी- ५, डडेलधुरा (हालः लहान, सिरहा)*

सबैभन्दा पहिला पहिरो तथा बाढीबाट जोखिम नभएका स्थानमा पीडितहरूका घर बनाउनमा सहयोग गर्नुपर्छ। घरहरू बनाउँदा 'भूकम्प प्रतिरोधी' बनाउनुपर्छ। भवनहरू धेरै अग्ला र देखावटीभन्दा जग बलियो बनाएर सानासाना बनाउँदा जोखिम घटाउन सकिन्छ। साथै घरहरू निर्माण गर्दा केही खाली ठाउँ छोड्ने व्यवस्था पनि अनिवार्य मिलाउनुपर्छ।

*-सीता भण्डारी कँडेल, गुल्मी (हाल: शङ्खमूल, नयाँबानेश्वर, काठमाडौं)*

भूकम्पमा सरकारले विशेषगरी पीडितको गाँस, बास र कपासमा जोड दिनुपर्छ। साथै बालबालिकाको स्वास्थ्य र शिक्षामा बाधा नपर्ने अवस्था र अवसरको सृजना गरिदिनुपर्छ।

*-प्रबुद्ध कँडेल, कक्षा ९, अवेरनेस इन्टरनेसनल एकेडेमी, शङ्खमूल, नयाँबानेश्वर, काठमाडौं*

भूकम्पपछिको पुनर्निर्माण गर्दा स्थानीय समुदायको ज्ञान, सीप, परम्परा र संस्कृतिका विविध पक्षहरूलाई ध्यान दिई प्राविधिक पक्षहरू समाहित र एकीकृत गर्नुपर्छ। साथै यस्ता संरचना वातावरणमैत्री र विपद् जोखिम कम गर्ने खालका हुनु जरुरी छ।

*-डा. मिङ्मा नोर्बु शेर्पा, चौरीखर्क, सोलुखुम्बु (हाल: चपली भद्रकाली, काठमाडौं)*

महाभूकम्प २०७२ ले क्षति पुऱ्याएको भौतिक पूर्वाधार पुनर्निर्माण तथा नवनिर्माण गर्दा बालबलिकामैत्री, अपाँङ्गमैत्री, जेष्ठ नागरिकमैत्री र भूकम्पप्रतिरोधात्मक पूर्वाधार निर्माण तथा जनता र देशको सामाजिक, आर्थिक, सास्कृतिक पक्षहरूलाई ध्यानमा राखी काम गरियो भने दिगो विकास र मानवलाई सजिलो र सहयोग पुग्ने देश निर्माण हुन्छ।

*-शुभ नारायण चौधरी, स्वास्थ्य तथा वकालत अधिकृत, नेपाल भूकम्प पुनर्लाभ परियोजना, -सहभागीमूलक कार्य समूह, नेपान*

भूकम्प पीडितहरूलाई व्यावसायिक शिक्षा तथा सीप प्रदान गरिनुपर्छ र काम गर्ने अवसरका लागि साना तथा मझौला स्तरका उद्योग व्यवसायहरू सृजना गरिदिनुपर्छ। अति विपन्न परिवारका छोराछोरीलाई शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था हुनुपर्छ। साथै, भत्के-बिग्रेका सम्पदा तथा स्मारकहरूको पुन:निर्माणमा विशेष जोड दिनुपर्दछ र भूकम्पले भत्केका संरचनाबाट निस्केका फोहोर तथा जीर्ण वस्तुको उचित व्यवस्थापन तथा सदुपयोगमा जोड दिनुपर्छ।

*-सदिक्षा लामा, वर्ल्ड भिजन इन्टरनेसनल, काठमाडौं।*

स्थानीय खाँचो र सस्कृतिसँग मेल खाने प्रविधीमा आधारित भई निर्माण गर्ने, प्रभावित जनताको समग्र जीवनमा टेवा दिने खालका कार्यक्रमहरू चाँडो सञ्चालन गर्ने। पुनर्निर्माण तथा नवनिर्माण भन्नाले केवल भौतिक निर्माणमात्र नभई सामाजिक, आर्थिक र मनोवैज्ञानिक उत्थान समेत सम्झने र सकेसम्म समग्र विकास निर्माण तथा पुनर्स्थापन समेतमा जोड दिने गर्नुपर्छ।

*-सुरेश तामाङ्ग, ललितपुर*

सबैका घरबासको क्षतिको विभेदरहित तरिकाले यकिन तथ्यांक लिने, लालपूर्जाका व्यवस्था विशेषत: संयुक्त लालपूर्जा, युवाको सीप बिकास, वित्तीय संस्थाहरूको ग्रामीण भेकमा उपस्थिति, राहत प्रक्रियालाई सरलीकृत र छरितो बनाई पुन:स्थापनातर्फ उन्मुख हुनुपर्ने।

*-यमुना, नेपान*

भूकम्पबाट आहत भएको जिल्ला तथा गाउँहरूमा संभावनाको आधारमा एकीकृत बस्ती बिकास गरी भौतिक पूर्वाधारको पहुँच पीडित जनसमुदायमा पुऱ्याउन सकेमा राष्ट्रको लागत कम र पीडीतलाई भौतिक, सामाजिक, आर्थिक बिकासमा सहभागी गराई बिदेशिनसमेत रोक्न सकिने छ।

*-गोपाल पोखरेल*

महाभूकम्प २०७२ पछिको पुर्ननिर्माण तथा नवनिर्माणमा जनताको स्वामित्व र अपनत्व कायम गराउन निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता, युवा परिचालन, एकीकृत बस्ती बिकास, प्रक्रियामा पारदर्शिता र चुस्तता, अनुसन्धानमा आधारित नीति–रणनीति, मनोसामाजिक सरोकारको सम्बोधन, सम्वन्धित सबै सरोकारवालाहरूसहितको समन्वय र अनुगमनको व्यवस्था जस्ता पक्षहरूमा हाम्रो विशेष ध्यान जानु जरुरी छ।

*-डा. विष्णुराज उप्रेती, नेपान सदस्य, काठमाडौं*

पुनर्निर्माण तथानवनिर्माण कार्य गर्दा प्रथमत:भूकम्पप्रतिरोध क्षमता योग्यहुनु जरुरी छ। सबैजसोले महशुश गरेका छन्। नयाँबनाइने बस्ती र घरमा सुविधायुक्त (आधुनिकचर्पि, भान्छाघर, ढल व्यवस्थापन, वत्ति, इन्टरनेट तथा टेलिभिजनजस्ताभविष्यकाआवश्यक कुराहरूमाध्यान) दिई बलिया घर बनाउनु पर्छ। साथै स्थानीय संस्कृतितथा स्थानीयवातावरण सुहाउँदो एकनास भवननिर्माणको आवश्यकता छ।

*छिङ्ल्मु शेर्पा:*

# नेपाल स्रोत केन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू

- Humanitarian Charter and Minimum Standards in Humanitarian Response, The Sphere Project, 2011 Edition
- Participatory Democracy, Issues and Reflections, Forum for Participatory Democracy, Institute of Governance and Development (IGD), Actonaid Nepal, first edition, 2013
- Reflection and Learning, Actonaid Nepal, 2014
- Reflection on Participation Democracy and Development, Conference Proceedings Report, Dec 18-19, 2014
- Participatory Democracy, Practices and Reflections, Forum for Participatory Democracy, Institute of Governance and Development(IGD), Actionaid Nepal, 2014
- Reading on Governance and Development, Vol: xvii, Institute for Governance and Development (IGD), Lazimpat, Kathmandu, 2015
- Introduction to Mediation Act of Nepal in Nutshell, Dr. Mukti Rijal, Institute of Governance and Development (IGD) and Nepal International ADR Centre (NIAC), 2015
- Participatory Democracy, Perspectives and practices on Local governance, Forum for Participatory Democracy, Institute of Governance and Development (IGD) Actonaid Nepal Dec: 2015
- Reality Check Approach Baseline Report, Nepal Rural Access Programme Monitoring, Evaluation and Learning Components, RAP3 June 2015
- Development in Practice, Stimulating Thought for Action, vol: 25, issue: 8, Nov 2015
- Development in Practice, Stimulating Thought for Action, vol: 26, issue: 1, Feb 2016
- Development in Practice, Stimulating Thought for Action, vol: 26, issue: 3, May 2016
- Development in Practice, Stimulating Thought for Action, vol: 26, issue: 4, June 2016
- तालिम अध्ययन सामग्री, स्थलगत बायोइन्जिनियरिङ्ग तालिम (Bio-Engineering field Training), इकार्डस(नेपाल, २०६८ कार्तिक ।
- विपद् व्यवस्थापन तथा आपतकालीन शिक्षा पाठ्यक्रम, को(एक्सन नेपाल, २०७१ ।
- लघु उद्यम स्थापना, ग्रामीण महिलाको जीविकोपार्जन सुधारका लागि, सहयोगी पुस्तिका, आश्विन २०७२ ।
- जलवायु परिवर्तनमा किसानका बुझाइहरु, इकार्डस् (नेपाल, असोज २०७२ ।
- कर्णालीमा कम्युनिस्ट आन्दोलन ले. गोरखबहादुर बोगटी, २०७२ ।
- समृद्ध नेपाल, ले. रविन्द्र अधिकारी, २०७२ ।
- सुखतिरको यात्रा, ले., महेन्द्र कुमार शाक्य, २०७३ ।

**सहभागिता** का हरेक अङ्क-विशेष अङ्क बनाउनमा हामी प्रयासरत छौं ।

- सम्पादक मण्डल







## सहभागिता पूर्णाङ्क ४९ पढेपछि

**सम्पादकज्यू,**

पहिले-पहिले वर्षको ४ वटा प्रकाशित हुने सहभागिता केही समययता देखि वर्षको एउटामात्र प्रकाशित हुनु दुःखद् कुरा हो। तथापि नेपानले कमसेकम वर्षको एउटा भए पनि विकासमूलक पत्रिका त निकालेको छ भनेर धन्यवाद दिन मन लाग्छ। किनकि नेपालका कुनै पनि विकास पत्रिका नियमितरूपमा निस्कन सकेका छैनन् । राष्ट्रिय योजना आयोगबाट निस्कने विकास नामको पत्रिकासमेत नियमित हुन नसकेको दुःखद् पक्ष छ। साथै, केही व्यावसायिक घरानाबाट विकास पत्रिका निकाल्न खोजिए पनि ती पत्रिकाले विकासभन्दा बढी राजनीति नै पस्किने गरेका छन्। विकासकर्मीलाई काम लाग्ने खुराक तिनमा कमै प्रकाशित हुने गर्दछन् ।

सहभागिता ४९ औं अङ्क गज्जबको लाग्यो। हरेक अङ्क विशेष अङ्क भन्ने नेपानको उक्ति केही समययता साँच्चिकै सार्थक बन्दै आएको पाएका छौं। यो अङ्क पनि नयाँ संविधान निर्माण विशेषाङ्कको रूपमा प्रकाशन गरेर नेपानले साह्रै प्रशंसनीय काम गरेको छ। मैले यी पंक्ति कोर्दा नेपालले नयाँ संविधान २०७२ पाइसकेको अवस्था छ । तथापि नेपानको जनवकालती भूमिकाले नेपालको संविधानमा नै प्रभाव परेको हामीले महसुस गरेका छौं। खासगरी ज्येष्ठ नागरिकको सवालमा नेपानले देखाएको बाटोमा नेपालका नीतिनिर्माताहरू हिँड्ने बाटो बनिरहेको छ। अनुसन्धानमा आधारित जनवकालती भूमिका नेपानले निभाउने हुँदा यो अति व्यवहारमुखी छ । कोरा जनवकालतभन्दा अनुसन्धानको नतिजामा खुट्टा टेकेर गरिने वकालतले राम्रो प्रभाव पार्न सक्दछ । यो कुरा नेपानले सबैलाई राम्रोसँग सिकाएको छ । नेपान परिवारलाई हाम्रो बधाइ छ ! साधुवाद छ !

यो ४९ औं अङ्कमा प्रकाशित सबै लेख राम्रा छन् । नवराज महतारा, भागवत ढकाल, सहनशीला शर्मा र रमेश नेपालले लेखेका युवा, बेरोजगारी तथा गरिबीसम्बन्धी लेखहरूले मलाई छोए । नयाँ संविधानले समेट्नैपर्ने विविध पक्षहरूका बारेमा गोरखबहादुर बोगटी, देवीलाल उपाध्याय, चेतन सुनार 'तेजु', एविन्द्रप्रसाद न्यौपाने, कृष्ण सुवेदी र त्रिभुवनचन्द्र वाग्लेका लेखले अति राम्रोसँग वकालत गरेको पाएँ । आशा छ ती कुरा २०७२ असोज ३ गते आएको नेपालको नयाँ संविधानले समेटेको छ । साथै, चेतनाथ कणेलको अनुसन्धानमूलक लेखले हिमाली, पहाडी र मधेसीलाई एकैठाउँमा ल्याउने काम गरेको छ। यसले हरेक नागरिकमा सांस्कृतिक, जातीय तथा भौगोलिक 'सम्मिलन'मा सकारात्मक ऊर्जा पैदा गर्न सक्छ । आफ्नो सवालमा विष्णु न्यौपाने र दुर्गा लामिछाने पनि जमेका छन्। डा. बालचन्द्र लुइंटेल र ईन्द्रमणि राई (याम्फु) को स्थलगत अनुसन्धानमा आधारित लेख सहभागिता ४९ को थप 'ब्युटी' हो। नेपानको सहभागिताले यस्तै 'ड्युटी' गरोस्। विपन्न र पछाडि परेका वर्गको उत्थानका लागि नेपानको अनुसन्धान र जनवकालती भूमिका यो राष्ट्रका लागि अहम् हुनेछ । नेपानमा धेरै 'डाक्टरसाब'हरू छन् भन्ने सुनिन्छ, तसर्थ उनीहरूको ध्यान यो देशको 'विपन्नता र अविकासको घाउ' निको पार्नेतर्फ लागोस्। ती 'डाक्टरसाब'हरूले लेखेका लेख किन सहभागितामा पढ्न पाइन्न ?

यस अङ्कमा नेपानका वर्तमान तथा पूर्व अध्यक्षहरूको विचार आकर्षक गहना बनेको छ। यसलाई सहभागिताले निरन्तरता देओस्। कुनै पनि अध्यक्ष २ वर्षभन्दा बढी नबस्ने र दोहोऱ्याएर अध्यक्ष बन्न 'हारालुछ' प्रवृत्ति पनि नेपानमा छैन भन्ने सुनिन्छ। यो पाठ नेपाली राजनीतिमा सर्न सके कति जाती हुन्थ्यो ! अरु एन.जी.ओ. हरूमा

पनि यो पाठ पुग्न सके झनै गज्जब हुन्थ्यो । नेपानको यो असल अभ्यासको शैलीबारे थप लेखेर प्रकाश पारिनुपर्छ, प्रचार गरिनुपर्छ ।

पुस्तक समीक्षा, केही विकासे कविता र विकासको अवस्थालाई व्यङ्ग्य गर्ने 'कार्टुन'ले सहभागिताको पहिचान बढाएका छन् । नेपानको गतिविधि अलि छोट्याएर तिनको वेबसाइट लिङ्क दिई विस्तृत समाचार नेपानको अफिसियल वेबसाइटमा नै राख्दा राम्रो हुनेछ । किनकि सहभागितामा विचार र अनुभवलाई नै प्राथमिकता दिनुपर्छ । गतिविधि भनेका क्षणिक महत्व राख्ने कुरा हुन् । सहभागितामा दीर्घकालीन र व्यापक महत्व राख्ने कुरामा जोड दिइनुपर्छ ।

आउँदो अङ्क "भूकम्पपश्चात्को पुनर्निर्माण तथा नवनिर्माण विशेषाङ्क"को रूपमा प्रकाशित हुने खबरले खुसी लागेको छ । भूकम्पपछिको पुनःस्थापना तथा निर्माण कार्य ज्यादै ढीला भएको सन्दर्भमा नेपानको घच्घच्याइले केही काम गर्नेछ भन्ने हामीलाई लाग्छ । जय होस् !

धन्यवाद !

***प्रमेश अधिकारी***

मार्फत् : एनडीसी, नयाँबानेश्वर, काठमाडौं

## "सहभागिता" का हालसम्मका विशेषाङ्कहरू

| | |
|---|---|
| पूर्णाङ्क-१३ (वर्ष ५/अङ्क १/२, असोज २०५६): | जनसहभागिता र विकास प्रक्रिया विशेषाङ्क |
| पूर्णाङ्क-१६ (वर्ष ६/अङ्क १, असार २०५७): | स्थानीय विकास विशेषाङ्क |
| पूर्णाङ्क-२१ (वर्ष ७/अङ्क २/३, चैत्र २०५८): | ज्येष्ठ नागरिक विशेषाङ्क |
| पूर्णाङ्क-२२ (वर्ष ७/अङ्क ४, असार २०५९): | सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन विशेषाङ्क |
| पूर्णाङ्क-२४ (वर्ष ८/अङ्क २, पुष २०५९): | बालसहभागिता विशेषाङ्क |
| पूर्णाङ्क-२५ (वर्ष ८/अङ्क ३, चैत्त २०५९): | रजत अङ्क |
| पूर्णाङ्क-२६ (वर्ष ९/अङ्क ४, असार २०६०): | लैङ्गिक विशेषाङ्क |
| पूर्णाङ्क-३३ (वर्ष १०/अङ्क १/२, पुष २०६२): | सामाजिक समावेशीकरण विशेषाङ्क |
| पूर्णाङ्क-३४ (वर्ष १०/अङ्क ३/४, असार २०६३): | लोकतन्त्र, शान्ति र विकास विशेषाङ्क |
| पूर्णाङ्क-३५ (वर्ष ११/अङ्क १/२, पुष २०६३): | सहभागीमूलक विधि विशेषाङ्क |
| पूर्णाङ्क-३६ (वर्ष ११/अङ्क ३, चैत्र २०६३): | जनमुखी शिक्षा विशेषाङ्क |
| पूर्णाङ्क-३७ (वर्ष १२/अङ्क १, असोज २०६४): | ज्येष्ठ नागरिक विशेषाङ्क |
| पूर्णाङ्क-३९ (वर्ष १२/अङ्क ३/४, असार २०६५): | दलित विशेषाङ्क |
| पूर्णाङ्क-४० (वर्ष १३/अङ्क १/२, पुष २०६५): | विकास सञ्चार विशेषाङ्क |
| पूर्णाङ्क-४१ (वर्ष १३/अङ्क ३/४, असार २०६६): | सहभागीमूलक संविधान निर्माण विशेषाङ्क |
| पूर्णाङ्क-४६ (वर्ष १६/अङ्क १, चैत्र २०६९): | जलवायु परिवर्तन विशेषाङ्क |
| पूर्णाङ्क-४७ (वर्ष १७: संयुक्ताङ्क), वैशाख-असोज, २०७० | स्थानीय विकास र सहभागीमूलक योजना तर्जुमा विशेषाङ्क |
| पूर्णाङ्क-४८ (वर्ष १८: संयुक्ताङ्क), ज्येष्ठ २०७१ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विशेषाङ्क |
| पूर्णाङ्क-४९ (वर्ष १९: संयुक्ताङ्क), आषाढ २०७२ | नेपालको नयाँ संविधान निर्माण विशेषाङ्क |
| पूर्णाङ्क ५० वर्ष २० (संयुक्ताङ्क), भदौ २०७३ | विनाशकारी भूकम्प २०७२ विशेषाङ्क (पाठकको हातमा) |

# सहभागिता पूर्णाङ्क १ देखि ५० सम्मका लेखकहरू र लेख-रचनाहरूको विवरण

## (वर्णानुक्रमिक अनुक्रमणिका)

| क्र.सं. | लेखक | लेख-रचनाको शीर्षक | विधा | पूर्णाङ्क | प्रकाशित वर्ष, महिना र अङ्क | पृष्ठ |
|---|---|---|---|---|---|---|
| १ | **अर्पन** | पूर्वाञ्चल क्षेत्रीय सहभागीमूलक कार्य समूह (अर्पन) | संस्था परिचय | १७ | २०५७, साउन-असोज, वर्ष ६, अङ्क १७ | ३२ |
| २ | **अनिल अधिकारी** | भैरव रिसालको जोश | अन्तर्वार्ता/लेख | ३७ | २०६४, वैशाख-असार र साउन-असोज, वर्ष १२ अङ्क १ | २० |
| | | जलवायु परिवर्तन अनुकूलनका स्थानीय सहभागिताका केही रसुवाली सफल अभ्यासहरू | लेख | ४६ | २०६८, चैत, वर्ष १६, अङ्क १ | २४ |
| ३ | **अनिशा खनाल** | उत्कृष्ट लेखको प्रशंसा | चिठीपत्र | ४९ | २०७२, असार, वर्ष १७, अङ्क १-४ (संयुक्ताङ्क) | ६८ |
| ४ | **अर्जुन कँडेल** | सामाजिक समावेशीकरणको सवालमा एड्स संक्रमितहरूको सहभागिता | लेख | ३३ | २०६२, साउन-पुस, वर्ष १०, अङ्क १/२ | ४९ |
| ५ | **अञ्जना रेग्मी** | ज्यादै ज्ञानवर्द्धक लाग्यो | चिठीपत्र | ४४ | २०६८, असार, वर्ष १५, अङ्क १ | |
| ६ | **अञ्जु श्रेष्ठ** | घत लाग्दा लेखहरू | चिठीपत्र | ४६ | २०६८, चैत, वर्ष १६, अङ्क १ | |
| ७ | **अन्जना लुइँटेल** | नेपालमा युवा सहभागिताको प्रभावकारिता | लेख | ४२ | २०६६, साउन-पुस, वर्ष १४, अङ्क १/२ | ३४ |
| ८ | **अन्जु काफले ढुंगाना** | निर्णय प्रक्रियामा महिला सहभागिता खोई ? | लेख | २५ | २०५९, माघ-पुस, वर्ष ८, अङ्क ३ | १७ |
| ९ | **अनिता श्रेष्ठ** | गाविसको आवधिक योजनामा अनुकरण | लेख | ४३ | २०६६, माघ-चैत, वर्ष १४, अङ्क ३ | २ |
| | | जलवायु परिवर्तन जोखिमको अनुकूलन र न्यूनीकरणमा रामेछापका माझी समुदायको जनसहभागिता | लेख | ४६ | २०६८, चैत, वर्ष १६, अङ्क १ | १४ |
| १० | **अनिता ओली** | ज्येष्ठ नागरिकको सवाल र नेपान : विगतदेखि वर्तमानसम्म | रिपोर्ट | ३७ | २०६४, वैशाख-असार र साउन-असोज, वर्ष १२ अङ्क १ | ३७ |
| | | विपन्न ज्येष्ठ नागरिकहरूको लागि स्वास्थ्य र आय-आर्जन | रिपोर्ट | ३८ | २०६४, कार्तिक-पुस, वर्ष १२, अङ्क ३ | |
| ११ | **अनिल सुवाल** | राहत कार्यमा स्रोत र साधन जुटाउन परिचालन गर्न सकिने सहभागीमूलक प्रक्रियाका विधिहरूमध्ये कुन विधि उपयुक्त होला ? | प्रश्नोत्तर | १५ | २०५६, माघ-चैत, वर्ष ५, अङ्क ४ | ३४ |
| १२ | **अनोज क्षेत्री** | स्थानीय स्वायत्त शासन कार्यक्रम : बारामा के हुँदैछ ? | लेख | १६ | २०५७, वैशाख-असार, वर्ष ६, अङ्क १ | २० |
| | | नेपालमा विकेन्द्रीकरण प्रक्रियाको विकासक्रम | लेख | १९ | २०५८, वैशाख-असार, वर्ष ६, अङ्क ४ | ५ |
| १३ | **अमर-प्रगति बालक्लब** | बालक्लबको निरन्तरताको लागि के गर्नुपर्ला ? | प्रश्नोत्तर | २४ | २०५९, कार्तिक-पुस, वर्ष ८, अङ्क २ | ३१ |
| १४ | **अश्विन पुडासैनी** | स्थानीय स्वायत शासन ऐन २०५५ : संशोधनसहित कार्यान्वयनको खाँचो | लेख | १६ | २०५७, वैशाख-असार, वर्ष ६, अङ्क १ | १४ |
| | | सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन के ? किन ? र कसरी ? | लेख | २२ | २०५९, वैशाख-असार, वर्ष ७, अङ्क ४ | १९ |
| | | सीपहरू लोप हुने अवस्थामा | लेख | २३ | २०५८, असार-असोज, वर्ष ८, अङ्क १ | ३५ |
| | | के हो नेटवर्क ? | लेख | २५ | २०५९, माघ-पुस, वर्ष ८, अङ्क ३ | ४५ |
| | | लैंगिक समविकासका लागि नेटवर्किङ | लेख | २६ | २०६०, वैशाख-असार, वर्ष ८, अङ्क ४ | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन | लेख | २९ | २०६०, माघ-चैत, वर्ष १०, अङ्क २९ | १४ |
| | | सुशासन, शान्ति र सम्वृद्धिका लागि नागरिक समाजमा नेटवर्किङ | लेख | ३० | २०६१, वैशाख-असार, वर्ष १०, अङ्क ३० | २१ |
| | | सञ्जाल निर्माणको विकासक्रम तथा यसका आधारभूत सिद्धान्तहरू | लेख | ३१ | २०६१, साउन-पुस, वर्ष १० अङ्क३१-३२ | २३ |
| | | नेटवर्क व्यवस्थापन : के ? किन ? र कसरी ? | लेख | ३२ | २०६२, असार, वर्ष १०,अङ्क ३२ | ११ |
| | | सामाजिक समावेशीकरणका मूल मुद्दाहरू | लेख | ३३ | २०६२, साउन-पुस, वर्ष १०, अङ्क १/२ | ४१ |
| | | लोकतन्त्रमा विकासका सवाल र चुनौतीहरू | लेख | ३४ | २०६२, माघ-चैत र २०६३ वैशाख–असार, वर्ष १०, अङ्क ३/४ | ३३ |
| | | नौ-कोठे कार्यतालिका योजना तर्जुमा तथा अनुगमन र मूल्याङ्कन गर्ने सरल विधि | लेख | ३५ | २०६३, साउन-पुस, वर्ष ११, अङ्क १ र २ | २ |
| | | ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ का उज्याला पक्षहरू | लेख | ३७ | २०६४, वैशाख-असार र साउन-असोज, वर्ष १२ अङ्क १ | ३३ |
| १५ | अश्विन पुडासैनी र चेतनाथ कणेल | राष्ट्रिय ज्येष्ठ नागरिक महोत्सव र राजनीतिक प्रतिबद्धता : एक अवधारणा | लेख | ४५ | २०६९, भदौ, वर्ष १५, अङ्क १ | ३४ |
| १६ | अश्विनी तिमल्सेना | *सहभागिता* ३१ औं अङ्क पढेपछि | चिठीपत्र | ३२ | २०६२, असार, वर्ष १०, अङ्क ३२ | ३६ |
| १७ | आईसीए नेपाल | आईसीए नेपाल के हो र के गर्छ ? | संस्था परिचय | १८ | २०५७, कार्तिक-पुस/माघ-चैत, वर्ष ६, अङ्क २ र ३ (संयुक्ताङ्क) | ५१ |
| १८ | आभा सुवेदी | फोरम र यसका कार्यहरू | लेख | ३१ | २०६१, साउन-पुस, वर्ष १० अङ्क ३१-३२ | २५ |
| | | सबैका लागि सधैंका लागि विकासमा जनसहभागिता | लेख | ३२ | २०६२, असार, वर्ष १०, अङ्क ३२ | २४ |
| | | सामाजिक समावेशीकरणका व्यावहारिक पाटाहरू | लेख | ३३ | २०६२, साउन-पुस, वर्ष १०, अङ्क १/२ | ३८ |
| | | समावेशीकरणका विविध आयामहरू | लेख | ३४ | २०६२, माघ-चैत र २०६३ वैशाख–असार वर्ष१०, अङ्क ३/४ | २४ |
| | | सामाजिक परिवर्तनका लागि गुणस्तरीय शिक्षा | लेख | ३६ | २०६३, माघ-चैत, वर्ष ११, अङ्क ३ | २० |
| १९ | आर.बी. भण्डारी | हिंसाबाट बालबालिकामा परेको प्रभाव | लेख | २४ | २०५९, कार्तिक-पुस, वर्ष ८, अङ्क २ | २३ |
| २० | आर.बी. शरणपुरे | सकारात्मक सोचाइ व्यक्तित्व विकासको आधार | लेख | २० | २०५८, साउन-असोज, वर्ष ७, अङ्क १ | ५ |
| २१ | ईन्दिरा फुयाँल | लैङ्गिक हिंसा तथा यस विरुद्ध नेपाल सरकारबाट भएका महत्वपूर्ण प्रयासहरू | लेख | ४८ | २०७१, जेठ, वर्ष १८ अङ्क ३ र ४ | ६ |
| २२ | ईन्द्रमणि राई (याम्फू) र डा. बालचन्द्र लुईंटेल | काठमाडौं महानगरपालिकाका सुकुम्बासी बालबालिकाहरूको शैक्षिक स्थिति : एक अध्ययन | लेख | ४९ | २०७२, असार (संयुक्ताङ्क), वर्ष १७, अङ्क १-४ | |
| २३ | ईन्द्रविलास पौडैल | सरकारी संयन्त्रमा असल शासनका लागि सूचना र सञ्चार | लेख | ४० | २०६५, साउन-असोज र कार्तिक-पुस, वर्ष १३, अङ्क १/२ | ८ |
| | | असल संविधानका लागि पछाडि पारिएका समूह/समुदायको सवाल | लेख | ४१ | २०६५, माघ- २०६६ असार, वर्ष १३, अङ्क ३/४ | २२ |
| | | स्थानीय जनताको चाहना र मागअनुसारको स्थानीय सरकार | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | ९ |
| २४ | उदय हिमालय नेटर्वक | उदय हिमालय नेटर्वक | संस्था परिचय | १० | २०५४, वैशाख/असार, वर्ष ४, अङ्कः १ | २४ |
| २५ | उत्तम उप्रेती | सहजीकरणका सीपहरू | पुस्तक परिचय | २० | २०५८, साउन-असोज, वर्ष ७, अङ्क १ | ३९ |
| | | 'भूकम्पपछिको पुनर्निर्माणमा नेपानले अनुगमन र जनवकालती भूमिकालाई सशक्त पार्नुपर्छ' | अन्तर्वार्ता | ५० | २०७३, भदौ, वर्ष २०, अङ्क १-४ (संयुक्ताङ्क) | ७१ |
| २६ | उत्तम उप्रेती र अश्विन पुडासैनी | सहभागीमूलक प्रभाव अनुगमन गोष्ठी | रिपोर्ट | २० | २०५८, साउन-असोज, वर्ष ७, अङ्क १ | ३५ |
| २७ | उद्धव प्र. राई | सम्पन्नता स्तरीकरणबारे दुई कुरा | लेख | १० | २०५४, वैशाख/असार, वर्ष ४, अङ्कः १ | १८ |
| | | हाम्रा सांसदहरूले बुझेको विकास | लेख | १४ | २०५६, कार्तिक-पुस, वर्ष ५, अङ्क ३ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | **उद्धवराज भट्टराई** | गैरसरकारी संस्थामा जेण्डर | लेख | १४ | २०५६, कार्तिक-पुस, वर्ष ५, अङ्क ३ | १८ |
| | | गैरसरकारी संस्था र साझेदारी | लेख | १५ | २०५६, माघ-चैत, वर्ष ०५, अङ्क ४ | १८ |
| | | साझेदारी र गैरसरकारी संस्थाको क्षमता अभिवृद्धि | लेख | १६ | २०५७, वैशाख-असार, वर्ष ६, अङ्क १ | १२ |
| | | साझेदारी सम्बन्धका केही व्यावहारिक सिकाइहरू | लेख | १७ | २०५७, साउन-असोज, वर्ष ६, अङ्क २ | २३ |
| | | गैससहरूको कार्य-सम्पादन, क्षमता अभिवृद्धि र संस्थागत विकास | लेख | १८ | २०५७, कार्तिक-पुस/माघ-चैत, वर्ष ६, अङ्क २/३ (संयुक्ताङ्क) | १३ |
| २९ | **उद्धव पराजुली** | सामुदायिक संस्थाहरूको पारदर्शिता : सार्वजनिक लेखापरीक्षण पद्धति | लेख | ३३ | २०६२, साउन-पुस, वर्ष १०, अङ्क १/२ | ३५ |
| ३० | **उद्धव सिग्देल** | सीमान्तकृत दलित समुदायको अधिकार कसरी सुनिश्चित गर्ने ? | लेख | ४२ | २०६६, साउन-पुस, वर्ष १४, अङ्क १/२ | २ |
| ३१ | **उमा घिमिरे (आचार्य)** | वृद्धावस्था : स्थिति, परिवर्तन र समस्या | लेख | ३७ | २०६४, वैशाख-असार र साउन-असोज, वर्ष १२ अङ्क १ | ५ |
| ३२ | **उमेश राना मगर** | सहभागीमूलक प्रक्रियाबाट समुदायका पछाडि परेका व्यक्तिहरूलाई कसरी लाभ पुग्न सक्ला ? | प्रश्नोत्तर | १३ | २०५६, वैशाख-असार/साउन-असोज, वर्ष ५, अङ्क १/२ | ५० |
| ३३ | **उर्मिला बि.क.** | बाल समूहको सक्रियता | लेख | २४ | २०५९, कार्तिक-पुस, वर्ष ८, अङ्क २ | २९ |
| ३४ | **एकराज सिग्देल** | गरिबी र वातावरणमैत्री विकासमा स्थानीय निकायको भूमिका | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | २३ |
| ३५ | **एकल सिलवाल** | खोरिया फाँड्ने संस्कृतिलाई चेपाङहरूको चुनौती | लेख | २८ | २०६०, कार्तिक-पुस, वर्ष ९, अङ्क २८ | १३ |
| ३६ | **एक्सनएड नेपाल** | एक्सनएड नेपाल | संस्था परिचय | १३ | २०५६, वैशाख-असार/साउन-असोज, वर्ष ५, अङ्क १/२ | ४८ |
| ३७ | **एजी मिराजगोनर** | वृद्धवृद्धाहरूले जान्नैपर्ने पाँच कुरा | लेख (अनुवाद) | १९ | २०५८, वैशाख-असार, वर्ष ६, अङ्क ४ | २० |
| ३८ | **एविन्द्रप्रसाद न्यौपाने** | जनशक्ति परिचालन : कसरी ? | लेख | १८ | २०५७, कार्तिक-पुस/माघ-चैत, वर्ष ६, अङ्क २ र ३ (संयुक्ताङ्क) | ३३ |
| | | लोकतन्त्रको स्थापना र विकासका लागि केही प्रस्तावहरू | लेख | ३४ | २०६२, माघ-चैत र २०६३ वैशाख–असार वर्ष १०, अङ्क ३/४ | १६ |
| | | संविधान सभासदहरूलाई केही सुझावहरू | लेख | ४२ | २०६६, साउन-पुस, वर्ष १४, अङ्क १/२ | १६ |
| | | जनप्रतिनिधिविहीन स्थानीय निकायद्धारा गरिने योजना तर्जुमा र कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरू र समाधानका उपायहरू | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | २९ |
| | | संविधान निर्माण (न)गर्ने नेताहरूलाई १६ बुँदे खुलापत्र | लेख | ४९ | २०७२, असार, वर्ष १९, अङ्क १-४ (संयुक्ताङ्क) | ३२ |
| ३९ | **एस.डी.सी. (स्विस विकास नियोग)** | विकासको फड्को सँगसँगै स्विस सरकार विकास सहयोग | संस्था परिचय | १४ | २०५६, कार्तिक-पुस, वर्ष ५, अङ्क ३ | २८ |
| ४० | **एस.पी. कोइराला** | याद राखेस् काइँला ! | कविता | ४९ | २०७२, असार, वर्ष १९, अङ्क १-४ (संयुक्ताङ्क) | ४५ |
| ४१ | **कर्णाली विकास केन्द्र (किर्डाक)** | कर्णालीको विकास सम्भव छैन त ? | लेख | १९ | २०५८, वैशाख-असार, वर्ष ६, अङ्क ४ | २२ |
| ४२ | **कमल फुयाल** | सहभागीमूलक तालिम : के किन र कसरी ? | अन्तर्वार्ता | २ | २०५३, वैशाख-असार, वर्ष २ अङ्क ३ | २ |
| | | पिआरए : सामाजिक नक्सा विधि र यसको विविध प्रयोग | लेख | ४ | २०५३, साउन-असोज, वर्ष २ अङ्क ४ | ५ |
| | | रमेश सिंहसँग गरिएको अन्तर्वार्ता | अन्तर्वार्ता | ४ | २०५३, साउन-असोज, वर्ष २ अङ्क ४ | ७ |
| | | तलामाराङ गा.वि.स. : पिआरए अभ्यास | लेख | ४ | २०५३, साउन-असोज, वर्ष २ अङ्क ४ | १५ |
| | | शिवेशचन्द्र रेग्मीसँग गरिएको अन्तर्वार्ता | अन्तर्वार्ता | ५ | २०५३, कार्तिक मंसिर, वर्ष २, अङ्क ५ | १३ |
| | | पिआरएको अवधारणागत पक्ष : छोटो चर्चा | लेख | ६ | २०५४, वैशाख-असार, वर्ष ३, अङ्क १ | १२ |
| | | सम्पन्नता स्तरीकरण प्रयोग प्रक्रिया | लेख | ७ | २०५४, साउन-असोज, वर्ष ३, अङ्क २ | ८ |
| | | 'योजनाविद्, नेता र सांसदहरूलाई पनि पिआरएसँग साक्षात्कार गराउनु आवश्यक छ' (बालकृष्ण देउजासँग गरिएको अन्तर्वार्ता) | अन्तर्वार्ता | ७ | २०५४, साउन-असोज, वर्ष ३, अङ्क २ | २४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पिआरए तालिमबारे केही कुरा | लेख | ८ | २०५४, कार्तिक-पुस, वर्ष ३, अङ्क ३ | १६ |
| | | गैरसरकारी क्षेत्रमा पिआरएको संस्थागतता : केही बाधाहरू | लेख | ९ | २०५४, माघ-चैत, वर्ष ३, अङ्क ४ | ५ |
| | | पिआरएको प्रयोग : धुलोमैलोको खेल वा सशक्तीकरण ? | लेख | ९ | २०५४, माघ-चैत, वर्ष ३, अङ्क ४ | १८ |
| | | चित्रेपानी खानेपानी अनि सहभागीमूलक मूल्याङ्कन | लेख | १२ | २०५५, माघ-चैत, अङ्क १२ | १० |
| | | विकास प्रक्रियामा पिआरएको प्रयोग | लेख | १९ | २०५८, वैशाख-असार, वर्ष ६, अङ्क ४ | ११ |
| | | सहभागिताको बाटोमा अजिङ्गरको डसाइ | लेख | २४ | २०५९, कार्तिक-पुस, वर्ष ८, अङ्क २ | ४२ |
| | | शान्ति स्थापना : कामना होइन प्रयासको आवश्यकता ! | लेख | ३० | २०६१, वैशाख-असार, वर्ष १०, अङ्क ३० | १० |
| | | सहभागीमूलक अभ्यासको सहजीकरण प्रक्रिया | पद्धति | ३२ | २०६२, असार, वर्ष १०,अङ्क ३२ | ७ |
| | | सहभागिताको पीडा | लेख | ३९ | २०६४, माघ-चैत र २०६५ वैशाख-असार, वर्ष १२, अङ्क ३/४ | ३७ |
| ४३ | **कमल फुयाल र भरतराज गौतम** | वास्तविक विकासको लागि सम्बन्धित जनता नै लाग्नुपर्ने रहेछ (ईश्वरी पाण्डेसँग गरिएको अन्तरवार्ता) | अन्तरवार्ता | १५ | २०५६, माघ-चैत, वर्ष ०५, अङ्क ४ | २४ |
| ४४ | **कमल फुयाल र सुरेश ढकाल** | सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन केही अवधारणागत कुराहरू | लेख | २२ | २०५९, वैशाख-असार, वर्ष ७, अङ्क ४ | ६ |
| ४५ | **कमला कुँवर** | महिला सशक्तीकरण र पिआरए | लेख | ११ | २०५५, साउन-असोज/कार्तिक-पुस, वर्ष ४, अङ्क २/३ | ४० |
| | | बाढी-पहिरो एवं भूकम्पजस्ता प्राकृतिक प्रकोपबाट पीडित समुदायको राहत कार्यमा सहभागीमूलक प्रक्रियाको भूमिका कस्तो हुन सक्छ ? | प्रश्नोत्तर | १५ | २०५६, माघ-चैत, वर्ष ५, अङ्क ४ | ३४ |
| ४६ | **काभ्रे सामाजिक विकास परिषद्** | काभ्रे सामाजिक विकास परिषद् | संस्था परिचय | १९ | २०५८, वैशाख-असार, वर्ष ६, अङ्क ४ | २९ |
| ४७ | **कालीदास सुवेदी** | नेपाल तिमी जीवन बन्नु पर्दछ ! | कविता | २७ | २०६०, साउन-असोज, वर्ष १०, अङ्क १ | १४ |
| ४८ | **काशीनाथ पोखरेल** | रामेछाप जिल्लामा सहभागितात्मक विकास | लेख | ३१ | २०६१, साउन-पुस, वर्ष १० अङ्क३१-३२ | ७ |
| ४९ | **किरण अमात्य** | प्राकृतिक प्रकोपबाट पीडित जनसमुदायको राहत कार्यमा समुदायको सहभागिता जुटाउन के कस्ता प्रयास गर्नु पर्दछ ? | प्रश्नोत्तर | १५ | २०५६, माघ-चैत, वर्ष ५, अङ्क ४ | ३४ |
| ५० | **कुमार भट्टराई** | नेपालमा बालक्लब अभियान र बालबालिकालाई स्वीकार्ने सवाल | लेख | २९ | २०६०, माघ-चैत, वर्ष १०, अङ्क २९ | २० |
| | | संविधानसभा र बालसहभागिताको सवाल | लेख | ३८ | २०६४, कार्तिक-पुस, वर्ष १२, अङ्क ३ | २४ |
| ५१ | **कुसुम कँडेल देवकोटा** | ग्रामीण विद्यार्थीहरूका लागि खुराक बनेको छ *सहभागिता* | चिठीपत्र | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | ४४ |
| ५२ | **केशव थापा** | तनहुँ- क्यामिन समाज कल्याण सङ्घ : छोटो परिचय | लेख | ७ | २०५४, साउन-असोज, वर्ष ३, अङ्क २ | १५ |
| ५३ | **केशव नेपाल** | बल केन्द्रित शिक्षामा बाल-सहभगिता : एक अनुभव | लेख | २४ | २०५९, कार्तिक-पुस, वर्ष ८, अङ्क २ | १७ |
| ५४ | **केयर नेपाल** | केयर नेपाल : प्रत्यक्ष कार्यान्वयनबाट साझेदारितातर्फ | संस्था परिचय | १५ | २०५६, माघ-चैत, वर्ष ५, अङ्क ४ | ३२ |
| ५५ | **कृष्ण अधिकारी** | जनसहभागितात्मक लघु जलविद्युत विकास : बागलुङ बन्यो नमूना ऊर्जा जिल्ला | लेख | ३४ | २०६३, माघ-चैत, वर्ष १०, अङ्क ३/४ | ४० |
| | | हावाबाट बिजुली: जनसहभागितामा फेरियो गाउँको परिचय | | ५० | | ३४ |
| ५६ | **कृष्ण अधिकारी र महेश दाहाल** | सहभागीमूलक प्रक्रियाको प्रवर्द्धनमा सञ्चारकर्मीहरूको भूमिका | रिपोर्ट | १८ | २०५७, कार्तिक-पुस/माघ-चैत, वर्ष ६, अङ्क २ र ३ (संयुक्ताङ्क) | ४३ |
| ५७ | **कृष्णबाबु जोशी (डा.)** | विवाद समाधानमा सहभागीमूलक विधिको प्रयोग : दाङको अनुभव | लेख | १५ | २०५६, माघ-चैत, वर्ष ५, अङ्क ४ | ५ |
| | | सहभागीमूलक अनुगमन तथा मूल्याङ्कनका चरणहरू | लेख | २२ | २०५९, वैशाख-असार, वर्ष ७, अङ्क ४ | ११ |
| | | जनलेखापरीक्षण : सहभागिताको बलियो जग | लेख | २५ | २०५९, माघ-पुस, वर्ष ८, अङ्क ३ | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक संगठनहरूको क्षमता मूल्याङ्कन गर्न माकुराको जालो (क्उष्मभच धभद) विधिको प्रयोग | लेख | ३५ | २०६३, साउन-पुस, वर्ष ११, अङ्क १ र २ | २२ |
| | | स्थानीय निकायमा अनुगमन मूल्याङ्कन | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | २ |
| ५८ | **कृष्णप्रसाद ओली (डा.)** | सभ्यताको पतन : कारतत्व जलवायु परिवर्तन हो ? | लेख | ४६ | २०६८, चैत, वर्ष १६, अङ्क १ | ७ |
| ५९ | **कृष्णप्रसाद घिमिरे** | विद्यार्थी-केन्द्रित सहभागीमूलक शिक्षण : केही ध्यान दिनुपर्ने कुराहरू | लेख | ३६ | २०६३, माघ-चैत, वर्ष ११, अङ्क३ | १९ |
| ६० | **कृष्णप्रसाद जैसी** | आ.व. २०५७/५८ को बजेटमा स्थानीय स्वायत शासन | लेख | १६ | २०५७, वैशाख-असार, वर्ष ६, अङ्क १ | ५ |
| ६१ | **कृष्णप्रसाद न्यौपाने** | सामुदायिक विकास योजना - प्रतिफलभन्दा प्रक्रियामा जोड | लेख | १६ | २०५७, वैशाख-असार, वर्ष ६, अङ्क १ | २६ |
| | | नेपाल कृषि-वन प्रतिष्ठानको नौलो अनुभव | लेख | २० | २०५८, साउन-असोज, वर्ष ७, अङ्क १ | १६ |
| ६२ | **कृष्णमुरारि गौतम** 'चद् याङमास्टर' | खोई खोई ? | कविता | ४५ | २०६९, भदौ, वर्ष १५, अङ्क १ | १५ |
| ६३ | **कृष्णप्रसाद सापकोटा** | बदलिँदो अवस्थामा स्थानीय निकाय र सहभागिता | कार्यपत्र | ३२ | २०६२, असार, वर्ष १०, अङ्क ३२ | २ |
| ६४ | **कृष्णप्रसाद सिग्देल** | नेपालमा परम्परागत उपचार पद्धति र वृद्धवृद्धाहरू | लेख | २१ | २०५८, कार्तिक-पुस, माघ-चैत, वर्ष ७, अङ्क २-३ | १० |
| ६५ | **कृष्ण सुवेदी** | सहभागीमूलक विकासको बाटोमा एक सिँढी थपियो | लेख | ३६ | २०६३, माघ-चैत, वर्ष ११, अङ्क ३ | २७ |
| | | हामी र हाम्रो विकास | लेख | ३८ | २०६४, कार्तिक-पुस, वर्ष १२, अङ्क ३ | २८ |
| | | शिक्षा र सञ्चारको अन्तर्सम्बन्ध अनि हाम्रो अवस्था | लेख | ४० | २०६५, साउन-असोज र कार्तिक-पुस, वर्ष १३, अङ्क १/२ | २५ |
| | | नेपालको भावी संविधान : बालमैत्री संविधान | लेख | ४१ | २०६५, माघ-चैत, २०६६ वैशाख-असार, वर्ष १३, अङ्क ३/४ | १५ |
| | | सानासाना कामको प्रभावबाटै ठूला सम्भावनाहरूका ढोका खुल्दछन् | लेख | ४६ | २०६८, चैत, वर्ष १६, अङ्क १ | ३१ |
| | | नेपालको भावी संविधानमा बालअधिकारको प्रत्याभूति | लेख | ४९ | २०७२, असार, वर्ष १९, अङ्क १-४ (संयुक्ताङ्क) | ३८ |
| | | सहभागीमूलक अनुगमन तथा मूल्याङ्कनका चरणहरू | लेख | २२ | २०५९, वैशाख-असार, वर्ष ७, अङ्क ४ | ११ |
| | | जनलेखापरीक्षण : सहभागिताको बलियो जग | लेख | २५ | २०५९, माघ, वर्ष ८, अङ्क ३ | १४ |
| ६६ | **कृष्णहरि बाँस्कोटा** | पिआरएसँग साक्षात्कार हुँदाको पहिलो अनुभव | लेख | १० | २०५४, वैशाख-असार, वर्ष ४, अङ्क १ | २० |
| ६७ | **कृष्ण ज्ञवाली** | आरनको संसार : खरले छाउने धोको | लेख | ३९ | २०६४, माघ-चैत र २०६५ वैशाख-असार, वर्ष १२, अङ्क ३/४ | ३६ |
| ६८ | **गंगामाया न्यौपाने** | विकासका लागि सामुदायिक वन, सञ्चार रणनीति र व्यावहारिकता | लेख | ४० | २०६५, साउन-असोज र कार्तिक-पुस, वर्ष १३, अङ्क १/२ | २२ |
| ६९ | **गम्भीरबहादुर हाडा** | विकासमा सामाजिक परिचालन | लेख | ४४ | २०६८, असार, वर्ष १५, अङ्क १ | २७ |
| | | नेपालमा सीमान्तकृत वर्गका समस्याहरू तथा केही सुझाव | लेख | ४५ | २०६९, भदौ, वर्ष १५, अङ्क १ | ३७ |
| | | वातावरणीय प्रदूषण र जलवायु परिवर्तनको चुनौती | लेख | ४६ | २०६८, चैत, वर्ष १६, अङ्क १ | २ |
| | | स्थानीय शासन, विकास व्यवस्थापन र सहभागीमूलक योजना तर्जुमा | लेख | ४७ | २०७०, वैशाख-असोज, वर्ष १७, अङ्क १/२ | ३४ |
| | | नेपालको आर्थिक तथा सामाजिक विकासमा लैङ्गिक समानता | लेख | ४८ | २०७१, जेठ, वर्ष १८ अङ्क ३ र ४ | २८ |
| | | नेपालमा प्राकृतिक विपत्तिका कारण र समाधानका उपायहरू | लेख | ५० | २०७३, भदौ, वर्ष २०, अङ्क १-४ (संयुक्ताङ्क) | १८ |
| ७० | **गणेशमान जि.सी.** | जनकपुर क्षेत्रका विकास बाधक र गैरसरकारी संस्थाहरूको भूमिका | लेख | २८ | २०६०, कार्तिक-पुस, वर्ष ९, अङ्क २८ | ५ |
| ७१ | **गुह्येश्वरी श्रेष्ठ** | मेरो-बास कार्यक्रम : छोटो जानकारी | लेख | ५ | २०५३, कार्तिक मंसिर, वर्ष २, अङ्क ५ | ८ |
| ७२ | **गोकुल भण्डारी** | विकास-बैठक | कविता | १४ | २०५६, कार्तिक-पुस, वर्ष ५, अङ्क ३ | २७ |
| ७३ | **गोपाल तामाङ** | बाल-बालिकाहरूको शिक्षाका लागि जनसहभागिता | लेख | १९ | २०५८, वैशाख-असार, वर्ष ६, अङ्क ४ | १३ |
| | | जोखिम परिस्थितिका बालबालिकालाई शिक्षा | लेख | २४ | २०५९, कार्तिक-पुस, वर्ष ८, अङ्क २ | २१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | समातामूलक विकासका लागि महिलाहरूको प्रभावकारी भूमिकाको खाँचो | लेख | २६ | २०६०, वैशाख-असार, वर्ष ८, अङ्क ४ | ४ |
| | | बालबालिकाको लागि सहभागीमूलक बालकेन्द्रित शिक्षण सिकाइ | लेख | २८ | २०६०, कार्तिक-पुस, वर्ष ९, अङ्क २८ | १९ |
| | | चीरस्थायी उपलब्धिका लागि सकारात्मक कार्य-सिकाइ | लेख | २९ | २०६०, माघ-चैत, वर्ष १०, अङ्क २९ | १८ |
| | | बालसहभागिता अभिवृद्धि र वैकल्पिक शिक्षाले बालश्रम घटाउन सक्छ | लेख | ३२ | २०६२, असार, वर्ष १०, अङ्क ३२ | ३२ |
| | | विद्यालयमा शिक्षक-अभिभावक संघ नेटवर्क- सहभागिताको एक नमूना | लेख | ३६ | २०६३, माघ-चैत, वर्ष ११, अङ्क ३ | १२ |
| | | सामाजिक अन्धविश्वासविरुद्ध दलितका सवाल र सहभागिता | लेख | ३९ | २०६४, माघ-चैत र २०६५ वैशाख-असार, वर्ष १२, अङ्क ३/४ | २३ |
| ७४ | **गोपाल श्रेष्ठ** | पिआरए तालिम र उपलब्धि | लेख | ५ | २०५३, कार्तिक मंसिर, वर्ष २, अङ्क ५ | २४ |
| ७५ | **गोविन्द पौडेल** | प्रशंसनीय सोधखोज विधि: ग्रामीण सहजकर्ताका लागि महत्वपूर्ण औजार | लेख | २९ | २०६०, माघ-चैत, वर्ष १०, अंक २ | २२ |
| ७६ | **गोरख ब. बोगटी** | कर्णालीको प्रसङ्गमा कसरी परिभाषा गर्ने समावेशीकरणको ? | लेख | ३३ | २०६२, साउन-पुस, वर्ष १०, अङ्क १/२ | १८ |
| | | नयाँ संविधान: जनहितको दस्तावेज बन्न सक्नुपर्छ ! | लेख | ४९ | २०७२, असार, वर्ष १९, अङ्क १-४ (संयुक्ताङ्क) | २ |
| | | २०७२ को भूकम्पले दिएको पीडा र लिनुपर्ने शिक्षा | लेख | ५० | २०७३, भदौ, वर्ष २०, अङ्क १-४ (संयुक्ताङ्क) | २ |
| ७७ | **डा. गौरीशङ्कर लाल दास, डा. राधाकृष्ण जोशी, गणेशप्रसाद उपाध्याय** | ज्येष्ठ नागरिक/वृद्धहरूको स्वास्थ्य स्थिति | लेख | ३२ | २०६२, असार, वर्ष १०, अङ्क ३२ | १८ |
| ७८ | **घनश्याम अवस्थी** | तराई क्षेत्रमा सामुदायिक वन : वर्तमान अवस्था, चुनौती र समाधानका केही उपायहरू | लेख | ११ | २०५५, साउन-असोज/कार्तिक-पुस, वर्ष ४, अङ्क २/३ | ११ |
| ७९ | **घनश्याम गौतम (डा.)** | ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा र सरोकारवालाहरूको दायित्व | लेख | ३७ | २०६४, वैशाख-असार र साउन-असोज, वर्ष १२ अङ्क १ | २ |
| ८० | **घुरन ठाकुर** | सहभागीमूलक विकास प्रक्रिया तथा व्यक्तिको प्रवृत्ति र व्यवहार प्रवर्द्धनबीच कस्तो सम्बन्ध ? | प्रश्नोत्तर | १४ | २०५६, कार्तिक-पुस, वर्ष ५, अङ्क ३ | ३० |
| ८१ | **चण्डी प्र. चापागाईं (डा.)** | सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन: एक विश्लेषण | लेख | २२ | २०५९, वैशाख-असार, वर्ष ७, अङ्क ४ | ३ |
| | | सकारात्मक सोधखोजसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन : केही उपलब्धिहरू | लेख | ३६ | २०६३, माघ-चैत, वर्ष ११, अङ्क ३ | २३ |
| ८२ | **Chandi P. Chapagain and Dr. Malcolm J. Odell** | Appreciative Participatory Planning & Action (APPA) : An Introduction | अं. लेख | ८ | २०५४, कार्तिक-पुस, वर्ष ३, अङ्क ३ | १० |
